
# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १००



# भ्रष्टाचारको महलमाथि अख्तियारको आक्रमण !

## माओवादीको नयाँ राजनैतिक लाइन

*विशेष:*

प्रत्यक्ष अन्तर्क्रिया

## १२ बर्षमा कहाँ भयो गल्ती ?

कृष्ण खनाल

कृष्ण हाछेथु

डा. पिताम्बर शर्मा

डा. महेश मास्के

मूल्याङ्कन

१०० अंक

राजनीतिक नेता र बुद्धिजीवीहरूद्वारा 'मूल्याङ्कन' को मूल्याङ्कन

यस अंकको मूल्य रु. २५/-, भारतमा भा.रु. १८/- www.mulyankan.com

# THE MOST EXCITING NEW BIKE OF THE YEAR*

pulsar
DEFINITELY MALE

*180cc. 15BHP.*
*Muscular 18 litre fuel tank.*
*Street Sport styling.*

*Looks like the male of the species has finally arrived.*

*Source: Overdrive - India's No. 1 Car & Bike magazine




PRISMA-O&M/0589(i)/02

| | | | | | |
|---|---|---|---|---|---|
| The powerful 180cc engine generates 15BHP of raw pulsating power which makes it the fastest off the starting block. | The aesthetically designed 18 litre fuel tank with a flush-fitted aircraft type tank cap allows for long distance cruising without the need for refuelling. | The attractive twin-pod console incorporates the speedometer, tachometer, tripmeter, fuel gauge, side stand indicator and the telltale lights. | Stylish opto-prism 35/35 W headlamp along with smashing clear lens blinkers ensures safe night riding. | Handle bar complete with new-age electrical switches, electric starter and bar end weights. | The hydraulic disc brakes assist in instant braking. |

**The Pulsar is available in three variants •** 180 cc, 15 BHP with an electric starter and disc brake as standard fitment. **Price Rs. 1,31,900/-** • 150 cc, 12 BHP with an electric starter and disc brake as standard fitment. **Price Rs. 1,17,900/-** • 150 cc, 12 BHP with disc brake as standard fitment. **Price Rs. 1,09,900/-**

HH

**Sole Authorised Dealer :**
**Hansraj Hulaschand & Co. Pvt. Ltd.**
Teku Road, Kathmandu,
Ph. No.: 220094 / 230001

**To check out your Pulsar visit any of the following showrooms.**

Bhatbhateni Super Market Complex, Tel: 438104; Bhaktapur, Tel: 611777; Pokhara, Tel: 22315; Narayangadh, Tel: 23689; Rajbiraj, Tel: 20502; Birgunj, Tel: 22646; Hetauda, Tel: 20265; Lahan, Tel: 60987; Biratnagar, Tel: 24476; Janakpur, Tel: 21300; Dharan, Tel: 22682; Damak, Tel: 82096; Dang, Tel: 60743; Dhangadi, Tel: 22058; Birtamode, Tel: 40028; Butwal, Tel: 44549; Bhairawa, Tel: 22967; Palpa, Tel: 20946; Nepalgunj, Tel: 22751;Taulihawa, Tel: 60416; Ilam, Tel: 20436.


पालो... अब नया पीढीको
विश्वप्रसिद्ध थाईल्याण्डको नं. १ चाउचाउ उत्पादक कम्पनी थाई प्रेसिडेण्ट फुड्स् पी.एल.सी.को प्राविधिक सुपरीवेक्षणमा उत्पादित मायोज तैयारी चाउचाउ गुणस्तरीयताप्रति सदैव प्रतिवद्ध छ ।
mayos
Instant Noodles
Mayos... Instant Satisfaction



FEEL THE RHYTHM
Wherever you are
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
AANL/GBPL-2001



O-VROOOMMMM.
DUCKHAMS
QXR
SEMI-SYNTHETIC
10W/40 MOTOR OIL
API SJ/SH & CF/CD,
ACEA A3/96 & B3/96, CCMC G5, PD2
COMPLETE PROTECTION FOR
PERFORMANCE ENGINES
DUCKHAMS
DUCKHAMS
THE ENGINE'S CHOICE
DUCKHAMS
A Distributor of Duckhams Oils Products
MALI OIL STORE
P.O.Box: 4111, Kathmandu, Nepal,Tel: 270486, 272238, 283241
Fax:977-1-270067, E-mail: malioil@wlink.com.np

# INVEST in your FUTURE !



## DSE @ CSE

**Diploma in Software Engineering**

*Training conducted by Microsoft Certified Professional*

## College of Software Engineering

● **Kathmandu** : Putali Sadak, Tel: 227820, 256769 ● **Lalitpur** : Pulchowk, Tel: 522146 ● **Biratnagar**: Bhanu Tole, Tel: 22164 ● **Itahari** : Millennium Market, Tel: 81628 ● **Dharan** : College Road, Tel: 24345 ● **Damak** : Tel: 81736 ● **Birtamode**: Bhadrapur Road, Tel: 41478 ● **Bhadrapur** : Reiyukai Building, Tel: 41478 ● **Ilam** : Main Road, Tel: 20113 ● **Birgunj** : Adarsha Nagar Chowk, Tel: 29800 ● **Janakpur** : Station Road, Tel: 23361 ● **Lahan** : Opp. Pasupati School, Tel: 61568 ● **Hetauda** : Rapti Road, Tel: 20906 ● **Narayangarh** : Pulchowk, Tel: 22057 ● **Pokhara** : Mahendra Pul, Tel: 33321 ● **Butwal** : Milan Chowk, Tel: 46389 ● **Bhairahawa** : Bank Road, Tel: 22775 ● **Nepalgunj** : Surkhet Road, Tel: 22389 ● **Damauli** : Vyas Nagarpalika, Tel: 60368 ● **Dhangadi** : Main Road, Tel: 23659 ● **Rajbiraj** : Tel: 20329 ● **Guleria** : Tel: 20488


Authorized: Microsoft CERTIFIED Technical Education Center | Authorized PROMETRIC TESTING CENTER | Autodesk. Training Center | Novell.

# National Open College

*(A Full Time Courses)*

**Affiliated to Pokhara University (Bachelor & Master Degree)**
**Affiliated to HMG/ Nepal (+2 Level)**

**First institution of Health Care Management Education in Nepal.**




Health Care Management (BHCM / PG / MHCM), Business Administration (BBA)

EPC 1665 GPO 8975 Kupondole, Lalitpur, Nepal.
E-mail: noc@ntc.net.np *or* info@noc.edu.np
Website : www.noc.edu.np Phone No. : 977-1-548098/537155/520326

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २०, पूर्णाङ्क- १००
भाद्र- २०५९



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**विज्ञापन व्यवस्थापक**
श्याम खड्का

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित



कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np


**यस अंकको मूल्य : रु. २५/-**

# शताङ्क १००

**मूल्यांकनको १०० औं अंकसम्मको यात्रालाई विभिन्न राजनेता तथा बुद्धिजीवीहरूले कसरी हेरिरहेका छन् ? समाजका हरेक क्षेत्रका प्रबुद्ध व्यक्तित्वहरूबाट मूल्यांकनको मूल्यांकन**



## भ्रष्टाचारको महलमाथि अख्तियारको आक्रमण

(५८)

## १२ वर्षमा कहाँ भयो गल्ती ?



विशेष अन्तर्क्रिया

(२६)

- ...अब फेरि पंचायती व्यवस्था नै थोपरियो भने पनि अढाइ-तीन वर्षसम्म यहाँ कोही पनि कराउँदैन । - ***कृष्ण हाछेथु***
- यो राज्य अहिले चरम संकटमा छ । - ***डा. महेश मास्के***
- हामीले बनाएको व्यवस्था राजाको कुनै भूमिका नहुने व्यवस्था नै हो - ***प्रा. कृष्ण खनाल***
- चालु जुन संसदीय व्यवस्था छ, मलाई लाग्छ- यो असफल भएको छ ! - ***डा. पिताम्बर शर्मा***

यसभित्र


**हाम्रो मूल्यांकन :**
१०० अंकमा पाइला टेक्दा ५

**मूल्यांकनको मूल्यांकन :**
- मूल्यांकनको भूमिका : कति सकारात्मक कति नकारात्मक ? १०

**घटना र प्रवृत्ति :**
- इराकमाथि अमेरिकाको धम्की ६१
- बाढी र पहिरोको वर्ष ९
- 'लिखे'को प्रसंग, दलित साहित्यको चर्चा ५७
- बसन्तपुरमा विचलित वर्तमान ५७

**आवरण कथा :**
- माओवादीको नयाँ राजनैतिक लाइन - *श्याम श्रेष्ठ* १८
- अब त माझीले नै डुंगा डुबाउन थाल्यो - *दीपेश उपाध्याय* २३
- भ्रष्टाचारको महलमाथि अख्तियारको आक्रमण ५८

**अन्तर्क्रिया :**
- १२ वर्षमा कहाँ भयो गल्ती ? २६

**अर्थतन्त्र :**
- ओरालो लागेको अर्थतन्त्र र दिशाहीन नेतृत्व - *विनोद ढुंगेल* ४२

**विश्व कम्युनिष्ट आन्दोलन :**
- भारतीय वामपन्थीहरुको यदुवंशी झगडा ४४
- वामपन्थीहरु युद्धको विरोधमा ४६
- पाकिस्तान : बम होइन रोटी, युद्ध होइन, शान्ति ४६
- ब्राजिल: बढ्दो छ, वामपन्थी नेता लुलाको लोकप्रियता ४७
- पूँजीवादी संकटको कारण खोतल्दै छन् कम्युनिष्टहरु ४८

**आत्मकथा :**
- आयोगभित्र दिउँसो खाजा प्रायः पाँचतारे होटलबाट आउँथ्यो - *निर्मल लामा* ५०

**किताब :** ५२

**कविता :**
- बन्दी छोराको पत्र - *कृष्ण सेन 'इच्छुक'* ५३

**खेलकूद :**
- के रोग लागेको हो नेपाली फुटबललाई ? - *सीताराम अग्रहरि* ४०

**विज्ञान :**
- कृत्रिम भाइरसको जन्म - *तुल्सीदास महर्जन* १७


**दर्शन :**
- बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद - *प्रज्ञानरत्न* ५५

**पाठकको कुरो** ६२



आवरण : अ.दु.अ.आ.ले छापा मारी कार्वाही चलाएका अभियुक्त कर्मचारीहरुका घरहरु । फोटो : ध्रुव आले, नेपाल समाचार पत्र । आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोन: ४१००५९ । कलर सेपरेशन: पोलिइमेज, फोन: २५२५७१ । कलाकारहरु: लक्ष्मण भुजेल, जि.डि. साहु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, फोन: ७७१४४८

## ◀ हाम्रो मूल्यांकन




'**मूल्यांकन**'ले यो अंकको प्रकाशनसँगै १०० अंकमा पाइला टेकेको छ । एघार बर्ष भएछ– मासिक पत्रिकाको रूपमा यो प्रकाशित भएको । एघार बर्षमा १०० अंक निकाल्नुको तात्पर्य हो : हामीले सालाखाला हरेक बर्ष ९ वटा अंक मात्र निकाल्न सकेछौं । नेपाली वाम तथा प्रजातान्त्रिक आन्दोलनमा विचार-स्पष्टताको विशिष्ठ मिसन बोकेको एउटा वैचारिक पत्रिकालाई आफ्नो ध्येयमा कुनै शिथिलता नल्याइकन व्यावसायिक रूपमा ११ बर्ष टिकाउनु भनेको ज्यादै गाह्रो काम रहेछ । हामीलाई खुसी लागेको छ कि हामीले त्यो ज्यादै गाह्रो काम हाम्रा पाठकहरूको न्यानो माया र निरन्तर समर्थनको समेत कारणले संपन्न गर्न सकेका छौं । 'मूल्यांकन' आफ्नो सामग्रीकै कारणले पाठकको घेरो ठूलो पारेर मूलतः बिक्रीमा टिक्न सकेको देशको एक मात्र मासिक पत्रिका हो भन्न पाउँदा हामी गौरवान्वित छौं ।

'मूल्यांकन'को मुख्य ध्येय हो- विचार स्पष्टतासहितको आलोचक र जागरूक प्रगतिमुखी नागरिक चेतनाको सृजना र विस्तार । हामीले यो उद्देश्य कति मात्रामा पूरा गऱ्यौं, पाठकहरूले त्यसको आलोचक दृष्टिले मूल्याकन गर्नु हुनेछ भन्ने हामीले आशा गरेका छौं । हाम्रो अनुमान छ- भूमिसुधारदेखि लिएर जलस्रोत नीतिसम्म, साफ्टा र नेपाल-भारत सम्बन्धदेखि लिएर स्वास्थ्य सेवा क्षेत्रमा गर्नुपर्ने आमूल परिवर्तनसम्म, महाकाली सन्धिदेखि लिएर अरूण ३ सम्म, बहुदलीय जनवाद र नयाँ जनवादको विशेष विश्लेषणदेखि लिएर विभिन्न क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ भन्ने सवालसम्म, हामीले प्रकाशित गरेका अन्तर्क्रियामूलक र खोजमूलक सामग्रीहरूले पाठकहरूको विचारस्पष्टता र जागरूकता वृद्धि गर्नमा केही सहयोग अवश्य पुऱ्याए होलान् । विभिन्न मुलुकमा कम्युनिष्ट आन्दोलनको स्थिति, समस्या र विकासक्रम के छ, पूंजीवादी खेमाका संभावना र संकट के कस्ता छन्, त्यसबारे पनि हामीले हम्मेसी अन्यत्र नपाइने सामग्री खोजी पस्केर पाठकहरूको ज्ञानभण्डार र विचार स्पष्टता विस्तार गर्न केही सहयोग पुऱ्याएका छौं भन्ने लागेको छ । दर्शन र नीति संस्कृतिका क्षेत्रमा हामीले प्रस्तुत गरेका सामग्रीहरूले पाठकहरूमा द्वन्दवादी भौतिकवादी दृष्टिकोण र समाजमुखी संस्कृति थोरै भए पनि हुर्काउन मद्दत गरेका भए हाम्रो प्रयत्न साकार भएको हामीलाई अनुभूति हुनेछ ।

राष्ट्रिय पराधीनता र प्रतिगमन विरूद्धमा 'मूल्यांकन' हमेशा दरोसित खडा भएको छ भन्न पाउँदा हामी गौरवानुभूति गर्दछौं । यसले प्रकाशित गरेका सामग्रीहरूले अरूण तेश्रो र महाकाली सन्धिका बेला पैदा गरेको हलचलबाट हामीलाई ठूलो आत्मसन्तुष्टि प्रदान गरेको छ । यस मासिकले दासढुंगा काण्डका बेला नागरिक छानवीन समिति निर्माण गर्न र कालापानी लिम्पियाधुरा क्षेत्रमा भारतले सीमा अतिक्रमण गरेको सवालमा नागरिक समाजको तर्फबाट बिज्ञहरूको खोजवीन समिति निर्माण गर्न गरेको पहलले जुन खालको तथ्यमूलक रिपोर्ट जनताको हातमा ल्याएको छ, त्यसले पनि हामीलाई सन्तुष्टि प्रदान गरेको छ । पटक पटक आतंककारी अध्यादेश ल्याउन सरकारले गरेको प्रयासलाई बिफल बनाउनका लागि मूल्यांकनले नागरिक समाजलाई एक ढिका पार्न गरेको प्रयत्न हमेशा सफल र परिणामदायी रहेको छ । हामीलाई थप के कुरामा गौरवानुभूति छ भने 'मूल्यांकन' केवल खबर पत्रिका नभएर यो एउटा आन्दोलनसमेत भएको छ । यसले समाचार विश्लेषण मात्र छाप्ने काम गर्दैन, जरूरी सवालमा आन्दोलनसमेत उठाने गर्छ वा त्यसमा सक्रिय सहभागिता कायम गर्छ ।




**१००**
**अंकमा**
**पाइला**
**टेक्दा**

नेपालको वामपन्थी आन्दोलनमा विद्यमान दोष र कमजोरी औंल्याउन र हटाउन हामीले लगातार निर्भिकतापूर्ण आलोचनात्मक प्रयास गर्दै आएका छौं । यसो गर्दा कहिले हामीले माओवादीको कोपभाजनको शिकार बन्नु परेको छ, कहिले एमालेको, कहिले मसाल, नेमकिपा र एकेको समेत । परन्तु कालान्तरमा कोप शान्त भएको छ, औंल्याइएका आलोचनाहरू उपयोगी साबित भएका छन्, र आपसी सम्बन्ध सौहार्दपूर्ण भएको छ ।

हाम्रा मित्रहरूले औंल्याउनुभए जस्तै यसबीच हामीबाट पनि प्रशस्त त्रुटी-कमजोरीहरू भएका छन् । तिनीहरूमध्ये धेरैलाई हामीले स्वीकार र आत्मसात पनि गरेका छौं र आफूलाई सच्याउने कोशिस पनि गरेका छौं । 'मूल्यांकन'मा सुधारका निम्ति हाम्रा सचेत पाठकहरूले हामीलाई विभिन्न तरीका र माध्यमद्वारा थुप्रै सुझावहरू दिनु भएको छ । लेखकहरूको विविधिकरण हुन सकेको छैन भन्ने आलोचना सही हो । यो महशूस गरेर विविधिकरण प्रक्रिया शुरू गरिएको छ । भविष्यमा यो प्रक्रियालाई अरू बढाइने छ । अन्तर्क्रियालाई नियमितता दिनेबारेमा पनि हामी प्रयत्नशील छौं ।

'मूल्यांकन' विशिष्ट पाठकहरूका बीच अत्यन्त प्रिय पत्रिका बनेतापनि यो आम पाठकको लागि सहज पत्रिका अझै भएको छैन भन्ने टिप्पणी पनि हामीलाई उचित नै लागेको छ । 'मूल्यांकन' जेका लागि धेरैको चासोको माध्यम भएको छ, ती स्तम्भहरू यथावत् राखेर बाँकीमा काफी हेरफेर गरेर यसलाई आम पाठकको निम्तिसमेत रूचिकर पार्ने प्रयत्न हुनेछ । सबै खेमाका लेखकहरूलाई र तिनका जीवनउपयोगी विचारलाई स्थान दिन शुरू गरी सकिएको छ, यो प्रक्रियालाई अरू व्यापक बनाइनेछ ।

अन्त्यमा, हामी 'मूल्यांकन'का सम्पूर्ण सल्लाहकारहरूलाई र सहयोगी मित्र लेखकहरूलाई कृतज्ञता ज्ञापन नगरिरहन सक्दैनौं, जसको सहयोग-सल्लाह नभएको भए यसले यति लामो यात्रा कदापि तय गर्न सक्दैनथ्यो । अन्तमा, हामी हाम्रा तमाम पाठकहरूलाई हार्दिक धन्यवाद अर्पण गर्न चाहन्छौं, जसले 'मूल्यांकन'लाई यसको संचालक टिमको मात्र दायित्वको रूपमा नलिएर यसलाई आफ्नो पनि सक्रिय चासो र सरोकार बनाएको छ । यहाँहरूको यो जीवित सरोकारले हामीलाई अप्ठेरा समयहरूमा पनि हौसला र साथ दिइरहने कुरामा हामी विश्वस्त छौं । ❑





*बाढी र पहिरोले काठमाण्डौमा समेत गम्भीर असर पुर्‍यायो । काठमाण्डौको मातातीर्थमा गएको पहिरो । बागमती नदीमा उर्लिएको बाढीको लहर*

# बाढी र पहिरोको वर्ष

**गत ३० असार**को रात खोटाङको सुंदेल र दिप्सुं गाविसबाट शुरू भएको भीषण पहिरो र बाढी अहिलेसम्म पनि रोकिएको छैन । बाढी र पहिरोबाट २३ श्रावणसम्ममा ३३२ जना नेपालीको ज्यान गइसकेको र ५३ जना अझै बेपत्ता भइरहेको गृह-मन्त्रालयले जनाएको छ । ४८ हजार जनता यसबाट प्रत्यक्ष रूपमा प्रभावित भइसकेका छन् । परन्तु भदौको पहिलो हप्तासम्म पनि भीषण पहिरो र बाढीको प्रकोप यथावत् देखिएको छ । भदौ ५ को बिहान झिसमिसेको पहिरोले रामेछापको बाम्ती भण्डार गाविसस्थित थाप्रा गाउँमा १९ घर पूरै पुरेको छ, २४ घर बस्नै नहुने गरी भत्काएको छ, र कम्तीमा ४१ जनाको ज्यान लिएको छ । देशका ४३ वटा जिल्ला बाढी र पहिरोबाट नराम्ररी प्रभावित देखिएका छन् । सबैभन्दा ज्यादा नोक्सानी हुने अन्य जिल्लामा मकवानपुर ११०, खोटाङ ४३, काठमाण्डौ १६, ताप्लेजुङ १३ र गोरखा १३ रहेका छन् ।


यसपालिको बर्षाले बिगत ३४ बर्षको रेकर्ड तोडेको छ । जल तथा मौसम बिज्ञान विभागले जनाएअनुसार जुलाइ महिनामा ३४९.२ मि.मि. बर्षा हुने गरेकोमा यसपटक ५४४.८ मि.मि. बर्षा भएको छ । विभागका अनुसार यो १९६८ यताको रेकर्ड बर्षा हो । काठमाण्डौमा ३० बर्षअघिको १०२.८ मिलिमिटर बर्षाको रेकर्ड तोडेर यसपटक ६ श्रावणमा १७७ मिलिमिटर बर्षा भएको थियो । भारी बर्षाका कारण बागमती नदीको बाढीको सतह ललितपुर खोकनानेर ६ मिटर र सर्लाहीमा १२ मिटर माथि उठेको थियो । भीषण बाढीले गण्डक परियोजनाको बाँध नै भत्काएको छ र महेन्द्र राजमार्गको पुल ठाउँ-ठाउँमा बगाएको छ । पृथ्वी राजमार्ग र त्रिभुवन राजमार्गमा पनि काफी क्षति पुर्‍याएको छ । यी राजमार्ग भएर आवत-जावत गर्ने यात्रुहरूले पहिलेजस्तो अबिराम यात्राको आनन्द लिन पाउने छैनन् । ठाउँ-ठाउँमा उत्रने र फेरि चढ्ने झण्झट बारम्बार उठाउनुपर्ने भएको छ, त्यो पनि लामो समयसम्म । किनभने बिग्रेको, भत्केको पुल र सडक पुनर्निर्माण हुन करोडौंको थैली र महिनौंको समय लाग्ने निश्चितप्राय छ ।

बाढी र पहीरोबाट पीडितहरूले यसपालि ठूलो हरिबिजोग भोग्नु पर्‍यो । आश्वासन धेरै पाए पनि खोटाङ र मकवानपुरका पहिरो पीडितहरूले सरकारबाट हप्तादिन बित्दा पनि खास राहत पाउन सकेका थिएनन् । ढिलो गरी पुर्‍याएको राहत पनि हात्तीको मुखमा जिराजस्तो भएको छ ।

सरकारी उद्धारकार्यको ढिलाइ र लथालिंगपन हेर्दा यस्तो प्रतीत हुन्छ- यसबारे गृह-मन्त्रालयमा स्थापित विभाग र समितिहरू दैवी प्रकोप सम्बन्धमा खास केही पनि गृहकार्य र तयारी नगरिकन उत्तिकै चुपचाप बसिरहेछन् । अकस्मात हुने ठूलो प्राकृतिक प्रकोपलाई सामना गर्न नेपालमा कुनै योजना, रणनीति र भौतिक पूर्वाधार नै विद्यमान छैन, जुन हुनु नितान्त जरूरी छ ।

यसपटक भारी वर्षा नेपालमा मात्रै होइन, विश्वका अन्य भागमा पनि आएको देखिएको छ । यूरोपको मध्यवर्ती भागमा त यो पुस्ताले कहिल्यै नदेखेको बाढीको प्रकोप व्यहोर्नु पर्‍यो । चेक गणतन्त्रको ऐतिहासिक शहर प्राग बाढीमा डुब्यो । सबभन्दा धेरै बाढीले क्षति जर्मनीलाई पुर्‍यायो र जर्मनीमा पनि ड्रेसडेन शहरलाई । ड्रेसडेनमा यत्रो महाविनाशकारी बाढी सन् १८४५ मा मात्र आएको थियो । बाढीले रूस, अष्ट्रिया र चीनमा पनि ठूलो नोक्सानी पुर्‍याएको छ । यतिसम्म कि इरानमा समेत यसपटक बाढीले विनाशलीला सृजना गरेको छ, जुन आश्चर्यजनक कुरा हो ।

वैज्ञानिकहरूले यस पटकको महावर्षाको मुख्य कारण उष्णता (global warming)लाई ठहर्‍याएका छन् । यो उष्णता के कारणले बढिरहेको छ र कसरी हटाउने हो भन्ने विषयमा गम्भीरतापूर्वक ध्यान नदिए वर्षा र बाढी, पहिरोको महाप्रकोपको घटना विश्वमै यो पहिलो हुनेछैन । ❑



# मूल्यांकनको भूमिका :

## कति सकारात्मक कति नकारात्मक ?




# मूल्याङ्कनको मूल्यांकन

*'मूल्यांकन'को एक सयौं अंक पाठकहरूको हातमा छ । हाम्रा विगत अंकहरू कस्ता भए, यिनका गुण-अवगुण के के रहे र आगामी दिनहरूमा हामीले यसलाई सुधार गर्न के गर्नु जरुरी होला ? यी प्रश्नहरूमा केन्द्रित रहेर अभिव्यक्ति दिनका लागि हामीले केही महानुभावहरूलाई अनुरोध गरेका थियौं । ती अभिव्यक्तिहरू यहाँ प्रस्तुत छन् । हामी मूल्यांकनका हालसम्मका अंकहरूका बारेमा आलोचनात्मक सुझावहरू पठाउनु हुन हाम्रा समस्त पाठकहरूलाई पनि हार्दिक अनुरोध गर्दछौं । यी सुझावहरूका आधारमा हामी यसलाई नयाँ र अरू उपयोगी ढंगमा अघि बढाउन कटिबद्ध छौं ।*

**– मूल्यांकन परिवार**



## 'मूल्यांकन' मासिक बौद्धिक मन्थनको थलो हो

म *मूल्यांकन* मासिकको नियमित पाठक र शुभेच्छुक हुँ । यसले सयौं अंक प्रवेश गरेकोमा म हर्षित छु । र, यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । अहिलेको प्रतिस्पर्धात्मक बजारमा सयौं अंक प्रकाशित गर्नु कम चुनौतिपूर्ण पक्ष होइन । यसरी चुनौति वहन गर्दै निरन्तर प्रकाशित भइरहेको 'मूल्याकन' मासिक थप स्तरीय, थप महत्वपूर्ण, थप सम-सामयिक सामग्रीहरूको पोको बोकेर हामीहरूसमक्ष आइरहोस्, यही शुभकामना छ । यसको निरन्तरता, स्तरीयता, बौद्धिक खुराकहरूको चयन निक्कै सह्राहनीय छ ।

देशका जल्दाबल्दा समस्याहरूदेखि लिएर सिंगो कम्युनिष्ट आन्दोलनका राम्रा-नराम्रा पक्षहरूबारे यसले उजागर गरिरहेको पक्ष कसैबाट छिपेको छैन । सबैलाई थाहा छ- 'मूल्यांकन' मासिक बौद्धिक मन्थनको थलो हो । देश-विदेशका सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक सवालहरूको जवाफ खोज्ने मामिलामा यसको रचनात्मक भूमिकाबारे पनि कोही अनभिज्ञ छैनन् । विगत १२ वर्षदेखि निरन्तर प्रकाशित मूल्यांकन मासिकको बौद्धिक मन्थन, रचनात्मक आलोचना, सिर्जनशील सोचहरूमा अझ बेसी निखार आओस्, यही हार्दिक कामना गर्दछु । ❑

**माधवकुमार नेपाल**
*महासचिव*
*नेकपा (एमाले)*



## आन्दोलनका सकारात्मक पक्षलाई चिन्हित गर्दै प्रोत्साहित गर्न खोज्नु यसको विशिष्टता

***मूल्यांकन*** पत्रिका देशकै एउटा प्रतिष्ठित मासिक हो । यसले विश्वको मार्क्सवादी-लेनिनवादी आन्दोलन, समाजवादी आन्दोलन, साम्राज्यवाद तथा सामन्तवादविरोधी जनसंघर्षहरुको विषयमा नेपाली जनतालाई सुसूचित गर्ने महत्वपूर्ण काम गरेको छ । विशेषगरी समाजवादी आन्दोलन र साम्राज्यवादविरोधी जन संघर्षहरुमा ध्यान केन्द्रित गरेको देखिन्छ । यसले चीन, क्यूबा, भियतनाम लगायतका समाजवादी आन्दोलनसम्बन्धी विशेष सामग्रीहरु पाठकसामु प्रस्तुत गरेको पाइन्छ । देशको सन्दर्भमा यसले आमूल परिवर्तन र अग्रगामी सुधारको निम्ति लडाकू जन-आन्दोलनको पक्षपोषण गरेको छ । खासगरीकन यसले ६ वर्ष अगाडिदेखि चलिरहेको सशस्त्र आन्दोलनको चिरफार गर्ने काम गरेको छ । देशमा चलेका कुनै पनि खाले आन्दोलनका सकारात्मक पक्षलाई चिन्हित गर्दै प्रोत्साहित गर्न खोज्नु यसको विशिष्टता रहेको छ ।

एउटा विचारप्रधान मासिक पत्रिकाले १०० अंकहरुमा जति सामग्रीहरु नेपाली जनतालाई उपलब्ध गराएको छ, त्यसको निम्ति यो प्रकाशन एवं सम्पादन परिवार धन्यवादको पात्र छ । धेरै राम्रा काम गरिरहेको मासिक पत्रिकाका कमी-कमजोरीहरुको विषयमा चर्चा गर्नु उपयुक्त ठान्दिनँ । यसले आगामी दिनहरुमा नेपाली समाजका विश्लेषण, विविध सामाजिक आन्दोलनका प्रवृत्तिहरु, अग्रगामी सुधारका लागि हुने संघर्षहरु र समाजवादउन्मुख आमूल परिवर्तनका निम्ति उपयुक्त सामग्रीहरु अरु विस्तृत रुपमा पाठकहरुलाई उपलब्ध गराउन सकोस् । मलाई लाग्छ, यो काममा जति योगदान हुन्छ, त्यति नै यो पत्रिका नेपाली आन्दोलनकर्मीहरुका लागि अपरिहार्य बन्दै जानेछ । १०० अंक प्रकाशित भएको सन्दर्भमा प्रकाशन परिवार र सम्पादक मण्डललाई हार्दिक बधाई दिन चाहन्छु । उहाँहरु एवं पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❑

– सी.पी. मैनाली, *संयोजक नेकपा (माले)*

मूल्याङ्कन १०० औं अंक

## भीडमा आफ्नो छुट्टै विशिष्ट पहिचान

***मूल्यांकन*** मासिकले आफ्नो प्रकाशनको १०० अंक पूरा गर्न लागेको थाहा पाउँदा म अत्यन्त खुशी छु । पत्रिका प्रकाशित गर्ने निर्णय गर्दा एवं प्रकाशन शुरू गर्दा आफू स्वयं संलग्न भएको र त्यसलाई संचालन गरिरहनुभएका मित्रहरू मेरा अन्तरंग घनिष्ट मित्रहरू हुनुभएको कारणले गर्दा 'मूल्यांकन'सँग मेरो भावनात्मक सम्बन्धसमेत छ । त्यसो हुनाले स्वाभाविक रूपमा यस अवसरमा म हर्षित छु र 'मूल्यांकन'लाई बधाई दिन चाहन्छु ।

हाम्रोजस्तो देशमा जनस्तरबाट संचालन गरिने पत्र-पत्रिकाहरूको प्रकाशनलाई निरन्तरता दिनु अत्यन्त कठिन काम हो । त्यसमाथि पनि प्रतिक्रियावादी सत्ताका विरूद्ध विचार र तथ्य प्रकाशित गर्ने 'मूल्यांकन'जस्तो प्रकाशनको निरन्तरता साँच्चै नै चुनौतिपूर्ण कार्य हो । 'मूल्यांकन'ले यो चुनौतिलाई चिर्दै थुप्रै पत्र-पत्रिकाहरूको भीडमा आफ्नो छुट्टै विशिष्ट पहिचानसहित प्रकाशनको १०० अंक पूरा गर्नुलाई ठूलो सफलता मान्नु पर्दछ ।

'मूल्यांकन'ले विचार अन्तर्क्रियाद्वारा वैज्ञानिक दृष्टिकोण निर्माण गर्न एवं वैचारिक प्रष्टता हासिल गर्न सहयोग गर्ने र त्यसरी नेपाली समाजको प्रगतिशील रूपान्तरणको प्रक्रियामा सकारात्मक भूमिका खेल्ने आफ्नो प्रतिवद्धता पूरा गर्न निरन्तर प्रयत्न गर्दै आएको छ । यसबीचमा यसले आफ्नो दृष्टिकोणमा रहेका कमजोरीहरू, जसलाई हामीले पनि आलोचना गरेका थियौं, लाई सच्याउने दिशामा सकारात्मक कदम चालेको महसूस हुन्छ । यस क्रममा वास्तवमा मूल्यांकन नेपालको कम्युनिष्ट तथा वामपन्थी आन्दोलनको अभिन्न अंग नै बन्न पुगेको छ ।

नेपाली समाजको क्रान्तिकारी रूपान्तरणसँग सम्बन्धित रणनीतिक वा दीर्घकालीन सवालहरूमा मात्र होइन, देश र जनताको तात्कालीन हितसँग सरोकार राख्ने महत्वपूर्ण विषयहरूलाई पनि 'मूल्यांकन'ले प्राथमिकताका साथ उठाउँदै आएको छ । देशको अहिलेको संकटपूर्ण परिस्थितिको सन्दर्भमा यसले खेलिरहेको भूमिकालाई उच्च मूल्यांकन गर्नुपर्ने आवश्यकता छ । आफ्नो त्यस प्रकारको भूमिकाको कारणबाट यतिबेला यो नेपालको वामपन्थी, प्रजातन्त्रवादी तथा देशभक्त बुद्धिजीवीहरूको साझा सम्पर्कको थलो बन्न पुगेको छ ।

अन्त्यमा 'मूल्यांकन'लाई पुनः एकपटक बधाई दिंदै यसको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना प्रकट गर्दछु । ❑

– प्रकाश

*सहमहामन्त्री, नेकपा (एकताकेन्द्र-मसाल)*



## नयाँ र अनुसन्धान-मूलक खुराकको खाँचो

**विचार** अन्तर्क्रियामुखी मासिक 'मूल्यांकन'को १०० औं अंक प्रकाशित हुन लागेको महत्वपूर्ण अवसरमा शुभकामनाका साथ आफ्नो विचार व्यक्त गर्न पाउँदा औधी खुशी लागेको छ । नेपाली समाजका साथै अन्तर्राष्ट्रिय जगतका विभिन्न पक्षहरूबारे मार्क्सवादी वैज्ञानिक दृष्टिकोणअनुसारका समीक्षा, मूल्यांकन, विश्लेषणहरू प्रस्तुत गर्ने यस पत्रिकाको प्रयासको म सराहना गर्दछु । यस गहन कार्यलाई सम्पन्न गर्ने सिलसिलामा नेपालको बौद्धिक जगतलाई नयाँ नयाँ खुराक उपलब्ध गराउनुका साथै अनुसन्धानको क्षेत्रमा समेत गहकिलो योगदान पुऱ्याओस् 'मूल्यांकन'लाई मेरो यही शुभकामना छ ।


'मूल्यांकन'को सफलताका लागि हार्दिक शुभकामना ! ❑

– विष्णुबहादुर मानन्धर

*महासचिव, ने.क.पा. (संयुक्त)*



## कुनै लेख वस्तुगत-भन्दा मनोगत हुनेगर्छ




**'*मूल्यांकन*' मासिकको १०० अंक पुग्ने अवसरमा यस मासिकले अझ वस्तुगत ढंगले सम-सामयिक विषयमा विचार प्रवाह गर्ने आशा गरेको छु ।**

**सत्ताबाट च्युत भएपछि नेपाली कांग्रेस जनता हुने तथा बसेपछि मात्रै भारत 'परस्त' हुने होइन । सत्तामा बस्दा वा बाहिर बस्दाको नेपाली कांग्रेसको सोच र व्यवहार नै नेपाली कांग्रेस हो । आज यही सोच एमालेमा पनि सरेको छ । देशको मन्त्रीमण्डलको हेरफेर गर्नमा दिल्लीको सहयोग लिने मानसिकता नै भारत 'परस्त' हो । यसबारे 'मूल्यांकन' प्रष्ट हुनैपर्छ ।**

**तेस्रो मुलुकहरुको पक्ष र सं.रा. अमेरिकी साम्राज्यवादको आक्रमणको विरोध र निन्दा, भूमण्डलीकरण, निजीकरण र साम्राज्यवादीहरुको नव-औपनिवेशिक थिचोमिचोको विरोधलाई मूल्यांकनले चालु राख्ने छ भन्ने आशा गर्छु । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र बहुराष्ट्रिय कम्पनिहरुको शोषणलाई उदांग्याउँदै जानु आवश्यक छ ।**

**'मूल्यांकन'को कुनै लेख वस्तुगतभन्दा मनोगत हुनेगर्छ । श्याम श्रेष्ठको लेखाईमा पाइने 'बच्कना', 'फर्जी', 'बावजुद', 'अन्धाधुन्ध'जस्ता शब्दको प्रयोगको ठाउँमा नेपाली शब्दकै प्रयोग भएमा साधारण पाठकहरुलाई बुझ्न सजिलो हुने मात्र होइन, नेपाली भाषा अझ राम्रो हुने थियो । ❑**

**–नारायणमाण विजुक्छे (रोहित)**

*अध्यक्ष, नेपाल मजदूर किसान पार्टी*



## स्वतन्त्र संवादको दिशामा मूल्यांकन

***मूल्यांकन*** ले विचार अन्तर्क्रियामुखी मासिक पत्रिकाको रूपमा आफ्नो एक १०० अंक पुरा गरेको छ । वाम बुद्धिजीवीहरूको साझा वैचारिक मंचका रूपमा यसले प्रारम्भ गरेको यात्राले अहिले आएर क्रमशः राष्ट्रिय जीवनका प्रमुख सान्दर्भिक विषयहरूमा मुलुकका प्रतिनिधि विचारहरूलाई समेत समावेश गर्दै आफ्ना पाठक र शुभचिन्तकको वृत्तलाई बिस्तार गर्ने दिशामा यो रूपान्तरित भइरहेको अनुभव गरेको छु ।

लोकतान्त्रिक नेपालको बाह्र वर्षको अभ्यास सबै क्षेत्रमा समान ढंगबाट उत्साहजनक नभए पनि संचारका क्षेत्रमा उल्लेखनीय र उपलब्धिपूर्ण रहेको छ । निश्चय नै प्रविधि र प्रस्तुतिमा जुन युगान्तकारी परिवर्तन आएको छ, सोही अनुपातमा विचार र दृष्टिकोणका क्षेत्रमा गुणात्मक परिवर्तन अझै प्रयत्न गर्नुपर्ने विषयका रूपमा छ, तैपनि मुलुकभित्र विचारधारहरूका बीच मन्थनको प्रक्रिया प्रारम्भ भएको छ ।




कुनै पनि समाज अग्रगामी विचारले मात्रै अगाडि बढ्न सक्तैन, तदनुरूप कार्यक्रमको निर्माण र त्यसको क्रियान्वयन अत्यन्त जरूरी पक्ष हो तर विचारको उत्पादन आफैं पनि महत्वपूर्ण कार्य हो । मूल्यांकन (मासिक)ले विचारधारहरूका बीच स्वतन्त्र सम्वादको अभियानलाई आगामी दिनमा अझ तीव्रताका साथ अघि बढाउने छ भन्ने विश्वास लिएको छु र सय अंक प्रकाशन भएको उपलक्ष्यमा मूल्यांकन परिवारका सबै साथीहरूलाई हार्दिक शुभकामना प्रकट गर्दछु । ❑

– नरहरि आचार्य, *के.स., नेपाली कांग्रेस*

मूल्याङ्कन १०० औं अंक



## वैचारिक स्पष्टताका लागि ठोस र व्यापक अन्तर्क्रिया होस्

**विचार** अन्तर्क्रियामुखी पत्रिकाको रुपमा प्रकाशित 'मल्यांकन'ले नेपाली पत्रकारिताको क्षेत्रमा एउटा विशिष्ट स्थान ओगटेको छ । विचार अन्तर्क्रियाको मुख्य उद्देश्य नै वैचारिक स्पष्टता प्रदान गर्नु हो र त्यस दिशामा यसले गरेका प्रयत्नहरु सहाहनीय छन् । विदेश र स्वदेशमा घट्ने विभिन्न घटनाहरुबारे, कम्युनिष्ट आन्दोलन र आन्दोलनसामुका समस्याहरुबारे व्याख्या-विश्लेषण र विचार-अन्तर्क्रियाद्वारा यसले पाठकहरुको समभ्र-शक्तिलाई बढाउनमा जे-जति योगदान गरेको छ, ती उल्लेखयोग्य छन् । यसमा प्रकाशित विचारोत्तेजक लेखहरु खास रुपले उल्लेखनीय छन्, जसले पाठकहरुलाई सोच्ने-बुझ्नेतर्फ प्रेरित गर्छन् ।

'मूल्यांकन'को १०० औं अंक प्रकाशनको यस अवसरमा, यसले देशका प्रमुख सवालहरुमा विचार-अन्तर्क्रियालाई अरु व्यापक, ठोस तथा प्रभावकारी पारेर पाठकहरुमाझ वैचारिक स्पष्टता बढाउनमा अरु बढी योगदान गर्नमा सफलता पाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । ❑

– कृष्णदास श्रेष्ठ

*महासचिव, ने.क.पा. (मा.ले.मा.)*



## विचार मन्थनको घेरालाई अझ फराकिलो बनाउनुपर्छ

***मूल्यांकन*** मासिक वैकल्पिक पत्रकारिता क्षेत्रमा गुञ्जिरहेको आलोचनात्मक, चुनौतिपूर्ण र जनमुखी वाणीहरूको आउटलेट हो । विभिन्न विचार अनुभवहरूबीचको अन्तर्क्रियाबाट निष्कर्ष निकाल्नु र वैकल्पिक विचार निर्माण गर्नु यसको महत्वपूर्ण विशेषता हो ।

नरहरि आचार्यदेखि कृष्ण खनालसम्मका विचार-विश्लेषण कहिलेकाहीं पढ्न पाइएता पनि यो महत्वपूर्ण विशेषता 'मूल्यांकन'मा कमी हुन थालेको छ । एकै खाले विचार बोक्ने सीमित, लेखक-विश्लेषकहरूको सीमाभित्र कैद भएमा वैचारिक अन्तर्क्रिया कम हुन्छ, पाठकको घेरा संकुचित हुन्छ । अतः यसले वाम-पाठकहरूलाई मात्र तुष्टी दिने खालका रचनाहरूमा मात्रै आफूलाई सीमित नगरी राष्ट्रिय मासिक पत्रिकाको गरिमालाई बचाइराख्न सबै आलोचनात्मक विचारहरूलाई चलखेल गर्न दिनुपर्छ, विचार मन्थनको घेरालाई अझ फराकिलो बनाउनुपर्छ र राष्ट्रिय-विमर्शलाई जनमुखी दिशामा लान सक्नुपर्छ ।

यसको वामपन्थी पृष्ठभूमि हेर्दा नेपाली र विदेशी कम्युनिष्ट आन्दोलनभित्र चलिरहेका वादविवाद, विचार-विमर्शलाई समेट्नु जरूरी छ । यो पत्रिका प्रोपोगाण्डाको हतियार नभएकोले यसले यूरो कम्युनिज्म, न्यू मार्क्सिज्म, मार्केट सोशलिज्म आदिसम्बन्धी खोजपूर्ण विमर्शलाई प्रस्तुत गर्न सक्नुपर्छ र दक्षिणपन्थी खेमाको विमर्शमा पनि हस्तक्षेप गर्न सक्नुपर्छ ।

यसका लेखक, सम्पादक र प्रकाशकहरूमा जनमुखीपना, जुझारूपना हुँदाहुँदै पनि लेखन, सम्पादन र प्रकाशनमा दक्षता र व्यावसायिकताको कमी र उपभोक्ताको आवश्यकता अनुसारको रचना लेख्ने, छाप्ने खुबीको अभाव देखिएको छ । पत्रिकाको पेज भनेको सार्वजनिक सम्पत्ति हुने हुनाले पाठकको ध्यान केन्द्रित गर्ने सामग्री, साइज र शैलीमा विशेष ध्यान दिने, तार्किक पद्धतिलाई अपनाउने, भावनात्मक लेखन कम गर्ने, भूमिका नबाँधीकन हुनेगरी भन्ने र अपभ्रंश भइसकेका कम्युनिष्ट शब्दावली बेसी प्रयोग नगर्ने र सम्पादनमा 'कपी एडिटर'को व्यवस्था गरी मूल्यांकनले अझ उन्नति गर्नेछ । मूल्यांकनको थप प्रगति र उन्नतिको कामनासहित सबैको जय होस् । ❑

– दिपक ज्ञवाली



## वैचारिक निरपेक्षताको मोहभंङ्ग होस्

'***मूल्यांकन***' मासिकको शताब्दी अङ्कसम्मको यात्रा निरन्तरताका लागि अभिवादन तथा वधाई ! निरन्तरताको यो क्रमले दीर्घ जीवन पाउने छ, शुभेच्छा !

'विचार अन्तर्क्रियामुखी मासिक'को रूपमा प्रतिस्थापित यस पत्रिकाको प्रकाशनद्वारा नेपाली प्रेस जगतमा एउटा के कुरा पुष्टि गरिदिएको छ भने- पत्र-पत्रिकालाई व्यवसायिक रूपमा सक्षम बनाउन अस्वस्थकर, हल्काफुल्का, अश्लिल ग्ल्यामराइज मसलाहरूको प्रयोग अनिवार्य छ भने कुरा केवल भ्रम मात्र हो । अत्यन्त गहन र विचार प्रधान सामाग्रीहरूको प्रस्तुतिबाट पनि प्रकाशनले यथेष्ट बजार बनाउन सक्दोरहेछ भन्ने कुराको जीवन्त उदाहरण बनेको छ 'मूल्याङ्कन' !

मानवीय हक अधिकारका सम्बन्धमा वहुल विचार सम्प्रेषण गर्ने एउटा साझाको मञ्चको रूपमा 'मूल्याङ्कन'ले आफूलाई प्रस्तुत गर्दै आएको छ । तापनि वर्तमान नेपाली समाजभित्रको एउटा महत्वपूर्ण पक्ष आदिवासी, जनजाति, भाषिक तथा धार्मिक समुदायहरूको समानताको हक अधिकारका सवालहरूलाई अझै चासोको सूचीमा राख्न सकेको छैन ।

घोषित रूपमै समाजवादी आस्थालाई अंगिकार गर्दै आएको यस प्रकाशनको यद्यपि विभाजित नेपाली वाम राजनीतिको डवलीमा आफूलाई पात्रको रूपमा भन्दा भिन्न हैसियतमा प्रस्तुत गर्ने चाहना रहिआएको छ, तर यस्तोमा पनि कतिपय सवालमा निरिपेक्षताको मोह बिझाउने खालको भएको छ । संचार माध्यमको धर्म सशक्त लोक अभिमतको श्रृजना गर्नु हो, 'मूल्याङ्कन'ले यथेष्ट मात्रामा धर्म निर्वाह गरेको छ यसमा, यद्यपि कतिपय सन्दर्भ र सवालमा वैचारिक निरपेक्षताको मोहभंङ्ग होस् भन्ने पाठकहरूको चाहना छ ।

– मल्ल के. सुन्दर






## यसले आउने सय वर्षसम्म सेवा गर्न सकोस्

***मूल्यांकन*** पत्रिकाले आफ्ना लेख-रचनाहरूमा गहन अध्ययन र गहकिलो विश्लेषणहरू पस्किरहेको पाइन्छ । त्यसै कारणले यसमा प्रकाशित हुने लेखहरू गहकिलो, विचारोत्तेजक र सन्तुलित पनि देखिन्छन् । यसले महत्वपूर्ण सम-सामयिक विषयहरूमा एकदमै काम लाग्ने खालका रचनाहरू प्रस्तुत गरी पत्रकारितालाई फराकिलो र गहन पार्न सहयोग गरिरहेको पाइन्छ ।

तर यसमा कहिलेकाहीं कागजको गुणस्तरमा कम भएको र भाषिक अशुद्धि हुने गरेको पनि पाइन्छ । तथापि नियमित रूपमा १०० अंक प्रकाशित हुनुले यसको लोकप्रियतालाई छर्लङ्गै झल्काएको छ । योभन्दा उन्नत सामग्री, व्यापक लोकप्रियता र सुदृढ व्यवस्थापनसहित यो प्रकाशित होओस् भन्ने कामना गर्दछु । देश र जनताको पक्षमा गहकिला अनुसन्धानात्मक रचना र सम-सामयिक टिप्पणीहरूको सन्तुलनसहित यसले आउने सय वर्षसम्म सेवा गर्न सकोस् भन्ने कामना गर्न चाहन्छु । ❑

– मंगलसिद्धि मानन्धर



# हाम्रो फूलवारीको एउटा राम्रो फूल-'मूल्यांकन'

दमननाथ ढुंगाना

● 'मूल्यांकन' तपाईंले कस्तो पाउनु भएको छ ?

-'मूल्यांकन'लाई म नेपालमा बहुदलीय व्यवस्थाको सुन्दर उपहारको रुपमा लिन्छु । हाम्रो फूलवारीको एउटा राम्रो फूलको रुपमा यो सार्वजनिक रुपमा प्रस्तुत भैरहेको छ । यसका अंकहरु समग्रमा नै मलाई प्रगतिउन्मुख लाग्दछन् । पाठकहरुले विषयभित्रका अन्तरधाराहरुको गहिरो विश्लेषण चाहन्छ, यसले त्यसलाई पूर्ति गर्ने गरेको छ । विश्लेषणमा यसले अंगाल्ने गरेको वस्तुनिष्ठता एकदमै उल्लेखनीय छ । आफ्नो विचारमा अडिग रहेर पनि कसरी वस्तुनिष्ट बन्न सकिन्छ, कसरी अरुको विचारलाई सम्मान गर्न सकिन्छ भन्ने कुरा मूल्यांकनले राम्ररी नै देखाएको छ, उदाहरणीय रुपमा । यसले आफ्नो मात्रै डम्फू बजाइरहेको लाग्दैन । यसले विगतका अंकहरुमा राष्ट्रिय महत्वका सवालहरुलाई प्रायः नछुटाइकनै गहन बहसमा लग्ने काम गर्दै आएको छ । यो निक्कै लोकप्रिय भएको पनि मैले पाएको छु । अब आएर त नेपालका वामपन्थी विचारका अनुयायीहरुमात्र हैन, सबै विचारका बौद्धिक जमातको पत्रिकाको रुपमा यो स्थापित भएको छ, यसले आफ्नो क्षेत्र विस्तार गर्दै पनि लगेको छ । यो सन्तोषको कुरा हो । नेपालमा यस्तो वैचारिक चिरफार र गम्भीर खोजबीन गर्ने पत्रिकाको ठूलो अभाव खट्किरहेको थियो । यो अभावलाई पूरा गर्ने दिशामा 'मूल्यांकन'को राम्रो योगदान रहेको छ ।

पछिल्ला केही अंकहरुमा 'मूल्यांकन'ले अग्रगामी परिवर्तनको पक्षमा राम्रो आवाज पनि उठाएको छ र हत्या-हिंसाको चरमपन्थी बाटो बेठीक हो भन्नेबारेमा वैचारिक बहसको नेतृत्व नै गरेको छ । विगतको 'शान्तिवार्ता'को निम्ति नागरिक समाजका तर्फबाट शान्ति पक्षधर वातावरण बनाउनमा पनि यसको प्रसंशनीय भूमिका रहेको छ । वार्ताकालका यसका अंकहरुमा पाइने विश्लेषणात्मकता र वस्तुनिष्टताले मलाई निकै प्रभाव पारेका छन् । विचार निर्माण गर्नका लागि, अनुसन्धान गर्न चाहनेहरुका लागि 'मूल्यांकन' अत्यन्त आवश्यक र उपयोगी सामग्री बन्न पुगेको छ । यसले नेपाललाई विकासशील, गन्तव्यमुखी र एउटा कल्पनाशील राष्ट्र बनाउने दिशामा मतमतान्तरलाई एक साथ बोकेर खेलेको भूमिका ठूलो छ । म यसको प्रशंसा गर्छु र उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु । यसले आफ्नो प्रतिवद्धतालाई अझै धारिलो बनाओस् र यो अझै सन्तुलित बनोस् । हिंसा, कुनै पनि उग्रपन्थ र प्रतिगमनका सम्भावनाका विरुद्धमा यसले आवाज मात्रै उठाओस् हैन, त्यो आवाजको आन्दोलनकै नेतृत्व गरोस् भन्ने पनि शुभकामना व्यक्त गर्दछु । देशमा २०४६ सालको परिवर्तनपछि प्राप्त व्यवस्थाको भौतिक फ्रेमभित्र पुरानै व्यवस्थाको आत्मिक चरित्र भर्ने चौतर्फी कोशिस भैरहेको छ, यतिखेर । नेपाल अहिले त्यतैतिर अघि बढिरहेको छ । यस स्थितिमा आगामी अंकहरुमा 'मूल्यांकन'ले अरु वैचारिक नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने र सबैभन्दा उपेक्षित वर्गको आवाजलाई मुखर गर्नुपर्ने वस्तुगत आवश्यकता मैले अनुभव गरिरहेको छ ।

● यसले आगामी दिनहरुमा सुधार गर्नुपर्ने थप कुराहरू के के हुन् ?

- यो समयमै निक्लेको, जताततै पुगेको, बजारको प्रतिस्पर्धामा छपाई र सज्जादेखि मूल्यसम्म पनि प्रतिस्पर्धामा पछि नपरेको देखिन्छ । तैपनि व्यवस्थापकीय क्षेत्रमा यसले आफूले जरुरी ठानेका चुस्तता प्राप्त गरोस् भन्ने कामना म गर्दछु । सामग्रीको सन्दर्भमा चाहिँ वैचारिक बहसको क्षेत्रमा यसको नेतृत्वदायी भूमिकालाई यसले अरु प्रभावकारी र विस्तारित गर्नुपर्छ । राजनैतिक पार्टीहरुले वैचारिक आन्दोलनको नेतृत्व गर्न सकिरहेका छैनन्, पार्टीहरुमा वैचारिक दिवालीयापन देखापरिरहेको छ । तिनलाई पनि 'मूल्यांकन'ले बहसमा ल्याउनुपर्छ । प्रजातान्त्रिक संस्कार र संस्कृति निर्माणको लागि पनि यसको भूमिका अरु बलियो हुनुपर्छ । वापमन्थी आन्दोलनमा रुढीवादी सोचहरुको हैन, उदारवादी प्रतिस्पर्धात्मिक सोचहरुको मात्र भविष्य रहेको म देख्छु । यी सोचहरुबीच पनि अन्तर्क्रिया गरी स्पष्टता हासिल गर्न पाठकहरुलाई 'मूल्यांकन'ले मद्दत गर्नुपर्छ । ❑



# आदिवासी तथा जनजाति समुदायका आवाज र भावनालाई उजागर गर्नमा फेल भएको छ



**शताब्दी** अंकका लागि सम्बन्धित सबैलाई बधाई छ । मूल्यांकनले वामपन्थी विचारधाराबाट पद्धति र जीवन–संसारको जंगलको तस्वीर दिने र रूख पनि गन्ने जस्तो दूरूह कार्य पनि सहज रूपमा गर्दै आएकोले पाठकहरूमाफ आफ्नो अलग पहिचान र व्यक्तित्व बनाउन यो सफल छ । वर्गीय सवालमा विशिष्ट श्रेणीमा पास हुने मूल्यांकन बाहुनवादी सोच, नीति र व्यवहारका कारण लामो समयसम्म शोषण, दमन र उत्पीडनबाट आक्रान्त आदिवासी तथा जनजाति, मधेशी, मुश्लिम, धार्मिक आदि समुदायका आवाज र भावनालाई स्थान दिन र उजागर गर्नमा भने फेल भएको छ । दलित, महिला र भाषिक सवालहरूले आक्कल-झुक्कलै स्थान पाएको देखिन्छ । स्रष्टा र दृष्टि दुवैमा नेपालको सामाजिक संरचनामा भएका विविधताको प्रतिविम्व मूल्यांकनमा ठ्याम्मै देखिएन नभनेसम्म मूल्यांकनको मूल्यांकन हुंदैन । यी सवालहरूमा पनि विशिष्ट श्रेणीमा पास गरोस् भन्ने शुभकामना छ ।

- डा. कृष्णबहादुर भट्टचन
*समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि.*



# प्रकाशित सामग्रीको पुस्तक प्रकाशन भए राम्रो हुने थियो

**नेपालको** परिवेशमा 'मूल्यांकन'जस्तो विचारप्रधान पत्रिकाको सयौं अंक निक्लनु निश्चय नै खुसीको कुरा हो । संसदीय प्रजातन्त्रको पुनरागमनपछि नेपालको प्रकाशन व्यवसाय निक्कै फस्टाउन पुग्यो । तदनुरूप प्रशस्तै पत्रिका र जर्नलहरू प्रकाशनमा आउन थाले । यस प्रतिस्पर्धामा 'मूल्यांकन' झन् लोकप्रिय हुँदै गयो । मूल्यांकनको यस लोकप्रियताको पछाडि यसले छानेका मुद्दाहरू, विश्लेषणको स्तर, वैचारिक दृढता र प्रकाशन तथा वितरणको समयनिष्टता हुन् जस्तो लाग्दछ । कुनै अंकमा जटिल मुद्दा उठाएपछि त्यो मुद्दा अन्तिम परिणतिमा नपुग्उञ्जेल पच्छ्याइरहनु मूल्यांकनको अर्को रमाइलो पक्ष हो ।

यति हुँदाहुँदै यसमा सुधारका गुञ्जायस अझै पनि छन् । यौटा विचार र दृष्टिकोणप्रधान जर्नलको नाताले मूल्यांकनले खेलकूद र साहित्य स्तम्भको ठाउँमा राजनैतिक सोच नै सम्प्रेषण गरे राम्रो हुन्थ्यो जस्तो लाग्छ । मूल्यांकनको स्तर हेर्दा यसको आकार अलि नपुगेजस्तो लाग्छ, त्यो भनेको यसको लम्बाईलाई खुम्च्याएर मोटाई केही बढाउँदा अलि आकर्षक देखिन्छ । मैले हेर्दा छरछिमेक (दक्षिण एसिया, चीन, बर्मा, अफगानिस्तान) र महादेश (एसिया) गरी दुई स्थायी स्तम्भ थपी त्यहाँका प्रगतिशील विकास क्रमको चर्चा चलाए राम्रो हुने देखिन्छ । अर्को थप्नैपर्ने स्तम्भ पुस्तक समीक्षा हो । मलाई भन्न मनलागेको अर्कोकुरा, लेख-रचना भएको पानामा फोटो नराखी उक्त स्थानमा लेखन सामाग्री नै थपे वेश होला कि ? मूल्यांकनको विगत १० वर्षको ९९ अंकमा प्रकाशित सामाग्रीहरूलाई (१) सम-सामयिक घटनाक्रम (२) नेपालको वामपन्थी राजनीतिको आधुनिक इतिहास (३) समकालीन नेपाली साहित्य र (४) नेपाली अर्थतन्त्र नामक पुस्तक पुस्तिका प्रकाशन गर्दिनुभए कलेज र विश्वविद्यालयका विद्यार्थी तथा शिक्षकहरूले धेरै गुन मान्ने थिए । अन्त्यमा, प्रत्येक अंकमा एक 'काउण्टर प्वाइण्ट' शीर्षकअन्तर्गत मूल्यांकनको ठीक विपरीत विचार पनि संप्रेषण गर्नसके मूल्यांकन अझ रमणीय होलाजस्तो लाग्छ । ❑

- केशव आचार्य



## मौलिक र स्वायत्त चिन्तनको परम्परा बसाल्ने काममा 'मूल्यांकन'

विश्वव्यापीकरणको आकर्षण र वहाववाट उत्प्रेरित राष्ट्रिय, अन्तर्राष्ट्रिय शासक समुदायले जे दावी गरे पनि विश्वमा मानिस मानिस बीचको आर्थिक सामाजिक खाडल अरु टड्कारो हुँदैछ । उदाहरणको निम्ति एक्काइसौं शताब्दीको प्रारम्भ कालका विश्वका सबैभन्दा धनी १ प्रतिशत मानिसले त्यति नै आय आर्जन गर्छन्, जति यस पृथ्वीका सबैभन्दा गरिब ५७ प्रतिशतले । तर पनि विश्वव्यापीकरणको प्रणेता र पृष्ठपोषकहरु भने यस माध्यमबाट नै सर्वसम्पन्न विश्व समाज कै निर्माण हुने गुड्डी हाँक्छन् ।

आजको युगलाई प्रगतिको युग मान्नेहरु खास गरी एउटा प्रवृत्तिलाई वा परिसूचकलाई अति महत्व दिन्छन् – त्यो हो विज्ञान र सूचना प्रविधिको विकास । सतहमा हेर्दा यस कुरालाई कसैले असत्य मान्न पनि सक्दैन । यस उपलब्धि र प्रवृत्तिको आर्थिक, भौतिक उपादेयता त छदैछ, साथै मानिस मानिस बीचको सम्बन्ध विस्तार गर्न, सौहार्दताको निर्माण गर्न र विचारको आदान प्रदान गर्न समेत आज सजिलो भएको छ । यसको निम्ति न भूगोलको वाध्यता छ, न भ्रमण भेटघाटको आवश्यकता । तर प्रश्न उठ्छ प्रविधि विकासमा मानिस कहिले पछि परेथ्यो र ?

मूल कुरा प्रविधिको विकासबाट जनस्तरमा, राष्ट्रिय तहमा र विश्वव्यापी रुपमा मानव समाजले दरिलो, दिगो र सार्थक विकासको निम्ति अग्रगामी बाटो समात्न सक्यो कि सकेन भन्ने प्रश्न नै हो । यो गम्भिर प्रश्नमाथि अहिले ध्यान नदिएर केवल हालको प्रविधि विकासको वितरण पक्षलाई मात्र हेर्ने हो भने पनि चित्त बुझाउने ठाउँ छैन । पहिलो कुरा, अहिलेको प्रविधि विकासको जुन चरित्र र क्रम छ, यसले विश्व समुदायलाई पुनः तीन किसिमका संसारहरुमा विभाजित गरिदिएको छ । पहिलोमा पर्छ, हालको प्रविधि विकासको उत्पादन र उपभोगमा संलग्न समुदाय, जुन विश्व जनसंख्याको १५ प्रतिशत मात्र छ । दोस्रो, आफ्नै उत्पादन गरेर फाइदा लिन नसके पनि उपलब्ध प्रविधिको सीमित उपयोगबाट लाभ हासिल गर्न सक्ने आर्थिक सामाजिक संरचना भएको समुदाय, जुन विश्व जनसंख्याको आधा भाग छ भनिन्छ । तेस्रोमा, यस तथाकथित "विश्व ग्राम"का ती बाँकी अभागी सदस्यहरु पर्दछन्, जसको ती दुवै संसारसँग कुनै सम्बन्ध छैन ।

विज्ञानलाई छोडेर ज्ञानको कुरा गर्दा पनि यस्तै यस्तै प्रश्नहरु उठ्छन् । विकासको व्यवहारिक ज्ञान, अनुभव, दु:ख-सुख सबै गरिब भनिने अल्प विकसित मुलुकहरुसँगै छ । र, यस सम्बन्धी ज्ञानको ठेक्का भने विकसित भनिने राष्ट्रहरुका प्राज्ञिक र विशेषाज्ञिक व्यवसायका विद्वानहरुले लिएका छन् ।

*मूल्यांकन* पत्रिकालाई शुभकामना दिनको निम्ति यति लामो गन्धन मन्थन गर्नुको मेरो नियत अव प्रष्ट भयो होला । बालकृष्ण समको भाषामा विज्ञानको तुलनामा ज्ञानको हाँसेरै यो गति भयो होला, तर हाम्रो देशमा ज्ञान मरणासन्न अवस्थामा भने अवश्य पुग्दैछ । खासगरी समाज परिवर्तनको निम्ति आवश्यक वृद्धि खेलाउन चाहिने ज्ञानको अवस्था नाजुक छ । केही तत्वहरु आजको युगलाई नै विना विचारधाराको (अर्थात्, मैले बुझ्दा विना विचारको) युगको रुपमा परिभाषित र प्रवर्द्धन गर्दैछन् । तर फेरि तिनीहरु नै आफ्नो विचारको एकाधिकार स्थापित गर्न शक्ति र साधनको उपयोग, दुरुपयोग गर्न पछि पर्दैनन् । केही अरु चाहिँ आफ्नो बण्डामा परेको अपुतालीसरह पुरानै ढर्राका जडसूत्री सोचमा परेका छन् र सो गर्दा पनि व्यवहारमा चाहिँ मूलतः पाखण्ड प्रवृत्तिको प्रदर्शन गर्छन् ।




आजको न हाँसको चाल न कुखुराको चालको संसारमा हामीले यति पनि विचार गर्न छाड्यौं कि विकास भनेको मूलतः सामाजिक रुपान्तरीकरण हो र यसको निम्ति परम्परागत रुपले निरन्तरता दिइएको कतिपय सम्बन्ध, रीतिरिवाजलाई त्याग्नु पर्छ भने कतिलाई परिमार्जन गरी आजको निम्ति फलदायी बनाउनु पर्छ । अनि अरु कतिपयमा नयाँ सोचलाई अँगाल्नु पर्छ । हामीले पुराना थोत्रा कुरा केही छोडेका छैनौं । नयाँ कुरामा भने खाली शब्दावली समात्छौं । यस प्रवृत्तिको पछाडि चिन्तनको खडेरीलाई नै जिम्मेवार ठान्नु पर्ने हुन्छ । भौतिक र वित्तीय अभावबाट मात्र होइन, सांस्कृतिक र बौद्धिक हिसावले पनि गरिब हुँदै गएका हामी नेपालीमा मौलिक र स्वायत्त चिन्तनको परम्परा बसाल्न अति आवश्यक छ । यस काममा *मूल्यांकन* ले गरेको योगदान केही मात्रामा स्थापित भइसकेको छ । समाजलाई अग्रगामी दिशाबोध गराउन सान्दर्भिक हुने विचारको आदान प्रदान र जल्दाबल्दा मुद्दाहरुमा अन्तरक्रिया मार्फत विभिन्न कोणहरुबाट देखिने दृश्यहरु पाठकको अगाडि छर्लङ्ग पार्न गरिएका जमर्कोहरु पनि पढ्न पाइन्छ । अब अरु के गर्न पर्ला भन्नेबारे चैं यस पत्रिकाको निम्ति आजसम्म "पूर्ण कद"को एउटा लेखसम्म योगदान नगरेको पाठकले के भन्ने र ? जे भए पनि आगामी दिनहरुमा यस विचार प्रधान पत्रिकालाई अरु सफलताहरु त हासिल हुने नै छ । सो क्रममा यसको प्रस्तुति अझ बढी मौलिक, सान्दर्भिक र बहुलताको गुणबाट समेत ओतप्रोत भएको देख्न पाइएला भन्ने आशा पनि छ ।

– देवेन्द्रराज पाण्डे



## वैकल्पिक अवधारणालाई प्राथमिकता

**नेपालमा** प्रयत्न गरिएका थुप्रै साझा कामहरू बिग्रेका छन् र थोरै मात्रै कामहरू सफल भएका छन् । त्यसमाथि पनि सामाजिक परिवर्तनको निम्ति भनेर गरिएका कतिपय मेहनतहरू विभिन्न कालखण्डमा प्रभावकारी देखिए तापनि अन्ततः असफल भएका थुप्रै उदाहरणहरू छन् । तर यस क्रममा विभिन्न आरोह र अवरोहहरू पार गर्दै 'मूल्यांकन'ले जुन यात्रा पार गरेको छ, त्यो सफलताको एउटा राम्रो उदाहरण हो ।

यसको महत्वपूर्ण आधार भनेको 'मूल्यांकनको टिम स्पिरिट'हो जस्तो मलाई लाग्छ ।

'मूल्यांकन' मासिकको आगामी अंक १०० औं अंक प्रकाशित हुँदैछ भन्ने कुरा थाहा पाउँदा मलगायत सम्पूर्ण शुभचिन्तकहरू हर्षित भएका छौं । देश र जनताको पक्षमा 'मूल्यांकन'ले निडरतापूर्वक जुन पत्रकारिताको धर्म निर्वाह गरेको छ, 'मूल्यांकन' भविष्यका दिनहरूमा पनि यो साँचो अर्थमा जनताको विचारविमर्श गर्ने थलो बनोस् । यसले सामाजिक परिवर्तनको वैकल्पिक अवधारणालाई प्राथमिकता देओस् । यही शुभकामना छ । ❑

– गौरी प्रधान



## स्तरीय र विशिष्ट पत्रिकाका रूपमा इतिहास निर्माण गरेको छ

**राजनैतिक** दर्शन, चिन्तन र यसका विविध पक्षहरूलाई 'मूल्याङ्कन'ले बौद्धिक ढङ्गले प्रस्तुत गरिरहेको पाएको छु । दर्शनको गम्भीर बहस पनि हुनेगरेको पाएको छु । सामाजिक विकृति, समाजको उन्नति, कला-साहित्य र संस्कृतिका गम्भीर प्रसङ्गहरूलाई गम्भीर रूपमा प्रस्तुत गरेर 'मूल्याङ्कन'ले विशिष्टता हासिल गरेको छ भन्ने मेरो सोचाइ छ । वस्तुको विविध पक्ष उद्घाटित मात्र नभएर गम्भीरता दिनु 'मूल्याङ्कन'को विषेशता हो । कहिलेकाहिँ एक पक्षीय वैचारिक धरातलमा उभिन खोज्दा भने कतै नमिठो लाग्ने सन्दर्भहरू पनि यदाकदा नभेटिने होइन तथापि तिनमा गम्भीरता र विशिष्टता हुनु विषय र प्रस्तुतिको विषेशता भने पक्कै हो । नेपाली पाठकहरूका लागि एउटा स्तरीय र विशिष्ट पत्रिकाका रूपमा 'मूल्याङ्कन'ले एउटा इतिहास निर्माण गरेको छ, गर्दैछ । यस्तो लोकप्रियता र केवल व्यावसायिकतालाई नहेरेर गम्भीर विषय प्रस्तुतिलाई स्थान दिनु स्तुत्य छ ।

'मूल्याङ्कन'को यात्रालाई मेरो शुभ-कामना । यो नेपाली पत्रकारिता क्षेत्रमा लोकप्रिय र आफ्नो छुट्टै अस्तित्व लिन सक्षम पत्रिका हो । यो अवधिमा यसले गरेको उपलब्धि पनि सम्भवतः यही हो ।

– अशेष मल्ल



## 'मूल्यांकन' असहमत पक्षका लागि पनि सन्दर्भ सामग्री बन्न पुगेको छ

'**मूल्यांकन**' एउटा सशक्त वैचारिक पत्रिकाका रूपमा स्थापित हुन पुगेको छ । निश्चय नै वैचारिक प्रतिवद्धताका बाहकका रूपमा प्रकाशित पत्रिकाप्रति प्रतिद्वन्दी विचार बाहकहरूको असहमति तीव्र रहने परम्परा नेपालमा मात्र नभएर सबैतिर छ । तर 'मूल्यांकन' असहमत पक्षका लागि पनि सन्दर्भ सामग्री बन्न पुगेको छ । मलाई लाग्छ, यो नै मूल्यांकनको सबैभन्दा ठूलो सफलता हो । सशक्त विचारले सदा सहमति खोज्दैन । प्रतिवद्धताहीन राजनीति र फरक मतप्रतिको असहिष्णुताको संस्कारको वर्चस्व रहेको हाम्रो मुलुकमा विचारको बाहनले अर्जिन सकेको सम्मान नै अहिलेको गैरवपूर्ण उपलब्धि हो- मूल्यांकनको । विचार र प्रतिवद्धताको ऊर्जालाई जोगाउँदै 'मूल्यांकन' फलोस्, फुलोस् यही मेरो शुभकामना । एउटा पाठकका रूपमा जो, सँधै सहमत हुन अस्वीकार गर्दछ । ❑

– युवराज घिमिरे

*संपादक, कान्तिपुर दैनिक*



## मूल्यांकन सबैको अखबार हुन भने सकेको छैन

'**मूल्यांकन**' मासिक सापेक्षिक, गम्भीर र अन्तर्सम्वादात्मक पत्रिका मानिन्छ । एक पाठकका रूपमा मैले पनि यसका सामग्रीहरू गहन/विश्लेषणप्रधान पाएको छु ।

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापनापछि नेपाली पत्रकारिताले उल्लेखनीय विकास गर्‍यो । तर, विचारप्रधान सामग्रीहरूका हकमा १२ वर्षअघि र अहिलेको परिस्थितिमा खासै भिन्नता छैन । हुन त बौद्धिक सामग्रीको बजार झन् सानो छ, तथापि एउटा गम्भीर पत्रिका आफैंमा एउटा आन्दोलन हो । समाज विचारहीनताबाट ग्रस्त भइरहेको समकालीन नेपाली परिवेशमा यस्ता सामग्रीको महत्व झनै बढेको छ । 'मूल्यांकन'ले सानै अंशमा भए पनि यो काम गरिरहेको छ, यसलाई सकारात्मक मान्नुपर्छ । तर, यो अझै पनि सबैको अखबार भने हुन सकेको छैन भन्ने आरोपबाट मुक्त भएको पाइँदैन । निरपेक्षता असम्भव कुरा हो, तर कम्युनिष्ट चिन्तनको चार किल्लाबाट माथि उठेर सामग्री पस्कन सके पत्रिकाको स्तर र पाठक संख्या दुवैमा बृद्धि हुने थियो ।

हुन त उपदेश दिन सजिलो छ, काम गर्न गाह्रो । 'मूल्यांकन'का पनि आफ्नै समस्या होलान् । हाम्रो परिवेश र वातावरण यस्तो हुँदै गएको छ भने एउटा गम्भीर अखबार नियमित हुनु र टिक्नु मात्रलाई पनि उपलब्धि मान्नुपर्छ । 'मूल्यांकन'को जीवन्तता आफैंमा एउटा सकारात्मक सन्देश हो । 'मूल्यांकन'का संस्थापक र सहकर्मीहरूको उत्साह, लगन र धैर्यले अहिले यो १०० अंकमा पुगेको छ । 'मूल्यांकन'को सय वर्षको अंक पनि हाम्रा सन्ततिले पढ्न पाउन् मेरो यही शुभेच्छा छ । ❑

–जिवेन्द्र सिम्खडा

*निमित्त प्रधानसम्पादक,*
*राजधानी राष्ट्रिय दैनिक*



## जुन उद्देश्यको लागि समर्पित भएको हो, त्यसबाट विचलित भएजस्तो लाग्दैन

**सबैभन्दा** पहिले त 'मूल्यांकन' परिवारले गरेको धैर्य, जाँगर र परिश्रमको लागि बधाई दिन चाहन्छु । यस्तो वातावरणमा पत्रिका चलाउनु, त्यसमाथि पनि वैचारिक पत्रिका चलाउनु एकदमै दुस्कर र कष्टकर काम हो । सानो धैर्यले यो काम गर्न सकिन्न । 'मूल्यांकन'ले आफूलाई निरन्तरता मात्रै दिएन, जुन उद्देश्यको लागि यो समर्पित भएको हो, त्यो बाटोबाट यो विचलित भएजस्तो पनि मलाई लाग्दैन । यसमा प्रस्तुत सामग्रीहरूको स्तर र धाराहरू पनि प्रसंशनीय छन् । ९९ अंकमा ९९ नै मैले नपढेको हुन पनि सक्छ, केही अंक छुटे पनि होलान्, तर प्रायः अंकहरूको कुनै न कुनै सामग्री मैले पढेको छु जस्तो लाग्छ । अन्तर्राष्ट्रिय सन्दर्भका घटनाक्रमहरूदेखि लिएर, विमल निभाको 'नयाँ कविको स्वागत' प्रकारका टिप्पणीहरूसम्मलाई मैले घतलाग्दो रूपमा पाएको छु । यसका कतिपय सामग्रीले मस्तिष्कलाई झंकृत गर्ने र कुनै बेला आफ्नै भावना नै त्यहाँ व्यक्त भएको हो कि भन्ने अनुभूति पनि हुने गरेको छ । प्रायः यसले समाजमा देखिएका विकृति, विसंगति, भ्रष्टाचार र कुरीतिहरूलाई उद्घाटित गर्ने एवं समाजलाई सही दिशाबोध गराउने भूमिका निर्वाह गर्न खोजेको मैले पाएको छु ।



यसको कमजोरी अथवा अपूर्णता चाहिँ मलाई के लाग्छ भने, यसले प्रजातान्त्रिक मूल्य-मान्यताहरूलाई, खासगरी हाम्रो नेपालको अहिलेको सन्दर्भमा संवैधानिक राजतन्त्र र बहुदलीय पद्धतिको सुदृढीकरणलाई जत्ति प्राथमिकता दिनुपर्थ्यो, त्यत्ति चाहिं नदिएको अथवा दिन नचाहेको हो कि भन्ने पनि बेलाबेलामा मलाई लाग्ने गरेको छ । यस्तो देखिन्छ कि 'मूल्यांकन'ले आफूलाई वाम आन्दोलनको मूल धाराको रूपमा आगाडि बढाउन खोजेको हो कि भन्ने आभास पाइन्छ । सामान्यतः हरेक राजनैतिक व्यक्ति अथवा हरेक राजनैतिक पत्रिकाहरूको के कमजोरी देखिएको छ भने यिनीहरू कुनै पार्टी अथवा नेतालाई पछ्याउने गर्छन् । त्यो प्रवृत्तिबाट चाहिँ 'मूल्यांकन' मुक्त छ जस्तो मलाई लाग्दछ । यसले समग्र वाम धारालाई नै अगाडि बढाउने र एकतावद्ध ढंगले अगाडि बढाउने चाहना राखेको जस्तो मलाई लाग्दछ, तर त्यो सँगसँगै प्रजातान्त्रिक मूल्य-मान्यताको पक्ष छुट्यो भने चाहिँ 'मूल्यांकन'ले जुन समाजको निर्माण चाहेको, त्यसमा त्यति बल नपुग्न पनि सक्दछ र प्रजातान्त्रिक मूल्य-मान्यतालाई उपेक्षा गरेर समाजको समय अनुकूलको परिवर्तन हुन सक्दैन पनि । प्रजातान्त्रिक माध्यमहरूबाट, प्रजातान्त्रिक संस्थाहरूबाट र प्रजातान्त्रिक मान्यताहरूको जगेर्नाबाट नै हामी नयाँ समाजको सिर्जना गर्न सक्दछौं, समाजलाई रूपान्तरण गर्न सक्दछौं र एउटा अग्रगति दिन सक्दछौं । अहिले समाजमा व्याप्त जुन विकृति, विसंगति, भ्रष्टाचार र अनैतिक कृयाकलापहरू छन्, तिनको निवारण मूल्यांकनले चाहेको छ, त्यो पनि प्रजातान्त्रिक समाज, प्रजातान्त्रिक संस्कार र प्रजातान्त्रिक पद्धति बेगर सम्भव होलाजस्तो मलाई लाग्दैन । त्यसैले यो पक्षलाई पनि उचित प्राथमिकता दिएको अवस्थामा मूल्यांकनको प्रयत्न अरू सार्थक हुनेछ भन्ने मलाई लाग्छ । आम-नागरिकहरूका समस्याहरूलाई पनि अझ प्रखरता साथ उठाउन र वौद्धिकहरूमा मात्र सीमित नरही जनसाधारणसम्म पनि पुग्न 'मूल्यांकन'लाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न म चाहन्छु । ❑

– हरिहर विरही

*सभापति, नेपाल प्रेस काउन्सिल*

मूल्याङ्कन १०० औं अंक



# यसको खाँचो हिजो र आजका लागि मात्र होइन भोलिका लागि पनि उत्तिकै छ

**विचार** परिस्कृत र परिमार्जित हुनुपर्छ तर यो तटस्थ कहाँसम्म हुनसक्छ, ठोकुवा गर्न सजिलो छैन । नेपाली पत्रकारितामा पञ्चायती अव्यवस्था फाल्ने आन्दोलन चलेसम्म दलविहीनताका विरूद्ध र बहुदलीय प्रजातन्त्रका पक्षमा पर्याप्त विचार देखिए । पत्रकारहरू विचार अर्थात् अभिव्यक्तिका लागि गोली खान छाती तन्काएर उभिए, जेल जान उत्तिकै तत्परता देखाए, त्यस बहादुरीको त्यत्तिकै सम्मान पनि भयो । तर, त्यो विचारको शृङ्खला प्रजातन्त्रको पुनरागमनपछि ऐतिहासिक रूपमै अलमलियो, आलोचनामा आधारित विचारको बहाव आलोचना गर्ने पात्र नपाएर जिल्लियो । 'गाली' पढ्न बानी परिसकेका पाठकहरू पनि जिल्ल परे- कतिलाई त केहीबेर पत्रपत्रिका पढ्नै मन लागेन ।

जब प्रजातन्त्र मूलतः कांग्रेस र कम्युनिष्टमा विभाजन भयो, तब फेरि मूलधारमा रहेका पत्रकारहरूले नै गालीको खेती गर्न थाले । कांग्रेसी अखबारका सबै पृष्ठहरू कम्युनिष्ट नेताहरूको आलोचना गरेर भरिने र वामपन्थी भन्नेहरू अर्को पक्षलाई गाली गरेरै हाम गर्ने अवस्था देखियो । पत्रकारितामा उर्वर देखिएको त्यही गालीको खेतीका कारण प्रजातन्त्र वाहक पार्टीहरू एक-आपसमा अझै टाढिए, जसले गर्दा जनताको चाहना पूरा हुन पाएन । जनताको चाहना थियो, कम्तीमा शुरूको पाँच वर्ष कांग्रेस-कम्युनिष्ट मिलेर जानुपर्छ, प्रजातान्त्रिक व्यवस्थाप्रति जनविश्वास बढाउनुपर्छ । तर, यो राष्ट्रिय स्वार्थबाट अभिप्रेरित जनचाहना पूरा हुन नदिने दिशामा राज्यकै चौथो अंग सहायक देखियो । त्यसैले गर्दा आज प्रजातान्त्रिक शक्तिको हातमा रहनुपर्ने कतिपय संवैधानिक निकायहरू अरू कसैको हातमा पुगेका छन्, बारम्बार मध्यावधि चुनावको बोझ थोपरिँदो छ र माओवादीहरू त्यही चुनाव पनि हुन नदिएर संवैधानिक संकट पैदा गर्दैछन्, भनौं- प्रजातन्त्र खोस्न सघाउँदैछन् ।

जेहोस्, नेपाली पत्रकारिताले मझेरीमा फोहोर गरेपछि दैलो भेटेको छ । अब कम्तीमा पत्रकारिताको मूलधारबाट गालीगलौज विस्थापित भएको छ । मूलधारमा रहेका सञ्चारमाध्यममा व्यावसायिकता नै हावी भएको देखिँदा खुसी मान्नुपर्छ । र, यो खुसी अर्थात् व्यावसायिकतालाई *मूल्याङ्कन* मासिकले पनि वहन गरेको देखिन्छ । परिस्कृत विचार र परिमार्जित सुझावका साथ विश्लेषण, टिप्पणी र समालोचनाहरूका गरिष्ठ खुराक *मूल्याङ्कन*को विशेषता बनेका छन् ।

*मूल्याङ्कन*को आफ्नै दिशा छ । यसको 'मिसन' पनि पाठकमा छोइने गरी प्रवाहित भइरहेको छ । त्यसैले, मुलुकमा यस पत्रिकाको खाँचो हिजो र आजका लागि मात्र होइन, भोलिका लागि पनि उत्तिकै छ । समाचारपत्रमा रहने समाचार, विचार, जानकारी र विज्ञापनसमेत चार पक्षको सन्तुलन यसले अझै मिलाउन सके अझै राम्रो हुनेछ । त्यसो भएमा गरिष्ठ भोजन पचाउन नसक्ने आमपाठकहरू पनि लाभान्वित हुनेछन् । बौद्धिक, पठित र खास विचारद्वारा परिवेष्ठित पाठकलाई दिशा निर्देश गर्नेजस्तो गहन बोझ उठाइरहेको पत्रिकाको लागि चार पक्षको सन्तुलन साह्रै सहज र ठट्टाको मात्र विषय हुनसक्छ । तापनि मलाई लाग्छ, पत्रपत्रिकामा ठट्टा पनि त्यत्तिकै मीठो हुन्छ । किनभने, म चाहन्छु- मूल्याङ्कन मैले मात्र होइन, नौ कक्षामा पढ्ने मेरो छोरा र उसका साथीहरूले पनि पढून् !




– *कपिल काफ्ले*
*सम्पादक, नेपाल समाचारपत्र*
*तालिम संयोजक, नेपाल प्रेस इन्स्टिच्युट*



# अर्को शताङ्क तर्फको यात्रा सजिलैसँग पूर्ण होस्

**पत्रिकाको** 'मिसन' र 'अस्तित्व' सँगसँगै जोगाउन सक्नु *मूल्याङ्कन* को विशेषता हो । धेरै नेपाली पत्रकारहरूले यस्तो गर्न सकेका छैनन् । कयौँले त खुलेआम स्वीकार गर्ने गरेका छन्- 'पत्रिकाको अस्तित्व जोगाउन या प्रकाशन नियमित राख्न मिसन त्याग्नुपर्‍यो ।' र, जसले 'मिसन'को सवालमा सम्झौता गर्न चाहेनन्, तिनले पत्रिकाको अस्तित्व जोगाएको विरलै पाइन्छ । आफ्नो 'मिसन'मा आँच नपुर्‍याई बाँच्न अर्थात् 'मिसन' र व्यवसायिकता दुवैमा सफल हुन आम पाठक भएका पत्रिका मध्ये *मूल्याङ्कन* ले मात्र सकेको छ । यस निम्ति *मूल्याङ्कन* का पत्रकारहरूले कति मिहेनत गर्नु परेको होला- त्यसको अनुमान थोरैले मात्र गर्न सक्छन् ।

व्यावसायिकताको पछिल्लो बाढीको चपेटामा परेका पुराना पत्रपत्रिकाहरूले *मूल्याङ्कन* को परिश्रम र सफलताबाट केही सिक्न सक्दा आफ्नो 'अस्तित्व' र 'मिसन' अझै पनि बँचाउन सक्छन्- यो मेरो निजी निक्यौंल हो ।

*मूल्याङ्कन* टीमलाई बधाई र अर्को शताङ्क तर्फको यात्रा सजिलैसँग पूर्ण होस् भन्ने शुभकामना ।

– राजेन्द्र दाहाल *संपादक, हिमाल पाक्षिक*



# हाम्रो अनुमानलाई हावा ख्वाउदै 'मूल्यांकन'को सयौं अंक निस्कियो


**विचार** अन्तरक्रियामुखी मासिकका रूपमा 'मूल्यांकन' प्रकाशित हुन थालेको पनि सय महिना भएछ थाहै नपाई । सय महिना अर्थात् आठ कार्य-वर्ष पूरा । मूल्यांकन 'मासिक' हुनुअघि साप्ताहिक थियो, त्यो पनि मधुरो बत्तीजस्तो । त्यस्तो दुब्लो आठपाने 'मूल्यांकन' साप्ताहिकबाट रंगीन र मोटो 'मासिक' भएपछि एक दुई अंक हेरेर म आफूलगायत केही साथीले कुरा काटेका थियौं । यसको दीर्घ जीवनका बारेमा शंका उठाएका थियौं । यस्तो पत्रिका आवश्यक छ भन्ने कुरामा हाम्रो विमति थिएन । तर यहाँ सबैले आवश्यक देख्ने गरेका कुरा पनि आवश्यक देख्नेहरूकै सहयोग नपाएर वा आन्तरिक व्यवस्थापनको कमीले उनीहरूकै अगाडि मर्ने गरेका छन्, त्यसबेला त्यसलाई बचाउन कोशिस गरेको उदाहरण चाहिँ एकदमै कम पाइएको छ । यसै सेरोफेरोमा रहेर मूल्यांकनको 'स्वास्थ्य' र 'आयु' माथि हाम्रो विमर्श चलेको थियो । तर हाम्रो अनुमानलाई हावा ख्वाउदै 'मूल्यांकन'को सयौं अंक निस्कने भो, यो अत्यन्त खुशीको कुरा हो । मूलतः सानो लगानीमा पत्रिका चलाउनेहरूले मूल्यांकनको बजार व्यवस्थापनबाट सिक्नसक्ने धेरै कुरा हुन सक्छन् ।

'मूल्यांकन'को सय अंकको इतिहास हेर्दा यसको विचार पक्ष, स्पष्टता र निरन्तरता तीनवटै कुरामा यसले आफ्नो राम्रो पहिचान बनाएको छ । पत्रकारिताको मूल प्रवाहले बेवास्ता गरेका महत्वपूर्ण विषय र व्यक्तित्वहरूलाई स्थान दिएर ऐतिहासिक भूमिका पनि यसले पूरा गरेको छ ।

'मूल्यांकन'को विचारलाई अछुत नै सम्झने थुप्रै व्यक्तित्वहरूलाई समेत स्थान दिएर आफ्नो खुलापनको परिचय दिँदै यसले 'विचार अन्तर्क्रियामुखी मासिक'को भूमिका साँचो अर्थमा पूरा गरेको छ ।

यति हुँदाहुँदै पनि तराई, सुदुर पश्चिम वा सुदूर पूर्वभन्दा बढी मूल्यांकन 'काठमाण्डौ खाल्डो'मा अल्मलिएको छ । बागमतीभन्दा टाढा मेची महाकाली मात्र पनि होइन, टिष्टा, कांगडा र बर्मासम्मकै नेपालीहरूका संस्कार, संस्कृति, सभ्यता र विचारहरू अझ बढी समेटेर मूल्यांकनका आँउदा अंकहरू पढ्न पाऊँ भन्नु धेरै आशा गरेको नठहर्ला । ❑

– तीर्थ कोइराला *सम्पादक, नेपाल पाक्षिक*



तर वैज्ञानिकहरूको यो परीक्षणले मानव समाजमा एउटा खतरनाक पाइलालाई पनि साथसाथै निम्त्याएको छ

# कृत्रिम भाइरसको जन्म

वैज्ञानिकहरूले हालैमात्र कृत्रिम भाइरसको जन्म गराएका छन् । अर्थात् उनीहरूले उपलब्ध वंशाणुगत सूचनालाई प्रयोग गरेर निर्जीव रसायनहरूबाट प्रयोगशालामा प्रथमपटक जीवित भाइरसको सिर्जना गरेका छन् । वैज्ञानिकहरूले जीवित पोलियो भाइरसको संश्लेषण गरी यो कार्य गरेका हुन् । र, उनीहरूले कृत्रिम रूपमा सिर्जना गरेको भाइरस पोलियो भाइरस नै हो । अर्थात् त्यो भाइरस पोलियो रोग ल्याउँने भाइरस हो ।

निर्जीव रसायनबाट उपलब्ध वंशाणुगत सूचनाको आधारमा गरिएको यो नयाँ कृत्रिम भाइरसको सिर्जनाबाट अवश्य नै विज्ञानमा एउटा महत्वपूर्ण घटना घटित भएको छ । यसले जीव र जीवनको सवालमा महत्वपूर्ण रहस्यलाई उजागर गरेको छ । विश्वप्रसिद्ध विज्ञान पत्रिका 'साइन्स जर्नल'का अनुसार कृत्रिम भाइरस रूप, आकार र स्वभावको दृष्टिमा हुबहु वास्तविक भाइरसजस्तै देखिन्छ । वैज्ञानिकहरूले पोलियोका ती कृत्रिम भाइरसहरूलाई जब मुसाको शरीरमा सुईको माध्यमबाट पसाए, तब शुरूमा मुसामा पक्षघातको रोग देखापर्‍यो र पछि त्यसको मृत्यु भयो ।

तर वैज्ञानिकहरूको यो परीक्षणले मानव समाजमा एउटा खतरनाक पाइलालाई पनि साथसाथै निम्त्याएको छ । किनकि यो परीक्षण भोलि घातक रोगका कीटाणुहरूको ठूलो मात्रामा उत्पादन गर्ने प्रविधि बन्न सक्नेछ । अर्थात् खतरनाक जैविक हतियारको प्रविधिको रूपमा यो परीक्षण विकसित हुने बलियो सम्भावना पनि छ ।

'साइन्स जर्नल'मा अन्य जीवविज्ञानीहरूले पोलियोबाहेक अन्यमा बिफरजस्तो खतरनाक रोगका भाइरसहरूलाई संश्लेषण गरी तिनीहरूलाई कृत्रिम रूपमा उत्पादन गर्न त्यति सजिलो नभएको कुरा बताएका छन् । तर पोलियो भाइरसको उत्पादनबाट भोलि खतरनाक जैविक हतियारको निर्माण गरी आतंकवादीहरूले आम विनाशकारी घटनाहरू नघटाउलान् भन्न सकिदैन । त्यस्तै गरी यो प्रविधि विकसित भई संसारबाट लोप भइसकेको खतरनाक रोग बिफरका भाइरसहरूलाई पनि वैज्ञानिकहरूको सहयोगबाट भोलि आतंकवादीहरूले कृत्रिम रूपमा सिर्जना गरी पुनः त्यसको प्रकोप विश्वव्यापी रूपमा नल्याउलान् भन्न सकिन्नँ ।

यस अर्थमा निर्जीव रसायनबाट जीवित भाइरसको जन्म एक अर्थमा विज्ञानको महत्वपूर्ण उपलब्धि हो भने, अर्को अर्थमा भोलि हुनसक्ने विनाशकारी घटनाहरूको लागि त्यो एक खतरनाक कदम पनि हो ।

❑ *तुल्सीदास महर्जन*

*सन्दर्भ स्रोत : The Statesman*


# NON - STOP DIRECT FLIGHT



Kathmandu → Dubai → Kathmandu

**Flight Schedule**

| Day | Sector | Departure | Arrival |
|---|---|---|---|
| Mon, Wed, Fri | Kathmandu-Dubai | 22:00 | 00:55+1 |
| Tue, Thu, Sat | Dubai-Kathmandu | 01:55 | 07:50 |

+ 1 Indicate next day

**For further information please contact your travel agent or**

**Royal Nepal Airlines**

**Kathmandu**

Tel: (00977-1) 220757

Fax: (00977-1) 225348

# माओवादीको नयाँ राजनैतिक लाइन

■ श्याम श्रेष्ठ

**सहमतिमा पुग्न पक्कै सजिलो छैन; तर नितान्त असंभव पनि छैन । गोलमेच राजनैतिक सम्मेलन त्यसको निम्ति सबैभन्दा उपयुक्त थलो र अवसर हुनसक्छ ।**

सर्वोच्चको फैसलापछि राष्ट्रको ध्यान अब कार्तिक २७ को आम चुनावतर्फ केन्द्रित भएको छ । परन्तु देशमा अहिले भीषण गृहयुद्ध र संकटकालको जुन विषम परिस्थिति छ, त्यसले कुनै पनि सद्दे मानिसलाई आगामी चुनाव निर्विघ्न र निष्पक्ष हुनेवाला छ भन्ने अनुभूति दिन सकिरहेको देखिँदैन ।

चुनावको भविष्य अब धेरै हदसम्म माओवादीको राजनीतिक लाइन र चुनावप्रतिको दृष्टिकोणमा आधारित हुने देखिन्छ । माओवादीहरू चुनावप्रति सकारात्मक भएनन् भने, उनीहरूको लाइन पहिले-पहिलेको जस्तै चुनावलाई ध्वस्त र बहिष्कार गर्ने भयो भने स्वच्छ, निष्पक्ष चुनाव त टाढाको कुरा रह्यो, धेरैजसो जिल्लामा सदरमुकामभन्दा बाहिर चुनाव नै हुनसक्ने स्थिति देखिँदैन । यतिखेर देशको आधाभन्दा ज्यादा भूभागमा सिंहदरवारको शासन भन्नु जिल्ला सदरमुकाम र मुख्य शहरसम्म मात्र सीमित छ र धेरैजसो जिल्लामा जिल्ला सदरमुकामलाई पनि मूलतः सेनाले मात्र जोगाइराखेको स्थिति छ । त्यहाँदेखि उता न त कुनै एउटा पुलीस चौकी भेटिन्छ, न केन्द्रीय राज्यसत्ताका कुनै अंगहरू । रेडियो सुन्यो र टि.भि. हेर्‍यो भने 'दिनदिनै यति आतंकवादी मारिए' भन्ने सिवाय केही अर्को खबर हुने गर्दैन र त्यो खबरलाई पत्याएर अघिबढ्दा देशभरि नै अब माओवादीहरू लगभग निखिए होलान् भन्ने आभास हुन्छ । परन्तु बहुसंख्यक जिल्लामा, विशेषतः पहाडी क्षेत्रमा सदरमुकाम, शहरबजार र मूलसडक काटेर गाउँ पस्ने हो र यथार्थ नियाल्ने हो भने मैनबत्ती बालेर केन्द्रीय राज्यसत्ताको उपस्थिति खोज्नुपर्ने हालत अझै ज्यूँकात्यूँ देखिन्छ । अनि यो स्थितिमा आगामी ३-४ महिनामा तात्विक अन्तर आउला भनेर पत्याउने आधार पनि केही भेटिन्न ।

यो स्थितिमा उठ्ने आधारभूत प्रश्न के हो भने, यही हालत यथावत् रहँदा आफ्नो ज्यान माया मारेर चुनाव प्रचार गर्न जाने मान्छे को ? जहाँ सेना वा सशस्त्र प्रहरी जान सकेका छैनन्, त्यहाँ बूथ लिएर मतदान केन्द्र स्थापना गर्न गाउँ-गाउँ पस्न आँट गर्ने कर्मचारी कति होलान् ? अनि कुन मतदाता ज्यान हत्केलामा राखेर भोट दिन मतदान केन्द्रमा आउला ? अनि यी कुनै पनि कुरा हुन नसक्दा बहुसंख्यक जिल्लामा स्वच्छ निष्पक्ष निर्वाचन चाहिँ कसरी होला ?

यो परिस्थितिमा जिल्ला सदरमुकाममा व्यारेकको छेवैमा पाल टाँगेर, त्यसैको सुरक्षा छातामुनि एउटा मतदान केन्द्र थापेर, जिल्लाभरिका मतदाताहरू 'यहीं आओ र भोट खसाल' भन्ने हो भने बेग्लै कुरा हो । नत्र, सदरमुकामभन्दा अन्यत्र चुनावी अभियान र मतदान हुनसक्ने स्थिति नै विद्यमान देखिन्न ।

यस परिप्रेक्ष्यमा माओवादीको समग्र राजनीतिक लाइन र चुनावप्रतिको नीति कस्तो हुन्छ भन्ने कुराले राष्ट्रिय राजनीतिमा निक्कै ठूलो महत्व राख्छ ।

*नयाँ सोच, नयाँ लाइन*

हालसालै माओवादीको सोच र समग्र राजनीतिक लाइनमा काफी ठूलो परिवर्तन आएको छ । गएको फागुन-चैत्रसम्म माओवादी नेतृत्वले के सोच राख्थ्यो भने २०५९ साल माओवादीको निम्ति अग्रगामी क्रान्तिकारी छलाङ्गको वर्ष हुनेछ, अब छिटै केन्द्रीय सत्ता उनीहरूको हातमा आउन संभव छ । अहिले उनीहरूको त्यो सोचमा काफी हेरफेर आएको छ । उनीहरूको नयाँ सोचमुताविक यतिखेरको मुख्य नीति तत्काल क्रान्तिकारी अग्रगामी छलांग मार्नु होइन, बरू रणनीतिक लक्ष्य प्राप्तिको लागि शक्ति संचय गर्नु, सकेजति उपलब्धि हासिल गर्नु र अधिकतम राजनीतिक सुधारको लागि संघर्ष गर्नु रहेको छ । वर्तमान राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको परिस्थितिमा तत्काल केन्द्रीय सत्ता हात पार्नु र त्यसलाई टिकाउनु संभव रहेनछ भन्ने टुंगोमा माओवादी नेतृत्व पुगेको देखिएको छ ।



प्रचण्ड

उनीहरूको सोचमा आएको यो महत्वपूर्ण परिवर्तन हो । यही परिवर्तनका कारणले उनीहरूले गत वैशाखको अन्त्यमा संसदका सातवटा दललाई लेखेको पत्रमा पहिलोपटक 'गणतन्त्रको संस्थागत विकास र संविधानसभाको निर्वाचन'को माग स्थगित गरेका हुन् । हालै त्यसको बदलामा अन्तरिम सरकारको मातहतमा जनमत सग्रहको माग प्रस्तुत गरेका छन् ।

त्यस्तै, उनीहरूले सेनालाई जनता वा नागरिक सरकारको मातहतमा ल्याउने कार्यक्रम पनि अघि सारेका छन् । यी दुवै कुरा उनीहरू अहिलेकै पूँजीवादी प्रजातन्त्रलाई अधिकतम सुधारद्वारा पूर्ण बनाउने सोचअन्तर्गत ल्याइरहेका छन्, जबकि यसअघिसम्म वर्तमान पूँजीवादी संविधान र राज्य-व्यवस्था ध्वस्त पार्ने र त्यसको सट्टामा नयाँ संविधान र नयाँ राज्य-व्यवस्था ल्याउने सोच उनीहरूमा हावी थियो ।

यही सोचमा परिवर्तनअन्तर्गत माओवादीको साउन २ गतेको नयाँ चर्चित वक्तव्य आएको छ, जसमा 'कथित संकटकालको विरोध, सकारात्मक राजनीतिक निकासका लागि वार्ता, संवाद, अन्तरिम सरकार र त्यसको नेतृत्वमा सहमतिअनुसारको निर्वाचन प्रक्रिया हालका लागि समस्या समाधानको न्यूनतम आधार हुनसक्छ' भनिएको छ । त्यही वक्तव्यमा 'सबै राजनीतिक दल र जनपक्षीय शक्तिहरूसँगको वार्ता, संवाद र सहमतिअनुसार लचिलो ढंगले देशको अगाडि विद्यमान समस्याको समाधान गर्न... तयार रहेको' कुरा पनि सार्वजनिक गरिएको छ ।



डा. बाबुराम भट्टराई

धेरैले यो वक्तव्यमा उल्लेख भएको 'सहमति अनुसारको निर्वाचन प्रक्रिया'लाई र वक्तव्यमा रहेको 'उपयुक्त निर्वाचनका लागि उपयुक्त वातावरण सिर्जना गर्न' भन्ने अंशलाई आगामी संसदीय निर्वाचनमा माओवादीले भाग लिने संकेतको रूपमा अर्थ लगाए । सत्य यो थिएन । यसमा भनिएको 'निर्वाचन प्रक्रिया'को अर्थ संसदको निर्वाचन प्रक्रिया होइन, यसको तात्पर्य जनमत संग्रहसम्बन्धी निर्वाचन प्रक्रिया हो, जुन माओवादीको पछिल्लो बटम लाइन हो । यो कुरा साउन २ को वक्तव्य प्रकाशित भएपछि लगत्तै अर्को हप्तामा प्रकाशित माओवादीको पत्रिका 'जनआवाज'मा अध्यक्ष प्रचण्डको अन्तरवार्तामा स्पष्ट पारिएको छ । त्यसमा भनिएको छ-

"तात्कालीक राजनैतिक दृष्टिले वर्तमान अन्यौल र संकटको निकासका रूपमा हाम्रो पार्टीले अन्तरिम सरकार, संविधानसभाको निर्वाचन र गणतन्त्रको संस्थागत विकासलाई अघि सारेको छ । त्यसमा पनि यदि वार्ता र संवादको माध्यमबाट नै समस्याको समाधान गर्न दरवाररियाहरू तयार हुन्छन् भने हामीले राजतन्त्र वा गणतन्त्रको प्रश्नमा जनमत संग्रह गर्न र त्यसलाई कार्यान्वियन गर्नसमेत तयार रहेर अत्यन्त लचिलो कार्यनीति अपनाइरहेका छौं ।"

गएको वैशाखको अन्त्यमा उनीहरू संविधानसभाको मागलाई थाँती राखेर जनमत संग्रहको मागमा त ओर्लेका थिए, तर जनमत संग्रह कुन सवालमा, त्यो स्पष्ट पारेका थिएनन् । अहिले भर्खरै उनीहरूले त्यो सवालमा आफ्नो नयाँ सोच स्पष्ट पारेका छन्- जनमत संग्रह राजतन्त्र कि गणतन्त्र भन्ने सवालमा हुनुपर्छ र जनमत संग्रहको परिणाम जेसुकै आए पनि उनीहरू त्यसलाई 'कार्यान्वियन गर्न समेत' तयार छन् । यो पहिलो पटक हो कि माओवादीहरू विद्यमान संविधान र राज्य-व्यवस्थाअन्तर्गत नै बन्ने अन्तरिम सरकार र त्यसको मातहतमा सम्पन्न हुने खास निर्वाचन प्रक्रिया वा जनमत संग्रहमा सहभागी हुन सहमत भएका छन् र त्यसको परिणाम जेसुकै आए पनि त्यसलाई स्वीकारेर कार्यान्वियन गर्न तयार भएका छन् ।

माओवादीको पछिल्लो वक्तव्यले र त्यसको प्रष्टीकरणसम्बन्धी अन्तरवार्ताले उनीहरूको ताजा राजनीतिक लाइनबारे के संकेत गरेको छ भने- अब वार्ता र युद्धविरामको बल पूर्णतया सरकारको कोर्टमा छ । सरकारले कुनै पनि क्षण त्यो बल हान्छ भने माओवादीले तत्काल त्यसलाई सकारात्मक तवरले फर्काउने छ । माओवादी त्यसैको प्रतिक्षामा छ र त्यसैलाई प्राथमिकता दिन्छ । होइन, सरकार बल हान्ने मामिलामा ज्यादै निरीह र निस्क्रिय बन्छ भने र बल लगातार दर्वारियाहरूका तर्फबाट मात्र आउन थाल्छ भने माओवादीहरू विवश भएर यो निकासतर्फ पनि जानुपर्ने हुनसक्छ । यस मानेमा हालैको जनआवाजको अन्तरवार्तामा जुन 'समस्याको समाधान गर्न दरवारियाहरू तयार हुन्छन् भने' भन्ने नयाँ शब्दावली माओवादी अध्यक्ष प्रचण्डबाट प्रयोग भएको छ, त्यो निक्कै अर्थपूर्ण देखिन्छ ।



समाधानको उपाय : वार्ता र सहमति

वक्तव्यले के पनि संकेत दिएको छ भने संकट समाधानको पहलको लागि माओवादीहरूले पुनः एकपटक 'सबै राजनीतिक दल र जनपक्षीय शक्तिहरू'सँग 'वार्ता, सम्वाद र सहमति'को लागि 'लचिला ढंगले' प्रयत्न गरी हेर्ने भएका छन् । त्यो बाटोबाट समस्याको समाधान निक्लन सकेमा त्यसलाई उच्च प्राथमिकता दिने र सबै राजनीतिक दल, वौद्धिक समुदाय जनपक्षीय शक्तिहरूसँग 'प्रतिगामी षडयन्त्रविरूद्ध' 'एकजूट भएर' अघि बढ्ने उनीहरूको राजनीतिक लाइन हुने संकेत यसबाट छर्लङ्गिएको छ ।

वक्तव्यमार्फत् माओवादी नेतृत्वले के पनि संकेत गरेका छन् भने, संसदको विघटन र मध्यावधि निर्वाचनको घोषणालाई उनीहरू ४६ सालको जनआन्दोलनका उपलब्धिमाथि हमला गर्ने 'सामन्ती प्रतिगामी' 'षडयन्त्रको पछिल्लो कडी' सिवाय केही ठान्दैनन् । यस्तो निर्वाचनबाट केही फर्ला र खाउँला भन्नु 'निर्दयी शिकारीको जालमा आफैलाई फँसाउनुबाहेक अरू केही हुने छैन' भन्ने उनीहरूको पछिल्लो दृष्टिकोण रहेको छ । त्यसैले, मौजुदा हालतमा यही मध्यावधि निर्वाचनमा सहभागी हुने माओवादीको राजनीतिक लाइन छैन । उनीहरू जनपक्षीय राजनीतिक दलहरूबीच सहमति बन्न सकेको खण्डमा चुनावप्रति सकारात्मकसम्म हुन सक्छन्, तर चुनावमा भाग लिने संभावना छैन ।

सर्वोच्च अदालतको फैसलापछि जारी भएको अध्यक्ष प्रचण्डको भरखरै २४ श्रावणको ताजा वक्तव्यले सरकारका नाममा आम-निर्वाचन सम्बन्धमा कडा चेतावनी जारी गरेको छ । वक्तव्यले के सवाल उठाएको छ भने माओवादी अझै 'संकटकालको अविलम्ब अन्त्य तथा सकारात्मक राजनीतिक निकासका निमित्त' 'जिम्मेवारीपूर्ण वार्ताको प्रक्रिया'को पक्षमा छ । यदि सत्ताधारीहरूले यसैलाई 'कमजोरी ठानेर अहिलेजस्तै शाही सैनिक आतंक मच्चाइरहने मूर्खता गरिरहन्छन् भने' माओवादीहरू 'निर्वाचनको नौटंकीलाई ध्वंश गर्न तथा कथित निर्वाचनको वकालत गर्ने प्रमुख पाखण्डीहरूमाथि आक्रमण केन्द्रित गर्न बाध्य' हुने छन् । यो वक्तव्यले जिम्मेवारीपूर्ण वार्ता प्रक्रियामा आउन सरकार तम्तयार नभएमा र अझै पनि सैनिक अपरेशन जारी राखेमा निर्वाचनलाई ध्वस्त गरिदिने धम्की प्रष्ट भाषामा दिएको छ । साथै वक्तव्यले देश र जनताको आजको प्रमुख मुद्दालाई संवोधन नगरी केवल प्रतिगमनमुखी निर्वाचनको मात्र वकालत गरिरहेमा त्यस्ता राजनैतिक शक्तिमाथि 'आक्रमण केन्द्रित गर्ने' चेतावनी पनि दिएको छ । परन्तु यही भनाइलाई विपरीत पाटोबाट उल्ट्याएर हेरेमा यो धम्कीभित्र अर्को एउटा सकारात्मक सन्देश पनि अन्तर्निहित देखिन्छ । त्यो के भने, अविलम्ब जिम्मेवारीपूर्ण वार्ता प्रक्रियाको प्रारम्भ गरिएमा, देश र जनताको आजको प्रमुख मुद्दालाई सम्बोधन गर्न राजनीतिक शक्तिहरू तयार भएमा माओवादीहरू आफू चुनावमा सहभागी नभए पनि चुनाव ध्वस्त नगर्न पनि सक्छन् र चुनावमा भाग लिने राजनीतिक शक्तिमाथि आक्रमण केन्द्रित नगर्न पनि सक्छन् ।

देश अहिले आवश्यकीय रूपमा आम चुनावतर्फ केन्द्रित भएको छ । सारा संसदीय पार्टीहरूलाई यतिबेला 'स्वच्छ निष्पक्ष चुनाव' चाहिएको छ । त्यो चुनावको साँचो यतिबेला निर्णायक तवरले माओवादीको हातमा छ । माओवादीको नयाँ राजनीतिक लाइनको एउटा सारसन्देश के हो भने- यदि तिमी स्वच्छ निष्पक्ष चुनाव चाहन्छौं भने सबभन्दा पहिले तत्काल संकटकालको अन्त्य र वर्तमान संकटको सकारात्मक समाधानका लागि हामीसित मिलेर सहकार्य गर्ने कोशिस गर । त्यो स्थितिमा आफूले भाग नलिए पनि हामी चुनावप्रति सकारात्मक हुन सक्छौं । होइन, त्यसो गरिन्न र एकोहोरो रूपमा प्रतिगामी 'षडयन्त्रको पछिल्लो कडी'को रूपमा आएको मध्यावधि चुनावमा जसरी पनि जाने रट लाउँछौ भने त्यो तथाकथित चुनावलाई ध्वस्त पारिदिने र चुनावमा भाग लिने शक्तिमाथि आक्रमण केन्द्रित गर्ने माओवादी नीति हुनेछ ।

यस्तो प्रतीत हुन्छ- माओवादीहरू ९ महिनाको भीषण गृहयुद्धपछि अब सुस्ताउने पिपलु चौतारी खोजिरहेछन्, जहाँ बसेर उनीहरू विगतका कमी-कमजोरीबारे समीक्षा गर्न सकून् र पुनः नयाँ ढंगले अघि बढ्न सकून् । निर्वाचन त्यसको निम्ति सबैभन्दा उपयुक्त समय हो भन्ने उनीहरूको ठम्याइ हुनसक्छ ।

अहिले जुन ढंगले सेनासित माओवादीको आम्ने-साम्ने भीडन्त र त्यही कारणले गृहयुद्ध चलिरहेछ, त्यो माओवादीको २०५७ सालको दोस्रो राष्ट्रिय सम्मेलनले पारित गरेको राजनीतिक लाइनभन्दा पृथक ढंगले चलिरहेको देखिन्छ । जसलाई माओवादीले 'प्रचण्डपथ' भनेर ल्याए, त्यो त शहरिया जन-विद्रोह वा जन-संघर्षसित ग्रामीण जनयुद्धको समायोजनको लाइन थियो । त्यो त शहरिया जन-विद्रोह वा जन-संघर्षलाई काफी महत्व प्रदान गर्ने

लाइन थियो । परन्तु दाङ आक्रमणपछि चलेको गृहयुद्धबाट त्यो 'नयाँ' राजनीतिक लाइन नै निस्तेज भएको छ र पाखा परेको छ । 'प्रचण्डपथ' यतिबेला ताकमा परेको छ । अब शहरिया क्षेत्रमा जनसंघर्ष अघि बढाउने परिस्थिति नै शून्य भएको छ । खुला जनसंघर्षका लागि शहरिया क्षेत्रमा जति पनि मान्छेहरूलाई सार्वजनिक गरिएको थियो, ती नै अहिले सबभन्दा ज्यादा सैनिक दमनको तारो भएका छन् । माओवादीको सबैभन्दा ठूलो कार्यकर्ता नोक्सानी र पार्टी क्षति मध्यमाञ्चल र काठमाण्डौ उपत्यकामा भएको छ जहाँ जनसंघर्ष उठानका निम्ति माओवादीको मुख्य पार्टी-यन्त्र, प्रचार-यन्त्र र संचार-यन्त्र थियो । यहाँ लडाकू सैनिक शक्तिमा भने खासै ठूलो नोक्सानी भएको देखिएन, तर पार्टी-यन्त्र, संचार-यन्त्र र प्रचार-यन्त्र भने तहस नहस नै भएको छ ।

अहिले माओवादीले अत्यन्त लचिलो ढंगले आउनु र वार्ता खोज्नुको एउटा मुख्य कारण संभवतः पाखा परेको दोस्रो राष्ट्रिय सम्मेलनको लाइन र प्रचण्डपथलाई फेरि लिकमा ल्याउनु हो, फेरि जनयुद्ध र जन विद्रोह वा जनसंघर्षलाई समायोजन गर्ने ट्र्याक पक्रन खोज्नु हो, फेरि शहरिया जनसंघर्षका लागि सांगठनिक आधार तैयार पार्नु हो । लचकताको अर्को मुख्य कारण व्यावहारिक वर्ग संघर्षको मूर्त अनुभव, चर्को हण्डर-ठक्कर र अस्तित्वको संकटले उनीहरूको सोचमा आएको तरलता र हेरफेर हो । जड र यान्त्रिक चिन्तनले ग्रस्त माओवादी अगुवाहरू अहिले जति तरल, गतिशील र लचिलो यसअघि कहिल्यै थिएनन् ।

माओवादीको सोचमा अर्को उल्लेखनीय हेरफेर-उसले भनेको नयाँ जनवादी सत्तामा पनि अन्य दलहरूको अस्तित्व हुनसक्छ र उनीहरू चुनावमा प्रतिस्पर्धासमेत गर्न सक्छन् भन्ने सवालमा आएको देखिएको छ ।

भारतीय सरकारले माओवादीप्रति कडा रवैया अपनाउन थाल्नु र माओवादीप्रति नै लक्षित गरेर अमेरिकी खुफीया संयन्त्रले नेपालमा चलखेल गर्न थाल्नु पनि यसो हुनुको अर्को कारण हुनसक्छ । परन्तु सबैभन्दा चूरो कारण चाहिँ जीवनमरणको हण्डर-ठक्कर र व्यावहारिक संघर्षको दौरानमा मिलेको मूर्त अनुभव र अस्तित्वको संकटले उनीहरूको सोचमा आएको परिवर्तन नै हो ।

विगत २० महिनायता माओवादीको राजनीतिक सोचमा काफी ठूलो हेरफेर आएको देखिन्छ । उनीहरूको यान्त्रिक चिन्तन प्रक्रिया, जडसूत्रवादी सोच र उग्र-वामपन्थी र सैन्यवादी प्रवृत्तिमा व्यावहारिक वर्ग संघर्षका जीवन्त अनुभवहरू, जीवनमरणको हण्डर-ठक्कर र उकाली-ओरालीहरूले काफी ठूलो भट्का लगाएको प्रतीत हुन्छ । पहिलो पटक, उनीहरूले २ वर्षअघि २०५७ माघमा दोस्रो राष्ट्रिय सम्मेलनमा यो निष्कर्ष निकाले कि नेपालमा चीनमाजस्तो आधारइलाका बनाएर र टिकाएर त्यसैलाई छालभैं श्रृंखलावद्ध रूपमा देशव्यापी रूपमा विस्तार गरेर- गाउँले शहर घेरेर केन्द्रीय सत्ता कब्जा गर्नु संभव छैन । उनीहरूले शहरिया लोकप्रिय जनसंघर्षको लहरसँग ग्रामीण जनयुद्धको छाललाई एकीकृत गर्न सकेको खण्डमा मात्रै त्यस्तो अपार क्रान्तिकारी ऊर्जा निस्कन संभव हुन्छ, जसले पुरानो सत्तालाई ध्वस्त परास्त गर्न सक्छ भन्ने विचारको महत्व बल्लबल्ल त्यतिबेला आएर बुझे । त्यहीदेखि नै उनीहरूले बोर्डिङ्ग स्कूलविरोधी संघर्ष, रक्सी-मादक पदार्थविरोधी संघर्ष, भ्रष्ट अड्डा र कर्मचारीहरूविरोधी कारवाही, महिला उत्पीडनविरोधी आन्दोलनहरू उठाउने चेष्टा गरेका हुन् । वार्ताको प्रयत्न र वार्ताको वरिपरि शहरिया क्षेत्रमा ठूलाठूला आमसभा र शक्ति प्रदर्शनको प्रयत्न पनि त्यही नयाँ सोचको परिणाम हो । यी काम-कारवाहीले माओवादीको लोकप्रियता र शक्तिलाई ऊ आफैले नचिताएको परिमाणमा वृद्धि गरेको पनि हो ।

यही डेढ वर्षमा माओवादीको सोचमा अर्को उल्लेखनीय हेरफेर-उसले भनेको नयाँ जनवादी सत्तामा पनि अन्य दलहरूको अस्तित्व हुनसक्छ र उनीहरू चुनावमा प्रतिस्पर्धासमेत गर्न सक्छन् भन्ने सवालमा आएको देखिएको छ । परन्तु त्यो हेरफेर अहिलेसम्म तर्कको स्तरमा मात्र आएको देखिन्छ, व्यवहार र आचरणको तहमा सोचको त्यो हेरफेर विकसित भइसकेको देखिन्न । नत्र, माओवादीको हाली-मुहाली भएको क्षेत्रमा हालसम्म पनि आफूबाहेकका अन्य सबै दलहरूलाई बाँच्न-टिक्नै नदिने, गोद्ने-मार्ने हदका कारवाहीहरू गर्ने कुरा उनीहरूबाट कदापि भइराख्ने थिएन ।

जनयुद्धमा सफलता आफू एक्लैको बहादुरीले संभव छैन, अन्य जनपक्षीय र प्रगतिशील शक्तिहरूसित र व्यक्तिहरूसित सहकार्य जरूरी छ भन्ने सोच पनि माओवादीमा विकसित पछिल्लो नयाँ सोच हो । सिलगुडी बैठकदेखि हालका जनपक्षीय शक्तिहरूसँगको सहकार्यको प्रस्तावसम्म त्यही नयाँ सोचका उपज हुन् ।

हालसालै नेपालमा क्रान्तिसम्बन्धी माओवादीको सोचमै फेरबदल आउन लागेको देखिन्छ । अब माओवादीको ठम्याइमुताविक वर्तमान राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको परिप्रेक्ष्यमा देशमा तुरून्तै राज्य-क्रान्ति संभव छैन, क्रान्तिलाई केन्द्रमा राखेर विद्यमान पूँजीवादी राज्य-व्यवस्थामा अधिकतम सुधार र शक्ति संचय नै यतिखेरको सही कार्यनीति हो । क्रान्तिसम्बन्धी यही नयाँ सोचका कारणले माओवादीले यतिबेला अन्तरिम सरकार, जनमत संग्रह र सेनालाई नागरिक सरकारको मातहतमा ल्याउने सवाललाई मुख्य सवालका रूपमा उठाइरहेछन् । विद्यमान पूँजीवादी प्रजातन्त्रलाई पूर्ण बनाउनु नै उनीहरूको यतिबेलाको मुख्य राजनीतिक लाइन भइरहेछ ।

### *नयाँ प्रस्ताव, नयाँ पहल*

यही सिलसिलामा श्रावणको अन्तिम हप्तामा माओवादी नेतृत्वले नयाँ प्रस्ताव देशका सबै राजनीतिक पार्टीहरू, संघ-संस्थाहरू र प्रतिष्ठित व्यक्तिहरूसमक्ष अघिसारेको छ, त्यो हो- बृहद गोलमेच राजनैतिक सम्मेलनको प्रस्ताव । अध्यक्ष प्रचण्ड र डा. बाबुराम भट्टराईका नाममा एउटा पत्र लखेर उसले यो प्रस्ताव श्रावण २९ गते संसदभित्र र बाहिर रहेका सबै जनपक्षीय राजनीतिक दलहरू, संघ-संस्थाहरू र बौद्धिक व्यक्तित्वहरूलाई पठाएको छ । पत्रले फेरि पनि 'संविधान निर्माणको प्रश्न र सशस्त्र बलमाथि नियन्त्रणको प्रश्न टुंगो नलागी सामन्ती निरंकुशतावादीहरूले अघि सारेको निर्वाचनको मोहपासमा फस्नु भनेको देश र जनताप्रति गम्भीर विश्वासघात र अक्षम्य गद्दारी' ठहऱ्याएको छ ।....'सामन्ती निरंकुतावादी तत्वहरूले विद्यमान द्वन्दको अग्रगामी निकासको निम्ति शान्तिपूर्ण प्रयासका सबै बाटाहरू अवरूद्ध गरिरहेको स्थितिमा संसदभित्र र बाहिरका सबै देश र जनताप्रति प्रतिवद्ध र जिम्मेवार राजनैतिक शक्तिहरूले नै पहल आफ्नो हातमा लिएर समस्या समाधानको नयाँ बाटो खोज्नुपर्छ' भन्ने ध्येय राखेर गोलमेच सम्मेलनको यो नयाँ प्रस्ताव राखिएको कुरा पत्रमा जोडका साथ उल्लेख गरिएको छ । पत्रमा '... संकटकालको अन्त्य र न्यूनतम अग्रगामी राजनैतिक निकासको निम्ति अर्थपूर्ण संवाद' शुरू गर्न गोलमेच सम्मेलनको प्रस्ताव गरिएको भनिएको छ ।

यो प्रस्तावप्रति प्रमुख राजनीतिक दलहरूले कस्तो प्रत्युत्तर दिने हुन्, हेर्न बाँकी छ, परन्तु माओवादीका हरेक नेताको तीसौं-पचासौं लाख टाउकोको मूल्य तोकिएको अहिलेको गृहयुद्धको संगीन परिस्थितिमा माओवादीको सहभागितासहित कसरी गोलमेच राजनीतिक सम्मेलन आयोजना हुन संभव छ ? ठूलो व्यावहारिक प्रश्नचिन्ह सबैको सामु छ ।

माओवादीहरू वार्ता र युद्धविरामको निम्ति अकल्पनीय पैमानामा लचिलो भएको आजको स्थितिमा थोरै पनि हुति र बुद्धि देउवा सरकारसित छ भने माओवादीसहितको गोलमेच राजनैतिक सम्मेलन माओवादीले होइन, देउवा सरकारले गर्न खोज्नुपर्ने हो । देशमा संसद नभएको आजको विशेष परिस्थितिमा संकट समाधानका लागि राष्ट्रिय सहमतिसहितको सर्वसम्मत राजनीतिक निकास निकाल्ने हो भने- गोलमेच राजनैतिक सम्मेलन नै एकमात्र बाटो हो ।

परन्तु गोलमेच राजनैतिक सम्मेलन गर्नको लागि सर्वप्रथम सरकारसित राज्ययन्त्रमा पूर्ण स्वामित्व हुनु पऱ्यो, राष्ट्रको निम्ति जस्तोसुकै जोखिम पनि उठाउने

साहस हुनु पर्‍यो र संकटको समाधान निकाल्ने दीर्घकालीन-अल्पकालीन भिजन र त्यसप्रति प्रतिवद्धता हुनु पर्‍यो । अहिलेको गाँठी प्रश्न के हो भने- के देउवा सरकारसित यी तीनवटै कुराहरू छन् ? पटक्कै छैनन् ।

अहिले हाम्रो मुलुकमा सरकारले पूर्ण स्वामित्वका साथ मातहतको राज्ययन्त्र संचालन गरिरहेको कहींकतै देखिँदैन, बरू उल्टो मातहतका राज्ययन्त्रले चाहेको दिशामा सरकारलाई संचालन गरिरहेको महसूस हुन्छ । दोस्रो, सर्वशक्तिमान र सिंगो देश र नागरिक सरकारको नेता प्र.मं.सित राष्ट्रको भयावह संकटहरू कुनै हालतमा, कुनै पनि मूल्य चुकाएर समाधान गरी छाड्छु भन्ने कुनै दरो अठोट र हुति नै देखिँदैन, यद्यपि उनी वार्ता र संवादद्वारा नै माओवादी समस्या समाधान गरीछाड्छु भनेरै एक सूत्रीय एजेण्डा बोकेर पोहोर श्रावणमा सत्तामा आएका हुन् । उनको एजेण्डा यो एक वर्षमा यसरी बदलियो कि उनी संसदीय प्रजातन्त्र नै स्वाहा पार्ने मूल्यमा समेत कुर्सी टिकाउन तत्पर भए, कुर्सी टिकाउनु सिवाय उनको अर्को एजेण्डा नै भएन । तेस्रो, उनीसित संकट समाधानको कुनै स्पष्ट भिजन नै भएन । मूलतः हुति र भिजनकै अभावमा पोहोरको वार्ता अर्थहीन भएर टुटेको थियो ।

अहिले देशका सारा राजनीतिक दलहरू वार्ता र शान्तिपूर्ण बाटोबाट संकट समाधानको पक्षमा छन् । विश्वस्त सूत्रबाट थाहा लागेअनुसार दरवार स्वयं पनि अहिले वार्ताको पक्षमा छ । श्री ५ चीन भ्रमणमा जानुअघि दरवारले माओवादीसमक्ष आधिकारिक प्रतिनिधिमार्फत् आन्तरिक वार्ताको निम्ति पहल गरेको थियो, जसमा अन्तरिम सरकार र नयाँ संविधान दिने पक्षमा दरवार सहमत रहेको र त्यसको बदलामा माओवादी नेतृत्वले संवैधानिक राजतन्त्रको अस्तित्व ज्यूँकात्यूँ स्वीकारिदिनु पर्ने प्रस्ताव अघि सारिएको थियो । यतिखेर दाता राष्ट्रहरूमध्ये सम्पूर्ण यूरोपेली संघ वार्ताको पक्षमा देखिएको छ । स्मरणीय छ, असारको पहिलो हप्तामा सम्पन्न लण्डन बैठकमा यूरोपेलीहरूकै दबावमा सरकारलाई वार्ताकै निम्ति दबाव दिने निर्णय भएको थियो । भारत सरकार पनि अहिले वार्ताकै पक्षमा देखिएको छ । राम कार्की लगायत ४ जना माओवादीको गिरफ्तारी र सुपुर्दगी सारमा माओवादीलाई भारत सरकारले दिएको वार्ताको निम्ति चर्को दबाव थियो ।

यो परिप्रेक्ष्यमा सरकारलाई वार्ता गर्न रोक्यो केले ? हतियार-माफीया, कमिशनखोर र नेपालमा गृहयुद्ध जारी रहँदा धमिलो पानीमा माछा मार्न पल्केका प्रतिगामीहरू सिवाय अरू कोही पनि त वार्ताको विपक्षमा देखिँदैनन् । वार्ताको निम्ति मुख्य तगारो हतियार बुझाएपछि मात्र वार्ता गर्ने र माओवादीले फेरि धोखा नदिने ग्यारेन्टी के भन्ने प्र.मं.को दुनियाँमा कतै नभएको मूर्खतापूर्ण हठले पैदा गरिरहेछ । सैनिक अपरेशनले केही नोक्सानी माओवादी पक्षमा अवश्य भयो होला, तर अझै पनि उनीहरूसित भौतिक सामर्थ्य यति बाँकी छ कि देशको ३६ भन्दा ज्यादा जिल्लाका सदरमुकाम उताका भू-भागमा हालहुकूम प्र.मं. देउवाको होइन, उनीहरूकै चल्छ । उनीहरूले निहुँ खोजे भने आगामी आम-चुनाव ध्वस्त पारिदिने तागत अझै उनीहरूसित विद्यमान देखिन्छ । यति ठूलो भौतिक सामर्थ्य बाँकी भएको विद्रोहीले के खान वार्ताका लागि हतियार बुझाएर सरकारसामु आत्मसमर्पण गर्छ ? अनि हतियार नै बुझाएको घडीमा सरकारलाई माओवादीसित वार्ता गरिराख्नुपर्ने जरूरत नै किन रहन्छ ? फेरि दरवार स्वयंले संकट समाधान र आन्तरिक वार्ताको निम्ति पहलकदमी लिइरहेको बखतमा देउवा सरकारले चाहिं वार्ताको लागि पहल गर्नु नहुने कारण के ?

जहाँसम्म माओवादीले फेरि धोका नदिने ग्यारेण्टी के भन्ने प्र.मं.को सवाल छ, त्यो ग्यारेण्टी त कसैले कसैलाई दिनसक्ने कुरै छैन । प्र.मं. स्वयंले त देशलाई दिनसकेको देखिएन । माओवादीसित वार्ता गर्छु र देशलाई हरहालतमा शान्ति दिन्छु भनेर देशसामु प्रतिज्ञा गरेर प्र.मं. सत्तामा आएको होइन ? तर खोइ त प्र.मं.ले अहिले देशलाई युद्ध र अशान्ति सिवाय केही दिन सकेको देखिएन । त्यो सरासर देशलाई धोका होइन र ? ठूलो धोका त यतिबेला सत्तामा जानेहरूबाट देशले खाइरहेको छ । अहिले माओवादी पक्षबाट प्रस्तुत गोलमेच राजनैतिक सम्मेलनको प्रस्ताव संभवतः माओवादीको हामी अझै मूलतः सरकारसितै वार्ता गर्न चाहन्छौं, तर अब सरकार एक्लैसित मात्र होइन, संसदभित्र र बाहिरका सबै राजनीतिक दल, संघ-संस्था, बौद्धिक व्यक्तित्वहरूलाई साक्षी राखेर उनीहरूको सहभागितासहित वार्ता गर्न चाहन्छौं भन्ने कुराको संकेत हो । अन्यथा, सरकारको सहभागिता र सहमतिविना माओवादीसहितको गोलमेच राजनैतिक सम्मेलन यथार्थमा साकार हुनसक्छ नै कसरी ?

सरकारसित गोलमेच सम्मेलन गर्ने हुति र सोच नभइरहेको आजको परिस्थितिमा यो कुराको निम्ति पहल गर्नुपर्ने प्रमुख प्रतिपक्षले हो । स्वच्छ निष्पक्ष चुनाव सबभन्दा ज्यादा एमालेलाई चाहिएको छ । एमालेको लागि अपरिहार्य बनेको स्वच्छ निष्पक्ष चुनाव तब मात्रै हुन संभव छ, जब माओवादीको चुनावप्रति सकारात्मक दृष्टिकोण रहन्छ र उसले चुनावलाई पछिल्लो वक्तव्यमा धम्कीपूर्ण भाषामा भनिएझैं 'ध्वस्त' गर्दैन । चुनावप्रति उसको सकारात्मक दृष्टिकोण बन्नको निम्ति गोलमेच राजनैतिक सम्मेलनमार्फत् माओवादीलाई पनि मान्य हुनेगरी सर्वसम्मत अग्रगामी निकास निकाल्नु नै अहिलेको परिस्थितिमा सबैभन्दा बुद्धिमत्तापूर्ण र धेरैलाई मान्य हुने उपाय हो । एमालेले खोजेमा उसले यस्तो सम्मेलनको आयोजना गर्नसक्छ पनि । यसका निम्ति उसले कांग्रेस संस्थापन पक्ष र सरकारसमेतलाई र अन्य सबै दललाई विश्वासमा लिन पहल गर्नसक्छ । एमालेको लागि आफ्नो नेतृत्व क्षमता प्रदर्शित गर्ने यो एउटा ठूलो अवसर पनि हो ।

तर यसको लागि पहल गर्न एमालेसित दरो मुटु, सुस्पष्ट भिजन र जनसमर्थन र जनबलमा आधारित भएर चुनाव जित्ने जनमुखी चरित्र चाहिने हुन्छ । अहिलेको ठूलो समस्या भनेको एमालेसित यी तीनवटै कुराको अभाव हो ।

## *समस्या, सम्भावना र दायित्व*


अहिलेसम्मको व्यवहारले के देखाइरहेको छ भने एमालेसित पनि देउवा सरकारको जस्तै दरो मुटुको नै अनिकाल छ । दाताहरू रिसाउलान् कि ? प्रतिक्रियाका केन्द्रहरू रिसाउलान् कि ? राज्य-यन्त्रहरू भड्किएलान् कि ? यिनै भयहरूले एमाले नेतृत्व त्राहीमाम् देखिन्छ । परन्तु मुख्य शक्ति जनता रिसाउलान् कि भन्ने सवालमा भने उसलाई कुनै फिक्री देखिँदैन । मुख्य कुरो एमालेले मूलतः जनसमर्थन र जनबलमा आधारित भएर राजनीति गर्ने कुरो कतै सोचेको देखिएन । दाताहरू र प्रतिक्रिया केन्द्रको कृपामा आधारित भएर राजनीति गर्ने उसको मूल प्रवृत्ति देखियो । पूँजीवादी-साम्राज्यवादी दाताहरूले र संवैधानिक राजतन्त्रवादी कांग्रेसलाई समेत फुटाएर कमजोर पार्न खोज्ने प्रतिक्रिया केन्द्रहरूले गणतन्त्रवादी एमालेलाई के कारणले विश्वास गरेर निधारमा टीको लगाएर सत्ता देलान् ? एमालेका अगुवाहरूमा यस्ता मामुली कुरामा समेत स्पष्टता देखिएन । राष्ट्रिय संकट समाधानमा एमालेको निर्णायक भूमिका हुनसक्ने स्थिति भएर पनि उसले त्यस्तो भूमिका खेल्न नसक्नुमा उसका यिनै कमजोरीहरू मुख्य समस्याका रूपमा देखिएका छन् ।

उता, माओवादी अगुवाहरूसित भने बलिदान र साहसको पक्ष ज्यादै उच्च देखिन्छ, परन्तु उनीहरूमा पनि जनसमर्थन र जनबलमा आधारित भएर राजनीति गर्ने जनमुखी चरित्र देखापरिरहेको छैन । हात-हतियार र सैन्य श्रेष्ठतामै मूलतः आधारित हुने, जनसमर्थन स्वाहा हुने मूल्यमा पनि जनता र मित्रहरूमाथि समेत बल प्रयोग र सैन्य कारवाहीमै जोड गर्ने सैन्यवादी प्रवृत्ति उनीहरूमा अहिले पनि देखिँदैछ । यही सैन्यवादी प्रवृत्तिले उनीहरूको लोकप्रियतालाई र जन समर्थनलाई ज्यादै छिटो ज्यादै चर्को गतिमा तल ओरालेको छ, विशेषतः तमाम शहरी क्षेत्रमा । प्रत्यक्ष जन समस्यामा आधारित लोकप्रिय आर्थिक-सामाजिक

यो परिप्रेक्ष्यमा सरकारलाई वार्ता गर्न रोक्यो केले ? हतियार-माफीया, कमिशनखोर र नेपालमा गृहयुद्ध जारी रहँदा धमिलो पानीमा माछा मार्न पल्केका प्रतिगामीहरू सिवाय अरू कोही पनि त वार्ताको विपक्षमा देखिँदैनन् ।







ने.कां. संस्थापन पक्षका सभापति गिरिजाप्रसाद कोइराला, प्रतिपक्षी नेता माधवकुमार नेपाल र गृहमन्त्री खुमबहादुर खड्का

# माओवादी समस्या समाधानमा सबैको पहल आवश्यक

संकट सृजना भएको छ ।

माओवादीहरू राजनीतिक नारा चाहिं व्यापक जनसमर्थन नभई कामै नचल्ने दिइरहेछन्, जस्तो संविधानसभा र जनमत संग्रहको नारा । परन्तु काम भने भएको जनसमर्थन नै पूरै भाँडिने खालको गरिरहेछन्, जस्तो, ज्यादै क्रूर र अमानवीय हत्याका वारदातहरू, पिछडिएका र उत्पीडित जनताको निम्ति विकास निर्माण ठहरिएका योजनाहरूको समेत व्यापक मात्रामा ध्वंश, चन्दा, आश्रय वा कार्यक्रममा सहभागिताका लागि जनताविरूद्ध समेत अत्याधिक बल प्रयोग । यो माओवादीको सोच र व्यवहारमा रहेको निक्कै ठूलो विरोधाभाष हो । लाग्थ्यो, सबै राजनीतिक शक्तिलाई या त वार्ताद्वारा अग्रगमनकारी निकास खोज्न, या चुनावको ध्वंश रोज्न बाध्यता सृजना हुन्थ्यो ।

यतिबेला देश चरम आर्थिक-राजनीतिक संकटमा छ । यो संकटले गर्दा उद्योग व्यवसाय धरासायी भएर र बजेटको सैन्यकरण भएर राज्य त विकास निर्माणका लागि एक पैसा पनि खर्च गर्न नसक्ने गरी टाट पल्टिसकेको छ नै, ४६ सालका उपलब्धिहरू पनि टड्कारो रूपमा जोखिममा परेका छन् । नागरिक अधिकारहरू निलम्बित भई नै सकेका छन्, संसद र स्थानीय निकायजस्ता जनप्रतिनिधिमूलक वस्तुगत आवश्यकता भएको छ । माओवादीहरू अहिले विद्यमान पूँजीवादी प्रजातन्त्रलाई नै पूर्ण बनाउने कार्यक्रममा ओर्लेका छन् । माओवादीको बटम लाइन अन्तरिम सरकार, जनमत संग्रह र सेनालाई नागरिक सरकारको मातहतमा ल्याउने कार्यक्रम हो । कांग्रेस र एमालेको लागि त्यो आपत्तिजनक हुनुपर्ने कार्यक्रम नै होइन । एमाले, कांग्रेस र अरू शक्तिको तात्कालीक बटम लाइन निर्विघ्न, स्वतन्त्र, निष्पक्ष चुनाव हो । माओवादीको लागि त्यो आपत्तिजनक हुनुपर्ने कुरा नै होइन । संकटकालको अन्त्य र युद्धविरामको घोषणा व्यापक आर्थिक-राजनीतिक र सामाजिक सुधारका एजेण्डाहरू उठाउनाले उनीहरूप्रतिको जनआकर्षण पोहोरसम्म निक्कै बढेको थियो । अहिले ती एजेण्डाहरू नै लोप भएका छन्, केवल सैन्य एजेण्डामात्र माओवादीमा यतिखेर हावी भइरहेको छ । यो गल्ति नसच्याएसम्म माओवादीप्रति गुमेको जनसमर्थन फेरि प्राप्त हुनु असंभव छ ।

कुँडाकरकट र गलत तत्वहरू बटुलेर पनि आफ्नो संगठन र प्रभाव क्षेत्र ज्यादै ठूलो भएको देखाउनुपर्ने स्वाङे देखौवा प्रवृत्ति, लडाकू र कार्यकर्ताहरूको वैचारिक-सांस्कृतिक रूपान्तरणमा आवश्यकताको तुलनामा ज्यादै कम जोड, नीतिगत तवरले राष्ट्रिय राजनीतिमा माओवादीले के गर्ला, के नगर्ला भन्ने कुरामा भरोसा गर्नसक्ने हदको पूर्वानुमान-योग्यता नहुनु : यी समस्याले पनि माओवादीप्रति चर्को विश्वासको माओवादीले आफ्ना यी कमजोरीहरू र विरोधाभाषहरू अविलम्ब हटाएन भने उसमाथि आम जनताले भरोसा र विश्वास गर्ने आधार निक्कै पातलो हुने निश्चित छ । माओवादीसित यतिखेरको समय र परिस्थितिको समझ छ भने उसले यतिखेर तुरून्त गर्नुपर्ने एक-महिने एकतर्फी युद्धविराम हो । युद्धविरामको घोषणासँगै माओवादीले भनिदिनुपर्ने हो- लौ, हामीले त शान्ति र स्वच्छ, निष्पक्ष चुनावको ढोका खोली दियौं, तिमीहरू वार्ता र अग्रगामी निकासको लागि ढोका खोल । यो एक महिनाभित्र त्यो कार्य हुन नसकेमा हामी बाँकी परिणामका लागि जिम्मेवार हुनेछैनौं । युद्धविरामको यो घोषणाले माओवादीको शान्तिप्रियता अभिव्यक्त हुन्थ्यो । जनसमर्थन र लोकप्रियता बढ्थ्यो, संकटकाल थप्न र गृहयुद्ध जारी राख्न चाहनेहरूको इच्छामा धमिरो संस्थाहरू अस्तित्वमा रहन छोडेका छन्, स्वतन्त्र न्यायालय र निर्वाचन आयोगसमेत बत्ती बालेर दिउँसै खोज्नुपर्ने अवस्थामा पुगेका छन् ।

यो स्थितिको अन्त्य गर्ने हो भने:

- सर्वप्रथम माओवादीद्वारा एकतर्फी युद्धविरामको घोषणाद्वारा गृहयुद्ध तुरून्त रोकिनु, त्यसपछि सरकारद्वारा त्यसको सकारात्मक जवाफ दिनु अपरिहार्य छ ।
- सरकारद्वारा संकटकालको अविलम्ब अन्त्य गर्नु अनिवार्य छ ।
- सरकार-माओवादी र बाँकी सारा राजनीतिक दलहरूबीच वार्ता हुनु र सर्वसम्मत अग्रगामी निकास निकाल्नु अनिवार्य छ ।
- स्वच्छ-निष्पक्ष आम-निर्वाचन र स्थानीय निकायको निर्वाचन हुनु अनिवार्य छ ।

यी चारैवटा कुरा गर्नका लागि कांग्रेस-एमाले-माओवादी र बाँकी शक्तिको एकता र संघर्ष यतिखेरको सुधार सबैको बटम लाइन हो । यो स्थितिमा एउटा सामाजिक सम्झौता गर्ने निर्णायक आँट र सुझबुझको देशलाई जरूरत भएको छ । माओवादीले निर्विघ्न, स्वतन्त्र र निष्पक्ष चुनावमा बाधा नपुऱ्याउने बरू सहयोग गर्ने ग्यारेण्टी गर्ने, एमाले, कांग्रेस र अन्य पार्टीहरूले चुनावमा संयुक्त सार्वजनिक घोषणाद्वारा आगामी निर्वाचनपछि बन्ने संसदबाट संविधान संसोधन गरी कुनै पनि सवालमा जनमत संग्रहमार्फत् संविधान परिवर्तन गर्न सकिने र सेना रक्षामन्त्रालय मातहत हुने प्रावधान राख्ने ग्यारेन्टी गर्ने, व्यापक आर्थिक-राजनीतिक सुधारको सबैले ग्यारेन्टी गर्ने, यदि यी सवालमा सहमति बन्न सकेको खण्डमा अहिलेको संकटको अग्रगामी निकास निक्लिनु संभव छ । यो सहमति भएको स्थितिमा माओवादीले आफूसित भएको सेना र हात-हतियार राष्ट्रिय सेनामै एकीकृत गर्ने सुनिश्चितता प्रदान गर्नु जरूरी हुन्छ ।

यो सहमतिमा पुग्न पक्कै सजिलो छैन, तर नितान्त असंभव पनि छैन । गोलमेच राजनैतिक सम्मेलन त्यसको निम्ति सबैभन्दा उपयुक्त थलो र अवसर हुनसक्छ । दरवार र सरकारले पनि यसमा आपत्ति जनाउनु पर्ने कुनै कुरा छैन । किनभने, यसो गरिएको खण्डमा संवैधानिक राजतन्त्र वास्तविक अर्थमा संवैधानिक, सम्मानित र विवादरहित हुन जान्छ र यसको चिरस्थायित्व धेरै हदसम्म सुनिश्चित हुन्छ । विश्वमा राजतन्त्र जहाँ जहाँ वास्तविक अर्थमा संवैधानिक भएको छ, त्यहाँ त्यहाँ चिरस्थायी भएको छ, जहाँ जहाँ निरंकुश र सक्रिय हुन खोजेको छ, त्यहाँ त्यसको अस्तित्व ढिलो वा छिटो समाप्त भएको छ ।

माओवादीको नयाँ राजनीतिक लाइनले गोलमेच सम्मेलनको लागि प्रस्ताव गरिसक्यो । अहिलेको दायित्व र चुनौती के हो भने संकट समाधानको लागि सर्वपक्षीय गोलमेच सम्मेलनको पहल अब सरकार र प्रतिपक्ष मिलेर गर्नु पऱ्यो, अन्यथा अरू नै शक्तिले गर्नेछ, जो न सरकार हो, न प्रतिपक्ष । त्यसको प्रक्रिया शुरू पनि भइसकेको छ । जसले मह काढ्छ उसले हात चाट्छ भन्ने कुरा सबैले बेलैमा बुझ्नु जरूरी छ, सबैलाई चेतना भया । ❑





# अब त माझीले नै डुंगा डुबाउन थाल्यो

■ दीपेश उपाध्याय

सर्वोच्च अदालतको श्रावण २१ गतेको फैसलाले उत्तिकै संकटग्रस्त नेपालको पूँजीवादी संसदीय प्रजातन्त्रलाई अरू ज्यादा दुर्दशाग्रस्त पार्ने कार्य गरेको छ । यो फैसलाले नेपालमा न्यायालय अझै स्वतन्त्र छ भन्ने जनविश्वासमाथि बज्चरो हान्ने काम गरेको छ । मंसिर ११ गते संकटकालको घोषणाबाट स्वतन्त्र प्रेस तथा नेपाली नागरिकहरूका बहुमूल्य प्रजातान्त्रिक हकहरू ढाल्ने काम भयो, जेठ ८ गते पूँजीवादी प्रजातन्त्रको अर्को ठूलो खम्बा संसद ढालियो, श्रावण १ गते लोकतन्त्रको अर्को महत्वपूर्ण खम्बा जनप्रतिनिधिमूलक स्थानीय निकायहरू ढालिए, हालैको फैसलाले अब आएर स्वतन्त्र न्यायालय भन्ने कुरा पनि बाँकी रहेन भन्ने कुरा अनुभूति गराएको छ ।

सर्वोच्च अदालतको काम संविधानको रक्षा र व्याख्या गर्नु हो, संविधान संशोधन गर्नु कदापि होइन । परन्तु फैसलाले संविधानको रक्षा र व्याख्या होइन, संविधानलाई बलजफ्ती संशोधन गर्ने काम गरेको छ । यो फैसलाको सबैभन्दा गंभीर पक्ष नै यही हो ।

नेपालको संविधान २०४७ को सुन्दरता केमा रहेको थियो भने, यसले अनिश्चितकालसम्म र अनियन्त्रित ढंगबाट देशमा संकटकाल घोषणा गर्ने मामिलामा सरकारलाई संसदको तर्फबाट सीमाबद्ध अंकुश लाउने व्यवस्था गरेको थियो । सरकारले एकपटक केवल तीन महिनाको लागि मात्र संकटकाल लगाउनसक्ने, त्योभन्दा ज्यादा अवधिका लागि संकटकाल थप्नुपरेमा अनिवार्य रूपमा प्रतिनिधिसभाको उपस्थित सदस्य संख्याको दुईतिहाई बहुमतको स्वीकृति चाहिने व्यवस्था संविधानले गरेको थियो । नत्र संकटकालको घोषणा स्वतः रद्द हुने व्यवस्था गरिएको थियो । संकटकाल अनुमोदन गर्नुपर्ने समयमा प्रतिनिधिसभाको अस्तित्व रहेनछ भने माथिल्लो संसद राष्ट्रिय सभाले भए पनि प्रतिनिधि सभाको अधिकार प्रयोग गर्नेगरी त्यसलाई अनुमोदन गर्नैपर्ने बाध्यात्मक व्यवस्था यसले गरेको थियो । अनि संसदले समेत कुल जम्मा एक बर्षभन्दा बढी हुनेगरी संकटकाल लम्ब्याउन नपाउने समयको हदबन्दीसमेत यसले तोकेको थियो । संकटकाललाई दुरूपयोग गरेर कुनै पनि सरकारले जंगबहादुर हुन र पंचायत ब्यूँताउन नसकोस् भनेर नै संविधानमा यस्तो संसदको प्रभावकारी अंकुशसहितको संकटकाल घोषणाको व्यवस्था धारा-११५ मा गरिएको थियो । तर हालको सर्वोच्चको फैसलाले संविधानको यो अति महत्वपूर्ण संसदीय नियन्त्रणको व्यवस्थालाई नै संशोधन गर्ने, निष्क्रिय र निष्तेज पार्ने काम गरेको छ ।


प्र.मं. शेरबहादुर देउवा

यो फैसलाले हरेक प्रधानमन्त्रीलाई अबदेखि संकटकाल तीन महिनाभन्दा बढ्ता लम्ब्याउनु परेको खण्डमा संसदबाट अनुमोदन गराउनैपर्ने बाध्यकारी संवैधानिक व्यवस्थाबाट उन्मुक्ति दिएको छ । यो फैसलाको नजीरलाई प्रयोग गरेर अब उप्रान्त संसदको दुईतिहाई बहुमतले संकटकाल लम्ब्याउन अस्वीकार गर्नीबित्तिकै प्रधानमन्त्रीलाई प्रतिनिधिसभा नै विघटन गर्ने र संसदको अनुमोदनबेगर नै २-४ दिन ग्याप राख्ने रकमी र काइते तरिका अपनाएर अध्यादेशमार्फत् थप अवधिका निम्ति संकटकाल मनखुशी थप्ने र थपिरहने छूट मिलेको छ । प्रतिनिधिसभा विघटन भएको स्थितिमा राष्ट्रिय सभाबाट अनिवार्य रूपमा संकटकाललाई अनुमोदन गराउनु पर्ने व्यवस्थालाई पनि यो फैसलाले निष्क्रिय बनाइदिएको छ ।

यसप्रकार संसदको दुईतिहाई बहुमतले

## नेपालको संविधानले संकटकालबारे के भन्छ ?

### संविधानको धारा - ११५

(१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुनेगरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सने छ ।

(२) उपधारा (१) बमोजिम गरिएको घोषणा वा आदेश सो घोषणा वा आदेश भएको मितिले तीन महिनाभित्र अनुमोदनको लागि प्रतिनिधि सभाको बैठकमा पेश गरिनेछ ।

(३) उपधारा (२) बमोजिम अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश प्रतिनिधि सभा बैठकमा उपस्थित सदस्यहरूको दुइ-तिहाई बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले छ महिनासम्म लागू रहनेछ ।

(४) उपधारा (२) बमोजिम प्रतिनिधि सभाको बैठकमा अनुमोदनको लागि पेश भएको घोषणा वा आदेश उपधारा (३) बमोजिम अनुमोदन नभएमा सो घोषणा वा आदेश स्वतः निष्क्रिय भएको मानिनेछ ।

(५) उपधारा (१) को अवस्था अझै विद्यमान छ भनी उपधारा (३) बमोजिम म्याद भुक्तान नहुँदै प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको दुई-तिहाई बहुमतले प्रस्तावद्वारा निर्णय गरी अर्को एक पटक छ महिनामा नबढाई सो प्रस्तावमा तोकिएको अवधिको लागि संकटकालीन अवस्थाको घोषणा वा आदेशको म्याद बढाउन सक्नेछ र त्यसरी म्याद बढाएको कुरा सभामुखले श्री ५ मा जाहेर गर्नेछ ।

(६) प्रतिनिधि सभा विघटित भएको अवस्थामा उपधारा (२), (३), (४) र (५) को प्रयोजनको लागि प्रतिनिधि सभाको अधिकारको प्रयोग राष्ट्रिय सभाले गर्नेछ ।

सिवाय अरू कसैले पनि तीन महिनाभन्दा ज्यादा संकटकाल लम्ब्याउन नपाउने बाध्यकारी व्यवस्था मौजुदा संविधानमा भइरहेकोमा त्यसलाई यस पटकको फैसलामार्फत् सर्वोच्च अदालतले संशोधन गरेको छ । अब उप्रान्त संसदको दुईतिहाई बहुमतले नै संकटकाल लम्ब्याउन अस्वीकार गरे पनि प्रधानमन्त्रीले चाहेमा विरोधकर्ता संसदलाई नै अकालमै सिध्याइदिएर वा छलेर मन लागेको अवधिसम्म अध्यादेशमार्फत् संकटकाल लम्ब्याउन पाइनेछ । संकटकालको अवधि थप्ने प्रस्ताव संसदले अनुमोदन नगर्ने पक्का भएमा संसदलाई छल्नु वा यसको अकालमै अस्तित्व समाप्त पारिदिनु पनि अब उप्रान्त नेपालमा वैधानिक कुरा हुनेछ । यस हिसाबले अब नेपालमा संकटकालको मामिलामा सरकारमाथि संसदको सर्वोच्चता, अंकुश वा नियन्त्रण रहने भन्ने २०४७ सालको संविधानको अत्यन्त प्रजातान्त्रिक संवैधानिक सिध्दान्त नै बाँकी रहने भएन । उल्टो, अब यस मामिलामा प्रधानमन्त्रीको संसदमाथि सर्वोच्चता, अंकुश वा नियन्त्रण हुने भन्ने नयाँ सिद्धान्त लागु हुने भयो । किनभने, अबदेखि संकटकाल थप्न इन्कार गर्नेबित्तिकै हरेक प्र.मं.ले वैध तवरले नै संसदलाई धम्की दिनसक्ने भयो, त्यसोभए म तिमीलाई नै भंग गरिदिन्छु र तिम्रो इन्कारीको बावजूद पनि म फेरि संकटकाल थपिछाड्न समर्थ छु ।

यसप्रकार, यो फैसलाले अहिलेसम्म सापेक्षतामा बलवान संसदलाई अब अत्यन्त कमजोर बनाएको छ । संकटकालको सवालमा त यसले संसदको सरकारमाथिको अंकुश नै समाप्त पारिदिएको छ र प्र.मं.लाई चाहिँ निरंकुश हुने राजमार्ग खोलिदिएको छ । यो फैसलाले संसदलाई झण्डैझण्डै पंचायतकालीन राष्ट्रिय पंचायतझैं सरकारको निरंकुशतासामु लाचार र निरीह बनाउन खोजेको छ । देश उत्तिकै पनि प्रतिगमनतिर धकेलिइरहेको बेलामा पूँजीवादी अदालतले पूँजीवादी प्रजातन्त्रको रक्षा गर्नुपर्ने ठाउँमा उल्टै प्रतिगमनकै भरथेग गर्ने काममात्र गरेको छ ।

यथार्थमा प्रतिगामी शक्तिकै दबावमा र उल्क्याहटमा प्र.मं.ले दोश्रो पटक संकटकाल पुनः ६ महिनाको लागि थप्ने निधो गरेको बुझिन्छ । प्र.मं. देउवाले गतः बैशाखको अन्त्यतिर अमेरिका र बेलायतमा छउञ्जेल र विदेश भ्रमणबाट फर्केर त्रिभुवन बिमानस्थलमा ओर्लुञ्जेलसम्म पनि अब संकटकाल थपिने छैन भनेर सार्वजनिक बाचा गर्नु, तर सिंहदरबार छिरिसक्नासाथ एक्कासी कुरा बदलेर जसरी पनि संकटकाल थपीछाड्ने हठ गर्न थाल्नुबाट विदेशीहरूको दबाव र देउवा स्वयम्को विचारले संकटकाल थपिएको थिएन भन्ने कुरा त स्वतः स्पष्ट हुन्छ । संकटकालको स्रोत देशभित्रकै प्रतिगमन पक्षधर शक्तिमात्र हो भन्ने कुरा केबाट पनि स्पष्ट हुन्छ भने, संसदका सातैवटा दलहरू यसको तीव्र विरूद्धमा थिए । आफ्ना सारा उद्यम व्यवसाय धरासायी पार्ने संकटकाल बिस्तार गर्ने पक्षमा उद्योगपति, व्यवसायीहरू कदापि थिएनन् । संकटकालको दौरानमा सबैभन्दा ज्यादा दमन र दुर्दशा भोगेको प्रेस र आम-नागरिकहरूले यसलाई पुनः थप्न राजी हुने कुरै भएन । त्यसोभए संकटकाल जसरी पनि थपीछाड्न संसद विघटन गर्ने कार्य कसको स्वार्थसिद्धिको लागि त ? यो स्पष्ट रूपमा संसदलाई ज्यादै कमजोर र आम नागरिकहरूलाई ०४६ सालअघि जस्तै निरीह र अधिकारविहीन बनाउन क्रियाशील प्रतिगामी तत्वको स्वार्थसिद्धिका लागि मात्र केन्द्रित देखिन्छ ।

गजबको कुरा के भने, संविधानमा स्पष्ट बाध्यकारी व्यवस्था हुँदाहुँदै संकटकालको अवधि लम्ब्याउनको लागि संविधानतः संसदको स्वीकृति अनिवार्य छ भनेर सर्वोच्च अदालतले किन भनेन ? यसले संसदलाई छलेर अध्यादेशमार्फत् संकटकाल थप्ने दुर्नियत राखेर प्र.मं.ले प्रतिनिधिसभा बिघटन गर्न पाइँदैन भनेर किन भनेन, जबकि संविधानको धारा-११५ मा सुस्पष्ट रूपमा संसदबाहेक अरू कसैले पनि संकटकाल थप्न नपाइने व्यवस्था छ ? यसले प्रतिगामी तत्वलाई सिधै फाइदा पुग्ने हिसाबबाट संविधान नै संशोधन गरेर संसदलाई संविधानले दिएको संकटकालमाथि अंकुश लाउने अधिकार जानाजान किन खोस्यो ?

यो घटनाले के देखाएको छ भने स्वतन्त्र भनिएको न्यायालय पनि अब प्रतिगमनकारी शक्तिको चपेटामा परिसकेको छ, यो अब स्वतन्त्र न्याय दिनसक्ने हालतमा छैन ।

यो फैसलाको अर्को निक्कै आपत्तिजनक पक्ष के हो भने, यसले संकटकालको बेलामा पनि संसदको निर्वाचन हुनसक्छ भनेर आगामी आमनिर्वाचनको समयसम्म पनि संकटकाल बिस्तार गर्न देउवा सरकारलाई लाइसेन्स प्रदान गरेको छ । यो जगजाहेर कुरा हो, प्रभावकारी निर्वाचन अभियान



संचालनका लागि र निष्पक्ष निर्वाचन हुनका लागि बोल्ने, लेख्ने, छाप्ने, सभा गर्ने, भेला हुनेजस्ता नागरिक अधिकारहरूको बेरोकटोक प्रयोग हुनसक्ने स्वतन्त्र स्थितिको आवश्यकता हुन्छ । परन्तु संकटकाल भनेको नागरिक अधिकार र स्वतन्त्रताहरूको व्यापक निलम्बनको काल हो । यही हुनाले निष्पक्ष निर्वाचन र संकटकाल सँगसँगै जानै सक्दैनन् । परन्तु फैसलाले यही असंभव कुरालाई संभव छ भनेर के संकेत दिएको छ भने सरकारले आगामी चुनावको अवधिमा पनि संकटकाल जारी राखेर व्यापक नागरिक हक र स्वतन्त्रताहरू खोसेकोखोस्यै गऱ्यो भने पनि अदालतले त्यसको विरूद्ध न्याय दिनसक्नेवाला छैन । यसको अर्थ राजनीतिक दलहरू कुनै दरो पाइला तत्काल चाल्दैनन् भने आगामी चुनाव वाक्, प्रकाशन, भेला र चलखेल गर्ने स्वतन्त्रताबिनाको मार्कोस वा मुशर्रफ शैलीको नियोजित चुनाव हुन बिल्कुलै संभव छ ।

यो फैसलाको तेस्रो सबैभन्दा ठूलो त्रुटी के हो भने, यसले प्र.मं.को संसद विघटन गर्ने विशेषाधिकारलाई देश, काल, परिस्थिति र कारण निरपेक्ष बनाएको छ । फैसलाअनुसार कारण जायज नाजायज जस्तोसुकै होस्, साथै देश, काल, परिस्थिति जस्तोसुकै होस् प्र.मं.ले त्यसमा बेसरोकार अथवा निरपेक्ष भएर संसद बिघटन गर्न र नयाँ निर्वाचनको घोषणा गर्न सक्छन् । प्र.मं.को संसद विघटनको घोषणा जतिसुकै त्रुटीपूर्ण र नाजायज कारणले होस्, त्यो राजनीतिक विषय भएकाले अदालतले त्यसको न्यायिक मूल्यांकन गर्न मिल्दैन ।

फैसलाअनुसार, प्र.मं.ले संसद विघटन गरेर आमचुनावको घोषणा गर्नका निम्ति देशका धेरैजसो भागमा चुनाव हुनसक्ने स्थिति छ कि छैन ? बहुसंख्यक मतदाताले मतदान केन्द्रमा भोट दिन आउनसक्ने परिस्थिति बस्तुगत रूपमा छ कि छैन ? र, राजनीतिक दलहरूले चुनाव प्रचार गर्न गाउँ-गाउँमा जानसक्ने स्थिति छ कि छैन ? यीमध्ये कुनै सवालमा पनि प्र.मं.ले विचार पुऱ्याउनु जरूरी छैन । देशका अधिकांश भागमा चुनाव हुनै नसक्ने, बहुसंख्यक जनताले भोट दिन आउनै नसक्ने, चुनाव प्रचार सभाहरू हुनै नसक्ने विषम वस्तुगत परिस्थिति विद्यमान भए पनि प्र.मं.लाई ती सबै सवालमा बेमतलब भएर संसद विघटन गर्ने र निर्वाचन घोषणा गर्ने विशेषाधिकार छ । फैसलाअनुसार स्वतन्त्र र निष्पक्ष चुनाव हुने परिस्थिति नै देशमा नभएको खण्डमा पनि प्र.मं.ले भूलवश संसद विघटन गरेर एकपटक चुनाव घोषणा गरेपछि सर्वोच्च अदालतले त्यो भूल सच्याउन सक्दैन । किनकि, फैसलाअनुसार स्वतन्त्र र निष्पक्ष चुनाव हुनसक्ने परिस्थिति छ कि छैन भनेर मूल्यांकन गर्ने काम अदालतको होइन । यो राजनीतिक बिषय हो र यसबारे मूल्यांकन गर्नु कार्यकारिणीको कार्यक्षेत्रभित्र पर्ने कुरा हो । अदालतले खालि घोषणा संविधान र कानूनमुताविक भयो कि भएन, त्यतिमात्र हेर्छ ।

अदालतको यो फैसलाले एकसाथ थुप्रै प्रश्नहरू उठाएको छ । के देश, काल, परिस्थिति र

> **फैसला यस्तो आउनुमा राजनीतिक पार्टीहरू जिम्मेवार छन् । सबैभन्दा ज्यादा एमाले जिम्मेवार छ ।**

मूर्त ऐतिहासिक सन्दर्भ र कारणभन्दा अलग्गै निरपेक्ष रूपमा जायज कि नाजायज, संवैधानिक कि असंवैधानिक, कानूनी कि गैर-कानूनी भन्ने कुरा हुन्छ ? के अदालत भनेको समय र परिस्थिति तथा जायज-नाजायज कारण र सन्दर्भसित सरोकार नै नहुने, खालि संविधान र कानूनको धारा र उपधारा, दफा र उपदफासित मात्र मतलब हुने संस्था हो ? के राजनीतिक सन्दर्भ, कारण र परिस्थितिको मूल्यांकन भनेको कार्यकारिणीको मात्रै एकलौटी ठेक्काको विषय हो वा यो न्यायिक मूल्यांकनको समेत विषय हो ?

यो फैसलाको अर्को अनौठो विषय हो, यति जटिल र विवादास्पद विषयमा अदालतको सर्वसम्मत फैसला । यो सर्वसम्मति रहस्यमय र छक्कलाग्दो देखिन्छ । इजलासका एघारै जना न्यायमूर्तिहरूमध्ये कसैले पनि संकटकाल अनुमोदनसम्बन्धी संसदको नियन्त्रणकारी भूमिका खत्तम हुने गरी अदालतले संविधान संशोधन गर्नु उचित हुन्न भनेर आवाज नउठाउनु ज्यादै छक्कलाग्दो विषय हो । संकटकाल जारी भएको अवस्थामा चुनाव हुनैसक्दैन, भए पनि त्यो स्वतन्त्र र निष्पक्ष हुनसक्दैन, कोही एक जनालाई पनि नलाग्नु, देश, काल, परिस्थिति र ऐतिहासिक सन्दर्भभन्दा अलग्गै जायज र नाजायज, संवैधानिक र असंवैधानिक भन्ने कुनै कुरा हुन्न भनेर कसैलाई पनि नलाग्नु आश्चर्यलाग्दो कुरा हो । यसले के देखाउँछ भने या त फैसला गर्नेहरूमा संविधानको मर्म, संसदीय प्रजातन्त्रको भविष्य र ०४६ सालका उपलब्धिहरूको रक्षाप्रति कुनै मतलब र प्रतिबद्धता छैन या सर्वसम्मति भयसिर्जित र नियोजित छ ।

फैसला यस्तो आउनुमा राजनीतिक पार्टीहरू जिम्मेवार छन् । सबैभन्दा ज्यादा एमाले जिम्मेवार छ । एमालेले संसद छलेर संकटकाल थप्ने दुर्नियत राखेर प्र.मं.ले संसद विघटन गर्न गरेको सिफरीश अदालतले सदर गरेमा संविधानकै संशोधन हुन जाने र संसदको संकटकालमाथि नियन्त्रण गर्ने विशेषाधिकार नै हनन हुने कुरामा कुनै मतलब नै राखेन । कुन समय परिस्थितिमा केका लागि संसद विघटन भइरहेछ- त्यो ऐतिहासिक सन्दर्भसित पनि एमालेले सरोकार राखेन । उसले केवल के मात्र मतलब राख्यो भने, कांग्रेस फुटेको बेला छ, चुनावमा त्यही कारणले एमालेको बहुमत आउने बेला छ, संसद पुनर्स्थापना भयो भने कांग्रेस पुनः जुट्ने संभावना हुन्छ, त्यसैले संसदमा एमालेको बहुमत ल्याउने हो भने संसद पुनर्स्थापना नहुनु नै सर्वोत्तम । प्र.मं.ले जायज नाजायज जुनसुकै कारणले संसद विघटन गरोस्, प्र.मं.को संसद विघटन गर्ने विशेषधिकार छ भन्ने कुरामा समर्थन गर्नु नै सर्वोत्तम । एमालेले यसरी पार्टीको तात्कालीक चुनाव स्वार्थ वा सत्ता स्वार्थ मात्र हेऱ्यो, फैसलामा अन्तर्निहित प्रजातन्त्रकै भविष्यको स्वार्थ, संकटकालको सवालमा संसदको सर्वोच्चता सम्बन्धी संविधानको मर्मको स्वार्थ हेरेन । गिरिजाको नेपाली कांग्रेस जति पनि एमालेले सामाजिक स्वार्थमा ध्यान दिएन ।

एमालेले संसद विघटनको अन्ध समर्थन गर्नुकै कारणले एकजूट भइरहेका सातवटा संसदीय शक्तिमा फाटो आयो । सडकमा विघटनको विरूद्धमा सशक्त जनदवाव बनेन ।

यो फैसलापछि आम जनतामा अदालत मात्र होइन, पार्टीहरूप्रति नै व्यापक निराशा छाएको छ । जनतामा अब सबै संस्था खत्तम भए भन्ने अनुभूतिले मौनताको संस्कृति छाएको छ । यो नै सबैभन्दा डरलाग्दो कुरो भएको छ । जब आँधीले डुंगा डुबाउन थाल्छ, माझीले बचाउँछ, जब माझीले नै डुंगा डुबाउँछ, कसले बचाउँछ ? ☐

*इजसालका एघारै जना न्यायमूर्तिहरू*



# १२ वर्षमा कहाँ भयो गल्ती ?




हामीले यसपल्ट विगत १२ वर्षमा कहाँ भयो गल्ती ? भन्ने महत्वपूर्ण विषयमा चारजना वरिष्ठ बौद्धिक व्यक्तित्वहरूका बीच सम्पन्न भएको प्रत्यक्ष विचार अन्तर्क्रियाको रिपोर्ट यहाँ पेश गरेका छौं । यसको बाँकी महत्वपूर्ण अंश र यो अन्तर्क्रियामा व्यक्त विचारहरूमाथि थप चारजना वरिष्ठ बौद्धिकहरू र केही राजनीतिक नेताहरूका सारपूर्ण टिप्पणीहरू पनि आगामी अंकमा प्रस्तुत गर्नेछौं । - ***मूल्यांकन***

**प्रत्यक्ष अन्तर्क्रियाको विशेष रिपोर्ट**

## श्याम श्रेष्ठ

नेपाल आर्थिक हिसावले बर्वादै भएको छ । राजनीतिक हिसावले त अहिले के हो भने वैधानिक रूपले नै यहाँको सरकारले राज्य चलाएको हो कि राज्यले सरकार चलाएको हो भन्ने ठूलो प्रश्न उठेको छ । देशमा यतिबेला हिजोका पुनरूत्थानवादी शक्तिहरू निक्कै धेरै चलखेल गरिरहेका छन् । विदेशी शक्तिहरूको चलखेल पनि खुलेआम शुरू भएको छ । एकातिर माओवादी विद्रोहले देशको आधाभन्दा बढी भागमा चर्को ढंगले आफ्नो प्रभुत्व जमाइरहेको छ भने अर्कोतिर यसलाई समाधान गर्ने पहलकदमी राज्यबाट भइरहेको छैन । यसरी हाम्रो देश आर्थिक, राजनैतिक लगायत सबै हिसावले संकटग्रस्त भएको छ । डा. देवेन्द्रराज पाण्डेले Failed Development भन्नुभए थियो, तर यहां त अहिले राज्य नै असफल भएकोले Failed State भन्नुपर्ने अवस्था आएको छ । यस स्थितिमा यहाँको नेतृत्वमा नैतिक र सांस्कृतिक दुवै दृष्टिले ठूलो खडेरी देखापरिरहेको छ । नेतृत्वप्रति जनताको विश्वास खत्तम भएको स्थिति छ । त्यसैले आजको छलफल यसै परिस्थितिमाथि केन्द्रित गरिनेछ । यति चाँडै यहांको राज्य-व्यवस्था संकटको चरमचुलीतिर किन पुग्यो ? गल्ती कहाँ भयो ? के देशलाई महाभीरबाट गुल्टिनबाट जोगाउने केही उपाय बाँकी छ अझै ? अहिले सबैजना निरीह भएका जस्ता देखिन्छन् । प्रगतिशील राजनीतिक शक्तिहरू एकदम निरीह र प्रतिगामी शक्तिहरू एकदमै सक्रिय भएका देखिन्छन् । यो महासंकटको स्थिति किन आयो ? के कारणले आयो ? कसरी आयो ? यसको निम्ति जिम्मेवार को ? अब के गर्ने ? यसै बारेमा छलफल गर्न यो अन्तर्क्रिया आयोजना गरिएको हो । अब म यस अन्तर्क्रियामा आफ्नो विचार राख्नको लागि सर्वप्रथम श्री कृष्ण हाछेथुलाई अनुरोध गर्दछु ।

## कृष्ण हाछेथु

श्यामजीले भन्नु भएजस्तै नेपाल निश्चित रूपले नै यतिबेला संकटको चरमचुलीमा छ । संकटको चरमचुलीका सूचकांकहरूको सूची तयार गरियो भने सयौं पुग्लान् । म यहाँ केही बूँदाहरूमात्र उल्लेख गर्दछु ।

पहिलो, यसपालिको बजेटलाई हेरौं । दरवारको बजेट यो पल्ट ११ करोडबाट ३८ करोडमा पुऱ्याइएको छ । यसले के संकेत गर्छ भन्ने कुराबाट पनि मुलुकको स्थिति कता जाँदैछ भन्ने कुरा थाहा हुन्छ । दोस्रो, राजनीतिमा दरवार र सेना क्रमशः हावी हुँदै गएको महसुस गर्न थालिएको छ । "सेनाको आग्रह वा दवावका कारणले संकटकाल बढाउनु परेको" भन्ने अभिव्यक्ति प्रधानमन्त्री शेरबहादुर देउवा स्वयंबाट आएको छ ।

तेस्रो, दातृराष्ट्रहरूको हस्तक्षेप बढ्दै गएको छ । अहिले आएर त उनीहरूले 'आफ्नो लगानीको आफैं मनिटरिङ्ग' गर्छु भन्न थालेका छन् । यो भनेको राज्यको विश्वसनीयतामाथि नै प्रश्न उठाइएको हो । अर्कोकुरा, संविधान र ऐनलाई त्यसको भावनाविपरीत दुरूपयोग र अपब्याख्या गरिने गरिएको देखिन्छ । असामान्य स्थितिमा एक वर्ष संसदको म्याद बढाउन सकिने संवैधानिक प्रावधान छ । संकटकाल भनेको असामान्य स्थिति नै हो । तर संविधानको स्पिरिट विपरित संसदको विघटन गरिन्छ । कुनै पनि कारणले यदि स्थानीय चुनाव हुनसकेन भने स्थानीय निकायका निर्वाचित पदाधिकारीहरूको पदावधि

पनि एक वर्ष बढाउने कानूनी प्रावधान छ । तर संविधान र कानूनका राम्रा राम्रा भावनाहरूलाई ग्रहण गर्नुको सट्टा म्यानिपुलेसन नै धेरै गर्ने गरिएको छ । यसरी प्रजातन्त्र क्रमशः संकटग्रस्त हुन जाँदा त्यसका विरूद्धमा राजनीतिक दलहरू सक्रिय हुने अपेक्षा राखिने हुन्छ, तर अहिले त राजनीतिक दलहरू झन्झन् निरीह भएका छन् ।

संगठित रूपमा नागरिकको असन्तुष्टि अभिव्यक्त गर्ने ठूलो संस्था भनेको राजनीतिक दल हो । तर यतिका दिन भइसक्यो, देशमा संकटको चरम अवस्था आएको, राजनीतिक दलहरूचाहिँ प्रभावकारी देखिएनन् । नागरिक समाज पनि शिथिल हुँदै गएको जस्तो लागिरहेको छ । नागरिक समाजका सदस्यहरूमा पनि 'सेल्फ सेन्सर्ड' गर्ने प्रवृत्ति देखा परेको छ । हामी कुरा घुमाएर बोल्न थाल्यौं । नागरिक समाजले पनि डराएर, बोल्नुपर्ने कुरा ठीकसँग बोलेन भने त प्रजातन्त्रलाई झन् बढी संकट पर्नेछ । केही मानिसहरू कतिसम्म भन्न थालिसके भने अब फेरि पंचायती व्यवस्था नै थोपरियो भने पनि अढाई तीन वर्षसम्म यहाँ कोही पनि कराउँदैन ।

हाम्रो देश राजनैतिक, आर्थिक र सामाजिक रूपमा साह्रै तल रहेको अथवा छिटो छिटो रूपमा हामी पछाडितिर गइरहेका परिसूचकहरू देखिएका छन् । यस्तो किन भयो त भन्ने प्रश्नका उत्तरहरू धेरै होलान् । तीमध्ये तीनवटा कुरालाई म यहाँ राख्न चाहन्छु ।


एउटा प्रवृत्तिको कुरा, दोस्रो संरचनात्मक त्रुटीको कुरा, र अर्को सशस्त्र तर ध्वंसात्मक विद्रोह ।

बहुदल आउनुअघि राजनीतिक दलहरू आन्दोलनका रूपमा क्रियाशील थिए । आन्दोलनबाट प्रतिस्पर्धी संगठनको रूपमा स्थानान्तरण हुँदा सामान्यतः राजनीतिक दलहरू नीतिपरक (Policy Seeking) पार्टीमा रूपान्तरण हुँदा रहेछन् । स्थापित प्रजातन्त्रहरूमा त्यस्तो हुने रहेछ । आफूले अगाडि सारेको नीति रयोजनाको आधारमा पार्टीले जनमत निर्माण गर्ने गर्दोरहेछ । तर यहाँ के देखियो भने, हाम्रा राजनीतिक दलहरू पहिलोपल्ट नै ठाडो Power seeking पार्टीको रूपमा आए । बहुदल घोषणा भएपछि जब पार्टीहरू गाउँतिर जान शुरू गरे, उनीहरूको ध्यान नै चुनाव जित्ने कुरामा केन्द्रित भयो । हुन त पार्टी भनेपछि प्रतिस्पर्धाको राजनीतिमा चुनाव जित्नु एउटा प्रमुख उद्देश्य नै हो, तर हाम्रो पार्टीहरूमा महात्मा गान्धीले भनेजस्तो Means justify End भन्ने नभएर End justifies Means भन्ने विचारबाट प्रभावी देखियो ।

नब्बेको दशकमा नेपाली कांग्रेसले पार्टी निर्माण गर्ने क्रममा गाउँ स्तरसम्मै कार्यकर्ता र संगठनहरू बनायो । ती सप्पै कार्यमा कांग्रेसले धेरैजसोमा पुराना पंचायतकालीन मान्छेहरूलाई आफूमा समाहित गर्‍यो । त्यस्तै, शुरूको चरणमा एमालेको नीति के रहेछ भने, कमसेकम प्रतिकार समितिमा बसेकाहरूलाई पार्टीमा नभित्र्याउने । तर सन् १९९२ को स्थानीय निर्वाचनमा आएपछि त्यस्तो भएन । जसरी नेपाली कांग्रेसले शुरूमै जसलाई पनि पार्टीमा लिने नीति लियो, सन् १९९२ को स्थानीय चुनावमा आइपुगेपछि एमालेले पनि त्यही नीति अपनायो । यसरी यथास्थितिवादीहरूलाई पार्टीमा ल्याएपछि ती पार्टीहरूले यथास्थितिको संरक्षण गर्ने अवस्थामा राज्यलाई पुर्‍याए । त्यसो गरेर यहाँका राजनीतिक दलहरूले मुलुकलाई परिवर्तन गर्ने आफ्नो आन्तरिक क्षमतामाथि आफैंले प्रहार गरे । साथै, जसरी पनि

**अन्तर्क्रियामा मूल सहभागीहरू**

- कृष्ण हाछेथु
- डा. महेश मास्के
- प्रा. कृष्ण खनाल
- डा. पिताम्बर शर्मा



*कृष्ण हाछेथु*

चुनाव जित्ने उनीहरूको नीतिले गर्दा पनि नकारात्मक अवस्था आयो । जसरी पनि जित्नलाई उनीहरूले बहुदल आउनुअघि भएका दुईवटा पंचायती आम चुनावका विशेषताहरूलाई ग्रहण गरे । पंचायतकालमा भएका ती दुईवटा आम-निर्वाचनमा उम्मेदवारको व्यक्तित्व, राज्यश्रोतको प्रयोग र भूमिका निर्णयक हुने गर्दथ्यो । बहुदलपछिका निर्वाचनहरूमा मतदाताहरू Stable party voters को रूपमा देखा परे । तर राजनीतिक दलहरूले यसको मर्मलाई बुझ्न नसकेको देखियो । उनीहरूले पंचायती संस्कृति अनुकरण गरेर, पैसा खर्च गरेर, प्रभाव पारेर चुनाव जित्न सकिन्छ भन्ने धारणा बनाए । यो नकारात्मक संस्कार उनीहरूले केन्द्रदेखि तल्लो तहसम्म पुर्‍याए । त्यसले गर्दा के भयो भने, एकातिर चुनावमा पनि पैसा खर्च, चुनाव जितेर आएपछि कमाउने प्रवृत्ति बढ्यो । कार्यकर्ताहरूको निःशुल्क सक्रियता वा स्वयंसेवा स्वात्तै घट्यो । कार्यकर्ताहरूको स्वयंसेवा घटेपछि चुनावको खर्च बढ्ने नै भयो । बढ्दो चुनाव खर्च, कार्यकर्तामा स्वंमसेवाको भावना घट्नु र नेताहरूमा कमाउ गर्ने प्रवृत्ति बढ्नाले खराब तत्वहरूलाई चलखेल गर्ने जमीन (space) तयार भयो ।

यसो भन्न सकिन्छ– यसले असामाजिक आर्थिक शक्तिहरू (non social economic forces) सँग राजनैतिक दलहरूको निकटता (proximity) बढायो । यसरी शुरूको अवस्थादेखि नै राजनैतिक दलहरूले निकै गलत बाटो अपनाए । त्यस्तै, winibility को खेल चुनावमा मात्र सीमित रहेन, चुनावपछि पनि रह्यो । एउटै दलभित्र पद र प्रतिस्पर्धाको लागि हुने गरेको अस्वस्थ प्रतिस्पर्धा र एक दल र दोश्रो दलबीच खुट्टा तान्ने खेल हावी भए । एउटा चुनावदेखि अर्को चुनावबीचको winibility को खेलले त झन् नराम्रो गर्‍यो । नराम्रो यस कारण गर्‍यो कि, त्यसले पर्दापछाडि रहेका देशी-विदेशी शक्तिहरूलाई यहाँको समग्र राजनीतिक प्रक्रियामा हावी हुन सघायो ।

दोस्रो प्रकारको winibility game मा हरेक पात्रले आफूलाई असुरक्षित अनुभव गर्दा भित्रको भन्दा बाहिरको शक्तिसँग साँठगाँठ गर्न पुग्यो । बहुदलीय संविधान घोषणा भएपछि पनि राजालाई पनि एउटा शक्तिकेन्द्र मान्नु, दरवारको आशिर्वाद खोज्नु, विदेशी शक्तिको favor खोज्नु आदि प्रवृत्तिहरू बढ्दै गए । दरवार र विदेशी शक्तिले आफ्नो stake एउटै बास्केटमा राख्दैन । divide & rule भनेको विश्व्यापी सिद्धान्त हो । यसले गर्दा केन्द्रमा देखिने हाम्रा राजनीतिक प्रक्रियाहरू साह्रै नराम्ररी अभद्र, असभ्य र ध्वंसात्मक भए । यस कुरालाई आम जनसमुदायमा पुर्‍याउने काम सबभन्दा बढी संचार माध्यमहरूले गरे ।

हाम्रा धेरै संचार माध्यमहरूको निश्चित मिशन छैन । उनीहरू केमा सेन्सर गर्ने र केमा नगर्ने भन्ने विचार गर्दैनन् । संचार माध्यमले नकारात्मक सन्देश चाँडोभन्दा चाँडो फिंजाइदिए । यसले गर्दा सरकार वा राजनीतिको केन्द्रमा रहेका व्यक्तिहरूको भूमिकाप्रति जनताको मोहभंगमात्र भएन, उनीहरूप्रति अविश्वास पनि बढ्दै गयो ।

दोस्रो भनेको संरचनात्मक त्रुटीको विषय हो । हाम्रो राजनीतिक संरचनाको आकार संविधानले बनाएको हो । संविधान निर्माताहरूसँग गरेको कुराकानीबाट मैले के पाएँ भने यो संधिवान Theory of Amibiguity मा बनेको हो । Theory of Amibiguity मा बनेको संविधान भनेपछि यसमा

यताउति गर्ने मौकाहरू थुप्रै हुन्छन् । संविधानको अक्षरमा संवैधानिक राजतन्त्र भनिएता पनि सारमा चाहिँ अर्धसंवैधानिक राजतन्त्रको स्थिति छ । हामीले बुझेको संवैधानिक राजतन्त्र भनेको त King can do no wrong भन्ने हो । राजासँग कुनै शक्ति नरहने र राजा ceremonial head हुने अवस्थामा नै राजाले गल्ती गर्न सक्दैनन् भन्ने कुरा लागू हुन्छ । संवैधानिक राजतन्त्रको बेलायती ढाँचा त्यही नै हो । तर यहाँ त संविधानले नै राजालाई विशेष अधिकार र स्वविवेकीय अधिकार दिएको छ । संकटकालजस्तो, संसद विघटनजस्तो कुरामा राजालाई 'प्रिभेन्टिभ पावर' दिइएको छ ।

संकटकाल, संसद विघटन भनेको असामान्य स्थिति नै हो । यस असामान्य स्थितिलाई समेत राजनैतिक तहमा गरेका निर्णयलाई दरवारलाई थुनछेक गर्ने अधिकार संविधानले राजालाई दिएको छ । त्यसबाट दरवारलाई राष्ट्रिय राजनीतिमा चलखेल गर्ने अवसर प्राप्त भयो ।


शक्ति राजनीतिमा दरवारको प्रभाव राजदूतलगायत संवैधानिक अंगहरूका पदाधिकारीहरूको नियुक्तिमा प्रतिविम्बित भएको देखिन्छ । नेपालको राजतन्त्र पूर्ण संवैधानिक नभैसकेको ज्वलन्त उदाहरण अरू पनि छ । सन् १९९१ मा माथिल्लो सदन (राष्ट्रिय सभामा) राजाद्वारा मनोनित दशजना सांसदहरूलाई 'नेपालको संविधानको धारा ३५ (२) बमोजिम' प्रधानमन्त्रीको सिफारिसमा मनोनित गरिएको कुरा उल्लेख छ । त्यसको दुई वर्षपछि राजाद्वारा तीनजना सांसद नियुक्त गरिंदा 'नेपालको संविधान बमोजिम'मात्र भनिएको छ, धारा ३५ (२) को उल्लेख छैन । मनोनित गरिएको मानिसहरूको पृष्ठभूमि हेर्ने हो भने ती सबै पंचायतकालदेखि दरवारको नजिकका मान्छे भनेर चिनिन्छन् ।

राजा विदेश भ्रमणबाट फर्कंदा र नवयुवराजको जन्म हुँदा राज्यले देखाएको तामझामले पनि प्रतिकारात्मक र व्यवहारिक रूपमा दरवार झन् झन् सक्रिय हुँदै गएको बोध गराउँदछ । दरवारलाई चलखेल गर्नको निम्ति संविधानमै मैदान बन्द गरिदिएको भए यस्तो हुने थिएन ।

आगामी दिनमा सुधारको कुरा आउँदा मुलुकलाई अग्रगति दिन पर्दा हामीले पिन प्वाइन्ट गर्नुपर्ने कुरा के हो भने, यस अवस्थाले राजनीतिलाई अझ दूषित पार्न सक्दछ । समयमा संविधान संशोधन भएन भने भोलि व्यवहारमा फेरि पन्ध्र सालको जस्तो अवस्था हुन्छ । अहिले आम रूपमै के महसूस गरिएको छ भने, संविधान बनाउने क्रममा दरवारको मस्यौदा भनेर त्यतिबेला आएका जुन कन्टेनहरू छन्, तिनै कुराहरू अहिले संधिवान संशोधन नभैकन व्यवहारमा प्रयोग भइरहेका छन् ।

तेस्रो, अहिलेको संकटलाई सशस्त्र तर ध्वंसात्मक विद्रोहको कारणले पनि सघाउ पुऱ्याएको छ । सशस्त्र तर ध्वंसात्मक भनेर म किन भन्छु भने, शुरूको चरणदेखि वार्ता अवधिसम्म माओवादीका गतिविधिमा मान्छे मार्ने संख्याभन्दा कार्यवाहीको संख्या बढी थियो- "शोषक, ठालु आदिहरूलाई कार्यवाही" । त्यसबेला माओवादीले मान्छे मारेको कुरालाई विरोध गर्दागर्दै पनि उसले उठाएका कन्टेनहरूप्रति जनतामा एक किसिमको समर्थन देखिएको थियो । मान्छे माऱ्यो बेठीक गऱ्यो, तर कतिपय ठाउँमा अन द स्पट न्याय दिएको छ भन्ने धारणा थियो । तर वार्तापछाडि माओवादीहरूको त्यस्तो स्वरूप रहेन । त्यसमाथि जब उसले विकास निर्माणका पूर्वाधारहरूमाथि प्रहार गर्न थाल्यो, तब

दुई सय साठी वर्षको इतिहासमा हामीले एकात्मक राज्य-व्यवस्था अपनाईआएका छौं। तर यसले फल दिन सकेन। ठाडो भाषामा भन्दा यही छलफलमा पनि म एकजना मधिसे र जनजातिको सहभागिता देख्दिनँ।



कृष्ण हाछेथु

जनतामा माओवादीहरूप्रति विरोध र आक्रोश फैलियो । मान्छे मार्दा एकजना मर्छ, तर खानेपानीको एउटा पाइप काट्दा पाँचहजार जनता त्यसका शिकार हुन्छन् ।

अहिले हेर्दाहेर्दै माओवादी विद्रोहमा राजनीतिक, सामाजिक र आर्थिक अन्तर्वस्तु धेरै पृष्ठभूमिमा गएको छ । त्यसमा सैन्यवाद अगाडि आएको छ । सैन्य-अन्तर्वस्तु छताछुल्ल भएपछि त्यस विद्रोहको लक्ष्य नै पृष्ठभूमिमा जान्छ । दुईटा पाटोबाट माओवादीहरू क्रमशः असफल हुँदै गएका छन् र यसले अझै यो देशलाई ओरालोतर्फ लैजाँदैछ । एउटा पाटो पूर्वाधारहरू विनाश गरेपछि गुमेको जनसमर्थन माओवादीले फेरि प्राप्त गर्न सक्दैनन् । अर्को पाटो राजनीतिक, आर्थिक र सामाजिक विषयहरू पृष्ठभूमिमा गएकाले माओवादीको मूल लक्षमा विचलन आएको छ ।

अब जाऔं- मुलुकमा सुधारको आशा गर्न सकिन्छ कि सकिंदैन भन्ने प्रश्नतिर ।

बाह्र वर्षको प्रजातान्त्रिक विकासको क्रममा दोस्रो आम चुनावपछि भएको हङ्ग पार्लियामेन्टको बेला सुरा-सुन्दरीको कुरादेखि लिएर सांसदहरूको अपहरणसमेत सबैथोक भयो । त्यसबेलाको २०५ जना सांसदहरूमा ७९ प्रतिशत सांसदहरू हारेका थिए । यसबाट जनताले आफ्नो मतको सही सदुपयोग गर्दा रहेछन् भन्ने देखियो । त्यसबेला ७९ प्रतिशत सांसदहरू हार्नु भनेको एक किसिमको क्रान्ति नै हो । अर्कोकुरा, अहिले सबै राजनीतिक दलहरू आत्मालोचना गर्दै गएका छन् । त्यस क्रममा राज्य संचालनमा यतिन्जेल भएका त्रुटीहरूका निम्ति उनीहरूले कतिपय कुराहरूमा आफूलाई जिम्मेवार ठहऱ्याइरहेका पनि छन् । तर अझै अनुत्तरित प्रश्न के हो भने, उनीहरूको त्यो आत्मालोचना व्यवहारमा रूपान्तरित हुन्छ कि हुँदैन ?

एउटा कुरा हेरौं । एमालेले अघिल्लो संसदमा संकटकाललाई बढाउन संविधान संशोधनको शर्त राखेको थियो । संविधान संशोधनको प्रस्तावमात्रै संसदमा दर्ता भएको भए भोलि त्यस प्रस्तावलाई लजिकल इन्डमा लैजाँदाखेरि संसदमा लोकप्रिय शक्तिहरूले खुलेआम प्रतिक्रियावादी काम गर्न नसक्ने हुनाले त्यसको परिणाम राम्रै हुन्थ्यो ।

अर्को कुरा, जसरी अस्वाभाविक रूपमा संसद विघटन भयो- त्यसअनुरूप राजनीतिक शक्तिहरूको व्यावहारिक प्रतिक्रिया राम्रो भएन । एमालेसँग त्यसको निम्ति दुईवटा विकल्पहरू थिए । चुनावको निम्ति भित्रभित्रै तयारी गरे पनि नेपाली राजनीति प्रतिगमनतिर उन्मुख हुने कदमको हामी विरोध गर्छौं भनेर एमालेले एउटा आन्दोलन संचालन गर्नसक्थ्यो । टनकपुरको मुद्दामा त्यसरी देश हल्लाउने शक्तिले यत्रो संकटको बेलामा सरल हिसाव गरेर बस्नु हुँदैनथ्यो । कांग्रेस फुटेको छ, चुनाव सजिलै जितिहाल्छौं भनेर एमाले मख्ख परेर बस्नु हुँदैनथ्यो । यसलाई एमालेको खराब नियत भन्न सकिन्छ । उसले त गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको नेपाली कांग्रेसलगातलाई साथ लिएर प्रतिगमनकारी दाउपेचविरूद्ध सशक्त आन्दोलनलाई अगाडि बढाउनुपर्थ्यो । त्यसो गर्दा उसको जनप्रियता बढ्थ्यो र पछि हुने चुनावको निम्ति त्यो एउटा 'प्लस प्वाइन्ट' नै हुन्थ्यो । त्यस्तै, संसद विघटनको कदमविरूद्ध एमालेले नसघाएकोले, स्थानीय निकायका निर्वाचित जनप्रतिनिधिहरूको म्याद नथप्दा गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको कांग्रेस चूप लागेर बसेको छ, त्यस कदमको विरोधमा कराएको छैन । यसरी उचित कुरामा र राजनैतिक मूल्य-

मान्यता र प्रणालीको कुरा आउँदा पनि दलहरूले आपसी समझदारी देखाएका छैनन् । यसबाट दलहरूले विगतमा गरेका गल्तीहरूका निम्ति आत्मालोचना गरेको भए पनि त्यसको सकारात्मक नतिजा व्यवहारमा आउँछ कि आउँदैन भन्ने कुरा संदिग्ध छ ।


राजनीतिक दलहरूले गम्भीरतम् सुधारका कार्यक्रमहरू ल्याउन ढिलो गर्नु हुँदैन । त्यस्तो सुधारको कार्यक्रम भनेको मेरो विचारमा, संवैधानिक सुधारलाई अग्र गति दिनु हो । संवैधानिक सुधारलाई अग्र गति दिनका निम्ति संविधान संशोधन पनि गर्न सकिन्छ वा संविधान सभाकै निम्ति तयार हुने कुरा पनि आउँछ । १२ वर्षको अनुभवबाट यस संविधानले यथास्थितिमा राम्रो काम गरेन भन्ने देखिएको छ । त्यसैले यस संविधानलाई संशोधन वा संविधान सभा, जुन माध्यमबाट परिवर्तन गरे पनि त्यसले मात्र मुलुकलाई अग्रगति प्रदान गर्दछ । त्यसरी अग्रगति दिंदा मेरो विचारमा, नभै नहुने कुराहरू के हुन् भने- संवैधानिक राजतन्त्रलाई पूर्ण संवैधानिक बनाउने, अर्ध होइन । अर्धसंवैधानिक राजतन्त्रले राजनीतिलाई प्रदूषित बनाउँदो रहेछ । पूर्ण संवैधानिक राजतन्त्र बनाउँदा धेरै हदसम्म त्यो समस्या समाधान हुन्छ । संवैधानिक सुधारको स्वभाविक बाटोलाई अवरोध खडा गरेमा जनमत अप्रत्यासित रूपमा गणतन्त्रको पक्षमा ढल्कन पनि सक्दछ ।

दोस्रो, दुई सय साठी वर्षको इतिहासमा हामीले एकात्मक राज्य-व्यवस्था अपनाईआएका छौं । तर यसले फल दिन सकेन । ठाडो भाषामा भन्दा यही छलफलमा पनि म एकजना मधिसे र जनजातिको सहभागिता देख्दिनँ । एउटा महत्वपूर्ण र राष्ट्रिय सरोकारको छलफलमा समेत ठूलो संख्यामा रहेको जनजातिको प्रतिनिधित्व गराउन हामी सक्दैनौं भने उनीहरूलाई यथास्थितिमै मूलधारमा ल्याउने कुरा पत्याउन सकिँदैन । तसर्थ संघात्मक सरकार हुनुपर्छ कि अथवा राज्यको पुनर्संरचनाको नमूना तयार पार्नुपर्छ कि भन्ने मलाई लाग्छ । जिल्लाको सबभन्दा ठूलो जनसंख्या (जाति/जनजातिको बसोबास)को आधारमा नेपाललाई १२ वटा प्रान्त-इकाइमा विभाजन गर्न सकिने रहेछ । पिछडिएका समूहहरूलाई राष्ट्रिय मूलधारमा समाहित गर्ने प्रयासलाई अग्रगति दिन यो एउटा एजेण्डा हुनसक्छ ।

> मेरो प्रश्न के हो भने- त्यो राज्य पंचायतमा जुन ढंगले चलेको हामीले देख्यौं, ०४६ सालपछि त्यो राज्य परिवर्तित हुँदा त्यो राज्यको रुप र अन्तर्वस्तु के के किसिमले परिवर्तित भयो के के किसिमले त्यो जनउत्तरदायी भयो ?

## डा. महेश मास्के

कृष्ण हाछेथुले जे विचार राख्नुभयो, त्यसका धेरै कुरामा मेरो सहमति छ । उहाँले मुख्यतः अहिलेको तात्कालीन स्थितिका बारेमा आफ्नो विचार राख्नुभएको छ, म त्यतातिर जान्न । म त्योभन्दा अगाडिको ऐतिहासिक पृष्ठभूमितिर जान्छु । किनभने अहिलेको समस्यालाई त्यस परिप्रेक्ष्यबाट समेत हेरिंदा बढी प्रष्ट हुन्छ भन्ने मलाई लाग्छ ।



डा. महेश मास्के

कृष्ण हाछेथुले राज्यको असफलताको स्थिति भनेर त्यसबारे आफ्नो कुरा राख्नुभयो, मचाहिं राज्यको संकटको स्थिति भनेर त्यसबारे आफ्नो कुरा राख्छु । म राज्य भनेर जसलाई बुझ्छु, त्यसको जनविरोधी चूरोलाई लोक कल्याणकारी स्वरूपले बेरेर राखेको छ । जब जब राज्यको लोककल्याणकारी रक्षाकवच च्यातिन्छ र त्यसको जनविरोधी स्वरूप देखिन थाल्छ, त्यतिबेला राज्य संकटमा जान्छ भन्ने मलाई लाग्छ । अहिले राज्य त्यो संकटमा छ र त्यसबाट कसरी त्राण पाउने भन्ने अवस्थामा छ । त्यसको निम्ति राज्यले अनेक किसिमका बाटाहरू खोजिरहेको छ । ती बाटाहरूलाई मुख्यतः दुई वर्गहरूमा वर्गीकरण गर्न सकिन्छ, बल प्रयोग र सहमति । ग्राम्स्कीलाई हामीले उद्धृत गर्ने हो भने फोर्स र कन्सेन्ट दुईटै कुरा उनी उल्लेख गर्छन् । ऐतिहासिक जनआन्दोलन पश्चातको १२ वर्षमा पनि राज्यले विभिन्न रूपहरूमा यी दुवै बाटाहरूलाई प्रयोग गरेको छ ।

विगत १२ वर्षको मूल्यांकन गर्नको निम्ति *मूल्यांकन*मै प्रकाशित केही व्यक्तित्वका विचारहरू यहाँ उल्लेख गर्न चाहन्छु । भूतपूर्व अर्थमन्त्री डा. देवेन्द्रराज पाण्डेले अलि अगाडि भन्नुभएको रहेछ- "नेपालमा बहुदलीय व्यवस्था आइसकेपछि पनि पुरानै निरंकुशताका संस्कार र विकृतिहरूलाई निरन्तरता दिइयो । पंचायती व्यवस्थाको अन्त्य भएर पनि पंचायतकालीन सम्बन्धहरू, प्रवृत्तिहरू बाँकी नै रहे । प्रजातन्त्रले राजनैतिक संस्कृतिमा परिवर्तन ल्याउन सकेन ।"

त्यस्तै, नेकपा एमालेका महासचिव माधवकुमार नेपालले भन्नुभएको रहेछ- "यो प्रजातन्त्र साँघुरो, ठूलाठालूहरूको हातमा र हितमा सिमित हुन पुगेको छ । जनतालाई चुनावमा प्रयोग गर्ने एउटा साधनको रूपमा मात्रै हेर्ने दृष्टिकोण सत्ताधारीहरूमा देखियो । उनीहरूमा पूँजीवादी सोचसम्म पनि भइदिएन ।"

देश पूँजीवादी विकासतिरसम्म पनि अगाडि बढेन, मुख्यता सामन्तवादी सेरोफेरोभित्रै रह्यो भन्ने उहाँको भनाइ देखिन्छ ।

त्यस्तै, नेकपा एकता केन्द्रका महासचिव प्रकाशको भनाइ रहेछ - "संसदीय व्यवस्थाले मूलतः आफ्नो चारित्रिक विशेषताका कारणले देश र जनताको आधारभूत समस्याहरू हल गर्न नसकेकोले त्यसको संकटको जगमा माओवादी आन्दोलन खडा भएको हो । र, अर्कोतर्फ प्रतिगमनको खतरा बढेको छ ।"

यी कुराहरूमा मेरो सहमति छ । यी कुराहरू किन भए होलान् भनेर लामो ऐतिहासिक परिप्रेक्ष्यमा हेर्दा मलाई के लाग्छ भने, अघि उहाँले एकात्मक राज्यको कुरा गर्नुभयो, आधुनिक नेपालको स्थापना भएको पृथ्वीनारायण शाहको पालादेखि हेर्ने हो भने पृथ्वीनारायणको एकीकरणको अभियानलाई इतिहासकारहरूले नेपाललाई एकीकरण गर्ने पवित्र ईच्छाले प्रेरित भएर गरिएको कार्य भन्ने गरेका छन् । तर त्योभन्दा पनि बढी यो त पृथ्वीनारायण शाहको आर्थिक स्वार्थको कारणले गरिएको कार्य हो भन्ने इतिहासकारहरू पनि छन् । पृथ्वीनारायण शाहपछिका बहादुर शाह, भीमसेन थापाजस्ता राष्ट्रवादीहरूले पनि विदेशी शक्तिहरूसँग लड्नुको मुख्य कारणचाहिं आफ्नो आन्तरिक वा घरेलु स्वार्थसँग जोडिएको विषय छ । कतिबेला विदेशी शक्तिसँग लड्ने र कतिबेला त्यही विदेशी शक्तिसँग सहयोग लिनजाने भन्ने कुरा आन्तरिक कुराले निर्धारित गरेको पाइन्छ । राजनीति शास्त्रका विद्वान मित्रहरूलाई यसबारे धेरै कुराहरू थाहा हुनसक्छ । म त्यतातिर जान चाहन्न । प्रमुख कुरा के हो भने, त्यस्ता खालका अभियानहरूको पछाडि खान लाउनसमेत नपाउने नेपालका श्रमजीवी जनताहरूको हितको भन्दा पनि आफ्नो घरेलु प्रतिस्पर्धाको अभियानमा ती कामहरू गरिएको देखिन्छ । राणाकालीन समयलाई हेर्दा पनि त्यसबेला सामन्तवादी राज्यले अलि दरिलो स्वरूप लिन थालेको पाइन्छ । र, ब्रिटिश साम्राज्यवादी मालिकको एउटा भरपर्दो सेवकको रूपमा नेपालभित्र राणा शासकहरू क्रियाशील थिए । तिनीहरूको राज्यलाई २००७

सालको क्रान्तिले चुनौती दियो । त्यहाँनिर एउटा अन्तर्द्वन्द र अन्तरविरोध के थियो भने, एकातिर राणा शासकहरूले आफ्नो जनविरोधी चरित्र चूरो भएको राज्यलाई बचाउनका निम्ति गरेका प्रयत्नहरू र अर्कोतिर, तिनीहरूको अत्याचारविरूद्ध नेपाली जनताले शुरूदेखि नै गरेका, तर इतिहासमा पर्याप्त उल्लेख हुन नसकेका जनसंघर्षहरूको उत्कर्ष विन्दुको रूपमा २००७ सालको क्रान्ति आएको थियो । अब हामीले हेर्नुपर्ने के छ भने त्यो मोडमा राणाकालीन राज्यको सामन्तवादी चरित्र कति फेरियो र कति कुराहरूले चाहिं पूर्ववत् निरन्तरता पाए । त्यो हेर्दा हामी के पाउँछौं भने त्यो क्रान्तिले आफ्नो सफलता दावी गर्नुभन्दा ६/७ महिनाअगाडि नै भारतको प्रत्यक्ष संलग्नतामा एउटा कुख्यात सन्धि गरिएको छ । हामी त्यसलाई सन् १९५० को नेपाल-भारत असमान सन्धि भन्दछौं । त्यो सन्धि मोहन शमशेरसँग गरियो र त्यही मोहन शमशेरलाई पछि नयाँ नेपालको पहिलो प्रधानमन्त्री बनाउने उद्योग पनि भयो । यहाँसम्म कि दिल्ली सम्झौता, जसले नेपाली क्रान्तिलाई एक ठाउँमा लगेर टुङ्ग्यायो भनिन्छ, नेहरूको प्रत्यक्ष सहभागितामा गरियो । यो सम्झौताको बारेमा नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालालाई त्यतिबेला जानकारी समेत थिएन भनिन्छ । त्यो संझौता भारतीय प्रधानमन्त्री नेहरूले नेपालका राजा त्रिभुवन र मोहन शमशेरलाई राखेर गराएका थिए र त्यसबारे पछिमात्र बी.पी. कोइरालाहरूलाई थाहा भयो ।

त्यसकारण त्यसबेला भएका ती कामहरूबाट के कुराचाहिँ पछि पनि निरन्तर देखियो भने राज्य संचालनको प्रक्रिया जनताद्वारा निर्देशित हुनुपर्छ भन्ने मान्यतालाई स्थापना गर्न चाहने प्रजातन्त्रवादीहरूको निम्ति त्यही बेलादेखि नै नयाँ नेपालभित्र समस्या प्रवेश गरेको छ । त्यसबेला राजा त्रिभुवनले समेत स्वीकार गरेको संविधान सभाको विषयलाई पन्छाएर १० वर्षभित्रमा भारतकै सरकारहरूको प्रत्यक्ष र परोक्ष संलग्नतामा उनीहरूका सल्लाहकारहरूको माध्यमबाट फेरि राजालाई सक्रिय राजतन्त्रको मान्यताभित्र पुऱ्याइयो । २०१७ सालमा जे घटना घट्यो, त्यो त त्यस प्रक्रियाको पराकाष्टाको प्रतिफलमात्र हो । डा. देवेन्द्रराज पाण्डेको पुस्तक Failed Development of Nepal मा यस कुराको राम्रो विश्लेषण गरिएको छ ।

त्यसपछि तत्कालीन शाषक वर्गलाई सत्र साल किन ल्याउनुपऱ्यो त ? फेरि पनि, राज्यलाई जनउत्तरदायी हुन दिने कि नदिने, जनईच्छाद्वारा चल्न दिने कि नदिने भन्ने विषयमा शाषक वर्गसँग सकारात्मक विचार थिएन । उनीहरूको वर्ग स्वार्थको कारणले गर्दा नै त्यस दिशातिर मुलुक अघि नबढोस् भन्ने भित्री चाहना थियो । त्यसको निम्ति कल्याणकारी कार्यक्रमको खोलमा जनविरोधी राज्यको चरित्रलाई नै निर्वाध जारी राख्ने योजना लिएर राज्यका शासकहरू आए । पंचायतको प्रयोगलाई त्यसरी नै बुझिनु पर्दछ भन्ने मलाई लाग्छ । तर फेरि पनि त्यस प्रवृत्तिविरूद्ध जनताको संघर्ष जारी रह्यो । त्यस्तो संघर्ष हामीले देख्दै, भोग्दै र कतिपय अवस्थामा त्यस्ता संघर्षहरूमा हामी पनि सहभागी हुँदै आएका हौं । २०४६ साललाई पनि म त्यसरी नै हेर्छु ।

२०४६ सालमा भएको परिवर्तनपछि, अब मेरो प्रश्न के हो भने- त्यो राज्य जुन पंचायतमा एक ढंगले चलेको हामीले देख्यौं, ०४६ सालपछि त्यो राज्य परिवर्तित हुँदा त्यो राज्यको रूप र अन्तर्वस्तु के के किसिमले परिवर्तित भयो, के के किसिमले त्यो जनउत्तरदायी भयो, के के जनविरोधी तत्वहरू त्यसमा बाँकी रहेनन् भनेर हामी आश्वस्त हुनुपर्ने अवस्था के के चीजले प्रदान गर्दछ ? यस कुराको उत्तर खोजिसकेपछि मात्र हामी के के कुरामा सफल र के के कुराहरूमा असफल भयौं भन्ने कुरामा प्रष्ट हुन सकिन्छ ।

**सत्ताभित्र एमालेहरू गएर काम गरेका भए उनीहरूको पनि यही हाल हुन्थ्यो होला भन्ने मलाई लाग्छ । उनीहरूले पनि त्यही शासकवर्गको एउटा कम्पोनेन्टको रूपमा त्यही राज्ययन्त्रको जनविरोधी चरित्रलाई बचाउ गर्नुपर्ने बाध्यतासहित शासन गर्नुपर्ने हुन्थ्यो ।**

यसरी हेर्दा हामीले नयाँ राज्य-व्यवस्थामा पंचायतमा भन्दा फरक प्रजातान्त्रिक कुराहरू यी यी छन् भनेर आश्वास्त हुन सकिने अवस्थाहरू त्यति देखिंदैनन् । बहुदलीय प्रजातान्त्रिक व्यवस्था र सार्वभौम सत्ता जनतामा निहित रहेको संविधान आएता पनि निर्णयिक अवस्थाहरूमा जनमत संग्रहद्वारा जनताले नै स्वनिर्णय गर्न पाउने प्रावधान संविधानमा उल्लेखित छैन ।

आर्थिक रूपले हेर्दाखेरि हिजोको निरंकुश राजतन्त्र र ०४६ सालपछिको संवैधानिक राजतन्त्रमा राजपरिवारको बजेटमा धेरै फरक परेको देखिंदैन । अन्तरिम सरकारको समयमा एक लाख जति कटौती भएको थियो भने पछि त्यति फरक परेको देखिन्न । अहिलेको बजेटमा त राजदरवारको बजेट ३८ करोडमात्र होइन, विकास खर्च भनेर अर्को २३ करोड पनि दरवारको निम्ति छुट्याइएको छ र राजदरवारको जम्मा बजेट ६१ करोड पुऱ्याइएको छ भनि *मूल्यांकन*मा दिपक वैद्यले लेख्नुभएको छ ।

त्यसकारण विगतको १२ वर्षको मूल्यांकन जुन गरिन्छ, त्यस मूल्यांकनमा बल प्रयोग र सहमति यही दुईवटा चीजको टकराहट म देख्छु । एकातिर राज्यले आफूलाई अप्ठ्यारो परेको अवस्थामा केही दिएको जस्तो पनि गर्छ, केही सम्झौताहरू पनि गर्छ । जहाँनेर उसलाई त्यस्तो अवस्था पर्दैन, त्यसबेला ऊ लौरो पनि उज्याउँछ र जनतालाई थर्काउँछ । ती सबै राज्यका बचाउका उपायहरू र त्यस निम्ति गरिने क्रियाकलापहरूका रूपमा आएका छन् ।

त्यो राज्यलाई संचालन गर्नेमा कुनै बेला दरवारको हात बढी होला, कुनै बेला नेपाली कांग्रेसको हात बढी होला । त्यसको पछाडि मार्क्सवादी शब्दावलीमा भन्ने हो भने, त्यो Ruling class हो र त्यो शासकवर्ग सोलोडोलो एउटै चरित्रको छैन । त्यो सत्ताभित्र एमालेहरू गएर काम गरेका भए उनीहरूको पनि यही हाल हुन्थ्यो होला भन्ने मलाई लाग्छ । उनीहरूले पनि त्यही शासकवर्गको एउटा कम्पोनेन्टको रूपमा त्यही राज्ययन्त्रको जनविरोधी चरित्रलाई बचाउ गर्नुपर्ने बाध्यतासहित शासन गर्नुपर्ने बाध्यता हुन्थ्यो । त्यसकारण मैले अहिलेको अवस्थालाई राज्यको जनविरोधी चरित्रको निरन्तरतामा हेर्न खोजेको हुं ।

मैले अघि नै भनें- यो राज्य अहिले एउटा चरम संकटमा छ । उसको जनविरोधी चरित्र उदाङ्गो हुँदैछ र त्यसलाई कसरी बचाउने भन्ने ध्याउन्नामा ऊ छ । यसको 'कोर' जनविरोधी चरित्रको विरूद्धमा जे जति शक्तिहरू प्रतिगमनको खतराविरूद्ध इमान्दार अडान लिएर आए, तिनीहरूको साथ राज्यले पाएन । हिजो उसले पाइआएको सहयोगमा कटौती भएको छ र उसले केही सामान्य कुरा दिंदैमा जनताले उसलाई विश्वास गरिहाल्ने अवस्था पनि छैन । त्यसकारण पनि अहिलेको राज्यसत्तालाई संकट छ । नाङ्गो रूपले शक्तिको प्रयोग गरेर अगाडि बढ्ने कि फेरि पनि चुनावद्वारा अलिकति जनअनुमोदन लिएर अघि बढ्ने भन्ने कुरामा विचार गर्नुपर्ने अप्ठ्याराहरू सरकारलाई होला । त्यसकारण यो ढंगले राज्यले आफूलाई बचाउन खोज्ने, अनि स्थितिअनुसार आफूलाई अलिकति परिमार्जन पनि



*डा. महेश मास्के*

गर्न खोज्ने, तर आफ्नो जनविरोधी चरित्रलाई चाहिँ फेरि पनि निरन्तरता दिइरहन खोज्ने हो भने त्यसको ठीक उल्टोमा जनताको संघर्ष र त्यसका रूपहरूमा राज्यसत्तालाई चिन्ने, आफू संगठित हुने, ऐक्यवद्ध हुने र राज्यसत्तासँग एउटा निर्णायक लडाईंमा उत्रिने र त्यो राज्यलाई सबभन्दा पहिले जनइच्छाबाट चल्ने राज्यमा फेर्ने काम जनताले गर्नुपर्छ । क्रान्तिका अभिप्रायहरूमा पहिलो न्यूनतम मागहरूमध्ये जनइच्छाद्वारा संचालित हुने राज्यको स्थापनाको माग हुनुपर्दछ । त्यसलाई मार्क्सवादी शब्दमा भन्ने हो भने त्यो एउटा अराज्य non state को अवस्था हो । अर्थात् त्यसबेला राज्य रहँदैन, त्यसलाई अराज्य मानिन्छ र त्यसबेला राज्यमा यति धेरै व्यापक जनसहभागिता हुन्छ कि त्यो परंपरागत राज्यजस्तै देखिँदैन । त्यहाँ त्यसबेला दबाव र दमनका तत्वहरू वा संयन्त्रहरूको त्यति धेरै आवश्यकता नै पर्दैन । त्यो ढंगको जनसहभागिताद्वारा संचालित हुने राज्य भएकाले त्यो राज्यको स्वरूपै बदलिन्छ र त्यसलाई अराज्य (non state) भन्नु उचित हुन्छ भनेर मार्क्सवादीहरूले भन्दै आएका हुन् । त्यसकारण राज्यलाई अहिलेको विन्दुबाट व्यापकतम् जनताको सहभागिता हुने अराज्य बनाउनेतर्फ

**अहिलेको स्थितिले के माग गर्दछ भने, अग्रगतिका पक्षधर नेका, जनमोर्चा, एमालेलगायत सप्पै शक्तिहरू मिलेर एउटा मियो निर्माण गर्नुपर्दछ ।**



कसरी लैजाने भन्ने चुनौतिका सामु नेपाल उभिएको छ जस्तो मलाई लाग्छ ।

त्यसैले वर्तमान संकटको निकासका निम्ति मसँग त्यस्तो अलग्गै कुनै धारणा छैन । म मोटामोटी रूपमा के मात्र भन्नसक्छु भने- यही 'फ्रेमवर्क'भित्र जाने हो भने संविधानमा त्यस्ता खालका परिवर्तनहरू यहाँ ल्याउनुपर्ने हुनसक्छ, जसबारे यहाँ चर्चा भैसकेको छ ।

दोस्रो कुरा, यो बहुदलीय प्रजातन्त्र, जसलाई म के भन्न रूचाउँछु भने, यो चाहिं प्रतिनिधिमूलक प्रजातन्त्र मात्रै भइरह्यो, तर सहभागितामूलक भएन । सहभागितामूलक प्रजातन्त्रका पक्षधरहरूले पहिले पहिले पनि उठाउँदै आएको 'right to recall' अर्थात् जसलाई चुनेर पठाइएको छ, त्यसलाई फिर्ता बोलाउने अधिकार जनतामा हुनुपर्दछ । संविधानभित्र र व्यवहारमा त्यो प्रावधान हुनुपर्दछ । त्योचाहिं प्रतिनिधिमूलक प्रजातन्त्रमा पनि हुनुपर्थ्यो । त्यो व्यवस्था हामी गर्न सक्छौं कि सक्दैनौं ?

वास्तवमा, एकातिर राष्ट्रलाई संकट परेको बेला र अर्कोतिर आमजनतामा त्यो संकटप्रति चिन्ता भएको बेला एक ढंगको ऐक्यवद्धता त जन्मिदोरहेछ नि । गिरिजा

**अहिलेको संकट असफलताबाट आएको संकट हो । सिर्जनात्मक द्वन्दबाट विकसित भइरहेको अहिलेको अवस्था होइन ।**

कांग्रेसदेखि लिएर माओवादीसम्मको ऐक्यवद्धता जन्मिदोरहेछ नि त । एमाले लगायतबाट राष्ट्रिय सहमति भन्ने कुरा जन्मियो, त्यो त एउटा ऐतिहासिक तथ्य हो । त्यो एउटा यथार्थ हो । यस्तो स्थितिबाट देखियो- हामी नेपाली जनतामा यति लचिलोपन त रहेछ कि सबै मिलेर ल्याएको प्रजातन्त्रलाई खत्तम पार्ने प्रवृत्तिविरूद्ध हामीमा एक हुने प्रवृत्ति त रहेछ । त्यसकारण पनि हामीले यो बाह्र वर्षभन्दा अगाडि एकचोटि फेरि जानुपर्‍यो । र, त्यहाँदेखि हामीले पुनर्मूल्यांकन गर्दै आउनुपर्‍यो ।

त्यतिबेला, जतिबेला जनताले यो माग गरिरहेको थियो कि कांग्रेस र कम्युनिष्ट साझा भएर चुनाव लडेर, जुन शक्तिसँग लडेर आएको हो, त्यस शक्तिलाई चुनावको मैदानबाटै हराएर सोत्तर पारेर पठाइदिऊन् । त्यसबेला जनताको मागलाई वास्ता गरिएन । हाम्रो हेराइको संकुचितताले गर्दा त्यो भएन र त्यही बेलादेखि नै एक अर्कासँग फाट्ने क्रम शुरू भयो ।

यदि हामीले १२ वर्षको अवधिलाई पुनर्मूल्यांकन गर्दै जाने हो भने, १२ वर्षपछि अब हामीलाई चेत आउने हो भने अझै पनि समय घर्किसकेको छैन । मुख्य कुरा भनेको राज्यको जनविरोधी चरित्र विरूद्धको संघर्ष हो, त्यसलाई जनउत्तरदायी बनाउने, जनइच्छाद्वारा संचालित हुने राज्यमा बदल्नु हो । त्यस संघर्षमा भाग लिने चाहे कांग्रेस होस् वा कम्युनिष्टहरू, उनीहरूबीच एकता हुनुपर्छ ।

अहिलेको स्थितिले के माग गर्दछ भने, अग्रगतिका पक्षधर नेका, जनमोर्चा, एमालेलगायत सप्पै शक्तिहरू मिलेर एउटा मियो निर्माण गर्नुपर्दछ । र, त्यस मियोले आफ्नो साझा आवाजद्वारा यो देशमा यस्तो काम हुनुपर्दछ भनेर सरकारलाई दवाव दिन सक्नुपर्दछ । उनीहरूले एक स्वरमा भन्नुपर्छ- हामी मिलेर अहिले पनि युद्धको अन्त्य र शान्तिका लागि वार्ताका प्रयासहरू, अग्रगामी यात्राका निम्ति संवैधानिक सुधारका निम्ति प्रयत्नहरू गर्नेछौं, यदि हामीलाई त्यसो गर्न दिइँदैन भने गिरिजाबाबुले मुशर्रफ मार्का र माधव नेपालले मार्कोस शैलीको भन्नुभएको आगामी चुनावलाई त्यही तरिकाले नै सम्पन्न गराउने सरकारी सोचविरूद्ध चुनाव बहिष्कारसमेत गर्नेछौं ।

यदि यो खालको गठबन्धनले साझा स्वर उराल्न सक्छ र साझा कार्यक्रम ल्याएर अघि बढ्छ भने अहिले पनि त्यो शक्ति नै हाम्रो सबभन्दा ठूलो शक्ति हुनेछ । किनभने, त्यो शक्तिले के गर्छ र गर्नसक्छ भने त्यससँग सशस्त्र सेना र हातहतियार नभए पनि नेपालको सम्पूर्ण जनतालाई त्यसले एकजूट पार्न सक्दछ । त्यो शक्ति त्यसरी एकजूट भएर बोलेको खण्डमा नेपाली राज्यसत्ताको अहिले नेपालभित्र चलखेल गर्न खोजिरहेका अन्तर्राष्ट्रिय मालिक देशका जनताहरूसमक्ष नेपाली जनताको वास्तविक आवाज पुग्नेछ । त्यसो भयो भने लर्तरो स्थिति हुँदैन, अन्तरराष्ट्रिय समुदायबाट पनि दवाबहरू जन्मिन्छन् । त्यसैले पनि सकेसम्म यहाँ हामीले प्रगतिशील तथा प्रजातान्त्रिक शक्तिहरूबीच ऐक्यवद्धता निर्माण गरेर नै अगाडि बढ्नु पर्दछ भन्ने मलाई लाग्छ ।

## प्रा. कृष्ण खनाल

डा. महेशले आफ्ना कुराहरूलाई ideological perspective बाट पनि राख्नुभयो । हाछेथुजीले चाहिं हामीले राजनैतिक व्यवहारमा सामना गरेका समस्याहरूलाई राख्नुभयो । यी दुवै कुराहरूमा असहमत हुने धेरै ठाउँहरू छैनन्- समस्याका बारेमा । दृष्टिकोणचाहिं आ-आफ्नो

होला । म महेशजीको कुराबाट आफ्नो कुरा शुरू गर्न चाहन्छु ।

मलाई के लाग्छ भने, अहिलेको संकट असफलताबाट आएको संकट हो । सिर्जनात्मक द्वन्दबाट विकसित भइरहेको अहिलेको अवस्था होइन । यो संकट अहिले जुन किसिमले अघि बढिरहेको छ, त्यसबाट हामीले चर्चा गरेजस्तो सहभागितामूलक प्रजातन्त्र आउँदैन । किनभने गएको एक वर्षको स्थिति हेर्दा जुनबेला माओवादीहरू वार्ताको कुरामा आए, त्यतिखेर उनीहरूमा बलियो अडान र सकारात्मक पक्षहरू देखिन्थ्यो । अहिले उनीहरूले वार्ताको कुरा गर्दा 'कम्प्रोमाइजिङ्ग' भएर आइरहेका छन् । एकातिर हामी सैन्यीकरण भएर गएको भन्दैछौं । तर राज्यका प्रगतिशील शक्तिहरू पनि 'कम्प्रोमाइजिङ्ग' भएर गएका छन् । यस्तो द्वन्दबाट निस्कने परिणाम कति प्रगतिशील हुन्छ भन्ने कुरा विचारणीय छ ।

मलाई अर्को के पनि लाग्छ भने ००७ सालको आन्दोलनबाट बाहिर आएका प्रजातान्त्रिक शक्तिहरू ५० वर्षपछि अहिले आएर बढी कमजोर भएर गएका छन् । त्यो कमजोरी देख्न सकिने ठाउँहरू छन् । हामीले अघि पनि बजेटको चर्चा गर्‍यौं । कुनै पनि विषयमा होस्, एउटा संस्थाको बजेटमा ४/५ गुना वृद्धि हुँदाखेरि कुनै पनि अखवारले त्यसलाई टिप्पणीयोग्य समाचार बनाएन । मुस्किलले *मूल्यांकन* एउटाले त्यस विषयमा लेखेको छ, राजनीतिक पार्टीले बोल्ने त कुरै छैन । यसले पनि प्रजातान्त्रिक शक्तिहरू कमजोर भएको देखाउँछ ।

अहिले सबैभन्दा डरलाग्दो कुरा के छ भने, अहिलेको संकटबाट मुलुकलाई अग्रगतिमा लैजाने हाम्रो जुन अपेक्षा छ, त्यसलाई पूरा गर्ने शक्ति अत्यन्त कमजोर भएको छ । पचास वर्षको इतिहासमा त्यो शक्ति यति कमजोर कहिले पनि भएको थिएन । प्रजातन्त्रको पक्षमा हुने बहसहरू पनि अहिले कमजोर भएका छन् र खाली संकटकालले गर्दा नै यस्तो भएको होइन ।

इमर्जेन्सी जति लम्बिदै जान्छ, उति हामी त्यसबाट मुक्त हुँदै आउनुपर्ने थियो । तर इमर्जेन्सीको समयावधि लम्बिन थाल्यो कि त्यसको प्रभाव अप्रत्यक्ष रूपबाट हामीले बढी महसूस गर्न थाल्यौं । अहिलेको संचार माध्यमलाई मात्र हेर्दा पनि देखिन्छ- त्यो अत्यन्त अवसरवादी भएर आइरहेको छ । पैसाको खेलबाट राजनीतिक पार्टीमात्र होइन, संचारजगत पनि मुक्त भइरहेको छैन । संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्नेबाहेक, संचार उद्योगको रूपमा हेर्ने हो भने यो क्षेत्र एकदम अवसरवादी भएर आएको छ । यस्तो खेलमा हाम्रा राजनीतिक पार्टीहरूभन्दा त्यो क्षेत्र पटक्कै कम छैन । यसले पनि हाम्रो संकट कसरी गहिरिदै गइरहेछ भन्ने देखाइरहेको छ ।

संकट यसरी गहिरिएर जानुको पछाडि अर्को महत्वपूर्ण कुरा के छ भने, ०४६ सालमा त्यत्रो परिवर्तन भए पनि सत्तासीन दलको चरित्र भने पटक्कै परिवर्तन भएन । समस्याको मूल जरो र परिवर्तनको लक्ष्यलाई अघि बढाउन नसक्नुको कारण त्यही हो । कांग्रेस, एमाले वा अरू जुनसुकै दल सत्तामा गए पनि उनीहरूको आधारभूत चरित्रमा परिवर्तन नभएकोले यस्तो भएको हो ।


हामी अहिले श्यामजीले भन्नुभएजस्तो महाभीरमा पुगेको मात्र होइन, त्यसबाट गुल्टिन पनि थालिसकेका छौं । तल कहाँ कति गहिराइसम्म पुग्छौं कि कतै अलिकति आड पाएर अडिन्छौं भन्ने कुरामात्र हेर्न बाँकी छ । तर भीरबाट गुल्टिने हाम्रो क्रमचाहिँ शुरू भैसकेको छ ।

वास्तवमा यो संविधान नेपाली जनताका प्रतिनिधिले बनाएको संविधान होइन । नेपाली जनताका प्रतिनिधिमूलक शक्तिहरु हुन्- कांग्रेस र वाममोर्चा । तर उनीहरुले त्यतिबेला प्रतिनिधिको वैधता हासिल गरिसकेका थिएनन् ।

एउटा समस्या, यो प्रणालीको अपनत्व (owernership) को समस्या आएको छ । ०४६ सालमा कांग्रेस, वाममोर्चा सबै मिलेर बहुलदलीय प्रजातन्त्र चाहियो भनेर आन्दोलन गर्‍यौं र त्यो व्यवस्था ल्यायौं । तर त्यसको owernership को समस्या शुरूदेखि नै रहेको छ । मैले संविधानलाई लिएर ownership को कुरा गरेको हुँ । शुरूमा कांग्रेसले संविधानका प्रतिकूल बुँदाहरूमा विमति देखाएन । एक प्रकारले उसले संविधानलाई own गर्न तयार देखियो । वामपन्थी पार्टीहरू पूर्णरूपमा यसलाई own गर्न तयार भएनन् । राजा पनि own गर्न तयार भएको देखिएनन् । एमालेको आलोचनात्मक समर्थन, राजाको संविधान जारी गर्दाखेरिको असहज मुद्रा आदिबाट पनि त्यस्तो देखिएको थियो । यसरी संविधानलाई लिएर आंशिक तथा अनिच्छुक ownership का कुराहरू देखिए । त्यसको असर अहिलेसम्म पनि हामीलाई परिरहेको छ । अहिले ownership का बारे थुप्रै प्रश्नहरू छन् । यो संविधान नेपाली जनताको स्वामित्वको संविधान हो कि, भोलिका सन्ततिहरूको आवाजहरूलाई पनि मुखरित गर्नसक्ने संविधान हो कि ? अथवा त्यतिखेरको स्थितिमा कांग्रेस, वाममोर्चा र राजाले गर्नु परेको सहमतिको उपजमात्रै हो ?

हाम्रो संविधानको प्रस्तावना पल्टाएर हेर्‍यौं भने 'जनआन्दोलनमा अभिव्यक्त जनभावनाअनुसार' तयार भएको संविधान भन्ने आउँछ । त्यो एउटा अमूर्त भनाइ हो । यदि हिजो म आन्दोलनमा सहभागी थिएँ भने यो संविधान मेरो भावनाअनुरूप तयार भएको होला रे, तर यदि म त्यसमा सहभागी थिईन भने मेरो प्रतिनिधित्व यो संविधानमा कसरी भयो ? वास्तवमा यो संविधान नेपाली जनताका प्रतिनिधिले बनाएको संविधान होइन । नेपाली जनताका प्रतिनिधिमूलक शक्तिहरू हुन्- कांग्रेस र वाममोर्चा । तर उनीहरूले त्यतिबेला प्रतिनिधिको वैधता हासिल गरिसकेका थिएनन् । प्रतिनिधिको वैधता हासिल गरिनसकेका शक्तिहरूले रोजेका चार पाँचजना मानिसहरू बसेर बनाइएको संविधान हो यो । त्यसकारण स्वामित्व (ownershhip)को कुरा व्यवस्थाको कुरामात्र होइन । संविधानबाट निःसृत हुने कुराहरूप्रति प्रतिवद्ध हुने कुरा पनि हो ।

यो संविधानको आधारभूत पक्ष वा शक्ति राजा, कांग्रेस र वाममोर्चा मान्न थालिएको छ । वर्तमान प्रधानमन्त्री पनि अहिले भन्दैछन्- तीनवटा शक्तिले बनाएको संविधान तीनवटै शक्तिको सहमतिविना संशोधन हुँदैन । राजा र कांग्रेस त अहिले पनि छँदैछन्, तर त्यो बाममोर्चालाई हामीले कहाँ खोज्न जाने ? यसले के देखाउँछ भने हाम्रो अविश्वासको अवस्था छँदैछ । जुन पद्धति हामीले निर्माण गर्‍यौं, त्यो पद्धतिलाई हामीले भित्रैदेखि आत्मसात् पनि गर्न सकेनौं, विश्वास पनि गर्न सकेनौं । यसरी यस बाह्र वर्षको अवधिमा संविधानप्रति हामीले आफ्नो स्वामित्व बढाउँदै जानु पर्नेमा त्यसो गर्न सकेनौं । त्यसले गर्दा पनि संकटको स्थितिलाई बढाउँदै लैजान राजनीतिक शक्तिहरूको भूमिका रह्यो ।



*प्रा. कृष्ण खनाल*

अर्को, पद्धतिको मान्यतामा हामीले संसदीय व्यवस्था (parliamentary system) बनायौं । त्यसका केही मूल्य, मान्यता र सिद्धान्तहरू छन् । बेलायतमा जे हुन्छ, नेपालमा पनि त्यही गर्नुपर्छ

भन्ने जरूरी छैन र त्यो संभव पनि छैन । तर त्यो प्रणाली अपनाएपछि त्यसबारेको विश्वजनीन सिद्धान्तमा चाहिं बस्नैपर्छ । हामीले अभ्यास गर्न थालेपछि त्यसमा नेपालीपन बढाउँदै जाने कुरा हुनसक्छ । बाह्र वर्षको अवधिमा यो system मा हामीले के नेपालीपन थप्यौं त ? यो संवैधानिक अभ्यास गर्दा हामीले नेपालीपन थपेको एउटा पनि उदाहरण हामी पाउँदैनौं ।


बेलाबेलामा हामीले यो व्यवस्थामा राजाको भूमिका नै छैन भन्ने गुनासो सुन्यौं । हामीले बनाएको व्यवस्था राजाको कुनै भूमिका नहुने व्यवस्था नै हो । हामीले राजालाई किन भूमिका दिन चाहेनौं भने भूमिका लिने व्यक्तिले आफ्नो भूमिकाप्रति जनतासँग जिम्मेवार पनि हुनुपर्दछ । जसको बारेमा टीका-टिप्पणी गर्न पाईंदैन, त्यसलाई भूमिका दिएर कसरी जिम्मेवार बनाउने ? त्यही आधारमा हामीले राजालाई भूमिका नदिएको हो । तर राजाको नजिक देखिने एकथरि व्यक्तिहरूले जहिले पनि यस संविधानमा राजाको भूमिका पुगेन भनेको कुरा संचार माध्यममा आएको छ । त्यस्तै, राजासँग भेटेको सन्दर्भ दिएर केही पत्रकारहरूले संविधानमा राजाको भूमिका पुगेन भन्ने किसिमका कुराहरू सार्वजनिक रूपमा ल्याएका छन् । मलाई यसमा केही भन्नु छैन । यदि राजाको भूमिका पुगेन भन्ने निष्कर्ष निक्लन्छ भने संविधानमा त्यो भूमिका दिनु पर्‍यो । तर संविधानले नदिएको भूमिकाको अभ्यास गर्नु चाहिं भएन ।

अचम्मलाग्दो कुरा छ, अहिले हाम्रा नेताहरू के भन्छन् भने, यो देशमा संविधान मान्ने राजा र जनतामात्र छन् । हाम्रा ठूल्ठूला नेताहरूले भनेका कुराहरू हुन् यी । इमान्दारितापूर्वक संविधान मानेको कि राजाले कि साधारण जनताले हो, अरूले मानेका छैनन् भन्ने उनीहरूको भनाइ छ । यदि त्यस्तै हो भने, त्यत्ति इमान्दारितासाथ संविधान मान्ने राजालाई दिऔं न त भूमिका । तर संविधानमा एउटा भूमिका दिने र व्यवहारमा चाहिं अर्को भूमिका स्वीकार गर्ने गर्नुचाहिं भएन । अहिले पार्टी र त्यसका नेताहरू संविधानले दिएको भन्दा भिन्न राजाको भूमिका स्वीकार गर्न तयार छन् । मेरो भनाइ के हो भने राजाको जुन भूमिका स्वीकार गर्न नेताहरू तयार छन्, पहिला त्यो भूमिका दिने संविधानमा व्यवस्था गर, अनिमात्र देऊ । हामीलाई चित्त बुझे समर्थन गरूँला, नबुझे विरोध गरूँला । तर संविधानमा नभएको राजाको भूमिका चाहिं पार्टीहरूले स्वीकार गर्नुभएन । अहिले स्वीकार गर्ने प्रवृत्ति बढ्दैछ । संवैधानिक मान्यता एकातिर छ, व्यवहार अर्कोतिर छ । यसरी अहिले मान्यता र व्यवहारबीच अन्तरविरोध बढ्दै गएको छ । यो अन्तरविरोधले पनि संकटलाई यसरी बढाएर लग्यो । यसको पछाडिको मूल कारण राजनैतिक दृष्टिकोणको अभाव हो ।

नेपाली कांग्रेस आफ्नो स्थापनाकालदेखि नै संसदीय पद्धतिको हिमायती पार्टी हो । त्यो कांग्रेसले पनि संसदीय पद्धतिलाई बुझ्दैन भने अर्को कुन पार्टीले बुझ्छ ? नेपाली कांग्रेसको स्थापना नै त्यही सिद्धान्तको आधारमा भएको छ । तर राजनैतिक दृष्टिकोणको अभावले कांग्रेसले पनि गतिलो काम गर्न सकेन ।

कम्युनिष्ट पार्टीहरूले त संसदीय पद्धतिलाई आफ्नो पद्धतिको रूपमा स्वीकार गरेकै छैनन् । उनीहरूले यस पद्धतिलाई आफ्नो पद्धतिमा जानको निम्ति वा फड्को मार्नको निम्तिमात्र प्रयोग गरेका छन् । त्यसैले पनि उनीहरूमा यस पद्धतिलाई लिएर

> हाम्रा नेताहरु के भन्छन् भने, यो देशमा संविधान मान्ने राजा र जनतामात्र छन् । हाम्रा ठूल्ठूला नेताहरुले भनेका कुराहरु हुन् यी । यदि त्यस्तै हो भने त्यत्ति इमान्दारितासाथ संविधान मान्ने राजालाई दिऔं न त भूमिका ।



प्रा. कृष्ण खनाल

कमी-कमजोरी देखापर्नु स्वभाविक थियो । कांग्रेसले चाहिं ०४६ सालयता आएर अघिल्लो पुस्ताको नेतृत्वले पार्टीको विचारधारा र राजनीतिक कार्यक्रम जे स्थापना गरिदियो, त्यसैलाई 'टेकन फर ग्रान्टेड' गरेर आइदियो । त्यसले समयानुकूल आफ्नो दृष्टिकोण विकास गर्न सकेन । त्यसैले पनि राजसंस्थाको भूमिकाको बारेमा नेपाली कांग्रेसका शीर्षस्थ नेताहरूको दृष्टिकोणमा समानता छैन । गिरिजाप्रसाद, कृष्णप्रसाद भट्टराई, शेरबहादुर देउवाका बीचमा कति भिन्नता छ त्यो बेग्लै कुरा हो । तर एउटै व्यक्तिको आज एक ठाउँमा बोलेको कुरा र भोलि अर्को ठाउँमा बोलेको कुरामा फरक दृष्टिकोण देखिन्छ । राजसंस्थाको भूमिकाको बारेमा मात्र नभएर सेनाको बारेमा पनि त्यस्तै छ । मुलुकको राजनीतिका बारेमा पनि उहाँहरूको दृष्टिकोणमा एकरूपता छैन । मात्राको तलमाथि भए पनि यो कुरा अरू पार्टीमा पनि लागू हुन्छ ।

मलाई योभन्दा पनि हाँस उठ्दो कहाँ लाग्छ भने, नेपालको कम्युनिष्ट आन्दोलनको अध्ययन गर्दा बेलाबेलामा संकटको समयमा कम्युनिष्ट आन्दोलनको ठूलो हिस्साको भूमिका चाहिं नकारात्मक भएको छ । ०३६ सालमा जनमत संग्रहको घोषणा हुँदा त्यतिखेरको मालेले बहुदललाई अस्वीकार गर्‍यो । अहिले पनि माओवादीसँग वार्ताको बेलामा संविधानसभाको बारेमा प्रशस्त जनमत निर्माण भइरहेको थियो । र, संविधानसभाको विषय नेपालका कम्युनिष्ट पार्टीहरूले झण्डै झण्डै आफ्नो एकलौटी एजेण्डा बनाएर आएका पनि हुन् । तर यसपटक स्पष्ट रूपमा खुलेर नै एमाले संविधान सभाको विरोधमा उत्रियो । यस्तो गतिविधिले केलाई फाइदा पुग्छ, म बुझ्न सक्दिन ।

संविधान सभा भनेको गणतन्त्र होइन । यो संविधानको सपथ खाएर बसेकाहरूले गणतन्त्रको कुरा गर्नुभएन, तर संविधान सभाको कुरा गर्न त किन नहुने ?

संसारभरिको सशस्त्र आन्दोलनमा संस्थापन पक्षको घुसपैठ जहिले पनि हुन्छ । यो कुरा विश्वको इतिहासले देखाएको छ । माओवादी जनयुद्धमा पनि त्यस किसिमको घुसपैठ भएको हुनसक्छ । मुलुकको प्रतिनिधिसभामा संकटकालीन अवस्थालाई इन्डोर्स गर्ने कि नगर्ने भनेर विवाद भइरहेको र त्यसमा दुई दिनपछि मतदान हुन लागेको बेलामा माओवादीहरूबाट आक्रमणको घटना घटाइन्छ । त्यसले संकटकाललाई अनुमोदन नगर्ने कि भनेर सोचिरहेका दलहरूलाई संकटकाल अनुमोदन गर्नेतर्फ लैजान सघाउँछ कि यस विषयमा अन्तरविरोध बढाउँछ ? यदि हामीले मार्क्सवादी दर्शनलाई हेर्ने हो भने त्यसअनुसार त माओवादीले अन्तरविरोध बढाउँदै लैजानुपर्ने हो । तर माओवादीहरूले गरेको आक्रमणको घटनाले त संसदीय व्यवस्थाभित्रको अन्तरविरोध बढाउने होइन, घटाउने काम गर्‍यो । त्यसैले माओवादी आन्दोलनलाई गहिरिएर हेर्दा यसभित्र घुसपैठ भएको आशंका गर्न सकिन्छ ।

नेपालमा नेताहरूको भूमिका हेर्दा सत्तासीन वर्गको चरित्र परिवर्तन भएन भन्ने देखिन्छ । त्यसको कारणमा शुरूदेखि नै एकातिर उग्रवाद र अर्कोतिर संकीर्णतावादका बीचमा सुविधाजनक बाटो हिंड्ने खालका दृष्टिकोणहरू हाम्रा पार्टीहरूमा बढी हावी हुँदै आइरहेका छन् । एकातिर मुलुकमा प्रजातन्त्र चाहिन्छ भन्दै पनि हिंड्ने, त्यसबारे चर्को भाषण गर्दै पनि हिंड्ने तर ऐन मौकामा सम्झौता गर्ने प्रवृत्ति हाम्रो राजनीतिमा बढेको छ र ०४६

सालपछि यो प्रवृत्ति झन् बढ्दै गएको छ । सुक्ष्म रूपले हेर्न सक्यौं भने यसका थुप्रै उदाहरणहरू हामी पाउँछौं ।

अहिलेको संकटको समाधानमा जाने तथा संकटको कारण र यसको निकास दुवै पैल्याउने कुरा एउटै विन्दुमा गएर अडिन्छ । त्यो हो- हाम्रो राजनीतिक दृष्टिकोण पहिला स्पष्ट हुनुपर्‍यो । हामीले खोजेको कुरा के हो ? - स्पष्ट हुनुपर्‍यो । सम्वैधानिक राजतन्त्रको कुरा गर्दा राजतन्त्रलाई हामीले कुन तहको शक्ति दिन खोजेको हौं भन्ने स्पष्ट हुनुपर्‍यो । यस विषयमा हाम्रा राजनेताहरू अझै प्रष्ट भएका छैनन् ।

नेपाली कांग्रेसले पनि यो संसदीय व्यवस्थाको विषयमा आफ्नो दृष्टिकोण बनाउन सकेन, यो पनि हाम्रो दुर्भाग्य नै हो । अहिले मलाई के पनि लाग्दैछ भने, धारा ५३ (४) को प्रयोजन अब नेपालको संविधानमा केही पनि बाँकी छैन । यसबारे थुप्रै छलफल भैसकेको छ र प्रधानमन्त्रीले त्यसको विवेकसम्मत प्रयोग गर्नसक्ने अवस्था छैन । त्यस्तो भएपछि यसो गरे पनि हुन्छ- प्रतिनिधिसभाको बहुमतले प्रस्ताव पारित गरेर प्रतिनिधिसभा विघटन गर्ने । त्यसबेला कांग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवासँग प्राविधिक रूपमा बहुमत थियो । त्यो बहुमतलाई कतैबाट चुनौति आइसकेको थिएन । प्रधानमन्त्रीलाई संकटकाल लम्ब्याउनु नै थियो भने त प्रतिनिधिसभामा नै संकटकाल अनुमोदन नगर्ने हो भने प्रतिनिधि सभा विघटनको प्रस्ताव राखेर संकटकाल वा संसद विघटन दुईमध्ये एउटा प्रस्ताव संसदबाटै पारित गर्न सकेको भए हुन्थ्यो । हामीले त्यस्तो अभ्यास किन नगरेको ? यस्ता कुराहरू भनेको यो व्यवस्था चलाउने क्रममा हाम्रो अभ्यासले थप्ने संवैधानिक क्रिया हो ।

नर्वेमा एकपटक चुनाव भएपछि संसद विघटन हुँदैन, पूरै अवधि चल्छ । इजरायलको संसदले चाहिँ आफैंले प्रस्ताव पारित गरेर आफ्नै विघटन हुन्छ । हामीकहाँ चाहिँ इजरायलको जस्तो प्रावधान सबभन्दा अनुकूल हुनसक्छ । हाम्रो व्यवस्थामा अभ्यासबाट नेपालीपन जोड्ने भनेका यिनै कुराहरू हुन् । पद्धतिलाई ownership दिने, आफ्नोपन जोड्नेजस्ता कामहरू गरेनौं भने त्यो पद्धति चल्दैन । धेरैजसो हामी खाली बेलायतलाई मात्र हेर्छौं । त्यहाँको संवैधानिक राजतन्त्रको त लामो इतिहास छ । king can do no wrong भन्ने सिद्धान्त स्थापित गर्न त्यहाँ त दुई सय वर्षभन्दा बढी समय लागेको छ ।

बेलायतमा राजाको अधिकारलाई लिएर संसदभित्र चर्को विवाद र रक्तपातपूर्ण झगडा भएको थियो । राजाले समेत माफी मागेका थिए । तर हाम्रो संवैधानिक राजतन्त्र संसदभित्र भएको झगडाबाट प्रादुर्भाव भएको होइन । संसदभित्र संवैधानिक राजतन्त्रको बारेमा छलफल गर्न, राजालाई संसदभित्र पारेर राजतन्त्रलाई सिमित गर्न हामी असफल भएका हौं । हामीले राजाको अधिकार सिमित हुनुपर्छ भनेर संसदभित्र होइन, संसदबाहिर झगडा गर्‍यौं । अबदेखि राजाको अधिकार यत्ति हो र जनप्रतिनिधिको अधिकार यत्ति हो भनेर संसदबाहिरै हामीले प्याकेज डिल गर्‍यौं । त्यो प्याकेजभित्र राजा, संसद र पार्टीको ठाउँ यत्ति भनेर हामीले छुट्यायौं ।

हाम्रो संविधानलाई समझदारीको सिद्धान्तमा बनेको मात्र नभएर अविश्वासको सिद्धान्तमा समेत बनेको भन्न सकिन्छ । अर्थात् कसले कतिखेर धोखा दिन्छ भन्ने आशंकामा पनि यो संविधान बनेको छ ।

एउटा उदाहरण लिऊँ । नेपालको संसदको तीनवटा निकाय श्री ५, प्रतिनिधि सभा र राष्ट्रिय सभा हुन् । संसारभरिको मान्यता के हो भने देशको कानून बनाउने अन्तिम निकाय संसद अथवा व्यवस्थापिका हो । तर हामीकहाँ राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन बनाउने अधिकार संसदलाई छैन । त्यो अधिकार राजालाई दिइएको छ । हामीकहाँ राजा संसदको एउटा पक्षमात्रै हो, सम्पूर्ण पक्ष होइन । राजासमेत बसेको संसदलाई त्यो ऐन बनाउन नदिने काम भएको छ । यसको अर्थ के हो भने, संसदमाथि राजाको विश्वासको संकट छ ।

> हामीकहाँ राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन बनाउने अधिकार संसदलाई छैन । त्यो अधिकार राजालाई दिइएको छ । हामीकहाँ राजा संसदको एउटा पक्षमात्रै हो, सम्पूर्ण पक्ष होइन । राजासमेत बसेको संसदलाई त्यो ऐन बनाउन नदिने काम भएको छ । यसको अर्थ के हो भने, संसदमाथि राजाको विश्वासको संकट छ ।

भारतमा केही समयअगाडि मुख्यमन्त्रीले पेस गरेको उत्तरप्रदेशको विधानसभा विघटनको प्रस्तावलाई त्यहाँका राष्ट्रपतिले अस्वीकार गरेका थिए । त्यतिखेर मलाई एकजना विद्वान मित्रले सोध्नुभयो- "भारतमा त्यस्तो हुँदोरहेछ, नेपालमा चाहिँ किन नहुने ? राजाले प्रधानमन्त्रीको सिफारिसमा विचार गर्न किन नहुने ?" त्यसपछि मैले ती मित्रलाई भनें- "हामीले यी दुई देशको संवैधानिक इतिहासलाई हेर्नुपर्छ । भारतको राष्ट्रपति भनेको त्यहाँको व्यवस्थाले निर्माण गरेको संख्या हो । भारतको संवैधानिक प्रावधानभित्रबाट उत्पत्ति चीज हो त्यो । तर हाम्रो राजसंस्था हाम्रो संविधानबाट उत्पत्ति भएको होइन । संविधानभन्दा धेरै पहिलेदेखि निरन्तर रहँदै आएको हो र यसलाई संविधानले स्वीकार गर्‍यो, राजाले पनि संविधान स्वीकार गरे । संविधानभन्दा अलि बेग्लै विशिष्ट ठाउँ यसले पाएको छ । हिजोको हाम्रो अनुभवको कारणले गर्दा राजालाई स्वविवेकीय अधिकार भयो भने केही तलमाथि परिहाल्छ कि भन्ने हामीलाई शंका छ । त्यसकारण भारतको र नेपालको तुलना हुनसक्दैन ।"

हामीकहाँ एक-अर्काप्रतिको अविश्वास अहिले पनि यथावत् छ । बाह्र वर्षको संवैधानिक राजतन्त्रको अभ्यास गर्दागर्दै पनि मुलुकको राजनैतिक प्रक्रिया, राजनैतिक शक्ति र राजसंस्थाको बीचमा पारस्परिक विश्वास र सद्भाव बन्न सकेको छैन । कसरी बनाउने भन्ने समस्या छ ।

शुरूदेखि नै संकट क्रमशः बढ्दै गएको छ । समय लम्बिदै गएपछि संकट पनि गम्भीर बन्दै गहिरिँदैछ । अहिले पछिल्लो चरणमा संकट सबभन्दा गम्भीर रूपमा आइपुग्यो । प्रतिनिधिसभाको विघटन भयो । प्रतिनिधि सभाको विघटनलाई मानिसहरूले कांग्रेसभित्रको झगडाको उपज भन्छन् । सामान्य रूपले हेर्दा यो सही हो । तर मुलुकको राजनीतिलाई विश्लेषण गरेर हेर्ने हो भने प्रतिनिधि सभाको अहिलेको विघटन केवल कांग्रेसको झगडाको उपज होइन । यसको कारणको रूपमा माओवादी समस्यालाई ध्यान दिनुपर्छ ।

माओवादी समस्यालाई हेरेर संविधान संशोधनका कुराहरू आए । कांग्रेस, एमाले र राप्रपाहरू सबै आ-आफ्नो एजेण्डासहित संविधान संशोधनका लागि तयार भए । यस क्रममा कांग्रेस र एमालेका बीचमा मिल्ने धेरै एजेण्डाहरू आइरहेका थिए । यस क्रममा अबको संविधान संसोधनमा जनमत संग्रहको प्रावधान राख्नुपर्छ भन्ने अभ्यास भइरहेको थियो । यो कुरा पार्टीको माध्यमबाट खुलेर बाहिर आउनचाहिँ सकिरहेको थिएन । तर पार्टीहरूको पाइप लाइनमा यो विषय गम्भीर रूपमा प्रवेश गरिरहेको थियो । माओवादी समस्या समाधान गर्न यो विषय सबैभन्दा प्रभावकारी हुनसक्छ भनेर गम्भीर रूपमा यस्तो अभ्यास चलिरहेको थियो । तर यदि यो संविधानको संशोधन गर्ने हो भने त्यसलाई त्रिपक्षीय सहमतिका आधारमा नै गर्नुपर्छ भन्ने कुरा बीचैमा आयो । राजाको स्वीकृतिविना यो संविधान संशोधन हुनसक्दैन भन्ने कुरा त्यही क्रममा आयो । संविधान संशोधन गर्न यो संसद योग्य छ कि छैन भन्नेजस्तो प्रश्नवाचक कुरा पनि आयो । अचम्मलाग्दो कुरा, सामान्य संशोधन गरेर भए पनि

यो संविधान संशोधन गर्ने अधिकार संसदमा सुरक्षित राख्न चाहन्छौं भनेर कांग्रेसका नेताहरूले बोले । संविधानमा यससम्बन्धी कुरा स्पष्ट लेखिएको भए तापनि सो प्रावधान मृतपत्रको रूपमा परिणत हुनलागेको रहेछ । त्यो कुरा मृतपत्र (dead letter) होइन भन्ने स्थापित गर्नका लागि पनि संविधान संशोधन गर्नु जरूरी मानियो । यिनै कुराहरूलाई हुन नदिने क्रममा प्रतिनिधिसभाको विघटन गरिएको हो ।

पछिल्लो संकट यसरी आएको छ । यो सँगसँगै हामी प्रतिगमनको शंका र संभावना बढेर गएको देखिरहेका छौं ।

यस अवस्थालाई लिएर नागरिक समाजले बोल्नका लागि त्यस समाजको पनि दृष्टिकोण र गन्तव्य स्पष्ट हुनु जरूरी छ । यतिखेर जस्तो स्वरूपको भए पनि नेपालमा प्रजातन्त्र छ । हिजो पंचायतमा प्रजातन्त्र थिएन र हामीलाई प्रजातन्त्र चाहियो भन्न सजिलो थियो । अहिले त प्रजातन्त्रको आवरणभित्र दलीय स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, मौलिक हकहरूको ग्यारेन्टी आदि कुराहरू सबै छन् । तसर्थ अहिले हामीसँग गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, शेरबहादुर देउवा आदिले राम्ररी काम गर्न सकेनन् भनेर आलोचना गर्ने वा राजाको भूमिका बढी सक्रिय भयो भनेर आलोचना गर्नेबाहेक अरू कुराहरू छैनन् । त्यही भएकाले यतिखेर पार्टीहरूले पहिला बाटो पैल्याउनु पर्‍यो । उनीहरूले स्थापित गरेको राज्य-व्यवस्था ठीक बाटोमा गएको छ कि छैन राम्ररी भन्नुपर्‍यो । एउटा पार्टी वा व्यक्तिले त्यसको नकारात्मक उत्तर दिएछ भने त्यतिखेर नागरिक समाज सक्रिय हुनसक्छ, हुनुपर्छ । ०४६ सालमा पनि राजनीतिक शक्तिहरूले फागुन ७ गतेदेखि बहुदलीय प्रजातन्त्रको लागि आन्दोलन गर्छौं भनेपछि मात्रै नागरिक समाज आन्दोलनमा आगाडि आएको हो । त्यसकारण पहिला राजनैतिक एजेण्डा स्पष्ट भएपछि मात्रै नागरिक समाज अगाडि बढ्नसक्छ ।

नागरिक समाज जहिले पनि असंरक्षित (unprotected) हुन्छ । त्यसलाई राजनीतिक शक्तिहरूले नै राजनीतिक संरक्षण प्रदान गरेका हुन्छन् । त्यसकारण अहिले नागरिक समाजको बारेमा जुन गुनासाहरू आइरहेका छन्, त्यसको निम्ति राजनीतिक नेताहरू नै बढी जिम्मेवार छन् ।

जतिसुकै कमी-कमजोरी देख्दादेख्दै पनि हामी अहिले यो राज्य प्रणालीमा तुरून्त फेरबदल गर्नसक्ने अवस्थामा छैनौं । माओवादीले फ्याँकन खोजेजस्तो गरेर न यो प्रणाली फ्याँकिन्छ, न हामी यसलाई फ्याँकन चाहन्छौं । हामी यस प्रणालीमा भएका खराबीहरू हटाएर यसलाई सुदृढ पार्न चाहन्छौं । खराबीहरू हटाउने क्रममा हामी संविधानको संसोधन वा सुधार गर्नसक्छौं । अर्कोकुरा, हिजो धोका दिएको हुनाले माओवादीहरूले फेरि पनि धोका दिन सक्लान् भनेर चनाखो हुनुपर्छ, तर उनीहरूसँग वार्ताको ढोका बन्द गर्नु हुँदैन । एकचोटि धोका दिएकाले सँधैभरि धोका दिन्छन् भनेर माओवादीहरूलाई कसैले पनि दुत्कार्न हुँदैन ।

यतिखेर चुनाव भएन भने यो प्रणाली नै 'कोल्याप्स' हुन्छ । चुनाव हुन नसकेको राजनैतिक रिक्तता (vaccum)को अवस्थामा शक्ति राजाकहाँ सोहोरिने संभावना रहन्छ । हामी त्यतिखेर २००८ सालको अवस्थमा फर्कन्छौं । त्यसकारण कुनै पनि हालतमा राजनीतिको प्रवाहलाई त्यहाँ जान दिनुहुँदैन । चुनाव हुन दिनुपर्छ । त्यसपछिको प्रतिनिधिसभामा पहिलो एजेण्डाको रूपमा संविधान संशोधनको प्रस्ताव ल्याउने र त्यसमा जनमत संग्रहको प्रावधान राख्छौं भनेर हामीले माओवादीहरूलाई राजनीतिको मूलधारमा ल्याउन प्रेरित गर्नुपर्छ । संविधान संशोधनको प्रस्तावद्वारा जनमत संग्रहको प्रावधान राख्ने कुरामा संसदीय राजनीतिक पार्टीहरूमा एकमत भएमा आगामी चुनावमा माओवादीहरूबाट व्यावधान नहुनसक्छ । यो प्रणालीलाई सच्याउन पनि संविधान सुधार सबैभन्दा उपयुक्त तरिका हुनसक्छ भन्ने मलाई लाग्छ ।

> *म राजनीतिलाई विशुद्ध राजनीतिको रूपमा हेर्न चाहन्न । यसलाई म विकाससँग जोडेर हेर्न चाहन्छु । पंचायती व्यवस्था हटाएर हामीले यो व्यवस्था किन ल्यायौं ? के बोल्न नपाएको हुनाले मात्रै हो ? त्यतिखेर पनि जेल-नेल सहन सक्ने आँट भएकाले त बोलेकै थिए नि !*

## डा. पिताम्बर शर्मा

पहिलो कुरा,

तपाईंहरूले यहाँ प्रस्तुत गर्नुभएका राजनीतिक कुराहरूमा एक दुईमा मात्रै म असहमत छु, अरूमा सबैमा सहमत नै छु । त्यसैले तिनलाई म दोहोर्‍याउन चाहन्न । दोस्रोकुरा, म राजनीतिलाई विशुद्ध राजनीतिको रूपमा हेर्न चाहन्न । यसलाई म विकाससँग जोडेर हेर्न चाहन्छु । पंचायती व्यवस्था हटाएर हामीले यो व्यवस्था किन ल्यायौं ? के बोल्न नपाएको हुनाले मात्रै हो ? त्यतिखेर पनि जेल-नेल सहन सक्ने आँट भएकाले त बोलेकै थिए नि ! तर ती आम जनता, जो यस्तो आँट गर्न सक्दैनथे, जसका पीर-मर्काहरू मुखरित भैरहेका छैनन्, जसले बाँच्नको लागि पाउनुपर्ने न्यूनतम सुविधा पनि पाएको छैन, ती मान्छेहरूका निम्ति आवाज दिनका लागि व्यवस्था परिवर्तन गरिएको हो भन्ने मेरो व्याख्या छ ।

अहिले यहाँ प्रश्न उठे- राज्यको स्वरूप परिवर्तन भएन वा शासकवर्ग (ruling class) परिवर्तन भएन भनेर । कसरी होस् ? मलाई लाग्छ, यस्तो परिवर्तन गर्ने हाम्रो नियत नै थिएन । किन थिएन भने, २०४६ को हाम्रो संविधानमा कतिपय गाँठी कुराहरू हामीले उठाउँदै उठाएनौं । यसमा नेपाली कांग्रेस र वाममोर्चा दुवै दोषी छन् । नेपाली कांग्रेसको संसदीय प्रजातन्त्रसँगको मोह पनि विशाल थियो । यसले आफूले सोचेको प्रजातान्त्रिक पद्धतिको पनि विकल्प हुन्छ भन्ने कुरा सोच्दै सोचेन । वामपन्थीहरू चाहिँ प्रजातान्त्रिक आन्दोलनको जुन प्राप्ति छ, त्यो प्राप्तिबाट आफू शुरूमै बहिष्कृत हुँला भन्ने डरले तिनले ती विकल्पहरू अगाडि ल्याउने कामै गरेनन् । यो समस्याले गर्दा त्यतिखेर गाँठी प्रश्नहरू प्रस्तुत नै गरिएनन् । जस्तो : प्रजातान्त्रिक व्यवस्था कस्तो हुने ? संसदीय मात्रै हो कि अरू पनि छ ? हामीले प्रजातन्त्रको जुन वेस्टमिनिष्टर मोडेल अपनायौं, त्यसमाथि हामीले प्रश्न नै उठाएनौं । ५१ सिट जित्न नपाई त्यसरी जित्नेले सय जनालाई सोत्तर पारेर पेल्न सक्ने प्रावधानसहितको यो व्यवस्था नै के हाम्रा लागि ठीक थियो त ? बहुमत ल्याएर सत्तामा जान नपाई त्यसरी जानेको हालीमुहाली चल्ने भयो । ऊ सोझै टक्करमा उत्रन सक्ने भयो । त्यसैले सहमति (compromise) गर्न चाहने प्रकृयाको, संस्कृतिको त यहाँ विकास नै भएन । प्रजातन्त्रको वैकल्पिक मोडेलका बारेमा कुनै बादविवादै नहुनुको परिणाम हो यो ।



डा. पिताम्बर शर्मा

अर्को महत्वपूर्ण कुरा, सहमति के केमा जरूरी थियो भन्ने कुरा हो । नेपालका आधारभूत विकासका मूल मूल पक्षहरू के के हुन्, त्यो खुट्याएर त्यसमा कसरी सहमति कायम गरेर जाने ? यो सहमतिको खाका र ढाँचा कस्तो लिएर अघि बढ्ने ? -यो कुरामा हाम्रो ध्यानै गएन । संविधान बनाउँदा पनि यसबारे ख्याल गरिएन । यसमा फगत तीनवटा राजनीतिक शक्तिहरूको नितान्त राजनीतिक

सन्तुलनको मात्र हिसाब गरियो । राजनीतिको पृष्ठभूमिमा त जनताको विकासको माग थियो । ती मूलभूत विकासका मागहरूले स्थान नै पाएनन् । त्यसले गर्दा मुलुकलाई जरूरी मूल विषयमा सहमतिको प्रणाली नै बसेन यहाँ । संविधानले यस्तो सहमतिको पद्धतिलाई संस्थागत गर्ने काम नै गरेन । यसो भएपछि जो मान्छे अल्पमतमा छ, उसले आफ्नो स्वर अगाडि बढाउने ठाउँ नै पाएन । त्यसकारण हामी एउटा सम्झौताको संविधानको फन्दामा पर्‍यौं, जहाँभित्र राजा र सेनाजस्ता महत्वपूर्ण तत्वहरूको भूमिकाबारे जानीजानी अस्पष्टताहरू सृजना गरिए । त्यो अस्पष्टताको फाइदा ऐन मौकामा आफूले पनि लिन सकिन्छ कि भन्ने दाउ गर्दै तीनवटै शक्तिहरू यस मामलामा चुप लागे । त्यसैले जनताको विकासको मागका निम्ति जरूरी खास-खास संस्थागत निर्माणको निम्ति न जरूरी बादविवाद, संवाद भयो, न त्यसको व्यवस्था गर्ने सोच नै अघि बढाइयो ।

यसकारण ने.का.को पहिलो सरकार आयो, तर यसले प्रजातन्त्रको कुनै नजीर पनि कायम गर्नसकेन । प्रजातन्त्रमा नजीरको ठूलो महत्व हुन्छ । अगाडिको सरकारले जे गर्‍यो, पछाडिकोले पनि त्यसको नक्कल गर्न खोज्छ । ने.का.ले

**गिरिजाप्रसाद आउनुभयो, थुप्रै कर्मचारीलाई फाल्नुभयो, तिनले मुद्दा गरे, फेरि फर्केर आए । कर्मचारीतन्त्रलाई तह तलाउने अनेक उपयुक्त र सहज तरिकाहरू थिए ।**




विचारधाराको राजनीति हैन, केवल शक्तिको राजनीति गर्‍यो । टक्करको राजनीति गर्‍यो, सहमतिको गरेन । विचारधाराबाट न त नीति नै निर्देशित छ, न त कार्यक्रम नै र न त काम गर्ने प्रकृया नै ।

उदाहरणको रूपमा पनि म राजनीतिक उदाहरण दिन्न, विकासकै उदाहरण दिन्छु । हाम्रो संविधानको निर्देशक सिद्धान्तमा विकेन्द्रीकरणको ठूलो चर्चा छ । यसको महत्व अहिले पनि छ । अघि हाछेथुजीले नेपालको राज्य संचालनको ढाँचालाई एकात्मकबाट संघात्मकमा बदल्नुपर्छ भन्ने चर्चा गरिसक्नुभएको छ ।

हाम्रो प्रजातान्त्रिक अभ्यासको सबभन्दा ठूलो असफलता भनेकै विकेन्द्रीकरण क्षेत्रको असफलता हो । आर्थिक, प्रशासनिक र कार्यक्रमगत क्षेत्रमा अधिकार प्रत्यायोजन गर्न हामीले सकेको भए मोफसलका मानिसहरूको आवाज ठूलो हुन्थ्यो ।

सहभागितामूलक प्रजातन्त्र जरूरी छ भनेर हामी भनिरहेछौं, यो प्रजातन्त्र केन्द्रले ल्याउने हैन, यो त स्थानीय स्तरमा निर्मित हुन्छ । यही स्थानीय स्तरको आवाज जति ठूलो हुन्छ, त्यसले नै "माथि"ले काम गर्ने क्रियाको स्वरूप

**नेपालजस्तो देशमा बजारको अदृश्य हातको मातहतमा सबै कुरा छोड्ने नीति लिनु विल्कुलै गलत कदम थियो ।**

निर्धारण हुन्छ । यसबारे काम भएन । १२ वर्षपछि हालै आएर बल्लमात्र विकेन्द्रीकरण ऐन पास भयो । तर पास भएकै भोलिपल्ट त्यसलाई ठेगान पनि लगाइयो । यसैबाट थाहा हुन्छ- प्रजातान्त्रिक व्यवस्थाको सबैभन्दा ठूलो मर्म- विकास, त्यो मर्मप्रति कति असम्वेन्दशील रहेछ हाम्रो राजनैतिक प्रणाली ।

अर्को खराब कुरा यहाँ के गरियो भने, नोकरशाहीलाई राजनीतिकरण गरियो । objective oriented नोकरशाही नभएर राजनीतिकृत नोकरशाही बन्यो यहाँ । गिरिजाप्रसाद आउनुभयो, थुप्रै कर्मचारीलाई फाल्नुभयो, तिनले मुद्दा गरे, फेरि फर्केर आए । कर्मचारीतन्त्रलाई तह तलाउने अनेक उपयुक्त र सहज तरिकाहरू थिए । संसदले नोकरशाहीको साइजलाई सीमित गरिदिन सक्दथ्यो । जापानमा संसदले यसो गरेको छ । त्यहाँ कर्मचारी संख्या बढाउनुपर्‍यो भने एउटा अफिस नै घटाउनुपर्छ । साथै, नोकरशाहीलाई objective oriented बनाउनका लागि नोकरशाहीभन्दा बाहिरका योग्य मान्छेहरू जस्तो कि : विश्वविद्यालयका प्राध्यापकहरूलाई, अवकाश प्राप्त व्यवसायिक व्यक्तिहरूलाई नोकरशाहीको सल्लाहकार नियुक्त गर्नेजस्ता उपायहरू पनि अपनाउन सकिन्थ्यो । तर तिनले एक पैसा पनि लिंदैनन्, निश्चित पद हुन्छ, मन्त्रालय विभागको सल्लाहकार पद । तिनको सल्लाह महत्वपूर्ण र उपयोगी हुने गर्छ, जसले objective oriented बनाउन ठूलो भूमिका खेल्न सक्छ ।

यसबाहेक, यहाँ निर्वाचित ने.का.को पहिलो सरकारले र पछिका सबै सरकारहरू समेतले बोकेको उदारीकरणप्रतिको, बजारप्रतिको र निजीकरणप्रतिको अन्ध आस्था पनि एउटा महत्वपूर्ण समस्याको रूपमा रह्यो । नेपालजस्तो गरीब देशमा सरकारको मुख्य काम भनेको, सरल भाषामा भन्ने हो भने- धनीलाई बाटो देखाउने र गरीबलाई सहयोग गर्ने नै हो । यस्तो देशमा बजारको अदृश्य हातको मातहतमा सबै कुरा छोड्ने नीति लिनु विल्कुलै गलत कदम थियो । बजारको अदृश्य हातको कारण त यो देश गरीब भएका हो । यति साधारण कुरा पनि नबुझेर यही बजारप्रति नै जुन अन्ध आस्था राख्ने काम गरियो, त्यो हेर्न २०४६ पछि आएको पहिलो निर्वाचित सरकारको बजेट र मन्त्रीहरूका वक्तव्यहरू पढ्नुस् त । विश्वबैंक स्वयंले र अन्तर्राष्ट्रिय मुद्राकोष स्वयंले बजारप्रति जति विश्वास गर्छन्, त्योभन्दा पनि बढी विश्वास र आस्था हाम्रो सरकारले गर्‍यो । यसले गर्दा के भयो भने, राज्यको भूमिकाकै बारेमा ठूलो भ्रम उत्पन्न भयो । कुन कुरामा राज्यले बढी भूमिका खेल्ने, कुन कुरामा भूमिका नै नखेल्ने भन्ने कुरामा भ्रम पैदा भयो ।

यसको राम्रो उदाहरण दिऔं- शिक्षा क्षेत्रको । ९५ प्रतिशत नेपाली विद्यार्थीहरू पढ्ने सरकारी स्कूलको शिक्षालाई विगत १२ वर्षका सरकारहरूले ध्यान नै दिएनन् । उनीहरू सबैले नीजिकरणलाई मात्रै जोड दिए । मध्यमवर्ग र त्यसभन्दा माथिल्लो आर्थिक हैसियतका जनताले सेवा लिनसक्ने निजी क्षेत्रमा मात्र सरकारको ध्यान केन्द्रित हुँदा बहुसंख्यक आम नेपालीहरूको शिक्षा क्षेत्र- सरकारी क्षेत्र चौपट भयो । त्यसको वर्तमान हविगत हामीले आज देखेभोगेका छौं ।

यसैगरी, अर्को उदाहरण हेरौं । अहिले प्रत्येक दुई गा.वि.स.मा एउटाको दरमा देशभरि नै हेल्थ सेन्टरहरू छन्, तर स्वास्थ्यको आधारभूत समुचित सुविधा तिनमा पुर्‍याउन सकिएको छैन । कारण, सरकारको ध्यान नै छैन त्यतातिर ।

राज्य जनउत्तदायी नै भएन यी क्षेत्रहरूमा । राज्यलाई

जनउत्तरदायी गराउने भनेको स्थानीय तहबाटै हो । यस्तो जनउत्तरदायी बनाउने सोचै छैन पार्टीहरूमा । ने. का. वा एमालेका दस्तावेजहरू हेर्नुस्, पाउनुहुन्न तपाईं त्यस्तो सोच । उनीहरूले स्थानीय स्तरका आफ्नै कार्यकर्तालाई जनउत्तरदायी बनाएका छैनन्, यिनले राज्यलाई यस्तो के बनाउथें र ? खास खास गा.वि.स.मा स्कूलमा पढाइ भएन, स्वास्थ्य केन्द्रले सेवा दिएन भने कराउन जाने कसकहाँ ? सरकार त उही राणाकालको जस्तै प्रवृत्ति लिएर बाँचिरहेको छ । सरकार वा राज्यलाई जनउत्तरदायी बनाउने स्थानीय नागरिक समाजले हो । त्यो नागरिक समाजलाई बल पुऱ्याउने, त्यसलाई बलियो पार्ने, निर्माण गर्ने प्रक्रियातिर हामी लाग्दै लागेनौं ।

यी हेर्दा भने मसीना कुरा हुन् । प्रधानमन्त्रीको परिवर्तन गर्ने टाइपका ठूला देखिने कुरा हैनन् । तर यी कुराहरू ठीक ठाउँमा नभएरै हाम्रो आजको बेहाल संभव भएको हो ।

अर्को कुरा, नेपालको सबैभन्दा ठूलो समस्या भनेको आर्थिक पिछडापन र सामाजिक विकृतिहरू हुन् भन्ने कुरा सबैलाई थाहा छ । तर २०४६ पछि कुनै पनि पार्टीले ग्रामीण अर्थतन्त्रको संरचनालाई खास रूपमा परिवर्तन गर्नका लागि कुनै पनि नीति वा कार्यक्रम वा सोच नै ल्याएनन् ।

यसबाहेक थप महत्वपूर्ण पक्ष के पनि हो भने, यहाँ राष्ट्रिय एकीकरणको सवाल अझै हल भएको छैन । पृथ्वीनारायण शाहले जे जसरी पनि नेपालको जुन एकीकरण गरे, त्यसलाई विभिन्न रूपले हेर्न सकिन्छ । त्यसको एउटा प्रमुख सवाल आर्थिक एकीकरण थियो । पहाडमा खासै आर्थिक स्रोतहरू थिएनन्, त्यो तराईमा भने निक्कै मात्रामा थियो । पृथ्वीनारायण शाहको पालामा आम्दानीको सबैभन्दा ठूलो स्रोत पूर्वी तराई थियो । अहिले पनि तराई आम्दानीको राम्रै स्रोतको रूपमा रहेको छ । यसरी राजनैतिक सोच पहाडमा भैदियो, आर्थिक स्रोत तराईमा भैदियो । यी दुईका बीच सामञ्जस्य नहुनु हाम्रो एउटा ठूलै समस्या हो ।

यसैगरी, अर्को समस्या भनेको जनजातिहरूको समस्या हो । पचासौं जातजाति र भाषाभाषीहरू यहाँ छन् । अलग धर्म र संस्कार मान्नेहरू पनि छन् । पृथ्वीनारायण शाहको एकीकरण अभियान चाहिं नेपाललाई विशाल हिन्दू अधिराज्य बन्ने, बनाउने हिसावले अघि बढेको पाइन्छ । अंग्रेजहरूका विरूद्ध एउटा हिमालयन 'बफर' बनाउने उनको लक्ष्य थियो होला, तर बनाउन चाहिं यसलाई विशाल हिन्दू राज्यको रूपमा नै बनाइयो । त्यतिखेर पश्चिमका मल्लहरूको, खस राजाहरूको बौद्ध धर्मप्रतिको झुकावको समानान्तरमा पनि यसलाई उभ्याउने प्रयत्न गरिएको हो । त्यसकारण नेपालको तात्कालीन एकीकरणको एजेण्डा भनेको राष्ट्रकै एकीकरणको एजेण्डा थिएन, एउटा खास प्रकारको मान्यतालाई बोकेर, त्यो मान्यतालाई देशभरि स्थापित गर्ने क्रममा भएको एकीकरण थियो यो । त्यसलाई हामीले यसरी नै बुझ्नुपर्छ । राजनीतिक रूपमा यसबाट राम्रै भयो, नेपाल ठूलो भयो । तर त्यो एजेण्डाले उठाएका प्रश्नहरू जनजातीय सवाल, जातजाति, भाषाभाषीको कुरा, धर्म-संस्कारको कुरा, आर्थिक र राजनीतिक ताकतको कुरा, यी कुरालाई संवोधित नै गरिएन । संवोधन गर्ने प्रयत्न नै गरिएन । २०४६ को संविधानले केही कुराहरू कहींकहीं छोएको छ, तर कुन नीतिगत र व्यवहारिक रूपले कसरी यी कुराहरूलाई व्यवस्थित गर्ने भन्ने पक्षमा काम भएको छैन । त्यसैले यहाँ एकीकरणको सवाल २३३ वर्ष भैसक्दा पनि पूरा भएको छैन । छोडिएकोछोडियै रहेको छ । २०४६ पछिका सरकारहरूले यो बाँकी काम गर्लान् भन्ने अपेक्षा थियो, तर गरेनन् ।

> यहाँ राष्ट्रिय एकीकरणको सवाल अझै हल भएको छैन ।...त्यसको एउटा प्रमुख सवाल आर्थिक एकीकरण थियो । पृथ्वीनारायण शाहको पालामा... राजनैतिक सोच पहाडमा भैदियो, आर्थिक स्रोत तराईमा भैदियो । यी दुईका बीच सामञ्जस्य नहुनु हाम्रो एउटा ठूलै समस्या हो ।

२०४६ पछि हामीले प्रजातन्त्र पायौं भन्नुको अर्थ हो- अब जनताको आवाज, जनताको पीर-मर्का मुखरित हुनेछ । यो मुखरित भएको कुरा हाम्रा नीतिहरू र क्रियाकलापहरूमा प्रतिविम्बित भएका हुनुपर्थ्यो । तर यस्तो भएन । उहिले पंचायती शासनको पालामा झैं हाम्रा नीतिहरूमा जनताका हैन, दाताहरूका एजेण्डाहरू मात्रै प्रतिविम्बित भए, भोलि पनि यस्तो हुने संभावना धेरै छ । समष्टीमा यसको निचोड हुनुपर्‍यो- नेपाल अधिकांश गरीबहरूको देश, श्री ५ को सरकारकै तथ्यांकअनुसार पनि ४२ प्रतिशत मान्छेहरू यहाँ दिनको एक छाक राम्ररी खान पाउँदैनन् । ५० प्रतिशत मानिसहरूको आय दैनिक एक डलरभन्दा कम छ ।

यसरी यो गरीबहरूको देश हो । यस्तो देशको सरकारलाई त यी गरीबहरूले विश्वास गर्नुपर्थ्यो नि ! "यो सरकार त मेरा लागि हो भनेर ती गरीब जनताले मान्नसक्ने हुनुपर्थ्यो । यस्तो स्थिति यहाँ भएन । हो, यहीनेर माओवादीको कुरा आउँछ । यो राजनीतिक ग्याप, यो विकासात्मक खाली ठाउँ, यो एकीकरणको बाँकी भएको असंवोधित एजेण्डाको फाइदा कसले लियो ? हो, यो फाइदा लियो- माओवादीले । त्यसैले मलाई लाग्छ, माओवादीको सन्दर्भलाई यो राजनैतिक-आर्थिक एजेण्डाको भ्याकुमसँग जोडेर हेर्नुपर्छ । त्यसैले शुरूमा नन-एजेण्डा भएका माओवादीहरू अहिले राष्ट्रकै प्राथमिक एजेण्डा भएर आएका हुन् ।

विकास र राजनीतिको अन्तरसम्बन्धबारेका यी जुन कुराहरू मैले गरें, त्यसका सन्दर्भमा विगतमा हामीद्वारा के गल्ती भयो भनेर हेर्नु आवश्यक छ ।

यदि हामीले यस्तो व्यवस्था ल्याएको भए के हुन्थ्यो ? -संसद छ, त्यो संसदमा पार्टीहरूले जति जति सिट ल्याएका छन्, त्यही अनुपातमा मन्त्रीमण्डलमा उनीहरूको प्रतिनिधित्व हुने । यो व्यवस्थामात्रै भइदिएको भए पनि अहिलेको भन्दा यो निक्कै राम्रो व्यवस्था हुन्थ्यो । विजेताले सम्पूर्ण कुरा हत्याउन पाउने छुट हुँदैनथ्यो र मुख्य कुरा, पार्टीले आफ्नो एजेण्डामाथि जोड दिन पाउँथ्यो ।

गाँठी कुरा के भने, हाल हाम्रो व्यवहारमा चालु जुन संसदीय व्यवस्था छ, मलाई लाग्छ- यो असफल भएको छ । अहिलेको यो वेष्ट मिनिष्टर शैलीको जुन संसदीय व्यवस्था छ, त्यो असफल भएको छ, कम्तिमा पनि शासनको सन्दर्भमा (in terms of governance) यो असफल भएको छ । संसद नै असफल हैन । बरू अब संविधान सभा वा जनमत संग्रह वा अरू माध्यमबाट प्रजातन्त्रलाई थप प्रतिनिधित्वमूलक बनाएर, नेपालको समस्यालाई हेर्न सक्ने, नेपालको समस्याप्रति संवेदनशील वैकल्पिक प्रजातन्त्र कसरी ल्याउन सकिएला भन्ने बारेमा गम्भीरतापूर्वक सोच्नु एकदमै आवश्यक छ । तर दुःखको कुरा के भने, यो सोचको त के कुरा, यो सोच्ने कुरालाई आफ्नो एजेण्डामा राख्न पनि तयार छैनन् यहाँका राजनीतिक पार्टीहरू । मलाई लाग्छ, यो एजेण्डा पहिल्याउन सकेमा माओवादीसँग डिल गर्ने निकास पनि सायद निस्कन सक्ला ।

गल्ती के भयो ? उपलब्ध बाटाहरू के के



*डा. पिताम्बर शर्मा*

छन् ? हामीले छान्ने बाटो कुन हुनुपर्छ भन्नेबारेमा मलाई यहाँ बोल्न भनिएको छ । म के सोच्छु भने, हामीले ठूला ठूला राजनैतिक कुरा जे जे गरे पनि अहिलेको गाँठी समस्याको जरो भनेको चाहिँ माओवादीसम्बन्धी समस्या नै हो । किनभने आर्थिक-राजनीतिक भ्याकुममा उनीहरूले पौडी खेले । पछि आफैंले विकासको संरचना भत्काउने जस्ता अलोकप्रिय काम आफैं गरेर र कतिपय त उनीहरूभित्र घुसपैठ पनि होला कि, ती कारणहरूले उनीहरू जनताबाट टाढा हुन पनि पुगेका छन् । तर पनि समस्या त यथावत् नै छ । यो स्थितिमा हाम्रो अगाडि के विकल्प छ त ?

माओवादीका सन्दर्भमा एउटा सहमतिको राजनैतिक समाधान खोज्नुबाहेक अरू उपाय वा बाटो छ भन्ने मलाई लाग्दैन । राज्य असफल भएर करीब करीब कोल्याप्स नै भएको स्थिति हो आजको हाम्रो स्थिति । बिरामी मान्छेमा एउटा एउटा प्रणाली ध्वस्त हुँदै गएपछि आखिरमा मुटु चल्न छाडेपछि ऊ मरेको ठहरिन्छ भनेजस्तै राज्यका प्रणालीहरू ध्वस्त हुँदैहुँदै गएका छन् । यस स्थितिमा सहमतिको राजनीति गर्नुबाहेक अरू विकल्पै छैन । यसको अर्थ, माओवादीलाई पूर्ण विश्वास गरिएको हैन, तर माओवादीहरू पनि वर्तमान स्थितिको फाइदा लिन आतुर देखिन्छन् । दुवै अर्थमा- थप फाइदा लिन पनि, वा सहमतिमा आउन पनि । उनीहरूलाई हामीले यो रूपमा बुझ्नुपर्छ ।

यो गर्नका निम्ति आवश्यक छ- एउटा सहमतिको बाटो खोज्नु । वार्ताको कुरै गर्दिन भन्ने, गरे पनि बादलसँग मात्रै वार्ता गर्छु भन्ने प्रकारका वाइहात कुराहरू राज्यले गर्ने कुरा होइन । प्रचण्डले पनि प्रज्ज्वल शमसेरसँग मात्रै वार्ता गर्छु भने भने के हुन्छ ? राज्यले त बाटो पो खोज्नुपर्छ । अर्को पक्ष डाँका नै भए पनि त राज्यले बाटो खोज्नैपर्छ त । त्यसमाथि, माओवादी त राजनैतिक एजेण्डा बोकेर आएका छन् । एउटा घरमा बाबुआमाले आफ्नो कुनै क्रुद्ध सन्तानसँग कुरै गर्दिनँ भन्नु मिल्दैन भनेझैं राज्यले कुनै पनि खाले विद्रोहीसँग कुरै गर्दिनँ भन्नु मिल्दैन ।

बरू माओवादीसँग सम्वाद गर्ने कुराहरू कुन कुन हुनसक्छन् ? यसबारे मूर्त संभावना खोजिनु पर्छ । राज्य र राजनैतिक पार्टीहरूले यो काम गर्नुपर्छ । मलाई लाग्छ, माओवादीसँगको संवाद तीनवटा कुरामा केन्द्रित हुन संभव छ ।

पहिलो कुरा हो- अवधारणा (perception) ।

मैले अघि भनें, हाम्रो वर्तमान संसदीय प्रणाली असफल भयो । संवैधानिक सुधार अब एकदमै जरूरी भयो । यो प्रणालीलाई सुधार्न (rectify गर्न) पनि यो सुधार चाहिन्छ । त्यो सम्वैधानिक सुधारले हामीलाई अब कुन प्रकारको राजनैतिक प्रणाली चाहिने हो, त्यसलाई प्रतिविम्बित गर्नुपर्छ । २०४६ सालको जनआन्दोनलका उपलब्धीलाई कसरी रक्षा र सुदृढ गर्ने भन्ने कुरामा पनि यस सन्दर्भमा सचेत हुनुपर्छ । जहाँसम्म राजाको भूमिकाको सवाल छ, मलाई के लाग्छ भने- प्रजातान्त्रिक व्यवस्थामा राजाले आफ्नो उपादेयता आफैंले प्रमाणित गर्नुपर्छ । राजाको उपादेयता जनताले प्रमाणित गर्ने हैन । सम्वैधानिक सीमाभित्र बसेर, प्रजातान्त्रिक आचरणअनुसार व्यवहार गरेर राजाले नै गर्नुपर्ने काम हो यो । जनताले प्रमाणित गर्नुपर्छ भन्ने खालको कुरा सामन्ती व्यवस्थामा, पंचायती व्यवस्थामा थियो होला, तर अहिले प्रजातान्त्रिक व्यवस्थामा त्यस्तो हुन सक्दैन । यो व्यवस्थामा आएर पनि जनताले नै राजाको उपादेयता प्रमाणित गर्नुपर्छ भन्ने हाम्रा नेताहरूको मानसिकता एकदमै गलत मानसिकता हो । यसमा नेताहरू प्रष्ट हुनुपर्छ र उनीहरूले प्रष्ट शब्दमा यो कुरा भन्न सक्नुपर्छ । किनभने, अधिकार भनेको बोलेमा मात्र पाइन्छ । नत्र यो अन्यत्रै बढ्दै बढ्दै जान पनि सक्छ ।

माओवादीसँगको सम्वादको सन्दर्भमा दोस्रो जरूरी कुरा हो- प्रगतिशील राजनीतिक, आर्थिक सुधारको एजेण्डा र कार्यक्रम । यस्तो कार्यक्रमप्रति सम्वेदनशील हुन माओवादीलाई पनि करै लाग्छ भन्ने मलाई लाग्छ ।

अर्को पक्ष हो- माओवादीलाई अहिलेको राजनीतिक मूलधारमा ल्याउन चाहिने राजनैतिक पाइलाहरूको प्रसंग । ती पाइलाहरू के के हुनसक्छन् त ? -यसबारे राजनीतिक पार्टीहरूबीच सहमतिको विकास हुनुपर्‍यो । माओवादीको खास अडान के हो, त्यसबारे प्रष्ट थाहा हुनुपर्‍यो । र, अर्को कुरा, माओवादीको राष्ट्रियता र राष्ट्रवादको जुन भावना हो, त्यसलाई हामीले चुनौति दिनुपर्‍यो । नेपाली राष्ट्रियता र यो राष्ट्र नरहे माओवादी पनि रहँदैन, रा.प्र.पा.समेत पनि रहँदैन । कोही पनि रहँदैन । उनीहरू यसबारे व्यवहारमा कसरी संवेदनशील छन् त ?- यो चुनौति उनीहरूका सामु गतिलोसँग राख्नुपर्‍यो । यसले उनीहरूलाई कतिपय मामलामा व्यवहारिक र लचिलो बन्न बाध्य पनि पार्न सक्छ भन्ने मलाई लाग्छ ।

यसरी मात्रै वर्तमान राज्यलाई सम्पूर्णतः ध्वस्त हुनुबाट बचाउन सकिएला भन्ने मलाई लाग्छ ।

तर म देख्छु- यसमा मुख्य भूमिका वामपन्थीहरूको हुनसक्छ । तर क्रान्ति र संसदका सम्बन्धबारे वा संसदीय वा प्रजातान्त्रिक व्यवस्थाबाट कुन प्रकारको क्रान्ति संभव छ भन्ने कुराको खाका नेपालका वामपन्थीहरूले तयार गरेका छैनन् । त्यो खाका प्रष्ट रूपमा अगाडि आउनु जरूरी छ । एमालेको सन्दर्भमा यो कुरा मैले अगाडि पनि उठाएको छु । यो कुरा हर वामपन्थी पार्टीहरूको सन्दर्भमा लागू हुन्छ । अहिलेको व्यवस्थालाई जस्ताकोतस्तै राख्ने हो भने त यसको मूल धारमा माओवादी नै आयो भने पनि ऊ पनि अरूजस्तै भएर निस्कन्छ । श्री ३ चन्द्रको शासनमा सबै चन्द्र शमशेरजस्तै भएझैं हुन्छन् उनीहरू पनि ।

> वार्ताको कुरै गर्दिन भन्ने, गरे पनि बादलसँग मात्रै वार्ता गर्छु भन्ने प्रकारका वाइहात कुराहरू राज्यले गर्ने कुरा होइन । प्रचण्डले पनि प्रज्ज्वल शमसेरसँग मात्रै वार्ता गर्छु भने भने के हुन्छ ? राज्यले त बाटो पो खोज्नुपर्छ ।

## श्याम श्रेष्ठ

यहाँ वर्तमान राज्य असफल भएको कुरा आयो । यसमा नेपाल एक्लै छैन, दाताहरू पनि जिम्मेवार छन् भन्ने कुरा पनि आयो । वास्तवमा राज्य यसरी असफलै हुनुमा हाम्रो देशमा अबलम्बन गरिएको आर्थिक उदारवाद कति जिम्मेवार छ ? यसबारे पनि तपाईंहरूको ठोस विचार आउनु उपयोगी होला ।

## कृष्ण खनाल

मेरो आफ्नो अध्ययनको क्षेत्र त हैन, तर पनि गत १२ वर्षहरूलाई अवलोकन गर्दा के देखिन्छ भने, अहिलेको असफलतामा एउटा जिम्मेवार पक्ष भनेका दाता एजेन्सीहरू पनि हुन् ।

दुई कारणले यिनीहरू जिम्मेवार छन् । एउटा, उनीहरू नेपाली भनेका केही जान्दै-जान्दैनन्, यिनलाई हामीले नै डोऱ्याएर लैजानु पर्छ भन्ने ठान्दछन् । नेपालमा आउने दाता एजेन्सीका अधिकांश प्रतिनिधिहरू खासै गुणस्तरयुक्त

मान्छेहरू नहुने रहेछन् । आफ्नो मुलुकमा उनीहरू यहाँजस्तो सुविधा र जिम्मेवारी पाउने हैसियत नै राख्दैन । तीभन्दा त नेपालकै विशेषज्ञहरू हजारौं गुना गुणस्तरीय छन् । तिनले हामीलाई बाटो देखाइरहनु जरूरी नै छैन । हामी आफैं सक्षम छौं । तर भैरहेछ के भने, उनीहरू पैसाको थैलोको आडमा हामीभन्दा धेरै जान्ने बनेर हामीलाई डोऱ्याउन हिडिंरहेका छन् । हाम्रा पेशागत समुदायहरूले पनि थोरैले बाहेक तिनैलाई ठूला मान्छे बनाएका छन् । एउटा सामान्य विदेशी कन्सल्टेण्टको पनि हाम्रा ठूलठूला नेताहरूसँगको सम्पर्क अत्यन्त सहज छ । सामान्य भेटघाटकै भरमा पनि सजिलै "हुन्छ" भनी कमिटमेन्ट गरिदिन्छन् । ती नेताहरूलाई उनीहरू नै जान्ने मान्छे हुन् भन्ने लागिरहेछ । यो पृष्ठभूमिमा ती विदेशीहरू आफूले हालसम्म पाइआएको प्रिभिलेज गुमाउन चाहँदैनन् ।

अर्को कुरा, दाताहरूको विकासे मोडेलमा हामी गत १२ वर्ष हिंड्यौ र असफल भयौं । उनीहरूका अधिकांश प्रोजेक्टहरू हेर्ने हो भने हामी पाउँछौं- उनीहरूले जोड दिएको मुख्य कुरा स्थानीय जनताको शसक्तीकरण भन्ने नै छ । तर सशक्तीकरण ज्यादा नै एकतर्फी (सेक्टरियन) देखिन्छ । पिछडिएको समूहलाई समाजमा अगाडि ल्याउने भन्ने कुरा ठीक छ । तर त्यो समूह एक्लै छैन यहाँ । यहाँको सामाजिक संचरना यस्तो छ कि यहाँको सानै गाउँ पनि मिश्रित छ । जनजाति होलान्, अलिकति दलित होलान्, दुई चार घर बाहुन क्षेत्री होलान् । पहाडका हाम्रा ठाउँहरूमा बाहुन वा दलित नभएको गाउँ नै नहोला । हाम्रो परंपरागत सामाजिक-आर्थिक व्यवस्था यस्तै मिश्रिततामा चल्दै आएको छ । यो ढाँचाको समाजमा र सामुदायिक दृष्टिकोणको सन्दर्भमा उनीहरूको सशक्तीकरण कार्यक्रम समग्र समाजमुखी हुन सकेको छैन । ठीक छ- लक्ष त दलित वा पछाडि परेको वर्ग वा समुदाय नै हुनुपर्छ, तर त्यस समाजमा बाहुन, क्षेत्री पनि त अशिक्षित होलान् नि, शोषकहरू पनि त अशिक्षित होलान् नि । उनीहरूलाई शिक्षित र सचेत गराउन सकेमा पनि त शोषण नै कम हुन्थ्यो होला ।

यो दृष्टिकोण नै यहाँ अपनाइएन । दाताहरूको कन्सल्ट्यान्टन्सी यसरी खण्डित खालको रह्यो । ल्याटिन अमेरिका वा अफ्रिकामा परीक्षण गरेको दृष्टिकोण नेपालमा फिट हुन्छ नै भन्ने के ग्यारेन्टी छ र ? तर उनीहरू फिट गरिदिन्छन् । अनि असफलता हातलागी हुनु स्वभाविक छ ।

अर्को कुरा, दाताहरू राजनीतिमा बढी चासो दिने गर्छन् । राजनीतिमा उनीहरू बढी हावी भए । शासन संचालन "गभरन्यान्स"लाई त उनीहरू आफ्नो क्षेत्र नै मान्छन् । शासनको विभिन्न तहमा उनीहरूले औपचारिक प्रनितिधित्व गर्दै बेलाबेलामा लिखित मेमोऱ्याण्डम प्रधानमन्त्रीको तहसम्म दिने गरेको हामी पाउँछौं । उनीहरूले कन्सल्ट्यान्ट र एकाउण्टेण्टको नियुक्ति एवं सरूवादेखि ठेकेदारको चयनसम्मका विषयमा गहिरो चासो देखाएर कतिपय मिनामसिना कुराहरू समेतमा आपत्ति प्रकट गर्ने र दवाव दिने काम गरेको उदाहरण पनि नभएका होइनन् । सबै कुरा हामीलाई नै थाहा छ, नेपालीहरूलाई केही थाहा छैन, हामीले भनेको जे पनि तिमीहरूले मान्नुपर्छ भन्ने खालको उनीहरूमा भएको दृष्टिकोणको परिचायक हो यस्तो घटना ।

नेपालको यथार्थका बारेमा त हामी नेपालीलाई नै पो बढी थाहा हुन्छ त, यसमा त हाम्रो ठम्याइ पो निर्णायक हुन्छ त । तर उनीहरू यसरी सोच्दैनन् ।

कतिले हाल शेरबहादुरले कांग्रेस फुटाएर ठूलै हिस्सालाई प्रभाव पार्ने ठम्याएका थिए । अहिले 'हैन रहेछ' भन्ने बुझ्न थालेका छन् । लण्डनको दातृ समूहहरूको वैठकमा पनि यो कुरा प्रतिविम्बित हुन पुगेको देखिन्छ । शायद यही कुरा बुझेर कांग्रेस एक होओस् भन्ने दाता समूहको चाहना देखिन्छ । यही बुझेर धेरैले कांग्रेस एक हुनु पऱ्यो भन्ने आवाज उठाए । मैले यो कुरा यहाँ उठाएर भन्न खोजेको कुरा के हो भने, नेपालको बारेमा, यहाँको स्थिति, आवश्यकता र राजनीतिबारे हामी नेपालीले जत्ति जान्दछौं, विदेशीले त्यति जानेका हुन्नन् नि । उनीहरूको सतही ज्ञानको भरमा उनीहरूले हामीलाई डोऱ्याउनु ठीक हुन्न ।

> कतिले हाल शेरबहादुरले कांग्रेस फुटाएर ठूलै हिस्सालाई प्रभाव पार्ने ठम्याएका थिए। अहिले ...हैन रहेछ भन्ने बुझ्न थालेका छन्। लण्डनको दातृ समूहहरूको वैठकमा पनि यो कुरा प्रतिविम्वित हुन पुगेको देखिन्छ।

१९८१ तिर डा. चैतन्य मिश्रले मलाई अचानक सोध्नुभएको थियो- "नेपालमा विदेशी सहयोग बन्द भए के हुन्छ ?" मैले भनें- "छिट्टै क्रान्ति हुन्छ ।" कारण, सहयोग विनाको नेपाल त हामीले कल्पना नै गर्ने गरेका छैनौं । सबैतिर बजेट नभएपछि हाम्रा सुविधा र तलब काटेर पनि राज्यले सेनाको तलब त खुवाउँछ । तब हामी पनि त क्रान्तितिर लाग्छौं नि । मैले यो भनें त्यतिखेर । मलाई लाग्छ, आज पनि यथार्थमा हामीलाई प्राप्त हालका विदेशी सहयोगहरूमध्ये ९० प्रतिशत नभए पनि देश चल्छ । नेपाल बनाउने हो भने विदेशी सहयोगका बारे हामीले गम्भीरतापूर्वक सोच्नैपर्छ ।

## डा. महेश मास्के

तर यस्तो त त्यतिखेर मात्र संभव होला जतिखेर यहाँको शाषक वर्ग, यहाँको राजनीति र यहाँको शासन जनतामाथि आधारित हुन्छ । र, यसले जनतामा निहित संभावनाहरूलाई परिचालित गर्न सक्छ । यस्तो गर्न सकेका छैनन् यहाँका शासकहरूले ।

अघि डा. पिताम्बरले भन्नुभयो- २०४६ को परिवर्तनबाट शासक वर्ग नै परिवर्तन हुने स्थिति त छँदै थिएन । अनि उहाँले भन्नुभयो- राज्यको काम धनीलाई बाटो देखाउने र गरीबलाई सघाउने हो र यो काम यहाँको राज्यले गरेन । यो गरेन भन्ने उहाँको भनाइमा मेरो प्रश्न के भने, यस्तो खालको अपरिवर्तित राज्यले यस्तो काम कसरी गर्नसक्छ ? त्यसकारण हामीले राज्यबाट धनीलाई बाटो देखाउने काम र गरीबलाई सहयोग हुने अपेक्षा राख्ने हो भने, राज्यको त्यो संरचनालाई नै परिवर्तन गर्नुपऱ्यो । त्यो परिवर्तित राज्यले आफ्नो जनतामाथि भर परेर योजनाहरू बनाउने, संभावनाहरू खोज्ने र विदेशी ऋणमा भर नपर्ने स्थिति तयार गर्नुपऱ्यो । तर वर्तमान राज्य भने, जनता परिचालित हुन्छ कि, जनताभित्र रहेका शक्तिहरू बाहिर आउँछन् कि भनेर त्रस्त भएको छ र ऊ त्यसलाई रोक्न खोज्छ । अनि अर्कोतिर, त्यसरी रोकेपछि पैदा हुने राजनैतिक-आर्थिक गतिरोध चिर्न भनेर विदेशी ऋण र दान ल्याएर आपूर्ति गर्छ । जनउत्तरदायी सरकार नभएपछि त्यसैमा पनि भ्रष्टाचार हुनथाल्छ । त्यसकारण मलाई के लाग्छ भने, खनालजीले भन्नुभएझैं हामी आफूमै टिक्नसक्ने बन्ने हो भने जन आधारित राज्य निर्माण हुनुपर्छ । यो कसरी निर्माण हुनसक्छ भन्नेमा हाम्रो ध्यान र खोजी जानु पर्दछ । ☐

*(बाँकी आगामी अंकमा)*

# के रोग लागेको हो नेपाली फुटबललाई ?

**गणेश थापाको दुर्भाग्य भनौं वा गीता राणाको सौभाग्य, त्यतिबेला शिक्षा तथा खेलकूद राज्यमन्त्री दिलेन्द्र वडु गणेश थापाको शैलीसँग असन्तुष्ट थिए**

■ सीताराम अग्रहरि

वि. सं. २०५७ साल जेठ महिना नेपाली फुटबलका लागि एउटा यस्तो मोड थियो, जहाँबाट शुरू भएको विवाद अहिलेसम्म थामिएको छैन । अखिल नेपाल फुटबल संघ (एन्फा)को पाँच वर्षेकाल सकिन ६ महिना जति बाँकी थियो । त्यतिबेला ललितपुर, सातदोबाटो नजिक नयाँ एन्फा कम्प्लेक्स बनिसकेको थियो । एन्फा अध्यक्ष गणेश थापाले तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई नवनिर्मित एन्फा कम्प्लेक्सको अवलोकन गराएर नयाँ निर्वाचनमा आफ्नो 'पुनःउम्मेदवारीको अनुमोदन' गराइसक्नु भएको थियो । रा.प्र.पा. नेता रविन्द्रनाथ शर्माको साइनोमार्फत् शिक्षा तथा खेलकूद मन्त्री आमोदप्रसाद उपाध्यायको 'स्वीकृति' लिइसकिएको थियो । राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्य सचिव विनोदशंकर पालिखेलाई समेत सहमतिमा लिइसकेर एन्फाको पाँच वर्षीय नयाँ तर गोप्य निर्वाचनको चाँजोपाँजो मिलाइसकिएको थियो । यस निर्वाचनमा पुराना कैयौंलाई हटाएर गोप्य ढंगले नयाँ कार्यसमिति गठन गरिने श्री थापाको योजना थियो । सबै ठाउँमा मिलाएर जेठ २७ र २८ गते उक्त कथित निर्वाचन गरिने भएको खबर थापाकै विश्वासपात्रहरूबाट चुहिएपछि तात्कालीन एन्फा सदस्य गीता राणाले सर्वोच्च अदालतबाट स्थगन आदेश जारी गराई उक्त निर्वाचनलाई रोक्न सफलता पाउनुभयो । त्यसपछि शुरू भएको एन्फा विवाद अहिलेसम्म थामिएको छैन ।

गणेश थापाको दुर्भाग्य भनौं वा गीता राणाको सौभाग्य, त्यतिबेला शिक्षा तथा खेलकुद राज्यमन्त्री दिलेन्द्र वडु गणेश थापाको शैलीसँग असन्तुष्ट थिए । तर उनलाई प्रधानमन्त्री र खेलकूद मन्त्रीको सामुन्ने खुलेर आउन समस्या थियो । पछि पत्र-पत्रिकामा यो खबर आयो र अदालतले पनि पदावधि नसकुन्जेल चुनाव नगर्नू साथै निर्वाचित पदाधिकारीलाई नचलाउनू भन्ने आदेश दियो । त्यसबीच राजनीतिक दाउपेच तीव्र भयो । गणेश थापालाई पदावधि सकिने बित्तिकै राखेपले आफूलाई हटाउने डर थियो भने राखेपलाई गणेश थापाले अकस्मात कतै लुकेर एन्फा निर्वाचन गराउलान् कि भन्ने आशंका थियो । गोप्य निर्वाचनको भण्डाफोर भएपछि राजनीतिक, पार्टीगत दाउपेच, कसरतहरू भए । आग्रह, भनसुन, दवाव यहाँसम्म कि गणेशलाई सघाएमा गिरिजाप्रसाद कोइरालालाई राप्रपाले सहयोग गर्ने चर्चा पनि सुनियो । तर गणेशको बाटोमा सबभन्दा ठूलो बाधा राज्यमन्त्री दिलेन्द्र वडु थिए । भनिन्छ, मन्त्री वडुले अन्त्यमा निष्पक्ष निर्वाचन गराउन सहमति जनाएका थिए । आफूले पक्षपात नगरी निर्वाचन गराउने र जो जिते पनि मान्नुपर्ने शर्त उनले रोखका थिए । तर थापालाई डर थियो- कतै तरूण दलको भरमा यो आफूलाई हराउने चाल त होइन ? उनी तयार भएनन् । यसैबीच एन्फाको निर्धारित पदावधि सकियो र उता एन्फाका ३१ मध्ये २१-२२ जना पदाधिकारीले विद्रोह गरेपछि राखेप अध्यक्ष तथा मन्त्री आमोद उपाध्यायको अध्यक्षतामा बसेको बैठकले गीता राणाको अध्यक्षतामा एन्फाको नयाँ कार्यसमिति गठन गऱ्यो । यसैबीच एशियाली फुटबल महासंघ (एएफसी) का प्रतिनिधि मणिलाल फर्नान्डो नेपाल आए । बाहिरबाट फर्नान्डो मेलमिलापका लागि आएका हुन् भन्ने प्रचार थियो । तर गोप्य रूपमा उनी गणेश थापालाई टीका लगाउन आएका थिए । त्यसपछि नेपालमा दुईवटा एन्फा भयो, एउटा सरकार समर्थित, अर्को एएफसी र फिफा समर्थित ।

वास्तवमा नेपाली फुटबलमा देखापरेको विवाद उतिखेर नै मिल्न सक्थ्यो, तर एएफसीको भूमिका अभिभावकको नभएर पूर्वाग्रही र राजनीतिक भएको हुनाले यो विवाद बढ्दै गयो । एन्फा कम्प्लेक्समा गीता राणा समूहको कब्जा भयो भने गणेश थापालाई एएफसी महासचिव पिटर भेल्लपनको आशीर्वाद थियो । तर एक किसिमले सरकारी एन्फा भएर पनि गीता राणा समूहको एन्फालाई सरकारी संरक्षण प्राप्त थिएन । मन्त्री आमोद उपाध्याय गीता राणाका विरोधी थिए भने शुरूमा गणेश थापाविरोधी राखेप सदस्य सचिव विनोदशंकर पालिखे गीता राणाका कट्टर विरोधी हुँदै गए । पालिखे स्वयंको आँखा एन्फा अध्यक्षको कुर्सीमा थियो । यसले गर्दा गीता राणाको एन्फा एकातिर सरकारी एन्फा भनेर बदनाम पनि भयो, अर्कोतिर सरकारबाट कुनै सहयोग, संरक्षण पनि त्यसले पाउन सकेन । यो कठिन समयमा गीता राणा र तिनका केही संकल्पशील सहयोगीले एन्फा धान्दै रहे । खासगरी आर्थिक मामिलामा एन्फाको आर्थिक बोझ गीता राणाको एक्लो काँधमा थियो । उता गणेश थापासँग फिफाबाट आएको अथाह रकम थियो । अप्ठ्यारो दुवैलाई थियो । थापासँग पैसा थियो भने राणासँग राष्ट्रिय मान्यता, मैदान र कार्यक्रम । विवाद बढ्दै गइरहेको अवस्थामा सिंगापुरमा बसेको एएफसी बैठकले नेपाल ओलम्पिक कमिटिका अध्यक्ष रूक्म शमशेर राणाको संयोजकत्वमा गीता राणा, गणेश थापा र राखेप तीनै पक्षलाई राखेर निर्वाचन गराउन 'म्यानडेट' दियो । तर कुन्नि के कारणले भयभीत भएर गणेश थापाले २०५८ साल कार्तिक २४ गते फ्याक्सबाट पत्र-पत्रिकालाई सूचना गरी होटल शहंशाहमा एकतर्फी रूपमा कार्तिक २५ गते एन्फा केन्द्रीय कार्यसमितिको निर्वाचन हुने सूचना दिए । यद्यपि एएफसी पर्यवेक्षलाई नेपाली प्रेसले सोधेको जवाफमा आफूहरू निर्वाचन गराउन नआएको र पर्यवेक्षकमात्र भएको जनाएका थिए । तैपनि एएफसीले त्यसलाई मान्यता दियो । हाँसउठ्दो कुरा के थियो भने यसअघिको एन्फा कार्यसमिति यदि वैध थियो भने एएफसीले एक वर्ष जतिमै अर्को कार्यसमिति गठन गर्न किन आवश्यक ठान्यो ?

यो निर्वाचनमा स्वयं एएफसीले तीनवटै पक्ष सामेल नभए मान्यता नदिने आफ्नो परिपत्रको खण्डन पनि आफैं गऱ्यो । तर एएफसीको त्यही म्यान्डेटभित्र रहेर रूक्म शमशेर राणाको संयोजकत्वमा राखेप र सरकारी सहमतिमा समेत निर्वाचन भयो, जसमा ४०० भन्दा बढी क्लबहरूले भाग लिए । यसमा कुनै सन्देह थिएन गणेश थापा पक्षले आफ्नो निर्वाचन आफैं गरिसकेको हुनाले यो निर्वाचनको वजन केही कम भयो । अर्कोतिर फुटबलभन्दा बाहिरका क्लब र तरूण दलले पनि यो निर्वाचनमा खुलेर




*गीता राणा र गणेश थापा : विवाद कहिले टुंगिने ?*

*फोटो : खेलकूद मञ्च*

**गणेश थापासँग फिफाबाट आएको अथाह रकम थियो । अप्ठ्यारो दुवैलाई थियो । गणेश थापासँग पैसा थियो भने गीता राणासँग राष्ट्रिय मान्यता, मैदान र कार्यक्रम ।**

आफ्नो खेल खेले, जसले गर्दा गणेश थापासँग विद्रोह गरेका तर एन्फा कम्प्लेक्स निर्माणलगायत नेपाली फुटबलको विकासमा उल्लेखनीय योगदान गरेका टासी घले, ललितकृष्ण श्रेष्ठ, कृष्णभक्त मानन्धर, जीवन शाही आदिजस्ता कैयौं फुटबललाई चाहिने व्यक्तिहरू पराजित भए । आफू केही नगर्ने र अरूलाई पनि काम गर्न नदिने राजनीतिक स्वार्थ बोकेका महत्वाकांक्षी तत्वको आदेशका पालनकर्ता बनेका निकम्मा राखेप सदस्य सचिव पालिखेले फुटबलमा आएको पैसा र प्रतिष्ठाप्रति पदलोलुप दृष्टि राखी पहिले एन्फा अध्यक्ष बन्न घोषणा गरेर कास्कीबाट फुटबल संघको सदस्यतासमेत लिइसकेका थिए । तर आफू पराजित हुने डरले अध्यक्ष पदका लागि टासी घलेलाई अगाडि सारे । २९ कार्तिक २०५७ मा सम्पन्न चुनावमा भने घलेलाई पराजित गरी गीता राणा निर्वाचित अध्यक्ष भएपछि पालिखेको क्षोभ, इर्ष्या अझ बढ्न गयो । उनी गीता राणालाई तेजोवध गर्ने अवसरको खोजीमा थिए । र, यो अवसर आयो- वीरेन्द्र स्मृति कपको बेलामा । एन्फाले दशरथ रंगशालामा वीरेन्द्र स्मृति कप आयोजनाका लागि मैदानको माग गर्दा पोखरा (पालिखेको गृहनगर)मा क्याराभान कपलाई असर पुग्छ भनी उनले मैदान दिएनन् । त्यसपछि एन्फाले उक्त प्रतियोगिता विराटनगर सार्‍यो । राखेपले दशरथ रंगशाला नेपाल स्पोर्टस् क्लवलाई किंग्स कप गराउन भनेर दियो । यसमा एन्फा कार्यकारिणी समितिको वैठकबाट राखेपलाई विरोधपत्र दिइयो । पालिखेले त्यसै बहानामा गीता राणामाथि फागुन २० गते आत्मालोचना नगरेसम्म एन्फाको काम-कारवाही नगर्नू भन्ने पत्र दिए । र, त्यही आधारमा साउन २३ गते नेपाल तरूण दलसँग सम्बद्ध रहेका एन्फा उपाध्यक्ष कर्मा छिरिङ्ग शेर्पाको अगुवाइमा १७ मध्ये ९ एन्फा पदाधिकारीले गीता राणालाई हटाई छिरिङ्गलाई अध्यक्ष बनाउन आग्रह गरे । र, राखेपले तुरून्त त्यसलाई शिरोधार्य गर्‍यो ।

बिडम्बना के छ भने एएफसी र नेपालको 'माथिल्ला तह' समेतबाट राणा र थापा समूहलाई दवाव दिएपछि खेलकूद राज्यमन्त्री एन.पी. साउदले साउन २० गते दुवै पक्षलाई पालिखेको उपस्थितिमा मेलमिलापको प्रयास गर्नु भएपछि उक्त घटना भयो । छिरिङ्ग पक्षले राणा मिल्न नै नसक्ने भनेर गरेको अनुमान गलत भएपछि मेलमिलाप भएमा भागवण्डामा राजनीतिक कार्यकर्ताहरू पछिपर्ने डरले सम्भवतः पालिखेलाई उक्त कदम उठाउन प्रेरित गरेको अनुमान छ । गीता राणाका अनुसार, पालिखेको यो कदम सरासर विधानको विपरीत र राजनीतिक षडयन्त्रले प्रेरित छ । "१८ महिना एक्लै एन्फा धानिरहें, जब मिल्ने वातावरण बन्यो केही व्यक्तिले स्वार्थसिद्धिका लागि मातृ संस्थाको प्रयोग गरे", यो गुनासो श्रीमती राणाको छ । यहांसम्म कि गीता राणा पक्षधर, यस प्रकरणमा तरूण दलको विरोधमा ह्विप नै जारी गरिएको दावी गर्छन् । रोचक तथ्य के छ भने अहिले गीता राणाको विरोधमा देखापरेका कर्मा छिरिङ्गलगायत नौ जनामा सातजना तरूण दलका कार्यकर्ता छन् ।

प्रश्न उठ्छ, नेपाली फुटबल कता र किन गइरहेछ । जवाफ सहज छ, जुन देश विश्वका २०३ फुटबल खेल्ने राष्ट्रमा १५६ औं स्थानमा छ भने त्यो देश सही दिशामा र प्रगतितिर गैरहेको भन्नै मिल्दैन । तर यति हो, शुरूमा गणेश थापा र तिनका उत्साही सहयोगीहरूले जुन झलक देखाएका थिए, त्यसबाट नेपाली फुटबल जगतमा ठूलो आसा जन्मेको थियो । केही गर्ने अठोट र प्रशंसनीय सक्रियताले एन्फामा अब केही हुन्छ कि भन्ने आसा सबैमा पलाएको थियो । तर गणेश थापाको आलोचना पटक्कै सहन नसक्ने, पारदर्शिताबाट कोसौं पर भाग्ने व्यक्तिवादी र मात्र तारिफ सुन्न चाहने शैलीले गर्दा विस्तारै विस्तारै एन्फामा फाटो बढ्दै गयो । तथापि विद्रोह गर्ने हिम्मत भने त्यहां कसैले गर्न सकेको थिएन । पछि त्यसको नेतृत्व गीता राणाले गरिन् । फलस्वरूप एन्फा विभाजनको स्थितिमा गयो । एन्फा विभाजन पद, स्वार्थ र अति महत्वाकांक्षाको खेल थियो ।

वास्तवमा गणेश थापासँग केही राम्रा गुण पनि छन् । अधिकांश खेल संघहरू दुरावस्थामा भएको बेला कठिन परिश्रमी थापाले फुटबल संघलाई नवजीवन दिन ठूलो भूमिका निर्वाह गरे । तर निर्दलीय परम्परामा हुर्केका, संस्थागतभन्दा व्यक्तिकरण रूचाउने तथा चाकडी चाप्लुसीमात्र गर्नेहरूको घेरामा रहेका थापाले गोप्य निर्वाचन र सर्वसम्मतिको मोह त्याग्न नसक्नु नै उनको र नेपाली फुटबलको दुर्दशाको प्रमुख कारणमध्ये एक हो । थापाले बदलिंदो समयअनुसार आफूलाई परिवर्तन गर्न नसकेर नै पहिलो एन्फा निर्वाचन पनि गोप्य ढंगले गराएका थिए । भताभुङ्ग खेल जगतमा थापाले केही गर्ने आसले नै प्रेसले त्यस बखत मौन धारणा गरेको थियो । तर दोस्रो पदावधिमा समेत थापाले शरदचन्द्र शाहसमेतले नअपनाएको तरिकाले गोप्य निर्वाचन गराउने चाँजोपाजो मिलाउँदा बिस्फोट भयो । केन्द्रीय कमिटीको निर्वाचन भएको पाँच वर्ष बितिसक्दा पनि थापाको एन्फाले जिल्ला र क्षेत्रीय इकाईलाई तदर्थमा सीमित राखेर आफ्नो मुट्ठीमा राख्ने प्रयास गरेको थियो । आर्थिक क्षेत्रमा पनि फिफाबाट आएको करोडौंको हिसाब-किताव व्यवस्थित र पारदर्शी थिएन । एक शब्दमा भन्ने हो भने एन्फा एक व्यक्तिको लगभग पूरै गोजीमा थियो । रोचक कुरा के छ भने गीता राणालाई गणेश थापाले नै एन्फामा ल्याएका थिए ।

जेहोस् यहाँनेर राष्ट्रिय खेलकूद परिषद्को भूमिका पनि सकारात्मक रहेन । राखेपले कहिल्यै एन्फालाई हिसाब किताव वा अन्य कुरामा सचेत गराउने मार्गदर्शक अथवा खेल शुभचिन्तक र प्रवर्द्धकको भूमिका गर्न सकेन । जहाँनेर जुन स्वार्थ जागेर आयो, त्यहाँ त्यही भाषा बोलेर वाहवाही लुट्ने, जुन सरकार तथा मन्त्री आए पनि सेवामा सदा तत्पर रहने अनि बोलीको ठेगान नभएको व्यक्ति को हो भनी सोध्दा अहिले राखेपमा जो-कोहीले पनि संशयहीन जवाफ दिनसक्छ । विनोदशंकर पालिखे राष्ट्रिय खेलकूदका सबभन्दा ठूलो 'ट्रेजेडी' हुन् । हुन त नेपाली कांग्रेसले नै खेलकूदको महत्व नबुझेजस्तो छ । खेल नबुझ्नेलाई खेलको महन्थ बनाएपछि परिणाम पनि के हुन्छ र ! वरिष्ठ प्रशिक्षकलाई समेत संघमा जान रोक्ने र आफैं प्रमुख भएर सबै संघमा जान खोज्नेलाई सरकारले के भन्यो ? जूडो संघको परिणाम के भयो ? तेक्वान्दो संघको परिणाम के छ ? कसले गर्ने महन्थको मूल्यांकन ? कति पटक राष्ट्रिय परिषद्का महन्थले राष्ट्रिय दृष्टिकोण राखेर राष्ट्रिय हितमा निर्णयहरू लिएका छन् ? कति पटक राखेपले कुन कुन मामिलामा सच्चा अभिभावकको भूमिका निर्वाह गरेको छ ? यो सही छ, तमाम सीमा र कमजोरीका बावजुद गणेश थापा र गीता राणाले नेपाली फुटबललाई केही दिन सक्छन् । र, सबै पक्ष गम्भीर भएछ भने यो मेलमिलाप नेपाली फुटबलका लागि सकारात्मक पनि हुनसक्छ । तर यो मेलमिलाप कसका आग्रहमा र किन हुन लागेको हो ? एएफसी, पिटर भेल्लपन र 'माथिल्लो तह'को दवाव वा आग्रहमा । त्यस्तो हो भने यो वातावरण बिथोल्ने दण्डित हुनुपर्छ कि पर्दैन ? अर्कोकुरा संघ कति स्वायत्त, कति स्वच्छन्द हुनुपर्छ र राखेपले कति हदसम्म गएर के 'निर्देश' दिने, के हस्तक्षेप गर्ने, किन हस्तक्षेप गर्ने ? यसको छिनोफानो पनि हुनुपर्छ । छाडापन, गैर-जिम्मेवारी कतैबाट पनि भए खेल विकासका लागि घातक छ । ❑


**मकालु यातायात**

फोन नं. २८१७०४

| *जाने स्थान* | *छुट्ने समय* |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा | विहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | विहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | विहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज | विहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | विहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | विहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर | विहान ७:४० बजे |
| काठमाण्डौ - विरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - वरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ८:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गिलानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - विरगंज रात्री | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !



# ओरालो लागेको अर्थतन्त्र र दिशाहीन नेतृत्व

**- विनोद ढुंगेल -**

- हामी यस वर्ष भुटानभन्दा पनि तल झरेका छौं । सार्क राष्ट्रहरूमध्ये सबैभन्दा अगाडि माल्दिभ्स् र त्यसपछि क्रमैसँग श्रीलंका, भारत, पाकिस्तान, भुटान, नेपाल र बंगलादेश छन् । सार्क क्षेत्रमा नेपाल बंगलादेशभन्दा मात्रै माथि देखिएको छ ।

*- मानव विकास प्रतिवेदन- २००२*

- मुलुकको आर्थिक, सामाजिक र विशेष गरी राजनैतिक अवस्था झन्झन् जर्जर एवं दर्दनाक भएको देख्दा एकपटक छाती चसक्क चस्किन्छ । अनि आफूले आफैंलाई सोध्न मन लाग्छ- निजी क्षेत्रका, हामी कर्ममा विश्वास राख्ने उद्यमीहरू किन मूक दर्शक भई हात बाँधेर बस्न विवश भएका छौं ? हामी स्वाभिमानी भएर पनि अरूमाथि निर्भर छौं, किन ? हामी शान्तिप्रिय भएर पनि किन आन्तरिक वाद-विवादको मारामारमा फसेका छौं ? मुलुकको प्राथमिकता राजनीतिक वाद-विवादमा अल्झिनु हो वा आर्थिक सवालमा दीर्घकालीन सजगता हो ? साँढेहरूको जुधाइमा बाछाहरूको अनाहक मिचाई कहिलेसम्म ?

*- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष रविभक्त श्रेष्ठको प्रश्न*

- गत आर्थिक वर्ष मुलुकको अर्थतन्त्रका लागि निक्कै निराशापूर्ण रह्यो । वार्षिक आर्थिक बृद्धि दरमा विगत १८ वर्षमा सबभन्दा ज्यादा गिरावट आएर यो ०.८ प्रतिशतमा झर्‍यो । कृषि क्षेत्रको वार्षिक उत्पादन बृद्धिदर विगत १२ वर्षदेखि ५ प्रतिशतभन्दा माथि रहेकोमा अहिले २ प्रतिशतभन्दा तल पुग्यो । विगत आर्थिक वर्षको १० महिनाको तुलनामा यस वर्षको १० महिनाको निकासीमा १२ प्रतिशतले ह्रास आयो । लगानी पनि गम्भीर रूपमा निरूत्साहित भयो ।

*- नेपाल राष्ट्र बैंकको तथ्यांक*

- नेपालको सरकारभित्र चलिरहेको आन्तरिक संघर्षले आतंकवादविरोधी लडाईको प्रभावकारितामा वाधा आएकोले वाशिंगटन निराश भएको छ । नेपालको सत्तारूढ पार्टीका नेताहरू आन्तरिक संघर्षमा लागेकोले माओवादीमाथिको कारवाहीको प्रभावकारिता र विकास निर्माणमा समेत वाधा परेको छ । सुशासन कायम र भ्रष्टाचारको अन्त्य गरी माओवादीद्वारा क्षतविक्षत संरचनाको पुनर्निमाणका लागि सबैले साझा ठाउँ खोज्नु पर्ने भएको छ ।

*- अमेरिकी सहायक विदेशमन्त्री, क्रिष्टिना रोक्का ।*

**मा**ओवादी गतिविधिलाई बलपूर्वक तत्काल नियन्त्रणमा लिने र मुलुकमा शान्ति वहाल गर्ने नगरा बजाएर संकटकाल घोषणा गरी प्रजातन्त्रलाई नै निलम्बन गर्न पुगेको प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारले अहिले अध्यादेश बजेटमार्फत् 'शान्तिका लागि लगानी' नारा अघि सारेको छ । संकटकाल घोषणासँगै दैनिक झण्डै दुई करोड रूपैयाँ सुरक्षा कार्यमा खर्च गर्न तयार रहँदा देउवा सरकारले अब देश सम्पूर्ण रूपमा विदेशी सहयोगमा टिक्ने स्थितिमा पुर्‍याएको छ । देशको सम्पूर्ण राजस्व खर्च गर्दासमेत राज्यको साधारण खर्च नधान्ने स्थितिमा देश पुगेको कुरा यही आ.व.को बजेटले छर्लङ्ग पारेको छ । यसको मतलब राज्य यथार्थमा टाट पल्टेको छ ।

माओवादी जनयुद्धका कारण एउटा कठिन परिस्थिति झेलिरहेको अर्थतन्त्रले भारतीय विमान अपहरण, राजदरवार हत्याकाण्ड हुँदै संकटकालसम्म प्रवेश गर्दा निक्कै कठिनताहरू व्यहोर्नु परिसकेको छ । विपक्षीहरूमाथि दमन गर्नेदेखि पार्टी फुटाउनेसम्मका उग्रतम घटनाहरू निम्त्याउन अलिकति पनि संकोच नमान्ने सरकारले बिग्रँदो आर्थिक अवस्थाको उत्थानका लागि केही आर्थिक, सामाजिक तथा राजनीतिक कार्यक्रमहरू अघि सार्नुको साटो शान्तिका नाममा बन्दूकमा लगानी गर्ने कार्यक्रम अघि सारेपछि अहिले चौतर्फी असन्तोषका स्वरहरू सुनिन थालेका छन् ।

एकातिर हत्या, हिंसा र अशान्तिले आक्रान्त पारेको अर्थतन्त्रलाई अख्तियार दुरूपयोग अनुसन्धान अयोगले भनेजस्तो 'वित्तीय आतंकवाद'ले अर्थात् भ्रष्टाचारले जगैसम्म हल्लाइदिएको छ । स्वदेशी लगानीकर्ताहरूदेखि विदेशी दातृसंस्था तथा राष्ट्रहरूसमेतले यो कुरालाई महसूसमात्र गरेका छैनन्, खुला भाषामा औंल्याएका पनि छन् । वर्तमान सत्तालाई टिकाइराख्नका लागि सहयोग गर्न आतुर विदेशीहरूसमेत यो सरकारको भ्रष्ट रवैयाबाट असन्तुष्ट हुन थालेका छन् र उपलब्ध गराइने सहयोग सदुपयोगको प्रत्याभूति माग्न थालेका छन् ।

नेपालको माओवादी जनयुद्धका विरूद्धमा वर्तमान सरकारको कवच भएर देखापरेका अमेरिकाका सहायक विदेशमन्त्री क्रिष्टिना रोक्काले त्यहाँको एक संसदीय समितिमा बोल्दै हालै कांग्रेसभित्रको खिचातानीले 'आतंकवादविरोधी लडाईको प्रभावकारिता' अवरूद्ध भएको टिप्पणी गरेकी छिन् । दक्षिण एशिया हेर्ने उनले 'आतंककारी आक्रमणलाई निस्तेज पार्न र विकास निर्माण कार्यमा'समेत नेपाल सरकारलाई सघाउन अमेरिकी सहयोग केन्द्रित रहने बताइन् । तर उनको शर्त थियो- सुशासन कायम र भ्रष्टाचारको अन्त्य । यी दुवै कुरा वर्तमान सरकारका अन्योन्याश्रित, तर विपरीत चरित्रका द्योतक हुन् । भलै, अमेरिकी सहयोग कायम रहला तर यो अवस्थामा प्रतिष्ठापूर्ण सहयोग हुन सक्दैन । दक्षिण एशियाका नेपालसमेत भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेश र श्रीलंका गरी ६ राष्ट्रको प्रतिवेदन अमेरिकी संसदको अन्तर्राष्ट्रिय मामलासम्बन्धी समितिमा पेश गर्ने क्रममा नेपालको सन्दर्भमा उनले भनिन्- "धेरै अन्तर्राष्ट्रिय समुदाय नेपाललाई सहयोग गर्न तयार छन् ।"

तर, अन्तर्राष्ट्रिय दातृ समुदाय भने हालै सरकारले सार्वजनिक गरेको बजेटको प्रारूपदेखि वर्तमान अवस्थाका सम्बन्धमा पनि देउवा सरकारप्रति आशंका गरिरहेको छ । आर्थिक वर्ष २०५९/६० को वार्षिक बजेटका सम्बन्धमा दातृ समुदायलाई जानकारी दिने उद्देश्यले साउनको पहिलो साता नै अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रममा अर्थमन्त्रीको समेत पदीय हैसियत राख्ने प्रधानमन्त्री देउवालाई करीब ३० दातृराष्ट्र तथा संस्थाका प्रमुखहरूले आशंकासूचक प्रश्नहरू गरेका थिए । सरकारी सुधार कार्यक्रम, बजेटले निदृष्ट गरेको प्राथमिकीकरण, स्थानीय निकायहरूको अभावमा स्थानीय आयोजनाहरूको कार्यान्वयनजस्ता

## २०५८/५९ को नेपाली अर्थतन्त्रको ताजा तस्वीर

| | *लक्ष्य* | *यथार्थ* |
|---|---|---|
| ◆ कृषि उत्पादन | ४.३% | १.७% |
| ◆ गैर-कृषि उत्पादन वृद्धि दर | | ०.२% |
| ◆ औद्योगिक उत्पादन वृद्धि दर | | -५.९% |
| ◆ राजस्व उठ्ती रू. | ६० अर्ब | ५०.३४ अर्ब |
| ◆ आर्थिक वृद्धि दर | ६% | ०.८% |

*स्रोत :*
*१. अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०५८/५९*
*२. कान्तिपुर, १६ श्रावण २०५९*
*३. २०५९/६० को बजेट वक्तव्य*

## नेपाली अर्थतन्त्रको कहालीलाग्दो स्थिति

- सन् २००१ को पहिलो चार महिनाको तुलनामा २००२ को पहिलो ४ महिनामा गार्मेन्ट निर्यात झण्डै रू. ३ अर्बले घटेको छ ।

| *२००१ को पहिलो ४ महिना* | *२००२ को पहिलो ४ महिना* |
|---|---|
| गार्मेण्ट निर्यात- ५.४५ अर्ब | २.५८ अर्ब |

- २०५७ सालमा गार्मेन्ट उद्योगको संख्या १२०० रहेकोमा अहिले त्यो संख्या १५० मा झरेको छ ।
- सन् २००१ को पहिलो ४ महिनाको तुलनामा सन् २००२ को पहिलो ४ महिनामा ट्रेकिङ व्यवसाय ७० प्रतिशतले घटेको छ ।
- २०५८/५९ मा खाद्य उत्पादन ११ प्रतिशतले घटेको छ । यही अवधिमा मदिरा उत्पादन ३४ प्रतिशतले, बियर उत्पादन २० प्रतिशतले र हल्का पेयमा २८ प्रतिशतले गिरावट आएको छ ।
- नेपालको २०५७/५८ को आर्थिक वृद्धिदर ४.७ प्रतिशत रहेकोमा गत २०५८/५९ मा त्यसमा ५ गुणाभन्दा पनि ज्यादा ह्रास आएर ०.८ प्रतिशतमा झरेको छ । यो आर्थिक वृद्धिदर नेपालको जनसंख्या बृद्धिदरभन्दा झण्डै २ प्रतिशतले न्यून छ ।
- २०५८/५९ मा नेपालको पश्मिना निकासीमा ७५ प्रतिशतले गिरावट आएको छ, त्यस्तै, ऊनी गलैंचा निकासीमा २५ प्रतिशतले र तयारी पोशाक निकासीमा पनि ह्रास आएको छ ।
- २०५६/५७ मा र २०५७/५८ मा नेपालको औद्योगिक उत्पादन बृद्धिदर ७.२ र ३.६ प्रतिशत रहेकोमा २०५८/५९ मा यो कैयन् गुणा घटेर -५.८८ प्रतिशत हुन पुगेको छ ।

*स्रोत :*
*(१) केन्द्रीय तथ्यांक विभाग (२) कान्तिपुर, २४ वैशाख र ३० जेठ, २०५९ (३) TAAN (४) नेपाल तयारी पोशाक संघ*

सवालमा उनीहरूले देउवालाई प्रश्न गरेका थिए ।

विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष लगायतका संस्थाहरू एवं यूरोपेली समुदाय, जापान, अमेरिका लगायतका राष्ट्रका प्रतिनिधिहरूसहित करीब ३० राष्ट्र एवं संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा 'मुलुकमा उत्पन्न वित्तीय संकटका प्रमुख कारणहरूमा आर्थिक अनुशासनहीनता र कार्यक्रमहरूको कमजोर कार्यान्वयन नै हो' भन्ने स्वीकार्न प्रधानमन्त्री देउवा बाध्य हुनु भएको थियो । उहाँले ती विदेशीहरूसमक्ष देशको प्रमुख समस्या गरीबी रहेको तर त्यसको निराकरणका लागि चालिएका कदम असफल भएका, गरीबी निवारणसँग सम्बन्धित र लक्षित कार्यक्रमहरूबीच समन्वय गर्न नसकिएको, असमन्वित ढंगले सञ्चालन गर्दा वाञ्छित प्रतिफल प्राप्त नभएको, संरचना विकास गर्न नसकिएको समेत बताउँदै भन्नुभयो- "हामीले गरीबी निवारण गर्न धेरै स्रोत खर्च गर्‍यौं तर सार्वजनिक खर्च नियन्त्रण र आम्दानी एवं खर्चको सन्तुलन कायम राख्न अनेक चुनौतिहरूको सामना गर्नु परिरहेको छ ।"

'विकास आयोजनाहरूमा निरन्तर ढिलाई र चुहावट भइरह्यो'- मुलुकको बिग्रँदो स्थिति चित्रण गर्दै उहाँले फेरि पनि सहयोगको चाहना गर्नुअघि भन्नुभयो- "शान्ति सुरक्षाको जटिलता समेतले गर्दा परियोजनाहरू समय र लागत बढी भएर असफल हुन पुगे ।"

आ.व. २०५८/५९ मा राजस्व संकलन लक्ष्यभन्दा १० अर्बले कम भएको छ । ६० अर्ब राजस्व उठ्ने अनुमान गरिएकोमा ५०.३४ अर्ब राजस्वमात्र उठ्न सकेको छ । अघिल्लो आर्थिक वर्षको ४८.८९ अर्ब राजस्वको तुलनामा यो वर्षको राजस्व ३ प्रतिशतले मात्र बढी छ । यसलाई नेपाल राष्ट्र बैंकले व्यापार, औद्योगिक उत्पादन, पर्यटन व्यवसाय एवं अन्य आर्थिक गतिविधिमा शिथिलता आएको कारण बताएको छ । तर, ती कारणहरूको जरोमा जाने हो भने पनि गृहयुद्धले र संकटकालले पैदा गरेका राजनीतिक गड्बडीहरू नै फेला पर्छन् । र, अन्ततः ती सबै पक्षहरू राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. नारायण खड्काले स्वीकारेजस्तै 'विगतमा हाम्रा योजनाहरूको कार्यान्वयन पक्ष अत्यन्तै कमजोर' रहनु नै हो ।

यो वर्ष लक्ष्य ६ प्रतिशत राखिएकोमा वास्तविक आर्थिक बृद्धिदर ०.८ प्रतिशतमात्र रह्यो । यो बृद्धिदरले अर्थतन्त्रलाई त्यतिञ्जेलसम्म धान्न सक्ला भन्ने कुरामा उद्यमी व्यापारीहरू बढी नै चिन्तित देखिन थालेका छन् । 'नेपाल आउने पर्यटकहरूको संख्यामा ५० प्रतिशतले आएको गिरावटका कारण होटल व्यवसायमात्र होइन, ट्रेकिङ, रेष्टुरेण्ट, र्‍याफ्टिङ्ग, क्यूरियो, विमान सेवा, पथ प्रदशक सेवा एवं भरिया व्यवसाय सबै तहसनहस भएका छन्', नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष रविभक्त श्रेष्ठ भन्नुहुन्छ- "ठूला साना शहरहरूसँग जोडिएका गाउँघरका चिया चमेना चलाउने व्यवसायदेखि ट्रेकिङ र पर्वतारोहणमा काम गर्ने उच्च हिमाली भेगका युवाहरू कामबाट वञ्चित हुनु पर्दा उनीहरूको पारिवारिक जीवन कहालीलाग्दो भएको छ ।"

यसको अर्को पक्षसमेत उहाँले महासंघको ३६ औं वार्षिक साधारण सभाको उद्‌घाटन कार्यक्रममा प्रधानमन्त्री देउवाका सामु खोतल्नु भएको थियो । उहाँको भनाइ थियो- "विशेष गरी नेपालको आर्थिक स्थिति नाजुक रहेको बेला जुन रूपमा मितव्ययिता अपनाउनु पर्ने थियो, सो हुन सकेको छैन ।" सरकारले सुशासनको नारा उराले पनि हालै सम्पन्न नेपाल सहयोग मञ्चको लण्डन बैठकमा दातृसंस्था एवं राष्ट्रका प्रतिनिधिहरूले कुशासनको

> "सरकारको भनाइ र गराइमा ठूलो अन्तर, राष्ट्रको सीमित स्रोतलाई जथाभावी कनिका छरेझैं छर्ने प्रवृत्ति राष्ट्रको उन्नतिमा बाधक भएका छन्"

चर्चा गम्भीर रूपमा उठाएका थिए । 'मित्र राष्ट्रहरू एवं दातृ संस्थाहरूबाट नेपालको विकास एवं शान्ति वहालीका लागि प्राप्त सहयोग एवं बढ्दो सहानुभूतिका बावजूद आन्तरिक खिचातानीका कारण हामीले उचित उपयोग गर्न नसकेमा हामीमाथिको विश्वास घट्न गई यसबाट दीर्घकालीन असर पर्न जाने देखिन्छ', अध्यक्ष श्रेष्ठको ठहर छ- "सरकारको भनाइ र गराइमा ठूलो अन्तर, राष्ट्रको सीमित स्रोतलाई जथाभावी कनिका छरेझैं छर्ने प्रवृत्ति, अनाहक छिटोछिटो परिवर्तन हुने नीति-नियम, ऐन-कानूनमा रहेको अन्यौलपन र मान्छे पिच्छे फरक फरक ऐन-कानूनको ब्याख्या"जस्ता कारणहरू राष्ट्रको उन्नतिमा बाधक भएका छन् । यस्तै प्रवृत्तिका कारण मानव विकास सूचकांकमा नेपाल गत वर्षभन्दा दुई स्थान अझ पछाडि सरेको हो । नेपालको भन्दा कम महिला औसत आयु वृद्धिदर हासिल गर्नेमा लेसोथो, मलावी र जाम्बियाको मात्र देखिनु, नेपालको भन्दा कम साक्षरता दर बेनिन, गिनिबिनाउ, बुर्किनाफासो र नाइजेरको मात्रै देखिनुले नेपालको गिर्दो अवस्थाको चित्रण गरेका छन् । ❑

स्वादिलो र पौष्टिकताले भरिपूर्ण
शत प्रतिशत शुद्ध गहुँको आँटा र मैदा




KMM
काठमाडौं मैदा मिल्स प्रा.लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं
फोन नं.: ३५०२२१, ३५०३८५



आफ्ना एकजना नेतालाई लाल सलाम गर्दै पिपुल्स वार ग्रुपका छापामार र सामान्य जनताहरु

# भारतीय वामपन्थीहरूको यदुवंशी झगडा

के सबैको साझा शत्रु पनि कहिले मित्र हुन सक्छ ? एक-आपसमा लडभिड गर्दा साझा शत्रुलाईसमेत साथी बनाइयो भने कस्तो विजोग होला ?

भारतको नक्सलवादी आन्दोलनका दुईवटा प्रमुख धारहरूको नेतृत्व गरिरहेका मार्क्सवादी-लेनिनवादी समूहहरू अहिले एक-आपसको संघर्षमा साझा शत्रुलाईसमेत मित्र ठानिरहेका छन् र मित्रलाई चाहिँ शत्रु ! शत्रु-मित्र ठम्याउने मामिलामा गडबड गरिरहेका मार्क्सवादी-लेनिनवादी समूहहरू हुन्- भाकपा(माले) लिबरेशन समूह र भाकपा(माले) पिपुल्स वार ग्रुप ! ती दुबै समूहहरू अचेल बिहारका पटना र भोजपुरलगायत कैयौं जिल्लाहरूमा एक-अर्काका विरूद्ध उभिएका छन् । अनि शत्रुलाई मित्र र मित्रलाई शत्रुको व्यवहार गर्ने भूल गरिरहेका छन् ।

सन् १९६० र ७० को दशकमा उभारमा रहेको नक्सलवादी सशस्त्र किसान विद्रोहको नेतृत्व गर्दै हुर्केको कम्युनिष्ट पार्टीको नाम हो- भाकपा(माले) ! त्यही माऊ पार्टीबाट विभाजित दर्जनौं दर्जन समूहहरूमध्ये सबैभन्दा सशक्त समूहहरू हुन् - यी दुबै नक्सलवादी समूहहरू !

माओलाई अध्यक्ष मान्ने र चीनकै जस्तो दीर्घकालीन जनयुद्ध संचालन गर्ने भाकपा माले त्यसका प्रख्यात नेता चारू मजुमदारको हत्यापछि विभाजित भयो । त्यसपछि देखिएका दुईवटा प्रमुख धारहरूको नेतृत्व गर्ने कार्य पनि यी दुबै समूहले गरिरहेका छन् । लिबरेशन समूहले अहिले वामपन्थीहरूको संसदीय र सडक संघर्षको कार्यनीति अप्नाउने धारको नेतृत्व गरिरहेको छ । विनोद मिश्रको निधनपछि यस पार्टीको नेतृत्व युवा नेता दीपंकर भट्टाचार्यले गरिरहेका छन् ।

**किन पिपुल्स वार ग्रुप र लिबरेशन समूहबीच टक्कर हुँदैछ?**

अर्कोतिर संसदीय चुनाव बहिष्कार र सशस्त्र संघर्षद्वारा क्रान्ति गर्ने कार्यनीति अप्नाउने धारको नेतृत्व पिपुल्स वार ग्रुपले गरिरहेको छ । कोण्डापल्ली सीतारमैयालाई नेतृत्वबाट हटाइएपछि अहिले यस समूहको नेतृत्व गणपतिले गरिरहेका छन् । विहारमा क्रियाशील भाकपा (माले) पार्टी यूनिटी समूहसंग यसको एकीकरण भएपछि यसले यस क्षेत्रमा पनि सशस्त्र संघर्ष चर्काएको छ । यस क्षेत्रमा क्रियाशील माओइस्ट कम्युनिष्ट सेन्टर(एमसीसी) जस्तै प्रतिबन्धित अवस्थामा भूमिगत रूपले सशस्त्र संघर्ष चलाइरहेको यस समूहको लिबरेशन समूहसँगको टक्कर अचेल निकै बढ्दो छ । यस समूहको एमसीसीसँगको हिंसात्मक संघर्ष र अराजनीतिक शीतयुद्ध धेरै हदसम्म मत्थर हुन थालेको प्रतीत भइरहेको बेला लिबरेशन समूहसँगको टक्कर, झडप र हत्या-हिंसामा वृद्धि हुनु निकै दुःखद् पक्ष हो ।

विहार राज्यका पटना र भोजपुरलगायत थुप्रै जिल्लाहरूमा आमने-सामने खडा भई यी दुबै समूहहरूले हिंसात्मक संघर्ष कति तीव्र गतिले चलाउन थालेका रहेछन् भन्ने कुराको रहस्य यिनीहरूको बढ्दो शीतयुद्ध र शत्रु पक्षसँगको साँठगाँठले खोल्न थालेको छ । हालै मात्रै लिबरेशन समूहले आफ्ना नेताहरू, कार्यकर्ताहरू र समर्थकहरूमाथि लगातार हिंसात्मक हमलाहरू भएको तथ्य बाहिर ल्याएको छ । उसले यस्ता हमलाहरूका लागि पिपुल्स वार ग्रुपलाई जिम्मेवार ठहऱ्याएको छ । यति मात्रै होइन, उसले पिपुल्स वार ग्रुपमाथि भूमि सेना, रणवीर सेना र राष्ट्रिय जनता दलजस्ता चुसिखाने, सवर्ण र प्रतिक्रियावादी शक्तिहरूसँग साँठगाँठ गरेको र एकले अर्कोलाई सहयोग गरेको आरोप पनि लगाएको छ । "जनसत्ता" दैनिकका गंगा प्रसादको रिपोर्टअनुसार लिबरेशन समूहका विधायक (सांसद्)हरूले विहार विधानसभामा पनि यस मुद्दालाई उठाएर ग्रुपको भर्त्सना गरेका छन् ।

यसको जवाफमा पिपुल्स वार ग्रुपले पनि लिबरेशन समूहविरूद्ध प्रचार अभियान चलाउने र आफ्नो तथ्य-तर्क सार्वजनिक गर्ने रणनीति अख्तियार गरेको छ । प्रतिबन्धित अवस्थामा रहेको यस भूमिगत समूहले आफ्नो भनाइ जसोतसो संचार क्षेत्रसम्म पुऱ्याएको छ । उसले लिबरेशन समूहलाई आफ्नो रणनीति नफेर्ने हो भने उसका विरूद्ध हतियारबन्द हमला तीव्र पार्ने धम्की दिएको छ ।

## विवादको प्रश्न

नक्सलवादी आन्दोलनकै दुईवटा धारहरूको नेतृत्व गरिरहेका यी समूहहरूको विवादको विषय संगठनको विस्तारभन्दा अलग छैन, एमसीसीसँगको यदुवंशी शैलीको टक्करको मूल विवाद जस्तै ।

लिबरेशन समूहको पटना जिल्ला कमिटीको भनाइअनुसार राज्यका विभिन्न जिल्लाहरू र इलाकाहरूमा उसको आफ्नो वर्चश्व बढ्दै गइरहेको छ । खेत मजदूरहरूलाई संगठित गर्ने, अन्याय-अत्याचारविरूद्ध संघर्ष गर्ने र जायज हक र न्यायका लागि उनीहरूको आन्दोलन तेज गर्ने मामिलामा पार्टीले सफलता प्राप्त गर्दै गइरहेको छ । यो संघर्ष र संगठन विस्तार पिपुल्स वार ग्रुपका लागि सह्य भइरहेको छैन । त्यसैले ऊ लिबरेशन समूहको विरोधमा उत्रेको हो । लिबरेशन समूह उसको विरोधको सामना गर्नको लागि पटक्कै कमजोर छैन ।

लिबरेशन समूहको पटना जिल्ला कमिटीका अनुसार, यस्तो स्थितिमा पिपुल्स वार गुपले आफ्नो निहित उद्देश्य पूर्तिका लागि भूमि सेना, रणवीर सेना र लिबरेशन समूहविरोधी राजनैतिक पार्टीहरू, विशेषतः लालूप्रसाद यादवको राष्ट्रिय जनता दलको मद्दत लिएको छ । पटना जिल्लाको नौबतपुरमा आफ्ना कार्यकर्ताहरू र समर्थकहरूमाथि भएका हमलाहरू र अन्य घटनाहरूमा यो कुरा प्रमाणित भइसकेको छ । यी सबै घटनाहरूको न्यायिक जाँचपछि पनि थप रहस्यहरू सार्वजनिक हुनेछन् ।

तर पिपुल्स वार ग्रुपले प्रेसलाई पठाएको स्पष्टीकरणमा लिबरेशनको भन्दा ठीक विपरीत दावी गरेको छ । उसको भनाइअनुसार लिबरेशन समूहले आफ्ना कार्यकर्ताहरू र समर्थकहरूमाथि तीव्रतापूर्वक हमला गर्न थालेको छ । यस्ता हमलाहरूबाट आफ्नो पक्षको बचाऊ गरेको र त्यसको बदलामा आफ्नो पक्षबाट कारवाही गरिएको दावी पनि उसले गरेको छ ।


उसको दावीअनुसार, लिबरेशन समूहले एकातिर पिपुल्स वार ग्रुपका कार्यकर्ताहरू र समर्थकहरूमाथि हमला पनि गरिरहेको छ । अर्कोतिर आफूविरूद्ध प्रचार अभियान पनि चलाइरहेको छ । उसको भनाइअनुसार लिबरेशन समूहले पिपुल्स वार ग्रुपमाथि रणवीर सेना, भूमि सेना र राष्ट्रिय जनता दलसँग साँठगाँठ गरी आक्रमणलाई तेज गरेको छ । यसबाट भाकपा (माले) लिबरेशन समूहमा विकसित भएको राजनीतिक दिवालियापन नै छताछुल्ल भएर पोखिएको छ ।

पिपुल्स वार ग्रुपले पनि लिबरेशनले जस्तै दावी गर्दै भनेको छ- खेत मजदूरहरूलाई संगठित गर्ने र उनीहरूमाथि अत्याचार थोपर्ने तथा शोषण-उत्पीडन गर्नेहरूविरूद्ध संघर्ष तेज गर्ने कार्यमा पिपुल्स वार ग्रुपकै अहम भूमिका रहँदै आएको छ । हामीले एकातिर जातिको आधारमा निर्माण गरिएका सैनिक संगठनहरूको र अर्कोतिर राज्यसत्ताको मुकाबिला गरिरहेका छौं । हामीले विहारमा मात्र होइन, सिंगो देशमा संघर्ष गरिरहेका छौं । केन्द्र सरकारले "पोटा" (आतंकवादविरोधी ऐन) लागू गरी हाम्रो संगठनलाई प्रतिबन्ध लगाएको छ र राज्य सरकारले हाम्रो संगठनलाई नष्ट गर्नका लागि कुनै न कुनै योजना बनाउँदै आइरहेको छ । तर लिबरेशन समूहलाई त्यस्तो संकट समस्या किन आएको छैन ? यसभित्रको रहस्य के हो ?

यो रहस्यभित्रको पर्दा हटाउँदै जाँदा धेरैजसो विज्ञहरू शान्तिपूर्ण सडक आन्दोलन र संसदीय संघर्षमा क्रियाशील लिबरेशन समूह र गैर-संसदीय हिंसात्मक सशस्त्र संघर्ष चलाइरहेको पिपुल्स वार ग्रुपको फरक-फरक कार्यनीतिले गर्दा ती दुईवटा समूहसम्बन्धी केन्द्र र राज्य सरकारको व्यवहार फरक फरक भएको यथार्थ बताउँछन् ।

नक्सलबादी आन्दोलनका विज्ञहरूका अनुसार त दुबै पसमूहले अहिले विभिन्न इलाकामा शोषित पीडित खेत मजदूरहरूदेखि लिएर विभिन्नथरि अन्याय-अत्याचारको शिकार भएका मानिसहरूलाई गोलबन्द गरिरहेका छन् र संघर्ष पनि तेज पारिरहेका छन् । तर ती दुबै समूहको संघर्ष गर्ने शैली भने फरक-फरक देखिन्छ । पिपुल्स वार ग्रुपले हिंसात्मक संघर्षमाथि अत्याधिक जोड लिँदै आएकोले केन्द्र राज्य सरकारलाई दमनात्मक व्यवहार गर्ने निहुँ र नारा प्राप्त भएको छ ।

ती दुबै नक्सलवादी समूहहरूको संघर्ष र आपसी टक्करबारे विचार-विमर्श गर्दा ध्यान नदिई नहुने पक्ष हो- संघर्षको शैली अलग- अलग भएपनि ती दुबैको साभा शत्रु एउटै हुनु । तर विगत एक वर्ष अगाडिदेखि दुबै समूहहरू आ-आफ्नो प्रभाव क्षेत्र र वर्चश्व



*भाकपा (माले)का महासचिव दिपङ्कर भट्टाचार्य*



*जंगलमा सैनिक तालिम लिइरहेका पिपुल्स वार ग्रुपका छापामारहरु निसाना लगाउँदै : बन्दूकको नाल आफ्नै मित्रहरुतिर पनि सोभियो कि कसो ?*

विस्तारको क्रममा आपसमा लडभीड गर्न थालेका छन्, शत्रुहरूलाई हँसाउने र चलखेल गर्ने थालेका छन् । साभा शत्रुविरूद्ध एकीकृत संघर्ष गर्नु र अर्काका राम्रा जनमुखी कामहरूलाई सह्राहना, समर्थन र सहयोग गर्नुको सट्टा ती दुबै समूहहरू आत्मघाती काम-कारवाही गर्न उद्यत हुन थालेका छन्, जानेर वा नजानेर । एक अर्कालाई आफ्नो बल-बूताले पराजित गर्ने यदुवंशी धुनमा डुबेका ती दुबै पक्षहरू अचेल शत्रुसँग साँठगाँठ गर्न लागिरहेको प्रतीत भइरहेको छ । आफ्नै भाइ र मित्रविरूद्ध लड्न सिद्धान्त र व्यवहारका हिसावले शत्रु र प्रतिक्रियावादी कित्तामा परेका समूह, पार्टी र सरकारलाई आफ्नो सहयोगी बनाउने कामकै फलस्वरूप अचेल ती दुबै पक्षको भडपले हिंसात्मक रूप लिन थालेको छ, पहिले एमसीसी र पार्टी यूनिटीको हिंसात्मक टक्करजस्तै ! यस्तो यदुवंशी शैलीको आपसी हिंसात्मक संघर्षबाट साभा शत्रुहरू भन् भन् बलवान त हुन्छन्-हुन्छन् नै, यसका साथै यी दुबै समूहहरू कमजोर हुँदैहुँदै स्वाहा हुन बेर छैन । र शोषित-पीडित मानिसहरूमाथिको उत्पीडन र शोषणजन्य समस्या भन् भन् बढ्ने छन् र अन्ततः जनता भन् अशक्त निर्बल र असहाय हुनेछन् ।

नक्सलवादी आन्दोलनप्रति सहानुभूति राख्नेहरू यी दुबै समूहहरूको यदुवंशी शैलीको संघर्ष र शीतयुद्धमा सामन्ती संस्कारबाहेक अरू केही पनि देख्दैनन् । त्यसैले यस्ता सामन्तहरूको जस्तो यदुवंशी संघर्ष रोक्नका लागि उनीहरूले दवाब दिन थालेका छन् ।

■ राजेन्द्र महर्जन

भारत

# वामपन्थीहरू युद्धको विरोधमा

अफगानिस्तानमाथि अमेरिका र बिटेनद्वारा नरसंहारकारी युद्ध थोपरिएपछि दक्षिण एशिया संसारकै लागि एउटा प्रमुख युद्ध-क्षेत्रको रुपमा देखापर्न थालेको छ । दक्षिण एशियामा युद्धको खतरा जति जति बढ्दो छ, त्यति त्यति युद्धविरोधी भावना र क्रियाशीलता पनि बढ्ने क्रम शुरु भएको छ ।

युद्धका लागि तम्तयार रहेका भारतीय र पाकिस्तानी शासकहरुकै आँगनमा युद्धविरोधी उद्घोषहरु गुञ्जन थालेका छन् । नयाँ दिल्ली र लाहोरमा एक्कै दिन गुञ्जेका युद्धविरोधी नाराहरुमा अभिव्यक्त जनताका भावहरु र जनताको प्रतिनिधित्व गर्ने वामपन्थी शक्तिहरुका विचारहरु नजरअन्दाज गर्न नसकिने हदसम्म महत्वपूर्ण र सार्थक देखिन थालेका छन् । जेठ ३० गते भारतका चारवटा वामपन्थी पार्टीहरुको संयुक्त आयोजनामा नयाँ दिल्ली र अन्य थुप्रै शहरहरुमा भारतीय जनताले युद्धको विरोधमा र साम्राज्यवादी हस्तक्षेपको विपक्षमा सडक-सडकमा प्रदर्शन गरी आफ्नो विरोध जाहेर गरेका छन् ।

भारतका प्रमुख वामपन्थी पार्टीहरु सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया (एसयूसीआई), भाकपा (माले)- लिबरेशन समूह, भाकपा (माले) यूनिटी इनिसियटिभ र भाकपा (माले) रेड फ्लायगद्वारा संयुक्त रुपमा विरोध प्रदर्शनको आयोजना गरिएको हो । नयाँ दिल्लीको पार्लियामेन्ट स्ट्रीटमा गरिएको प्रदर्शनको क्रममा ती वामपन्थी पार्टीका नेताहरुले पाकिस्तानसँग संवादका लागि भारतीय सरकारलाई तीव्र दवाब दिएका छन् । उनीहरुले युद्धको तनाव झन्झन् बढिरहेको र साम्राज्यवादी शक्तिहरुको हस्तक्षेपमा वृद्धि भइरहेको कारणले पाकिस्तान सरकारसँग सकेसम्म छिटो द्विपक्षीय वार्ता गरी समस्या समाधान गर्न जोड दिएका छन् ।

ती वामपन्थी पार्टीका नेताहरुका अनुसार भारतीय शासकहरुले भारत-पाक विवादमा मौखिक रुपमा तेस्रो शक्तिको हस्तक्षेप वा मध्यस्थताको विरोध गरिरहेता पनि यथार्थमा अमेरिका र ब्रिटेनलाई रातो कार्पेट बिछ्याएर स्वागत गर्ने र एक-अर्काको स्वार्थअनुकूल हस्तक्षेपका लागि वातावरण बनाउने काम गरिरहेका छन् ।

भारतीय जनता पार्टीको नेतृत्वमा रहेको फासीवादी सरकारका यस्ता दोधारे नीति र व्यवहारको कारणले दक्षिण एशियामा बुश-ब्लेयरको मण्डलीलाई आफ्नो साम्राज्यवादी हस्तक्षेपलाई संस्थागत गर्ने र दक्षिण एशियाको सन्दर्भमा यसलाई अझ प्रभावशाली बनाउने मौका मिलिरहेको छ । ती पार्टीका नेताहरुले बुश-ब्लेयरको हस्तक्षेपकारी कार्य र तिनलाई सुवर्ण अवसर प्रदान गर्ने भारत र पाकिस्तान सरकारको निन्दा गरेका छन् । तिनीहरुले भारतीय सरकारले ती साम्राज्यवादी महाशक्ति राष्ट्रहरुसँगको साँठगाँठमा आफ्नो युद्धको योजना विस्तार गर्न खोजिरहेकोमा कडा आपत्ति जनाउँदै भनेका छन्- "राष्ट्रिय- बहुराष्ट्रिय कम्पनीहरुका मालिकहरुसँग मिलेर र क्षा क्षेत्रमा लगानी गर्नु-गराउनुले युद्धको उद्योगलाई अझ तीव्र र घनीभूत पार्नेछ ।"

तिनीहरुले जोड दिँदै भनेका छन्- "भारत र पाकिस्तान दुवै देशका जनसाधारणहरु शान्ति र सम्बृद्धिका लागि लडिरहेका छन्, तर दुवै देशका शासकहरुले चाहिँ युद्धको उन्मादमा बृद्धि र बाह्य हस्तक्षेपलाई अझ बेसी बढावा दिने काम गरिरहेको कारणले युद्ध होइन वार्ता, सहमति र संझौताको आवश्यकता बेसीभन्दा बेसी छ । ◆



पाकिस्तानका वाम-कार्यकर्ताहरु युद्ध र आतंकवादको विरोधमा सडकमा उत्रँदै

## बम होइन रोटी, युद्ध होइन, शान्ति

## पाकिस्तानी वामपन्थीहरूद्वारा जन-प्रदर्शन

*"हामी बम होइन, रोटी चाहन्छौं ।" "हामी युद्ध होइन, शान्ति चाहन्छौं।" "अमेरिकी साम्राज्यवाद दक्षिण एशियाबाट भागी जा !"*

*यिनै नाराहरूका साथ भारतमा जस्तै पाकिस्तानमा पनि युद्धविरोधी जनप्रदर्शनहरू भएका थिए, एक्कै दिन ! जेठ ३० गते पाकिस्तानका पनि चारवटै वामपन्थी पार्टीहरूले लाहोर शहरमा शान्तिका लागि जन-प्रदर्शन गर्ने क्रममा युद्धवादीहरूको तीव्र विरोध गरेका छन् । सो प्रदर्शन पाकिस्तानको कम्युनिष्ट मजदूर-किशान पार्टी, नेशनल वर्कर्स पार्टी, लेबोर पार्टी पाकिस्तान र पिपुल्स पार्टी (शहीद भुट्टो)को आयोजनामा भएको हो । त्यस प्रदर्शनमा थुप्रै ट्रेड यूनियन फेडरेशनहरू, ठूलो संख्यामा महिला संगठनहरू र धेरै नै सामाजिक संगठनहरूले सहभागिता जनाएका छन् । पाकिस्तानका प्रख्यात मानव-अधिकारवादी आस्मा जहाँगिरको पनि सहभागिता रहेको सो प्रदर्शनमा आणविक हतियारको उन्माद तथा बुश र अमेरिकी साम्राज्यवादको हिंस्रकताविरूद्ध तीव्र आक्रोश पोखिएको खवर छ ।*

*प्रदर्शनको क्रममा भएको आमसभामा वामपन्थी पार्टीका नेताहरूले भारत-पाक सिमानामा बढ्दो युद्धको खेल तुरून्त रोक्न माग गर्दै आफ्ना शासकहरूलाई सीमामा तैनाथ दुवै देशका सैनिकहरू हटाउन र सीमा-संघर्ष रोक्न दवाव दिएका छन् । उनीहरूले दक्षिण एशियाली क्षेत्रबाट अमेरिकी र अन्य देशका सैनिकहरू तुरून्तै फिर्ता लैजानु पर्ने आवाज पनि बुलन्द गरेका छन् ।*

*उनीहरूले भारत-पाकबीच युद्धको स्थिति निर्माण गर्न अमेरिकी राष्ट्रपति बुशको हात रहेको र अहिले उनले मध्यस्थताको नाममा यहाँ हस्तक्षेप गर्ने अवसर खोजिरहेको रहस्योद्घाटन गर्दै भनेका छन्- युद्ध, आणविकरण, सैनिकीकरण र साम्राज्यवादी हस्तक्षेपविरूद्ध जनसंघर्ष अचुक हतियार हो । उनीहरूले यस क्षेत्रमा शान्ति र सामाजिक न्याय स्थापनाका लागि चलिरहेको संघर्षलाई सफल पार्न वाम-एकता अपरिहार्य भएको र पाकिस्तानमा पनि भारतीय जनतासँगको एकताबद्ध संघर्षलाई अझ तीव्र पार्नु पर्ने कुरा व्यक्त गरेका छन् । भारतका वामपन्थी पार्टीहरूसँग तालमेल मिलाएर युद्धको विरोधमा एक्कै दिन सडकमा उत्रेका पाकिस्तानी वामपन्थीहरूले अब सकेसम्म भारत र पाकिस्तानलगायत दक्षिण एशियामै संयुक्त संघर्ष थालनी हुने विश्वास व्यक्त गरेका छन् ।*


❑ *राजेन्द्र महर्जन*

◀ विश्व कम्युनिष्ट आन्दोलन

लुलाजस्ता वामपन्थी मजदूर नेता ब्राजिलका राष्ट्रपति बन्ने बलियो संभावना देखेर धैरैजसो देशी-विदेशी पूँजीपतिहरु अहिलेदेखि नै नराम्ररी त्रसित हुन थालेका छन्





जोस सेरा

सिरो गोमेज

**राष्ट्रपति पदका प्रतिद्वन्दीहरू**



वामपन्थी राष्ट्रपति उम्मेदवार लुला

# बढ्दो छ, वामपन्थी नेता लुलाको लोकप्रियता

**ब्राजिल !**

ब्राजिलको नाउँ आउनासाथ अचेल विश्वकप फुटबल विजेता खेलाडीहरू र 'साम्बा डान्स' सम्झनेहरू धेरै छन् । यो देश फुटबल र साम्बा नाचको कारणले मात्रै चर्चित भएको चाहिं होइन, अरू कारणले पनि परिचित छ । पहिले विश्वबैंक र अन्तर्राष्ट्रिय मुद्राकोषद्वारा विनाश गरिएको देशको रूपमा नाम चलेको थियो । अचेल विश्व बैंक र अन्तराष्ट्रिय मुद्रा कोषको जनविरोधी अर्थनीतिविरूद्ध संघर्षरत ब्राजिलवासीको आन्दोलन र भूमिहीन किसानहरूको आन्दोलन (एमएसटी)को जुझारू र फलदायी किसान संघर्षको कारणले यो देश प्रख्यात भइरहेको छ ।

सबैलाई थाहा छ, विश्वमा समाजवादी खेमाको विघटनपछि पूँजीवादविरोधी संघर्षमा वैचारिक र सांगठनिक कमी-कमजोरी छाएको थियो । यही अभावलाई महसूस गरी नयाँ ढंगले समाजवादी खेमाको निर्माणका लागि सिर्जना गरिएको 'साओ पाउलो फोरम' यही देशको माटोमा हुर्किरहेको छ । अचेल 'अर्को संसारको सिर्जना संभव छ' भन्ने समाजवादी नारा उद्घोष गर्दै यो फोरमले विश्वव्यापी प्रभाव पार्न थालेको छ ।

यही फोरमको सिर्जनामा अग्रणी भूमिका खेल्ने ब्राजिलियन वर्कर्स पार्टी (*पीटीबी*) र यसका चामत्कारिक नेता लुइज इनाशियो लुला दा सिल्भाको राष्ट्रपति पदको बलियो उम्मेद्वारीको कारणले पनि यो देश विश्वमा चर्चित भइरहेको छ । समाजवादी संसार निर्माणका लागि प्रतिवद्ध विश्वविख्यात क्रान्तिकारी शिक्षाविद् तथा चिन्तक पाउलो फ्रेरेदेखि लिएर कुनै शैक्षिक डिग्री नभएका मजदूर नेता लुला दा सिल्भासमेत संगठित यस पार्टीले अहिले त्यहाँ नयाँ ढंगले वामपन्थी आन्दोलन चलाउने, चुनाव जितेर जनमुखी र सहभागितामूलक राज्य र प्रशासन संचालन गर्ने तथा फलदायी जनसंघर्षहरू संचालन गर्ने कार्य गर्दै आइरहेको छ ।

नेपालजस्तो दशबाह्रवटा राज्य र महानगरपालिकाहरू अति जनमुखी ढंगले संचालन गरिरहेको यस पार्टीले तीन तीन पटकसम्म आफ्ना प्रमुख नेता तथा अध्यक्ष लुलालाई राष्ट्रपति पदको उम्मेद्वार बनाएर जनशक्ति प्रदर्शन गरिसकेको छ । तीन पटकको प्रतिस्पर्धाको क्रममा विजयी राष्ट्रपतिका निकटतम प्रतिद्वन्दीका रूपमा स्थापित भइसकेका लुला यसपटक चाहिं अग्रणी उम्मेद्वारका रूपमा देखापरेका छन् । पटक पटकको जनमत सर्भेक्षणमा उनी छलाङ मार्दै मार्दै अगाडि बढ्दै छन् र उनको लोकप्रियता ४०-४२ प्रतिशतसम्म पुग्न थालेको छ । र, उनीसँग प्रतिस्पर्धा गरिरहेका सत्तासीन पार्टीदेखि अन्य पार्टीका उम्मेद्वारहरूको लोकप्रियताको ग्राफ निक्कै तल देखिन्छ । डेटाफुल्ला कम्पनीले गरेको सर्भेक्षणमा उनले ४३ प्रतिशत मत प्राप्त गरेका छन् भने भोक्स पोपुलीले गरेको सर्भेक्षणमा ४२ प्रतिशत मत हासिल गरेका छन् । दुवै सर्भेक्षणमा उनको लोकप्रियता ११ प्रतिशत बृद्धि भएको देखिन्छ भने सत्तासीन पार्टी सोशल डेमोक्रेटिक पार्टी अफ ब्राजिल (पीएसडीबी) का जोस सेराले १७ प्रतिशत मत मात्रै प्राप्त गरेका छन्, जुन उनको पहिलेको मतभन्दा ५ प्रतिशतले कम हो ।

सोशलिष्ट पार्टी अफ ब्राजिल (पीएसबी)को तर्फबाट रियो डे जेनेरियो सरकार चलाइसकेका पपुलिष्ट नेता अन्थोनी गारोतिन्हो मेथ्यूज र पपुलर सोशलिष्ट पार्टी (पीपीएस) का भूतपूर्व अर्थमन्त्री सिरो गोमेजको लोकप्रियता उस्तै उस्तै छ । उनीहरू १५-१५ प्रतिशत मत प्राप्त गर्न सफल भइरहेका छन् । अचेल गोमेज चाहिं मेथ्यूजभन्दा निक्कै अगाडि आउन सफल भइरहेका छन् ।

वामपन्थी उम्मेदवार लुलापछि प्रतिस्पर्धामा आउन खोजिरहेका जोस सेरा वर्तमान राष्ट्रपति फर्नाण्डो हेनरिक कारदोसोको बलियो सहयोग र देशी-विदेशी पूँजीपतिहरूको ठूलो आशीर्वादका बावजूद जनताबीच लोकप्रिय हुन सकिरहेका छैनन् । विश्वकप फुटबल प्रतियोगितामा रोनाल्डो,

रिभाल्डो र रोनाल्डिन्होहरूको टिमले विजय हासिल गरेमा अर्थतन्त्र मजबूत हुने, आफ्नो राजनैतिक सत्ता बलियो हुने र आफ्ना उत्तराधिकारी विजयी हुने सपना देखिरहेका राष्ट्रपति कारदोसो र उनको पछाडि रहेका देशी-विदेशी पूँजीपतिहरूको सपनामाथि अहिले प्रश्नचिन्ह लागिसकेको छ । सेराका अभिन्न मित्र तथा चुनाव अभियान संयोजन समितिका कोषाध्यक्ष रिकार्डो सेर्जियो डे ओलिभेराले सरकारी संस्थाहरू कौडीको मोलमा बिक्री गरी करोडौं डलर भ्रष्टाचार गरेको पोल खुलेपछि सेराको राष्ट्रपति बन्ने सपना पनि चकनाचुर हुने संभावना देखिएको छ ।

यस्तो अवस्थामा लुलाको लोकप्रियताको ग्राफ झन् झन् वृद्धि हुँदै जानु ब्राजिल र विश्वभरिका न्यायप्रेमी जनताका लागि खुशीको कुरा हो । ५५ वर्षीय मजदूर लुला आगामी अक्टोबर ६ (असोज २०) को चुनावमा विजयी भएमा उनी ल्याटिन अमेरिकाको सबैभन्दा ठूलो देशका वामपन्थी राष्ट्रपति हुनेछन् । र उनको अगाडि राष्ट्रभन्दा पनि ठूलठूला समस्याहरू आउने कुरामा कुनै विवाद छैन । तर वर्कर्स पार्टीले विभिन्न नगरपालिका र राज्य सरकार संचालन गर्दै प्राप्त गरिरहेका महत्वपूर्ण अनुभवहरू हेर्दा उनी राष्ट्रपति पद पक्कै पनि सम्हाल्न सक्षम हुनेछन् ।

लुलाजस्ता वामपन्थी मजदूर नेता ब्राजिलका राष्ट्रपति बन्ने बलियो संभावना देखेर धेरैजसो देशी-विदेशी पूँजीपतिहरू अहिलेदेखि नै नराम्ररी त्रसित हुन थालेका छन् । साओ पाउलो र ब्रासिलियादेखि न्यूयोर्क र वाशिङ्टनसम्मका पूँजीपतिहरूले अब ब्राजिलमा लगानी नगर्ने र ऋण पनि नदिने त्रास देखाउँदै आफ्नो भय प्रकट गर्न र ब्राजिलवासीलाई तर्साउन थालेका छन् । यस्तो स्थिति देखेर वर्कर्स पार्टी र त्यसका नेताहरूले आफ्नो जनमुखी र क्रान्तिकारी नीति र कार्यक्रमलाई सम्झौतामुखी बनाउने संभावना पनि देखिन थालेको छ । सत्ता-शक्तिका लागि सम्झौता र आत्मसमर्पण गर्ने स्थिति आएमा ब्राजिलका जनताको सचेतता, सतर्कता र सजगता पक्कै पनि उपयोगी हुनेछ । ❑

# पूँजीवादी संकटको कारण खोतल्दै छन् कम्युनिष्टहरू



पी.टी.बीका अध्यक्ष : लुडो मार्टिन

**विगत एक दशकभन्दा बेसी समयदेखि विश्वभरिका कम्युनिष्टहरूको आत्ममन्थनको एउटा अन्तर्राष्ट्रिय मञ्च भइरहेको छ- ब्रसेल्सको अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनार**

सोभियत संघको विघटन र समाजवादी खेमाको अभावपछि विश्वभरि व्याप्त भएको अन्योलबीच कम्युनिष्टहरूले विगत एक दशकदेखि आत्ममन्थन गर्दै आइरहेका छन् । र, यही आत्मन्थनको क्रममा आफ्ना कमी-कमजोरी र गल्तीहरूको पहिचानपछि अचेल उनीहरू पूँजीवादी खेमाका संकटहरूको कारण खोतल्न तल्लीन हुनथालेका छन् ।

विगत एक दशकभन्दा बेसी समयदेखि विश्वभरिका कम्युनिष्टहरूको आत्ममन्थनको एउटा अन्तर्राष्ट्रिय मञ्च भइरहेको छ- ब्रसेल्सको अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनार । 'वर्कर्स पार्टी अफ बेल्जियम' (पीटीबी)को आयोजनामा प्रत्येक वर्ष मे दिवसको बेला आयोजना हुने यस सेमिनारले यस वर्ष एघारौं वर्षमा प्रवेश गरेको छ । यस पटकको अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनार पनि ब्रसेल्समा मे २ देखि ४ तारिखसम्म भव्यतापूर्वक सम्पन्न गरिएको छ । उक्त सेमिनारमा ३८ वटा देशका ६४ वटा कम्युनिष्ट र वामपन्थी पार्टीहरूको सक्रिय सहभागिता थियो । थप ३३ वटा देशका ४१ वटा पार्टीहरू नाम दर्ता गराएर पनि उपस्थित हुन सकेनन् ।

यस पटकको मन्थनको विषय थियो- 'आर्थिक संकट र प्रमुख विश्व संकटको संभावना ।' यस विषयमा अधिकांश सहभागीहरूले पूँजीवादको अनिवार्य परिणतिको रूपमा आर्थिक संकट छाउन थालेको पक्षमाथि गहन विश्लेषण गरेका थिए ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट सेमिनारद्वारा पारित प्रस्तावअनुसार, अहिले देखिएको पूँजीवादी अर्थतन्त्रको संकटले विश्वलाई दुईवटा समाधानका बाटाहरूतिर डोऱ्याइरहेको छ, एउटा बाटो हो : साम्राज्यवादी शक्तिहरूको प्रतिद्वन्द्विताबाट नयाँ विश्वयुद्धतिर जाने बाटो । अर्को बाटो हो : संकटै-संकटले घेरिएको पूँजीवादको विनाश गरी समाजवाद स्थापना गर्ने मार्ग । कम्युनिष्टहरू यो संकटलाई झन् बेसी विस्तृत र घनीभूति पारी पूँजीवाद र साम्राज्यवादको समूल विनाश र समाजवादको निर्माण कार्यमा जुट्नु जरूरी छ । एक्काइसौं शताब्दीलाई समाजवादको शताब्दी बनाउन सामूहिक रूपमा गरिने उत्पादन, उत्पादनका साधनहरूमाथि व्यक्तिगत होइन, सामूहिक मालिकत्व स्थापना गर्न र न्याय, समता, स्वतन्त्रता र सम्बृद्धिको सिर्जनाका लागि जहाँबाट जसरी संभव छ, त्यसरी लड्नु जरूरी छ ।

सेमिनार शुरू हुनुभन्दा एकदिन अगाडि ऐतिहासिक मे दिवसको उपलक्ष्यमा ब्रसेल्समा भव्यतापूर्वक जनप्रदर्शन गरिएको थियो । मे दिवसमा बेल्जियमका हजारौं हजार मजदूरहरूदेखि लिएर विश्वभरिबाट जम्मा भएका कम्युनिष्ट र वामपन्थी पार्टीका नेता कार्यकर्ताहरू सहभागी भएका थिए । प्रदर्शनको क्रममा आयोजित आमसभालाई वर्कर्स पार्टी अफ बेल्जियमका महासचिव नादाइन रोसा रोस्सोले प्रमुख वक्ताको रूपमा सम्बोधन गरेका थिए । सभामा प्यालेस्टिनी मुक्ति संगठन (पीएलओ) को केन्द्रीय सभाका सदस्य तथा सालाह एम. सालाहले विशेष वक्ताका रूपमा बोलेका थिए ।

मे दिवसको सभाको अन्त्यमा सेमिनारका सम्पूर्ण प्रतिनिधिहरूलाई डायसमा बोलाइएको थियो र उनीहरूलाई जनसमूहबीच परिचय गराइएको थियो । त्यसपछि उनीहरू सबैले एकसाथ 'अन्तर्राष्ट्रिय' गीत गाएर मे दिवसको समापन गरेका थिए ।

सेमिनारको क्रममा नेपालमा माओवादी पार्टीको तर्फबाट चलाइएको जनयुद्धको क्रममा गिरफ्तार भएका नेता-कार्यकर्ताहरूको रिहाइ र वेपत्ता पारिएकाहरूको खोज-तलाश गर्न माग गरिनुका साथै झूठा मुठभेडहरूको विरोध पनि गरिएको थियो ।

त्यस्तै आर्थिक संकट र साम्राज्यवादको संकटबारे अमेरिकाद्वारा नेतृत्व गरिएको विश्वव्यापी आतंकवादविरोधी साम्राज्यवादी युद्धविरूद्ध सर्वहारा अन्तर्राष्ट्रियतावादी अभियानबारे, यूरोपीय यूनियन 'आतंकवादविरोधी' कानूनबारे अलग-अलग प्रस्तावहरू पनि पारित गरिएको थियो । सेमिनारमा अरब संसारविरूद्ध यहूदीवादी र साम्राज्यवादी हस्तक्षेपको सम्बन्धमा, फिलिपिन्सबाट अमेरिकी सैन्य शक्ति अविलम्ब र विनाशर्त फिर्ता लानुपर्ने सवालमा, कोलम्बियामाथि अमेरिकी सैनिक हस्तक्षेपको विरोधमा र उत्तर कोरियाको संघर्षको समर्थनमा पनि प्रस्तावहरू पारित गरिएका थिए । ❑

## निम्न सेवाहरू हामी तपाईंहरूलाई प्रदान गर्दछौं

- अग्नि वीमा
- सामुद्रिक वीमा
- मेडिक्लेम वीमा
- ओभरसिज मेडिक्लेम वीमा
- मोटर वीमा
- इन्जिनियरिङ्ग वीमा
- सामुहिक दुर्घटना वीमा
- ठेकेदार सम्पूर्ण वीमा

र

अन्य विविध वीमाहरू

# नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड

**प्रधान कार्यालय**

एन.आई.सी. बिल्डीङ्ग, कमलादी, काठमाण्डौ
पो.ब.नं. ३६२३,
फोन नं. २४५५६५, २४५५६८, २२१३५३, २२८६९०
फ्याक्स नं ९७७-१-२२५४४६
इमेल : nic@wlink.com.np
वेभ पेज : http://www.yomari.com/nico

**सम्पर्क कार्यालयहरु**

लहान
फोन नं. ६०१८०

धनगढी
फोन नं. २३२४८

विर्तामोड
फोन नं. ४११७९

**शाखा अफिस**

वीरगंज
श्रीपुर,
फोन नं. २२६३८
फ्याक्स नं. २६९३८

विराटनगर
बरगाछी
फोन नं. २४१५७
फ्याक्स नं. २४१५७

खस्यौली
फोन नं. २३०८३

नारायणगढ
संगम चोक
फोन नं. २११३२
फ्याक्स नं. २४६९३

नेपालगंज
सुर्खेत रोड
फो नं. २१४००
फ्याक्स नं. २१४००

पोखरा
फोन नं. ४१२२७



## कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीहरुलाई ग्रामीण कृषि कर्जा, ब्यापार कर्जा र बैंकिंग सुविधाहरु प्रदान गर्दछ ।


देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन कृषि विकास बैंकका कार्यहरुमा सहभागी होऔं ।

अहिले,

- किसानहरुलाई आफूले तिर्नसक्ने जतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ ।
- बैंक र किसानबीच बढी भेटघाट हुनसक्ने नयाँ व्यवस्था मिलाइएको छ ।
- बैंकिग कार्यालयहरुमार्फत् उत्पादनशील क्षेत्रमा जाने कर्जाहरुलाई प्रोत्साहित गरिएको छ ।
- ऋण र बचतलाई सँगसँगै लैजाने नीतिलाई जोडदार रुपमा कार्यान्वयन गरिएको छ ।
- बैंकले २०५४ सालमा लागू गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो बनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागू गरेर बैंकलाई दीर्घजीवी बनाउने पहल गरिएको छ ।


# कृषि विकास बैंक

मुख्य कार्यालय, रामशाहपथ, काठमाण्डौ
फोन : २६२८८५, २६२५९६, फ्याक्स: २६२६१६, २६२९२९
E-mail : agrbnk@infoclub.com.np,
URL : www.adbn.gov.np



# आयोगभित्र दिउँसो खाजा प्रायः पाँचतारे होटलबाट आउँथ्यो

● निर्मल लामा



**पाँचतारे होटलबाट आउने खाजा मैले कहिल्यै खाइनँ**

**मैले** पार्टीमा आएर संविधान सुधार आयोगभित्रको कुरो बाहिर सडकसम्म लैजानमा कसले गल्ती गरेको हो, त्यो पत्ता लगाउन कोशिसहरू गरें । तर त्यसो गर्दा 'लहरो तान्दा पहरो गर्जने' भनेजस्तै भयो ।

त्यसपछि म पुनः आयोगमा फर्कें । विश्वनाथ उपाध्यायले मलाई सोधे- "गल्ती गर्ने मान्छे पत्ता लगाउनु भयो ?" मैले जवाफ दिएँ- "भयो नि !"

उनले फेरि सोधे- "त्यसो भए गल्ती गर्नेलाई के गर्नु भयो त ?"

मैले भनें- "हाम्रो पार्टीभित्र उनलाई कार्वाही गरियो ।"

यसरी संविधान सुधार आयोगमा बसेर मैले आफ्नो भूमिका सक्दो किसिमले पूरा गरें ।

बहुदल आएपछि म प्रायः पाटनमै बस्ने गर्थें । पाटनमा म प्रजय शुक्लको घरमा त्यस परिवारको एक सदस्य सरह नै भएर बसें । त्यहाँ मलाई त्यस्तो कुनै तनाव हुने अवस्था आएन । आफ्नो घरमा त म कहिलेकाहीं मात्र जाने गर्थें ।

वास्तवमा पार्टीमा लागेदेखि घरमै भनेर बसेको त सायद एक प्रतिशतमात्रै होला । अरू सबै समय त मैले घरबाहिर नै बिताएँ । शुरूतिर काठमाडौंमा चन्द्रानन्दको घरमा परिवारजस्तै भएर १५ वर्ष बसें । पाटनको बखुबहालमा भूमिगत रूपमा डेरा लिएर ७-८ वर्ष बसें । त्यसरी नै पाटनकै खाछें टोलमा पनि बसें ।

परिवारमा मेरो खासै योगदान पनि रहेन र मेरो नेतृत्व पनि रहेन । म परिवारको अनुशासनमा पनि बसिनँ ।

संविधान सुधार आयोगमा बस्दाखेरिको कुरा गर्दा एउटा भन्नु पर्ने कुरा के छ भने, आयोगभित्र दिउँसो खाजा प्रायः पाँच तारे होटलबाट आउँथ्यो । तर मैले त्यो खाजा कहिल्यै खाइनँ । म प्रायः डिल्लीबजारको एउटा मः मः पसलमा जान्थें । त्यहाँ मैले एक दुई प्लेट मः मः र एक बोतल वियर लिन्थें ।

एक दिनको कुरो हो, दमननाथ ढुङ्गानाले मलाई सोधे- "तपाईं दिनदिनै कहाँ जानु हुन्छ ?"

मैले भनें-" म त मः मः खान जान्छु ।"

उनले भने- "त्यसोभए आज म पनि तपाईं सँगै मः मः खान आउँछु ।"

'हुन्छ जाऔं' भनेर त्यसदिन उनलाई पनि लिएर म डिल्लीबजारको मः मः पसलमा मः मः खान गएँ । त्यहाँ दमननाथले एक प्लेट मः मः खाए । ड्राइभरले पनि एक प्लेट मः मः खायो । मैले एक बोतल वियर पनि लिएँ । उनलाई 'वियर पनि लिने कि ?' भनेर मैले सोधें । उनले 'नाइं' भनेर वियर खान इन्कार गरे ।

यसरी मैले आयोगमा पाँच तारे होटलबाट आउँने खाजा कहिल्यै खाइनँ र, एक पटक मैले आफूले खाने गरेको मः मः दमननाथलाई पनि ख्वाएँ ।

हामीले संविधान सुधार आयोगको तर्फबाट संविधानको मस्यौदा तयार गरेर दिइसकेपछि राजाबाट जारी गराउनको लागि केही हेरफेर गरी सरकारले त्यसलाई राजाकहाँ पुऱ्यायो । त्यो संविधानलाई नै राजाले जारी गरे । त्यसपछि संविधान सुधार आयोगको काम सकियो । र, त्यसको लगत्तै म पुनः पार्टीको काममा लागें ।

तर त्यतिबेलासम्म पार्टीमा मतभेदहरू शुरू भइसकेका थिए । खासगरी 'कम्युनिष्ट सदस्य कहिले हुने ?' र 'कम्युनिष्ट काम कहिलेदेखि शुरू गर्ने ?' भन्ने विषयलाई लिएर पार्टीमा मतभेदहरू शुरू भयो ।

एकथरि बुद्धिजीवी साथीहरू 'पूर्णता प्राप्त गरिसकेपछि मात्र, बत्तीस लक्षणले परिपूर्ण भएपछि मात्र बल्ल पार्टी गठन गर्नुपर्छ र त्यसपछि मात्र पार्टी सदस्यता वितरण गरिनुपर्छ 'भन्ने कुरा लिएर कहीं प्रत्यक्ष रूपमा र कहीं परोक्ष रूपमा आउन थाले । त्यस्तो कुरा आएपछि मलाई त्यो झंझटमा बस्न मन लागेन । त्यसकारण मैले महामन्त्रीबाट राजीनामा दिएँ । तर पोलिटब्यूरोमा चाहिं बसिनै रहें ।

मैले राजीनामा गरेपछि कामरेड नरबहादुर कर्माचार्य महामन्त्री बन्नुभयो । उहाँ गेरो र 'सैद्धान्तिक परिपक्वता पूर्ण भइसकेपछि मात्र पार्टी खोल्नुपर्छ' भन्ने साथीहरूबीचको 'काउण्टर ब्यालेन्स' महामन्त्री हुनुभयो । म संविधान सुधार आयोगको सदस्य छँदाखेरि नै कामरेड नरबहादुर कर्माचार्य पार्टीको महामन्त्री बनिसक्नु भएको थियो । र, मैले आयोगको दैनिक रिपोर्ट उहाँलाई नै सुनाउँने गर्थें ।

त्यसबीचमा पार्टी एकताका कुराहरू चले । त्यतिखेर म कार्वाहीमा थिएँ । कार्वाही भन्नाले म आयोगको सदस्य छँदा रत्नपार्कको 'पोष्टर काण्ड'को सवाललाई लिएर भएको प्रेस सम्मेलनमा विश्वनाथ उपाध्यायले 'यो पोष्टर गर्नेहरू बच्चाहरू हुन्' हो या त्यस्तै अरू कुनै शब्द प्रयोग गरेका थिए रे ! त्यो आपत्तिजनक शब्द थियो र त्यस सवालमा मैले केही पनि काउण्टर जवाफ दिएन भनेर मलाई कार्वाहि गरिएको थियो । त्यसअघि पनि म आयोगको सदस्य हुँदाहुँदै नै त्यस्तै कुरालाई लिएर मलाई कार्वाही गरी केन्द्रीय कमिटीबाट हटाइसकेको थियो । र, त्यसपछिको त्यो घटनालाई लिएर पनि म कार्वाहीमा परेपछि मलाई पहिलेदेखि जारी अनुशासनको कार्वाहीमा अरू समय थपियो ।

म केन्द्रीय कमिटीबाट बाहिर छँदानै पार्टीको एकता वार्ता चल्यो । त्यसैले एकता वार्ता चल्दैछ भन्ने कुरोसम्म मलाई थाहा भयो, तर त्यहाँ के के कुरा भयो भन्ने कुराको कुनै जानकारी मलाई भएन । एकता वार्ता चल्दैछ भन्ने कुरा पनि मैले पार्टीको स्रोतबाट होइन, बाहिरबाट थाहा पाएको थिएँ । पार्टीलाई त वास्ताव्यास्ता केही थिएन ।

तर त्यो एकता गर्नको निम्ति नेकपा (चौ.म.)ले पार्टीको सम्मेलन बोलाई स्वीकृति लिनुपर्ने भयो । एकताका लागि अन्य पार्टीहरूले पनि आ-आफ्ना सम्मेलनहरूबाट स्वीकृति लिनुपर्ने भयो । त्यसकारण हाम्रो पार्टी नेकपा (चौ.म.) लगायत एकतासँग सम्बन्धित अन्य सबै पार्टीहरू पनि सम्मेलन गर्नेतिर लागे ।

हाम्रो पार्टीको सम्मेलन चितवनमा हुँदैथियो । मलाई 'चितवनमा जाऔं' भनियो । मैले 'म कार्वाहीमा परिराखेको मान्छे

किन जाने ? म जाँदिनँ' भनें । 'होइन, हामी त्यहाँ गएर तपाईंको कार्वाही फुकुवा गरिदिइहाल्छौं नि ! तपाईं जानु पर्छ ।' भन्ने कुरा भयो ।

मैले भनें- "यो त राजाको जन्मोत्सवमा जेलका कैदीहरूको कैद मिनाहा गरिदिएजस्तो भयो नि ! म त्यस्तो मिनाहा चाहन्न ।"

र, म सम्मेलनमा गइनँ ।

चितवनमा सम्मेलन शुरू भयो । शुरू भएको एक घण्टापछि एक जना कामरेडले मलाई फोन गऱ्यो - "तिमी तुरून्त आउनु पऱ्यो ।"

मैले भनें- "म किन आउने ?"

उसले जवाफमा भन्यो- "तिमी आउने भए तुरून्त आऊ, होइन भने यो सम्मेलन भाँडिने भयो । चौम सिद्धियो, एकता हुँदैन । सम्पूर्ण ध्वस्त हुने भयो ।"

मैले फेरि भनें- "तैपनि म आउँन्न । म बेहोर्छु सबै ।"

उसले भन्यो- "मेरो अनुरोध छ, तिमी यहाँ आउँदिन नभन ।"

त्यसपछि म चितवन गएँ । मलाई सम्मेलन भइरहेको ठाउँ थाहा थियो । तर म सिधै सम्मेलन स्थलमा गइनँ । त्यस दिन म चितवन ओर्लंदा सधैं बस्ने गरेको एक जना कामरेडको लज 'चितवन लज'मा बास बसिनँ । अलि परको अर्कै लजमा बस्न गएँ । त्यहाँ नुहाइ धुवाइ गरें र सुतें ।

भोलिपल्ट सम्मेलनको बारेमा बुझ्छु त, सम्मेलन सहज ढंगले अगाडि बढिराखेको थिएन । त्यहाँ रिपोर्ट पेश गरिएको रहेछ, तर त्यसलाई सहभागीहरूले मानिराखेका थिएनन् । बहस त खूब भयो, तर रिपोर्टमा कसैले कुनै खोट देखाउन सकिराखेको थिएन । त्यसैबीचमा केन्द्रीय कमिटीको बैठक बस्यो । मलाई त्यस बैठकमा बोलाइयो ।

उनीहरूले मलाई भने- "सक्दैनौं हामी अब । कामरेड, के गर्ने हो ?"

मैले भनें- "मलाई एक चोटि रिपोर्ट पढ्न दिनुहोस् ।"

त्यसपछि मैले सोधें- "रिपोर्टको लेखक को हो ?"


फलाना कामरेड भनेर एक जना कामरेडको नाम लिनुभयो साथीहरूले ।

मैले भनें- "त्यो हो भने त्यसले त गलत रिपोर्ट लेख्दै लेख्दैन ।"

मैले रिपोर्ट हेरें । त्यसमा त्यस्तो खासै गलत कुरा मैले केही भेटिनँ । त्यसपछि मैले साथीहरूलाई सोधें- "यस रिपोर्टको कुनै आलोचना टिपोट गरिएको छ ?" 'गरिएको छ' भनेर उनीहरूले जवाफ दिए । मैले त्यो टिपोट हेरें । आलोचना भनेर जति टिपोट गरिएको हो, त्यसको जवाफ रिपोर्ट स्वयंमा नै रहेछ । त्यो हेरेपछि मलाई के लाग्यो भने वास्तवमा त्यो आलोचना नभएर केवल खोचेमात्र थापेको हो । अझ खोचे थापेको भन्दा पनि त्यो मलाई घोचेको हो भनेर मैले बुझें । उनीहरू सोझै भन्न सक्दैनन्-रिपोर्ट नै गुटमुट्यार फाल्दिने भनेर । त्यसरी उनीहरू कोही पनि बोल्दैनन् । सबै नै केवल रिपोर्ट ठीक छैन मात्र भनिरहन्छन् । रिपोर्ट ठीक छ भन्ने मान्छे पाउन नै गाह्रो भयो ।

त्यसपछि मैले साथीहरूलाई भने-"तपाईंहरूले मेरो अनुशासनको कार्वाही फुकाउनुस् या नफुकाउनुस् मलाई मतलव छैन । म सम्मेलनमा पस्छु ।" र, म सम्मेलनको हलमा पसें । त्यहाँ गएर मैले रिपोर्टको सम्बन्धमा 'तपाईंहरूको आलोचना यो यो होइन र ?' भनेर सबै देखाइदिएँ । मैले सबै आलोचनाहरूलाई अलग अलग छुट्याएर देखाइदिएँ । 'संघर्षको सम्बन्धमा यो, राजनीतिक नीतिको बारेमा यो' आदि भनेर आलोचनाहरूलाई छुट्टाछुट्टै भागमा विभाजन गरेर देखाइदिएँ । र, मैले भनें- "तपाईंहरूको प्रश्नको सम्पूर्णको जवाफ यो रिपोर्ट स्वयंमा छ । रिपोर्टलाई पास गरिदिनुहोस् ।" त्यसपछि त्यो रिपोर्ट एक घण्टाभित्र पास भयो । अनि सम्मेलन सिद्धियो ।

पार्टीको त्यो सम्मेलन सिद्धिएपछि एकता सम्मेलन शुरू हुने भयो । मैले भनें- "मलाई नलैजानुहोस् । वार्ता कुन



प्वाइन्टमा शुरू भयो र अहिले त्यो कहाँ पुग्यो, मलाई केही थाहा छैन । यस्तो मान्छे त्यहाँ गएर केही काम छैन । त्यसैले मलाई त्यहाँ नलैजानुहोस् ।" यो कुरो मैले जुन कामरेडले मलाई काठमाण्डौमा फोन गरेर चितवन बोलाएको हो, उसैलाई भनेको थिएँ ।

उसले मलाई भन्यो- "तिमी सम्मेलनमा जान्छौ, तिमी सम्मेलनमा जानुपर्छ । तिमी सम्मेलनमा जाँदैनौ भने यो एकता हुँदैन, एकता भाँड्नेको नाम इतिहासमा तिम्रो हुनेछ ।"

मलाई थाहा थियो सबै नै एकताको पक्षमा थिए, कार्यकर्ता-नेता सबै एकताको पक्षमा थिए । तर म नगएमा एकता नहुने भन्ने कुरो भयो । एकताका पक्षपातीहरूले मलाई खोजेका रहेछन् । मलाई खोज्नुको अर्थ मेरो पकडले खोजेको हो भन्ने कुरा मलाई थाहा भयो । किनकि पार्टीभित्र गडबड थियो भन्ने कुरा मलाई पहिले देखिनै थाहा थियो, पोष्टरकाण्डदेखि नै । त्यसकारण म नै त्यस एकता सम्मेलनमा भइँन भने एकता प्रक्रिया के हुने हो, त्यो केही भन्न नसकिने भयो ।

त्यसपछि साथीहरूको कुराबाट म कन्भिन्स भएँ । र, 'ल, हुन्छ' भनेर म सम्मेलनमा गएँ । ❑

*क्रमश :*

*प्रस्तुति– तुल्सीदास महर्जन*


**KANTIPUR ENGINEERING COLLEGE**

( Affiliated to Tribhuvan University )

**ANNOUNCES ADMISSION !!**

| Programme | Enrollment Capacity |
|---|---|
| B.E. Civil | 80 |
| B.E. Computer | 120 |
| B.E. Electronics | 80 |

**Class Starts : From 10th Bhadra, 2059.**

*For further details please contact or visit :*

**Kantipur Engineering College**

Dhapakhel, Lalitpur, P.O. Box : 8849

Phone: 571664, 571004, 571005

Email: admin@kec.wlink.com.np

Website: www.kec.edu.np Fax : 570344

**P.S.:** ***Transportation facility is provided by the college to students & parents willing to visit our college from Satdobato (KEC Contact Office), from 7:00 A.M. to 4:00 P.M.***




## विशिष्ट संकलन नोबेल

नोबेल-२०५९ एउटा साहित्यिक वार्षिकी हो, जसमा समकालीन नेपाली साहित्यमा क्रियाशील सबै पक्षका स्रष्टाहरूको प्रतिनिधिमूलक उपस्थिति रहेको छ । नोबेल एकेडेमीद्वारा प्रकाशित यस नोबेल साहित्यिक वार्षिकीमा एक दर्जन कथा, तेईसवटा कविता, छवटा समालोचना/संस्मरण, तीनवटा व्यंग्य/संस्कृति, एउटा अन्तरवार्ता, दुईटा नाटक, छवटा विश्वसाहित्यका उत्कृष्ट रचनाहरू संग्रहित छन् । एउटा शिक्षण संस्थाको प्रकाशन भएकोले केही पृष्ठहरू नोबेल पृष्ठका रूपमा उच्च मा.वि. स्तरीय पुरस्कृत कविताहरूका निम्ति पनि खर्च गरिएको छ ।

साझा प्रकाशन, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, गोरखापत्र संस्थानजस्ता संस्थाहरूबाट नेपाली साहित्यका आवधिक प्रकाशनहरू भइरहेको भए तापनि समकालीन नेपाली साहित्यको प्रकाशनलाई व्यक्तिगत र अन्य निजी क्षेत्रका प्रकाशनहरूबाट पनि गुणात्मक सहयोग प्राप्त भइरहेको छ । नोबेल साहित्य वार्षिकी त्यसको एउटा राम्रो उदाहरण हो ।


नोबेलको प्रस्तुत अंकमा 'हरेरामकी आमा' शीर्षकमा लेखिएको खगेन्द्र संग्रौलाको कथा यस अंककै सर्वोत्कृष्ट कथा हो । यो कथा केही समयदेखि खस्कँदै गएको संग्रौलाको कथाकारितालाई क्षतिपूर्ति गर्ने सशक्त कथा पनि हो । मुलुकमा घटित माओवादी जनयुद्धका परिणामहरूलाई समाज-मनोवैज्ञानिक उपचारपद्धतिद्वारा लेखिएको यो कथा उहाँका अन्य कथाहरूको सापेक्षमा पनि उत्कृष्ट कथा हो । गम्भीर पाठकले वर्तमानको कुरूप र आन्दोलनरत यथार्थमाथि यस कथाका दृश्यांशहरूबाट संवेदित र विचलित हुने अनुभूति ग्रहण गर्दछ ।

अर्का वरिष्ठ कथाकार ध्रुव सापकोटाको कथा 'अर्कै मान्छे', युवा कथाकार नयनराज पाण्डेको कथा 'उही नरबहादुर' र युवा साहित्यकार सुधा त्रिपाठीको निबन्ध 'जिगीषा र जिजीविषा' पनि नोबेलमा प्रकाशित रचनाहरूमध्ये समकालीन यथार्थसँग सम्बद्ध गम्भीर तथा महत्वपूर्ण रचनाहरू हुन् ।

यस संकलनभित्रका झण्डै दुई दर्जन कविताहरूमध्ये शैलेन्द्र साकार, विमल निभा, हरि अधिकारी, पुरूषोत्तम सुवेदी, भुवन ढुंगानाजस्ता केही कविहरूका कविताहरू समकालीन चेतनासहित लेखिएका उत्कृष्ट कविताहरू हुन् । वरिष्ठ साहित्यकार गोविन्द गोठालेसँग लिइएको अन्तरवार्ता पठनीय त छ, तर त्यसमा उत्तरभन्दा प्रश्नहरूको बोझ बढी छ । साथै, प्रश्नकर्ताका निर्णयात्मक विचारहरू थोपरिएकोले गम्भीर र सरस दुवै हुनसकेको छैन ।

साहित्यलाई अझै अनुत्पादक नै ठान्ने र त्यहीअनुरूप व्यवहार गरिरहने सरकार र राजनीतिले सम्पूर्ण पर्यावरण ढाकेको विकट अवस्थामा नोबेल एकेडेमीले प्रगतिशील तथा प्रजातन्त्रवादी दुवै पक्षका साहित्यकारका रचनाहरू समेटेर यस्तो महत्वपूर्ण अंक प्रकाशन गरेकोमा साहित्य जगतले कृतज्ञतासहित धन्यवाद ज्ञापन गर्नुपर्दछ । साहित्यिक पत्रकारका रूपमा समेत आफ्नो महत्वपूर्ण छवि निर्माण गरेका युवा साहित्यकार राजेन्द्र पराजुलीको परिश्रम यसभित्रका रचना चयनदेखि लिएर सम्पादन कार्यसमेतमा झल्किएको देख्न सकिन्छ । त्यसनिम्ति अतिथि सम्पादक राजेन्द्र पराजुली विशेष रूपले धन्यवादका पात्र हुनुहुन्छ ।

● *गोविन्द वर्तमान*




## क्षेत्रीय मिडियाको आधा शताब्दी

नेपालमा पत्रिका प्रकाशन शुरू भएको शताब्दी नाघ्यो । क्षेत्रीय मिडियाको उमेरचाहिं आधा शताब्दी नाघेछ, २००८ सालमा बीरगंजबाट निस्किएको *सेवा* मासिकलाई शुरूआत मान्दा । झण्डै चारदशक सुषुप्त अवस्थामै रहेको क्षेत्रीय मिडियाले २०४६ सालको जनआन्दोलनपछि फस्टाउने मौका पायो । तर *सेवा*बाट शुरू भएर विकास भएको क्षेत्रीय मिडियाले स्थानीय जनताभन्दा अरूकै बढी सेवा गरेछ । त्यसको सबुद प्रमाण हो, *क्षेत्रीय मिडिया विगत र वर्तमान* ।

किताबमा दुईखाले लेखहरू छन्, क्षेत्रीय मिडियामा संलग्न स्थानीय पत्रकारहरूले मिडियाको शुरूवात तथा विस्तारको बारेमा लेखेका र *मार्टिन चौतारी*का अनुसन्धानकर्ताहरूले स्थलगत अध्ययनका आधारमा तयार पारेका लेखहरू । अध्ययनमा पाँचै विकास क्षेत्रका पत्रपत्रिका र रेडियोको विगत र वर्तमानलाई गहिरोसँग केलाइएको छ । 'पत्रकारहरूमा राजनीतिक पूर्वाग्रह र आर्थिक साँठगाँठका अभ्यासहरू व्याप्त छन् ।' अनुसन्धाता भास्कर गौतमको यो टिप्पणी अपवादबाहेक सबै क्षेत्रमा लागु हुन्छ, जसले पत्रकारलाई समाजको सम्मानित सदस्य हुनबाट टाढै राख्ने गर्छ । 'अपवादलाई छाडेर, क्षेत्रीय मिडियाले स्थानीय क्षेत्रमा 'वाचडग'को भूमिका निर्वाह गर्न सकेको छैन' भन्ने अनुसन्धानको निष्कर्ष छ ।

मिडियासम्बन्धी अध्ययन/अनुसन्धानमा संलग्न *मार्टिन चौतारी*को यो अध्ययनले क्षेत्रीय मिडियाको आधा शताब्दीको अभ्यास र प्रवृतिलाई राम्रैसँग केलाएको छ । र, क्षेत्रीय मिडियालाई आफ्नै पृष्ठभूमि हेर्न घचघच्याएको छ । प्रत्युष वन्तको सम्पादनमा *मार्टिन चौतारी*ले प्रकाशित गरेको यो किताब एउटा गतिलो अभिलेख हुनेछ, क्षेत्रीय मिडियालाई व्यवसायिक ' जनउत्तरदायी बनाउन ।

● *पूर्ण बस्नेत*




मोदनाथ प्रश्रित संकलित रचनाहरू (खण्ड १-७)
विधा : प्रश्रितका सम्पूर्ण रचनाहरु ७ खण्डमा
लेखक : मोदनाथ प्रश्रित
प्रकाशक : पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर
मूल्य : हरेक खण्डमा अलग (खण्ड १ को रु. २००/-)




कुहिरो र काग
विधा : कविता संग्रह
लेखक : बलभद्र भारती
प्रकाशक : सिर्जनशील प्रकाशन
पृष्ठ : ६३+२०
मूल्य : रु. ३०/-



संघर्ष भित्रका अनौठा पाइला
विधा : उपन्यास
लेखक : शान्ता श्रेष्ठ
प्रकाशक : जनमत प्रकाशन, बनेपा, काभ्रे
पृष्ठ : ११४+८
मूल्य : रु. ५०/-




डेनमार्क भ्रमणको डायरी
विधा : यात्रा संस्मरण
लेखक : पृथ्वीबहादुर सिंह
प्रकाशक : श्रीमती प्रेमकुमारी सिंह
पृष्ठ : ९३+१०
मूल्य : रु. ५०/-




डुमरवानाको सेरोफेरो
विधा : अनुसन्धानात्मक पुस्तक
अध्ययन/लेखन : नवराज रिजाल
प्रकाशक : डुमरवाना गाविस कार्यालय, बारा
पृष्ठ : ९६+२४
मूल्य : रु. १००/-



राष्ट्रिय व्यवस्था, अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानून
लेखक : गोपाल सिवाकोटी 'चिन्तन'
प्रकाशक : मानवअधिकार तथा मानवीय कानून अभियान
पृष्ठ : ३८२+२२
मूल्य : रु. ३०/-



# कृष्ण सेन 'इच्छुक'को कविता

बेपत्ता पारी सरकारद्वारा हिरासतमै मारिएका पत्रकार तथा कवि कृष्ण सेन 'इच्छुक'को एउटा कविता पाठकहरूसामु यहाँ प्रस्तुत गरिएको छ। उहाँको बारेमा छानबीन गर्न गठित सरकारी आयोगले यही भाद्र ६ गते सार्वजनिक गरेको प्रतिवेदनमा उहाँलाई गिरफ्तारै नगरिएको भन्ने सरकारी भुठ्ठलाई नै सदर गरेको छ। - *मूल्यांकन*

## बन्दी छोराको पत्र

आमा ! यो अँधेरो कालकोठरीभित्र
तपाईंको मायालु न्यानो काखदेखि
म धेरै टाढा छु
देशका धेरै धेरै सन्ततिहरूका साथमा
बन्दी जीवनका अति यातना र कष्टपूर्ण घडीहरू खप्दै
म मेरा प्रिय संगी
र, आत्मीय स्वजनहरूदेखि पनि धेरै टाढा छु ।

मेरो शिरमा
स्नेहपूर्ण कोमल हातहरू सुम्सुम्याउँदै
आमा ! तपाईंले गहिरो ममताका
शीतल स्पर्शहरू छर्न सक्नुहुन्न
तपाईंको समुद्रजस्तै
विशाल मातृत्वको प्रशान्त सागरमा
अथाह डुबेर म पनि
पूर्णिमाको चन्द्रभैं अगाध रमाइरहन सक्तिंन ।

तर तैपनि आमा !
म जति टाढा रहूँ तपाईंदेखि
तपाईंको प्रेमाकुल मुटुको अंगालोदेखि
अनि मेरो असंख्य प्रियजनहरूदेखि
मेरो मन सधैं तपाईंकै प्यारो काखमा हुन्छ
मेरो मन सधैं-सधैं मित्रहरूकै रमाइलो साथमा हुन्छ ।

भावनाहरूको मृदुल संसारमा
तल तल चाहनाहरूको स्वर्ग सजाएर मैले
एक एक घडी र पलाहरू सहजै गनेर बिताएको छु
मेरा अघि बन्दी जीवनको भयावह कठोर यथार्थ छ
तैपनि आगामी स्वर्णिम दिनकै उपासनामा
यी कटु नारकीय क्षणहरूलाई पनि मैले
प्रतिक्षण तपाईंको सपनाभैं सुन्दर बनाएको छु ।


अन्यायपूर्ण बन्धनहरूभित्र आमा,
मेरो न्यायपूर्ण बोलीहरू जबरजस्ती खोसिए पनि
लाखौंलाख मुक्तकण्ठहरू गीत भएर घन्किरहेकै छन् त्यहाँ
मेरा शिखरहरू छुने कदमहरू नेल हालेर बाँधिए पनि
लाखौंलाख अपराजेय पाइलाहरू जीत भएर लम्किरहेकै छन् त्यहाँ
मेरा सगर थाम्ने हातहरू हत्कडीले बाँधिए पनि
लाखौंलाख पौरखी हत्केलाहरू निर्माण भएर जुटिरहेकै छन् त्यहाँ
हो, आमा ! त्यसैले
यी चिसा-चिसा छिडींका अँधेरा दिनमा पनि
म अतिसय उजेला आशाहरूले भरिएको छु
म अतिसय चम्किला विश्वासहरूले चुलिएको छु
तपाईंको मधुर सपना विपना बन्छ
हाम्रो चीर सपना जरूर विपना बन्छ ।

तिनै विपनाहरूको अर्चनामा
मेरो रगत देशकै लागि बगोस् आमा !
म जहाँ मरूँ, देशकै लागि मरूँ
मुक्तियुद्धको हवन-कुण्डमा
मेरो जीवन पवित्र समिधा बनोस्
मेरो प्राण प्रज्ज्वलित अग्नि बनोस्
र, म जैले मरूँ, देशकै निम्ति मरूँ ।

म मरे पनि
देशका जम्मै सन्ततिहरू
तपाईंकै प्रिय पुत्र हुन् आमा,
तपाईंकै सपनामा
ती आज सुनबुट्टे विपना कुद्दैछन्
संसार सजाउने तिनका रहरहरूमा
तपाईंले आशिश थप्दै जानोस्
जिन्दगी फुलाउने तिनका संकल्पहरूमा
तपाईंले विश्वास भर्दै जानोस्
कर्मपथका ती योद्धाहरूलाई
तपाईंले ममता बाँड्दै जानोस्
तपाईंका पुत्रहरू आँधीसँग जुध्न सक्छन्
तपाईंका पुत्रहरू समयसँग भिड्न सक्छन्
ती त तीव्रगामी गतिका अग्रगामी बाहकहरू हुन्
काँधमाथि तिनले सम्पूर्ण ब्रम्हाण्ड बोक्न सक्छन् ।

त्यसैले गति रोकिंदैन
अँधेरो युगको कायाकल्प हुन्छ आमा !
इतिहास फेरिन्छ/इतिहास फेरि रचिन्छ
र, फेरि नयाँ युगको नवीन यात्रा शुरू हुन्छ
र, फेरि नयाँ जीवनको नौलो कथा शुरू हुन्छ । ❑


*'इतिहासको यस घडीमा' कविता संग्रहबाट*




*कृष्ण सेन 'इच्छुक'का प्रकाशित किताबहरु*

# NEPAL COLLEGE OF INFORMATION TECHNOLOGY

*(Affiliated to Pokhara University)*



## Program Offered and Duration

* Bachelor of Computer Engineering- B.E. (COM) 4 years.
* Bachelor of Software Engineering B.E. (SE) 4 years.
* Bachelor of Engineering in Information Technology B.E. (IT) 4 years.
* Bachelor of Electronics & Communication Engineering B.E. (ELX) 4 years
* M.Sc. in Computer Science

## Entry Requirement

a. **Undergraduate program :** I.Sc. equivalent or 10+2 (science) or equivalent passed in 2nd division or above from University or boards recognized by Pokhara University.

b. **Postgraduate Program :** B. Sc. in Computer science/Physics or Bachelor of Computer Application or Bachelor of Engineering or B.Sc./BA. (Mathematics) from Universities recognized by Pokhara University.

We are here:

Ward no: 6, Imadol vdc,
Lalitpur, Nepal
**Ph:** 543084/550198
**E. mail:** mscnec@col.com.np
**Website:** www.ncit.edu.np

*Session starts in August every year.*

# बुद्ध दर्शनमा द्वन्दवाद र भौतिकवाद

**प्रज्ञानरत्न**

बुद्धको प्रतीत्य समुत्पादको सिद्धान्त तर्कशास्त्रका हिसाबले पनि निक्कै उल्लेखनीय देखिन्छ । बुद्ध यहाँ हरेक घटना वा वस्तुको उत्पत्तिको कारण ईश्वर वा परमात्मामा खोज्ने तर्कपद्धतिको तीव्र बिरोधमा खडा हुनुभएको छ । हरेक बस्तु त्यो बाहेकको अर्को वस्तुबाट उब्जिन्छ र हरेक घटना अर्को घटनाबाट पैदा हुन्छ भन्ने उहाँको अनिश्वरवादी तर्कपद्धति अझै पनि सान्दर्भिक र बैज्ञानिक देखिन्छ र यसको सार भौतिकवादी छ । बुद्धको प्रतीत्यसमुत्पादको नियमको सार नै यही हो कि यदि त्यो बस्तु छ भने यो बस्तु छ; त्यो बस्तुको उत्पत्तिबाट यो बस्तुको उत्पत्ति हुन्छ; यो वस्तु अस्तित्वबाट लोप हुन्छ, त्यो वस्तुको पनि लोप हुन्छ । अर्को शब्दमा, यो नियमले त्यही अर्थ बुझाउँछ, जुन द्वन्दवादमा अन्तर्सबन्धको सिद्धान्तले बुझाउँछ : कुनै पनि बस्तु निराधार रूपमा



अथवा एक्लो वा अलगथलग रूपमा अस्तित्वमा रहँदैन, कुनै पनि वस्तु निरपेक्ष रूपमा अस्तित्वमा रहँदैन । अन्तर्सम्बन्ध वा अन्तर्निर्भरतामा मात्र कुनै पनि घटना वा बस्तुको उत्पत्ति र अस्तित्व हुन्छ । बुद्धको प्रतीत्यसमुत्पादको नियमको यो तर्कपद्धति र सार बिल्कुलै द्वन्दवादी देखिन्छ ।

बुद्धले यो तर्कपद्धति तर्कका लागि तर्क गर्न वा बुद्धि विलासका लागि विकास गर्नुभएको थिएन । दुःखको कारण खोज्ने सिलसिलामा उहाँले यसको विकास गर्नुभएको थियो । त्यतिखेर जुन पुरोहितवाद भारतमा छाइरहेको थियो, त्यसले जुन हुनेवाला छ त्यो भएरै छाड्छ भन्ने भाग्यवादी र ईश्वरवादी तर्क दुनियाँको दिलदिमागमा संप्रेषण गर्ने प्रयत्न गरिरहेको थियो । बुद्धले बिल्कुलै नयाँ तर्कपद्धति विकसित गर्नुभयो- खोजेमा हरेक कुराको कारण थाहा पाउन सकिन्छ । तिमी दुःखको जरो कारण थाहा पाऊ, तिमी आफैंले दुःखलाई निमिट्यान्न पार्न सक्नेछौ । भाग्य वा ईश्वरको भर परेर दुःखको निवारण कहिल्यै हुँदैन । पुरोहितवादले बिगबिगी मच्चाएको त्यो समयमा यो अद्भूत क्रान्तिकारी र यथार्थवादी तर्कपद्धति थियो । यसले त्यतिबेलाका भाग्यवादको प्रचार गरेर ठगी खान पल्केका पण्डा, पुरोहितहरूको दुनियाँमा ठूलो भूइँचालो ल्याएको थियो ।

दुःखको जरो कारण थाहा पाउने तर्कपद्धति विकास गर्ने सिलसिलामा नै बुद्धले १२ वटा कारणहरूको सिक्री विकास गर्नुभएको थियो : मान्छेको जन्म वा पुनर्जन्म (जती) नभएको भए उसले दुःख भोग्नुपर्ने थिएन । जन्मने इच्छा (भव) नभएको भए उसले जन्मनु पर्ने थिएन । कुनै पनि कुराप्रति शारीरिक-मानसिक मोह वा आसक्ति (उपादान) नभएको भए जन्मने इच्छा पैदा हुने थिएन । कुनै पनि बस्तुप्रतिको तृष्णा नभएको भए मोह वा आसक्ति पनि पैदा हुने थिएन । इन्द्रियजन्य संवेदना (बेदना) नहुँदो हो त वस्तुप्रतिको तृष्णा पनि पैदा हुने थिएन । इन्द्रियहरूको वस्तुहरूसित स्पर्श नहुँदो हो त तृष्णाको उत्पत्ति नै हुने थिएन । मनसहितको पाँच इन्द्रियहरू (षट्आयतन) नभएको भए स्पर्श पनि हुनसक्ने थिएन । मान्छेको शरीर र मन (नाम-रूप) अस्तित्वमा नहुँदो हो त मनसहितका इन्द्रियहरू पनि हुनसक्ने थिएनन् । चेतना (विज्ञान) नभएको भए शरीर र मन हुने थिएन । कर्मगत प्रभावहरू (संस्कार) नहुँदो हो त चेतना हुने थिएन । अज्ञान (अविद्या) नभएको भए कर्मगत प्रभावहरू पनि हुने थिएनन् । बुद्ध यसरी कारणको कारण खोज्दै अन्ततः दुःखको जरो कारण अज्ञान हो भन्ने निष्कर्षमा पुग्नुभएको देखिन्छ ।


बुद्धले विकास गर्नुभएको १२ वटा कारण-कार्यहरूका सिक्रीहरूमध्ये खास खास कारणमा हामी असहमत हुन सकौंला, परन्तु कारणको पनि कारण खोज्दै जरो कारण पहिल्याउने उहाँको तर्कपद्धति अपूर्व छ । यसले पुर्पुरोमा होइन, सत्य थाहा पाउने प्रयत्नमा भर पर्न मान्छेलाई सिकाउँछ । बुद्धको प्रतीत्यसमुत्पादको सिद्धान्तमा मानव प्रयत्नका लागि पर्याप्त ठाउँ छ । जुन सन्तानलाई हामी जन्म दिन्छौं, त्यसलाई हामी नामेट पनि पार्न सक्छौं । दुःख पनि हाम्रै सन्तान हो, हाम्रै मोह, हाम्रै तृष्णा, हाम्रै संस्कार र हाम्रै अज्ञानताको सन्तान । तसर्थ, हामीले प्रयत्न गरेर दुःखको जरो कारण थाहा पाऔं र यसको अन्त गरौं, हामी यसको सन्तानलाई स्वतः अन्त्य गर्न सक्छौं । *(हेर्नुहोस्- ओल्डेनवर्गको, Buddha, पृष्ठ- २२४-५)*

बुद्धको प्रतीत्यसमुत्पादको सिद्धान्तमा १८ वटा कारण-कार्यको सिक्री क्रमबद्ध पंक्तिका रूपमा छैन, यो चक्रीय रूपमा छ । १२ रौं तत्व जन्म-पुनर्जन्म पहिलो तत्व अर्थात् जरो कारण अज्ञानतासित जोडिएको छ । बुद्धको ठम्याइ के छ भने, मान्छेले प्रयत्न गर्‍यो भने यो सिक्री बीचैमा तोड्न सक्छ । उसले दुःखको जरो कारण अज्ञानतालाई नै उन्मूलन गरेर कुनै पनि बेला दुःखबाट मुक्ति प्राप्त गर्नसक्छ । बुद्धका अनुसार अज्ञान भनेको नै बन्धन हो, ज्ञान भनेको नै मुक्ति हो । बन्धन तोड, मुक्ति यहीं र अहिल्यै तिम्रो सामुमा छ । बुद्धको यो तर्कपद्धति तर्कसम्मत र यथार्थपरक छ । बुद्धको भनाइ के छ भने बुद्ध स्वयम्ले यही विधि व्यवहारमा अपनाएर दुःखबाट मुक्ति प्राप्त गर्नुभयो र बुद्ध हुनुभयो । यही विधि हरेकले अपनाउनु संभव छ ।


□□

देशमा शान्ति र सुव्यवस्था कायम हुनसकेमा मात्र विकासको गति तीव्र हुनसक्छ । यसर्थ समाजमा शान्ति, सुव्यवस्था कायम राखी एकता र राष्ट्रिय हितको भावनाले विकास कार्यमा सहभागी हुनु सबै नेपालीहरूको प्रमुख कर्तव्य हो ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग




# सोलार बिजुली प्रयोग गरौं ! अंध्यारोमा नबसौं !!



सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।






सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचलन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।





## SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ, फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१




# 'लिखे'को प्रसंग
# दलित साहित्यको चर्चा

शरद पौडेलद्वारा लिखित उपन्यास 'लिखे'को समीक्षा गोष्ठीमा गत भाद्र २ गते काठमाण्डौंमा पुनः एक पटक दलित साहित्यबारे चर्चा चल्यो । दलित स्वयंले लेखेको साहित्य दलित साहित्य हो कि दलितहरूको व्यथा संगेटिएको, तर जोसुकैले लखेको साहित्य दलित साहित्य हो ? -भारतमा यस विषयमा ठूलो हदको विवाद विद्यमान रहेको छ । नेपालमा त्यही हदमा यसबारे चर्चा नचले पनि साहित्यकारहरूबाट बेलाबेलामा यसबारे छिटफुट विचारहरूको प्रस्तुति हुने गरेका पाइएका छन् । यो छिटपुट प्रस्तुतिभन्दा अलि व्यापक अर्थमा यसबारे उक्त गोष्ठीमा कुरा उठे । जोसुकैले लखेको भए पनि दलितहरूबारे लेखिएको साहित्यलाई यस कोटीमा राख्नु पर्नेमा सो गोष्ठीमा प्रायः सहमति कायम भयो । आफू दलित भएर पनि दलित समस्यामा केन्द्रिय भएर नलेख्ने लेखकहरू पनि नेपालमा रहेको र आफू दलित नभए पनि दलितबारे लेख्ने लेखकहरू पनि रहेको प्रसंग पनि त्यहाँ उठे । २०१३ मा प्रकाशित मुक्तिनाथ तिमिल्सिनाद्वारा लिखित उपन्यास 'को अछुत ?' अनि खगेन्द्र संग्रौलाको पोहर साल प्रकाशित 'जुनकिरीको संगीत'कै पंक्तिमा यसपालि शरद पौडेलको 'लिखे' प्रकाशित भएको छ ।

नेपाली साहित्यमा दलितहरूको समस्याप्रति नै समर्पित भएर लेखिएका उपन्यासहरू हालसम्म यिनै तीनवटा मात्रै हुन् । तीनै जना गैर-दलित जातिका लेखकहरूबाट दलित साहित्यको सिर्जना हुनुलाई सो गोष्ठीका एक जना वक्ता लेखक हिरा विश्वकर्माले यी लेखकहरूले 'पुर्खाको पाप पखालेको' अर्थमा पनि व्याख्या गर्नुभयो ।

साहित्यकार कृष्ण गौतमले अछुत हुनुको समस्या आम-सामाजिक असचेतनाको उपज हो भनी नुवाकोट देवीघाटमा अछुतकहाँ एकहा पुराण लगाउन जाने बाहुन स्वयंलाई समाजले बहिष्कार गरेको उल्लेखनीय उदाहरण दिनुभयो । मूलतः दलितहरू स्वयंबाटै दलित साहित्य सिर्जना हुनुपर्छ भन्ने उहाँको भनाइमा सामान्यतः सबैको सहमति रह्यो । समालोचक राजेन्द्र सुवेदीले वि.सं. १९८४ सालमा मानसिंह गोर्खाले 'एउटा गरीब सार्कीकी छोरी' कथा लेखेर दलितसम्बन्धी आख्यानको शुरूवात गरेको प्रसंग उठाउनु भयो भने खगेन्द्र संग्रौलाले 'दलितको साहित्य' हुन्छ तर त्यसलाई 'दलित साहित्य' नै भन्नु नमिल्ने तर्क गर्नुभयो । साहित्यकार महेश मास्केले उत्पीडितहरूमा परिवर्तनमुखी चेतले बढी प्रभावकारी काम गर्न संभव छ भन्ने धारणा व्यक्त गर्नुभयो । लेखकहरू इश्माली र रूद्र खरेलले पनि बोल्नु भएको सो गोष्ठीमा लेखिका उर्मिलादेवी विश्वकर्माले 'लिखे' उपन्यासलाई दलित साहित्यमा एउटा 'आयाम'को रूपमा स्वीकार्न सकिने जुन राय प्रस्तुत गर्नुभयो, त्यसलाई त्यस गोष्ठीका पूर्ववक्ताहरूको आशयले अस्वीकार गर्दैनथ्यो र पनि वक्ताहरूले 'लिखे'मा चित्रण पक्ष जति राम्रो छ, विचार पक्षमा कलात्मकताको संयोजन त्यति नै राम्ररी हुन नसकेको टीप्पणी गर्नुभयो ।

❑ *हरिगोविन्द लुइँटेल*

# बसन्तपुरमा विचलित वर्तमान

विविध विधाका सिर्जनधर्मीहरूको संयुक्त प्रस्तुतिको रूपमा यही भदौ १ गते *विचलित वर्तमान* नामक कार्यक्रम सम्पन्न भयो । सामाजिक न्यायसहितको शान्तिको कामना गरेर आयोजित त्यस कार्यक्रममा फोटो प्रदर्शनी, साहित्य वाचन, गीत-संगीत, चित्रकला, नाटकमंचन र प्रतिस्थापन कला प्रस्तुत गरिएको थियो ।

सरकार र माओवादी पक्षबाट हत्या र हिंसाको अभियान चलाइएकोले ती दुवै पक्षको हिंसात्मक क्रियाकलापप्रति असहमति जनाउँदै सबै विधाका स्रष्टाहरूले सो कार्यक्रममा सहभागिता जनाएका थिए ।

बन्धनमा परेको परेवालाई बालक र बालिकाद्वारा बन्धन मुक्त गरी उडाएर उद्घाटन गरिएको उक्त 'विचलित वर्तमान' कार्यक्रममा साहित्य, कला र सामाजिक सरोकार राख्ने १८ वटा संस्थाहरूको सहभागिता थियो । नेपाल फोटोग्राफिक सोसाइटी, साप नेपाल, साहित्य सन्ध्या, मार्टिन चौतारी, आरोहण, अभियान साहित्य प्रतिष्ठान, प्रगतिशील लेखक संघ, नाद समूह, सिर्जना : चैत्र ३, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सिविन, अस्मिता, यामिनी फर आर्टस् एण्ड कल्चर, राष्ट्रिय फोटो पत्रकार समूह, प्रतिविम्ब, सर्वनाम, सिस्नुपानी र सुस्केरा डट कम त्यस कार्यक्रममा सहभागी थिए ।

राजधानी काठमाण्डौंको बसन्तपुर डबलीमा सम्पन्न भएको सो कार्यक्रममा नेपालका वरिष्ठदेखि लिएर कनिष्ठसम्मका कलाकारहरूले वर्तमान अवस्थालाई कलात्मक प्रतिविम्बित गर्ने चित्रहरू कार्यक्रम स्थलमै सिर्जना गरेका थिए । त्यसरी चित्र सिर्जना गर्ने कलाकारहरूमा रागिनी उपाध्याय, विजय थापा, शशि शाह, शशिकला तिवारी, उमेश अधिकारी, के. के. कर्माचार्य, कृष्ण मानन्धर, रविन सायमी आदि प्रमुख थिए । त्यस्तै, त्यहाँ चर्चित फोटोग्राफरहरू विकास रौनियार, उषा तितिक्षा, ध्रुव आले र हिराकाजी डंगोलले खिचेका वर्तमान हिंसाका दारूण परिणामहरू दर्शाउने तस्वीरहरू प्रदर्शन गरिएका थिए ।

कार्यक्रममा साहित्यअन्तर्गत कविता र लघुकथा वाचन गरिएको थियो ।

विद्यमान संकटकाल र हिंसात्मक वातावरणविरूद्ध कविता वाचन गर्नेमा दुर्गालाल श्रेष्ठ, बानिरा गिरी, पूर्ण वैद्य, मंजुल, शैलेन्द्र साकार, कृष्णप्रसाद पराजुली, श्रवण मुकारूङ, विमल निभा, विप्लव प्रतीक आदि प्रमुख थिए भने लघुकथा वाचन गर्नेहरूमा विनयकुमार कसजू, राजव र हरिगोविन्द लुइँटेल थिए ।

जनप्रिय गायक रामेशले त्यस दिन 'आऊ मिलाऊँ हाम्रा हातहरू' र युवाहरूको अन्तर्राष्ट्रिय गीत भनेर मानिने गीत 'हामी जित्नेछौं एक दिन' गाउनुभएको थियो । कार्यक्रममा अर्का जनगायक रायन, कीर्तिपुर इसासका कलाकारद्वय वीरप्रसाद भन्सारी र गुजे मालाकारले पनि आ-आफ्ना जनपक्षीय गीतहरू प्रस्तुत गर्नुभएको थियो । त्यस्तै, महिला तबलावादिका सरिता मिश्र र नाद समूहको सांगीतिक प्रस्तुतिले पनि 'विचलित वर्तमान' कार्यक्रममा शान्तिको पक्षधरतालाई व्यक्त गरेको थियो ।

युवा कलाकार अस्मिना रंजितको संयोजनमा प्रस्तुत गरिएको प्रतिस्थापन कला 'विचलित वर्तमान' कार्यक्रमको नौलो र विशिष्ट प्रस्तुति थियो । त्यसअन्तर्गत रगतले नुहाइरहेकी नारी, रक्ताम्य भूमिमा छरिएका जुत्तहरू, बन्धनमा परेको मानिस, बलिरहेका २५ सय मैनबत्तीका शिखाहरू तथा सरकार र माओवादीको भिडन्तमा मारिएका ५ हजार नेपाली नागरिकरूको नामावलीलाई विशेष प्रकारले सजाएर प्रस्तुत गरिएको थियो । त्यस प्रतिस्थापन कलाका निम्ति बन्धनमा परेको मानिसको भूमिकामा कलाकार तथा निर्देशक अनुप बरालले दुई घण्टाभन्दा बढी समयसम्म काँढेतारको घेराभित्र थुनिएर आफूलाई प्रस्तुत गरेका थिए । त्यसअघि नाट्य संस्थाहरू सर्वनाम, आरोहण र प्रतिविम्बको संयुक्त प्रस्तुतिका रूपमा सडक-नाटक पनि मंचन गरिएको थियो । प्रतिस्थापन कलाको अन्तिम चरणमा सरकार र माओवादी पक्षलाई प्रेरित गर्न दुवै पक्षका प्रतिनिधिहरू बनेर कलाकारहरूले हतियार त्याग गरेका थिए ।

विविध राजनैतिक आस्थाका स्रष्टाहरूको यो ऐक्यवद्धतालाई एउटा अभियानकै रूपमा निरन्तरता दिनुपर्ने सुझावहरू पनि कार्यक्रम स्थलमा थुप्रैले व्यक्त गरेका थिए ।

प्रजतान्त्रिक र समुन्नत नेपालको निम्ति सामाजिक न्यायसहितको शान्ति आपरिहार्य छ भन्ने अन्तरवस्तु लिएर आएको 'विचलित वर्तमान' कार्यक्रम विविध विचार र कलाको अनुपम मिश्रण बनेर देखापरेको छ ।

❑ *समीर थापा*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत साउन ३१ गते राती एक्कासी छापामारी राजस्व तथा कर कार्यालयका २२ कर्मचारीहरूको घरबाट करिब १० अर्बको सम्पत्ति बरामद गरेको र त्यही राती नै सम्बन्धित ती २२ मध्येबाट १६ जनालाई तत्काल हिरासतमा लिएको घटनाबाट अहिले मुलुकको राजनीतिक तापक्रम एकाएक बढेको छ । राज्यको कुनै पनि तह भ्रष्टाचारबाट अलग हुन नसकेको स्थितिबाट आक्रान्त बन्न पुगेका नेपाली जनताले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको यो कदमबाट अलिकति भएपनि राहत महसूस गरेका छन् । सम्भवतः बहुदलको १२ वर्षको समयभित्र राज्यको तहमा भएको यो नै एउटा महत्वपूर्ण सकारात्मक घटना हुन पुगेको छ ।

अख्तियारले गत साउन ३१ गते शुक्रवार रातीबाट शुरू गरेको घर खानतलासी भाद्र ३ गते सोमवारसम्ममा सिद्धिइसकेको छ । त्यस क्रममा त्यसले राजस्व र कर कार्यालयका जम्मा २२ कर्मचारीहरूबाट गैरकानूनी तवरले आर्जन गरेको भनेर ठानिएको अर्बौं रूपैंया बराबरको नगद तथा जिन्सी सम्पत्ति बरामद गरेको छ । घर खानतलासीको क्रममा सम्पत्तिमात्र होइन, एक जना सहसचिवको घरबाट त अवैध हातहतियारसमेत पनि फेला परेको छ ।

यसैबीच लामो समयदेखि भ्रष्टाचारीहरूमाथि कडा कार्वाही गर्न बलियो कानूनको माग गरिरहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा जनताको व्यापक मागको दबाववाट बाध्य भई भ्रष्टाचारीविरूद्ध मुद्दा चलाउन अनुकूल हुने गरी गत भाद्र ६ गते सरकारले एक विशेष अदालत गठन गरेको छ । उक्त विशेष अदालत, विशेष अदालत गठन ऐन–२०५९ तथा भ्रष्टाचार निवारणसम्बन्धी ऐन–२०५९ बमोजिम गठन भएको कुरा मन्त्रिपरिषद् सूत्रले जनाएको छ ।

विशेष अदालतको गठन भएपश्चात अब अख्तियारले अभियुक्तहरूलाई सोही अदालतमा मुद्दा चलाउने तयारी गरिरहेको छ । सूत्रका अनुसार अभियुक्त कर्मचारीहरूले आफूले प्राप्त गरेको सम्पत्तिको स्रोत खोल्न नसकेमा उक्त रकम भ्रष्टाचारबाट कमाएको ठहरी जफत हुनुका साथै बिगो अनुसार जरिवाना तथा कैदको सजायँ पाउने छन् । कैदको हकमा बिगो हेरी २ देखि १० वर्षसम्म हुनसक्ने कुरा बताइन्छ ।

आयोगले गरेको अहिलेको कार्वाहीमा सहसचिवदेखि खरिदारसम्मका बहालवाला कर्मचारीहरू परेका छन् । सहसचिव २, उपसचिव ६, शाखा अधिकृत ३, नायब सुब्बा ९ र खरिदार २ जना कार्वाहीमा परेका छन् । अख्तियारको अनुसन्धान टोलीले साउन ३१ गते शुक्रवार राती छापामार्दा अर्थ मन्त्रालयका सहसचिव तथा राजस्व परामर्श समितिका सभापति श्रीराम पन्त र सोही मन्त्रालयका अर्का सहसचिव एवं दुई नम्बर आन्तरिक राजस्व विभागका प्रमुख जनार्दन शर्माको घरमा मात्रै ६ घण्टा समय बिताएको थियो । उनीहरूकहाँ त्यस टोलीले राती साढे १० बजे खानतलासी शुरू गरी विहान साढे ४ बजेमात्र सिध्याएको थियो ।

अनुसन्धान टोलीले सहसचिव जनार्दन शर्मालाई सोही राती हिरासतमा लियो भने अर्का सहसचिव श्रीराम पन्त त्यस समय नेपाल भारतबीचको अन्तरसरकारी वाणिज्य वार्तामा सहभागी हुन नयाँदिल्लीतर्फ गइराख्नु भएकोले उहाँ हाललाई पक्राउबाट बच्नुभएको छ ।



फोटो: ध्रुव आले

*महिनाको रू. ४,९०० /- तलब खाने नायब सुब्बा अर्जुन थापाको अनामनगरस्थित भव्य घर*

साउन ३१ गते राती अख्तियारको घर खानतलासी र गिरफ्तारीमा पर्नेमा वैदेशिक हुलाक छोटी भन्सार कार्यालय काठमाडौंका नायब सुब्बा केशवराज गौतम पनि हुन् । मासिक तलब ४ हजार ९ सय रूपिँया प्राप्त गर्ने निज गौतमको घरमा अख्तियारको अनुसन्धान टोलीले ५० करोडभन्दा बढी सम्पत्ति भेट्टाएको छ । उक्त टोलीले नयाँबानेश्वर हाइटको ढुंगेधारानिर रहेको गौतमका तीन वटा अत्याधुनिक महलमा खानतलासी लिएको थियो ।

प्राप्त खबर अनुसार शुरूमा रामेछापबाट काठमाडौंमा आई भान्सेको काम गर्ने गरेका निज गौतमले भन्सारमा मौकामा चौका गरी अकुत सम्पत्ति कमाए । तर उनले त्यस अकुत सम्पत्तिबाट


# भ्रष्टाचारको महलमाथि अख्तियारको आक्रमण



*महिनाको रू. ४,९०० /- तलब खाने नायब सुब्बा डोलराज शर्माको लाजिम्पाटस्थित भव्य घर*

सुन, चाँदीका गरगहना र गाडी खरिद गरेनन् । उनले के सोचे भने त्यस्ता विलासी सामानहरूको जोडाईबाट मान्छेहरूको ध्यान तानिन सक्छ । त्यसैले उनले अवैध रूपबाट आफूले जोडेको सम्पत्तिबाट उपत्यकाभित्र मात्र ५० रोपनीभन्दा बढी जग्गा खरिद गरे । तर अनुसन्धाताहरूको लागि उनीप्रति शंका गर्न उनका तीनवटा महलहरू नै काफी ठहरिए ।

नासु केशवराज गौतमको लाइनमा ३ नं. कर कार्यालय बबरमहलका शाखा अधिकृत अग्नि कार्की पनि परेका छन् । निज कार्कीको भीमसेनगोलास्थित महलमा छापामार्दा अख्तियारले करिब ४८ करोड बराबरको सम्पत्ति बरामद गरेको छ । अनुसन्धान टोली कार्कीको घरमा पस्दा तीन छक्क परेको थियो । किनकि उनको घरको भित्री सजावटको लागिमात्र पनि ४० लाखभन्दा बढी रकम खर्च गरिएको देखियो, जबकि उनको मासिक तलब रू.७,५०० मात्र हो । कार्कीको करिब ४ रोपनी



**प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको अगुवाईमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको कार्वाहीलाई अहिले जनस्तरबाट व्यापक समर्थन जुटिरहेको छ ।**

जग्गामा बनेको उक्त महलको मूल्य रू.७ करोडभन्दा बढी रहेको अनुमान छ ।

सबैलाई जगजाहेर छ, खरिदारको मासिक तलब रू.४ हजार १ सय हो । तर त्यही जागीरबाट तातोपानी भन्सार कार्यालयमा काम गर्ने खरिदार भरत घिमिरे रू.२४ करोडको मालिक बन्न पुगे ।

खानतलासीको क्रममा खरिदार भरत घिमिरेको घरबाट रू.२० लाखको नोटको चाङ्ग र उनले उनकी छोरीको लागि खरिद गरीदिएको करिब रू.१५ लाख मूल्य बराबरको खेलौना पनि अनुसन्धान टोलीले भेट्टायो । त्यतिमात्र कहाँ हो र ? एउटैको ५० हजार मूल्य पर्ने खेलौना पनि त्यहाँ भेट्टिएको कुरा अनुसन्धानमा लागेको टोलीका सदस्यहरूले बताएका छन् । अर्को अचम्मको कुरो के रहेको छ, भने खानतलासी लिंदा निज भरत घिमिरेको घरबाट एउटा बिल भेट्टियो । त्यो बिल उनले गत वर्ष आफ्ना बाबुआमालाई हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल तिब्बतस्थित मानसरोवरमा तीर्थाटन गराउन लैजाँदा रू. ७ लाखमा हेलिकोप्टर चार्टर गर्दाको बिल रहेछ ।

अनुसन्धानको क्रममा अख्तियारको टोलीले अभियुक्तहरूको घरबाट बोराका बोरा डलर, महँगा महँगा गरगहना, बिभिन्न बैंकका चेकबुकहरू, जग्गाधनी प्रमाण पुर्जाहरू, कम्प्युटर, टिभि सेटहरू आदिजस्ता चीजहरू बरामद गरेको छ । यसैबीच बरामद वस्तुहरू छानवीन गर्ने क्रममा सहसचिव जनार्दन शर्माको घरबाट एअर गन र टुटु राइफलजस्ता हातहतियारहरू पनि भेट्टिएको कुरा अनुसन्धानमा लागेकाहरूले बताएका छन् ।

अख्तियारले उपसचिवहरू गणेश श्रेष्ठ, ईश्वर पोखरेल, भरत सुवेदी र शरदकान्त अधिकारी, शाखा अधिकृतहरू सुरेश रेग्मी र देवीराम भण्डारी, नायवसुब्बा अर्जुन थापा, डोलाराज शर्मा, रामकृष्ण तिवारी, उमेश रेग्मी ,निरञ्जन बाबु श्रेष्ठ, श्याम बस्नेत र केदार चालिसे तथा खरिदार केदार ढुंगानाको पनि अनुमानभन्दा निकै बढी सम्पत्ति देखिएकोले थप अनुसन्धान शुरू गरेको छ । गत साउन ३१ गते घर खानतलासीको क्रममा १६ जना अभियुक्तहरूलाई अख्तियारले हिरासतमा लिएको थियो । त्यसबाहेक सहसचिव श्रीराम पन्त भारत भ्रमणमा रहेको र अन्यहरूमा उपसचिवहरू केशरजङ्ग खड्का, भरत सुवेदी , त्यस्तैगरी नासुहरू श्याम बस्नेत र केदार चालिसे अहिलेसम्म फरार रहेका छन् । उपसचिव गणेश श्रेष्ठ भने घर खानतलासी लिंदाको समयमा फरार रहे पनि गत भाद्र ३ गते आफैं अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयमा स्वयं गिरफ्तारी दिन आए ।

प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको अगुवाईमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको कार्वाहीलाई अहिले जनस्तरबाट व्यापक समर्थन जुटिरहेको छ । जनताहरू आयोगको कार्वाहीबाट खुशी देखिन्छन् । तर जनताहरू के सोच्छन् भने भ्रष्टाचारी भनेर अहिले जजसलाई कार्वाही गरिए, उनीहरू त केबल हाङ्गा मात्र हुन् , भ्रष्टाचारको मूल थलो अर्थात् रूख त राजनीतिक वृत्तमा रहेको छ । किनकि करोडौं र अरबौंको भ्रष्टाचार निर्देशन पालना गर्ने कर्मचारीको हातबाट मात्र हुन्छ भन्ने कुरामा कोही पनि विश्वस्त हुन सकेका छैनन् । नीति निर्माण गर्ने ठाउँबाट नै कमिशन र घूसको तानाबाना नबुनिकन तल्लो कर्मचारीले मात्र त्यो काम कदाचित गर्न सक्दैन । त्यसैले अहिले आम नेपाली जनता अख्तियारले भ्रष्टाचारीहरूलाई कार्वाही गर्न थालेकोमा खुशी देखिए पनि मुख्य भ्रष्टाचारीहरूलाई कार्वाही हुने कुरामा अझै विश्वस्त हुन सकेका छैनन् ।

भर्खरै काठमाडौंस्थित रिपोर्टर्स क्लबको एक साक्षात्कार कार्यक्रममा सरकारी हरहिसाबको लेखापरीक्षण गर्ने संवैधानिक निकायका प्रमुख महालेखा परीक्षक विष्णुबहादुर के.सी.ले सरकारी लापर्वाहीलाई इंगित गर्दै 'वर्षेनी बेरूजु बढिरहेको प्रतिवेदन महालेखाले दिएपनि कसैमाथि कार्वाही नभएको' गुनासो पोख्नु भएको छ । त्यस्तैगरी यसअघि नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारलाई दिएको १२ बुँदे लिखित निर्देशनमा 'अख्तियारको दुरूपयोग गर्नेमा मन्त्रीहरू नै बढी' भएको कुरा उल्लेख छ । सो निर्देशनमा भ्रष्टाचारका नमूना भनी स्टेशनरी पसलबाट राँगो र निर्माण कम्पनीबाट भेडा तथा उपभोक्ता संघबाट पुलका लठ्ठा जस्ता सामान खरिद गरिएकाजस्ता अमिल्दा विवरणहरूका नमूना उल्लेख गरेको जानकारी प्रधानमन्त्रीलाई प्रमुख आयुक्तले दिनुभएको छ ।

बाह्र बुँदे निर्देशनमा मन्त्रीहरूले आफ्ना मातहतका निकायमा कर्मचारीहरू नियुक्त गर्दा कुनै आधार प्रस्तुत गर्ने नगरेको र त्यस्ता व्यक्तिहरूबाट सम्पन्न काम कुराले सम्बन्धित संस्थाहरू डुब्दै गएको तथ्यलाई पनि उठाएको छ । केही समयअघि शानेवानिमा संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्री बलबहादुर केसी र राज्यमन्त्री सर्वधन राईले आफ्ना भाइहरूलाई त्यहाँ सञ्चालक भएर पठाउँदा ती व्यक्तिहरू उक्त संस्थाको पदको लागि के कति योग्य र अनुभवी हुन् भनी प्रश्न गरिएको थियो । उहाँहरूले जवाफ दिन सक्नु भएन । 'उहाँहरू स्नातक हुनुहुन्छ' भन्नेजस्तो हास्यास्पद जवाफ मात्र आयो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको भनाई अनुसार 'निजामती कर्मचारीहरूको विदा, औषधि उपचार खर्च आदि विवरणहरू राख्ने निकाय निजामती किताबखानालाई सो कार्यको लागि सरकारले अहिलेसम्म सामान्य रूपको सहयोग पनि गरेको पाइएन ।'

यसैबीच '०४६ सालको जनआन्दोलनले स्थापना गरेको बहुदल'पछि उच्च ओहदामा पुगेका व्यक्तिहरूको सम्पत्ति विवरण जाँचबुझ गर्नको लागि पाँच महिना अगाडिमात्र गठित सम्पत्ति न्यायिक जाँचबुझ आयोगले भर्खरै सरकारका वरिष्ठ मन्त्री भौतिक योजना तथा निर्माणमन्त्री चिरञ्जीवी वाग्लेलाई उहाँले पेश गर्नु भएको विवरण अपूर्ण भयो भनी पूर्ण विवरण पुनः पेश गर्न अनुरोध गऱ्यो । तर मन्त्री वाग्लेले आयोगको सो कदम पूर्वाग्रही भएको टिप्पणी गर्नुभई आयोगको कदमलाई निरूत्साही गर्न प्रयत्न गर्नु भएको छ ।

सर्वोच्च अदालतका न्यायाधीश भैरव लम्सालको अध्यक्षतामा गठित सो तीन सदस्यीय जाँचबुझ आयोगमा सदस्यहरू सर्वोच्च अदालतकै न्यायाधीशद्वय उदयराज उपाध्याय र ज्ञानेन्द्रबहादुर श्रेष्ठ रहनुभएको छ । सो आयोगले यसअघि पनि केही पूर्वमन्त्रीहरू तथा राष्ट्रिय सभाका केही वर्तमान सांसदहरूले पनि आयोगलाई सम्पत्ति विवरण नबुझाएको अभियोगमा उनीहरूको नामावली रहेको 'कालो सूची' गत साउन ३१ गते सार्वजनिक गरेको थियो ।

उक्त कालो सूचीमा पूर्व पंचमन्त्री पद्म सुन्दर लावतीमात्र परेका छैनन् , नेकपा (माले)का नेता चन्द्रप्रकाश मैनालीको नाम पनि परेको छ । त्यस्तैगरी उक्त कालो सूचीमा भू.पू. सांसदहरू गोपाल राई, नारायण सिंह पुन, गोपालजीजंग शाह , रामचन्द्र राय (सर्लाही) , खोभारी राय , बलबहादुर राई, जीतबहादुर पुरी, रामचन्द्र यादव, ज्ञानु केसी, ज्योतेन्द्रमोहन चौधरी, वृजेशकुमार गुप्ता, हेमनारायण यादव र रेणुकुमारी यादव पनि परेका छन् ।

जाँचबुझ आयोगका सचिव कृष्णराम श्रेष्ठका अनुसार बहुदलको विगत १२ वर्षमा उच्च ओहदामा



*तलब स्केल रू. ८,६५०/- भएका उप-सचिव शशिकान्त अधिकारीको धापासीस्थित भव्य घर*



*तलब स्केल रू. १०,५००/- भएका सह-सचिव जनार्दन शर्माको भाटभटेनीस्थित भव्य घर*

पुगेका राजनीतिक नेताहरूलगायत जम्मा ३६ हजार व्यक्तिहरूलाई उनीहरूको यथार्थ सम्पत्ति विवरण फाराम भर्न दिइएकोमा अहिलेसम्म केवल २२ हजारले मात्र फाराम बुझाइसकेका छन् ।

त्यसकारण अहिले मध्यावधि चुनावको मुखमा आएर सरकारी मन्त्री तथा राजनीतिक पार्टीका नेता कार्यकर्ताहरूले जाँचबुझ आयोग र अख्तियारको कामकार्वाहीलाई जति नै प्रशंसा गरे पनि भ्रष्टाचारको मूल जड उनीहरूभित्र नै रहेको कुरामा नेपाली जनता विश्वस्त छन् । यहाँनेर एउटा सम्झनायोग्य कुरा के छ भने, भारतमा एकपटक भारतको गुप्तचर संस्था सी.बी.आई.ले



*तलब स्केल रू. ८,६५०/- भएका उप-सचिव भरत सुवेदीको बुद्धनगरस्थित महल*


अहिले हामीकहाँ अख्तियारले छापा मारेजस्तै छापा मार्दा त्यहाँका संचारमन्त्रीको घरबाट बोराका बोरा नोटका बिटाहरू निस्केका थिए ।

अख्तियार सूत्रका अनुसार कार्वाहीका लागि अहिले उसले कम्तीमा पनि १ सय २५ जनाको सूची तयार पारेको छ, जसमा बहालवाला कर्मचारीहरू १ सय, २५ तस्कर र ४ जना बहालवाला मन्त्रीहरू परेका छन् । यसबाट भ्रष्टाचारको दलदलमा १०-२० जना कर्मचारीहरूमात्र होइन, सिङ्गो राज्ययन्त्र नै डुबेको छ भन्ने कुरा प्रष्ट हुन्छ ।

बहुदलको पुनर्स्थापना भएदेखिनै नेपालमा सुशासन र भ्रष्टाचार निवारणको कुरा सबैले उठाउँदै आएका हुन् । तर नेपाली जनताले यो १२ वर्षमा न सुशासन पाए, न त अभ्रष्ट प्रशासन नै । सत्तामा जानेहरूले जनतालाई आश्वासनको पोका सिवाय अरू केही दिएको भेटिदैन ।

पछिल्लो पटक प्रधानमन्त्री हुन नपाउँदै वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादी समस्या वार्ताबाट समाधान गर्ने र समस्याको शान्तिपूर्ण निकास निकाल्ने भन्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । नभन्दै सरकारको माओवादीसँग तीन चरणसम्म वार्ता पनि भयो । तर घटनाक्रममा माओवादीले वार्ता तोडेको देखियो । यति हुँदाहुँदै पनि वार्ता तोडिनुमा के माओवादीको मात्रै दोष छ त ? अहं , त्यस्तो कदापि हुनसक्दैन । किनकि वार्ता तोडिनुमा वार्तामा माओवादीले राखेका मागहरूप्रति सरकार कति पनि लचिलो नहुनु पनि गम्भीर जिम्मेवार देखिन्छ । वार्ता माओवादीले तोडेको देखिए पनि उनीहरूलाई वार्ताको टेबुलबाट फेरि जङ्गलतिर धकेल्न जोडदार भूमिका निभाउने काम सरकार आफैले गऱ्यो भन्ने कुरामा आम मानिसहरू सहमत देखिन्छन् । त्यसकारण त्यतिखेर शेरबहादुर देउवाले आफू सत्तामा जानको निम्तिमात्र वार्ताको कुरा उठाएका हुन् र त्यो एउटा नाटकमात्र थियो भन्ने कुरा प्रष्ट हुन्छ । वार्ता र शान्तिपूर्ण समाधानको उपायप्रति उनको आस्था भएको भए अहिले आम जनता, सम्पूर्ण विपक्षी पार्टीहरू , सम्पूर्ण वौद्धिक जगत र दाता राष्ट्रहरू समेतले वार्तामात्रै समस्या समाधानको उपाय भनिरहेको बेला सरकार किन वार्ताबाट पर पर हटिरहन्छ ?

**अख्तियारले गरेको कार्वाही पनि कहीं सस्तो लोकप्रियता हासिल गर्न सरकार स्वयंले डिजाइन गरेको कदम त होइन ? आम जनता शंकाको दृष्टिले हेरिरहेका छन् ।**



*तलब स्केल रू. ७,५००/- भएका शाखा अधिकृत देवी भण्डारीको बुद्धनगरस्थित महल*

त्यस्तैगरी आफू प्रधानमन्त्री भएको लगतै प्रधानमन्त्री शेरबहादुर देउवाले क्रान्तिकारी भूमिसुधार लगायत बिभिन्न महत्वपूर्ण परिवर्तनका आठ बुँदे प्याकेज प्रस्तुत गर्नु भयो । तर ती अहिले सबै कहाँ गए ?

वास्तवमा प्रधानमन्त्री शेरबहादुरको क्रान्तिकारी परिवर्तनका घोषणाहरू त केवल नाटकमात्रै थिए, कुर्सीमा रहिरहने चालबाजीमात्र थिए । त्यसैले अहिले अख्तियारले गरेको कार्वाही पनि कहीं सस्तो लोकप्रियता हासिल गर्न सरकार स्वयंले डिजाइन गरेको कदम त होइन ? आम जनता शंकाको दृष्टिले हेरिरहेका छन् ।

अख्तियार दुरूपयोग गर्नेहरूलाई कानूनी कार्वाही गर्ने कुरा बहुदल स्थापनाको लगत्तैदेखि उठ्दै आएको छ । त्यही क्रममा २०४८ सालमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन आयो । तर त्यस ऐन अन्तर्गत बनेको आयोग केवल बुँख्याचामात्र सावित भयो । किनकि एकातिर त्यस आयोगका पदाधिकारीहरू सधैं नै राजनीतिक दल वा व्यक्तिहरूको प्रभावमा रहँदै आए भने अर्कोतिर ऐन अनुसार भ्रष्टाचारको सम्पूर्ण प्रमाण आयोग स्वयंले दिनुपर्दा अभियुक्तहरू कहिल्यै दोषी सावित हुन सकेनन् । भ्रष्टाचार गर्नेले कहिले पनि आफू फस्ने किसिमले लिखित प्रमाण बाँकी छाडेको हुँदैन । तर ऐन अनुसार आयोगले त्यस्तो प्रमाणको आधारमा मात्र अभियुक्तलाई कार्वाही गर्न सक्थ्यो । त्यसैले पुरानो ऐनले त झन् भ्रष्टाचारीलाई चोखो सावित गर्ने काममात्र गऱ्यो । पुरानो ऐन अनुसार आयोगले अभियोग लगाएका एक जना व्यक्ति पनि भ्रष्टाचारी सावित हुन सकेन । र, उनीहरू अदालतबाट बाइज्जत रिहा भई झन् पो उत्साहित हुन पुगे ।

यही परिप्रेक्षमा वर्तमान शासन पद्धति र राजनीतिक दल तथा नेताहरूप्रति आम जनताको व्यापक असन्तुष्टिको दवावबाट पछिल्लो संसद अधिवेशनबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन-२०४८ लाई संशोधन गर्न बनेको ऐन-२०५९ पारित भयो । र, सोही अधिवेशनबाट भ्रष्टाचार निवारण ऐन-२०५९ पनि पारित भयो ।

अदुअआको संशोधित ऐन अनुसार अब अख्तियारको दुरूपयोग गरेको अभियोग लागेका व्यक्ति स्वयंले नै आफू चोखो भएको प्रमाण पेश गर्नु पर्छ । त्यस ऐन अनुसार अख्तियारले शंकाको भरमा नै कुनै पनि अख्तियारवाला व्यक्तिलाई भ्रष्टाचारको अभियोग लगाई कार्वाही गर्न र विशेष अदालतमा मुद्दा चलाउन सक्छ । त्यस मुद्दामा अख्तियारले होइन, अभियुक्त स्वयंले नै आफू चोखो भएको तथ्य जुटाउनु पर्छ, अन्यथा उनी दोषी सावित हुन सक्छ ।


यसबाट के देखिन्छ भने निश्चय पनि अहिलेको संशोधित ऐन पहिलेको तुलनामा बलियो छ । सायद् त्यही कारणले नै होला यस संशोधित ऐनमा लालमोहर लागेको २४ घण्टा बित्न नपाउँदै अख्तियारले पहिलो चरणको कार्वाहीको रूपमा २२ भ्रष्ट कर्मचारीहरूलाई कार्वाही गरेको छ । अख्तियारको यो कदम निश्चय पनि स्वागतयोग्य छ । तर जनभाषालाई प्रयोग गर्ने हो भने अख्तियारले अहिले जुन सानो माछा पक्रेको छ, उसले आफ्नो काम यतिमै सीमित राख्छ कि ती साना माछाहरूलाई जन्माउने र हुर्काउने ठूला माछाहरूलाई समेत समात्न ऊ अघि बढ्छ ? नेपाली जनता पर्खेर हेरिरहेछन् ।


यदि साँच्ची नै कानूनले दिएको अधिकार प्रयोग गरी अख्तियारले हिम्मतकासाथ जोसुकै र जुनसुकै ओहोदामा पुगेका व्यक्ति किन नहोस्, त्यसलाई कार्वाहीको भागिदार बनाउन तत्परता देखाउँछ भने निश्चय नै त्यस कार्यमा आम जनताले अख्तियारलाई साथ दिनेछ । र, अख्तियारले त्यसरी सफलतापूर्वक काम गर्न सकोस् भनेर हामी सबैले कामना गर्नु पर्छ । होइन अख्तियारको यो कदम पनि 'हात्ती आयो, हात्ती आयो, ...फुस्सा !' भने जस्तोमात्र हुने हो भने यो कदम पनि घुमाउरोपाराले ती भ्रष्टाचारीहरूलाई नै सहयोग गर्न आएको ठहरिनेछ ।

❑ *तुल्सीदास महर्जन*

# इराकमाथि अमेरिकाको धम्की

*इराकी राष्ट्रपति सद्दाम हुसेन*





*अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुश*

"सबैभन्दा पहिले 'शत्रु'को निर्माण गर, शत्रुलाई राक्षसीकरण गर, दैत्यका रुपमा प्रचार-प्रसार गर अनि आफूमाथि आक्रमण गर्न लगाऊ, त्यसपछि उसलाई संहार गरेर शान्ति कायम गरेको ढोंग रच !"

दोस्रो विश्वयुद्धमा जापानद्वारा पर्ल हार्वरमा गरिएको आक्रमणदेखि ११ सेप्टेम्बरमा अल कायदाहरुद्वारा वर्ल्ड ट्रेड सेन्टर र पेन्टागनमा गरिएको आक्रमणको प्रवृत्ति हेर्दा अमेरिकी सरकारको रणनीतिलाई यसरी सूत्रवद्ध गर्न सकिन्छ । यो रणनीति ११ सेप्टेम्बरको आक्रमणकर्ता भनी प्रचारित ओसामा विन लादेन र अल-कायदा नेटवर्क सम्बन्धमा अमेरिकाका लागि जति फलदायी भएको छ, त्यतिकै उपयोगी भइरहेको छ- इराकी राष्ट्रपति सद्दाम हुसेनको सन्दर्भमा पनि !

सबैलाई थाहा छ, ओसामा विन लादेनलाई जस्तै सद्दाम हुसेनलाई पनि अमेरिकी सरकारले आफ्नो तेल स्वार्थ र रणनीतिक हित रक्षाका लागि इराकमा आफैंले हुर्काउने-बढाउने र सत्तासीन बनाउने कार्य गरेको थियो । आफूले स्थापना गरेको शाह रेजा पहलवीको तानाशाही शासनलाई पल्टाएर इरानमा इस्लामी शासन लागू भएपछि अमेरिकी सरकारले नै इराकी शासक सद्दाम हुसेनलाई इरानविरुद्ध आठ-आठ वर्षसम्म खाडी युद्धमा भिडाएको तथ्य पनि जगजाहेर नै छ ।

आफ्नो स्वार्थअनुरुप इरानसँग आठ-आठ वर्षसम्म भिड्दा सद्दाम हुसेन अमेरिकी सरकारका लागि देवता थिए, त्यसैले उनको तानाशाही शासनलाई अरबौं डलरको सहायता दिने, सैन्य प्रशिक्षण दिने, हात-हतियारहरुको थुप्रो लगाउने र नरसंहारकारी आणविक र जैविक हतियार निर्माणमा मद्दत दिने र कूटनैतिक सहयोग दिने काम उसले जारी राख्यो । जब इरानलाई परास्त गर्न सफल सद्दाम हुसेनले अरब जगतका क्षेत्रीय प्रभू बन्ने सपना देख्न थाले, अनि प्यालेस्टिनी जनताको संघर्षलाई केही टेवा दिन थाले, तब उनी अमेरिकी सरकारका 'शत्रु' भए । आफ्नो तलुवा चाटेसम्म असल, तलुवा नचाटेपछि खत्तम भन्ने उसको नीतिअनुसार नै सद्दाम हुसेनलाई राक्षस भन्न थालिएको देखिन्छ । अन्यथा इरानमाथि हिंसक आक्रमण गरिरहँदासम्म देवतातुल्य ठानिएका सद्दाम हुसेनले सन् १९९० मा कुवेतमाथि आक्रमण गर्नासाथ एकाएक उनी कसरी अमेरिकी सरकारको दृष्टिमा राक्षस हुन पुगे ?

इतिहाससिद्ध तथ्य के हो भने अमेरिकी सरकारले सद्दाम हुसेनलाई कुवेत निल्नका लागि नराम्ररी उक्साएको थियो । जब सद्दाम हुसेनले कुवेतमाथि आक्रमण गरे, तब अचानक उनलाई राक्षसीकरण गरेर इराकलाई ध्वस्त पार्न र उनलाई मार्न वा सत्ताच्यूत गर्न खाडी युद्धको ताण्डव नृत्य गरिएको थियो- ठ्याक्कै पर्ल हार्वर र वर्ल्ड ट्रेड सेन्टर- पेन्टागनको आक्रमणमा जस्तै ।

खाडी युद्धमा इराकी शासक हुसेनलाई परास्त गरिसकेपछि अमेरिकी सेनाका सेनापति तथा हालका विदेशमन्त्री जनरल कोलिन पावेलले घोषणा गरेका थिए- "सद्दामलाई परास्त गरेपछि म शत्रुविहीन भएँ, अब कुन चाहिँलाई शत्रु बनाउने ?" त्यसपछिका वर्षहरुमा अमेरिकी सरकारले सोमालियाका जनरल आइडिड, युगोस्लाभियाका राष्ट्रपति स्लोभोदान मिलोशेभिच र ओसामा विन लादेनलाई शत्रु बनायो, उनीहरुलाई राक्षसका रुपमा प्रचार-प्रसार गऱ्यो र युद्धमाथि युद्ध थोपऱ्यो । अहिले आफ्नै मानसपुत्र- लादेनद्वारा आक्रमण गरिएको निहुँमा अफगानिस्तानमा विनाशलीला मच्चाउने र आफ्नो कठपुतली सरकार स्थापना गर्ने कार्यमा सफलता पाएपछि उसले फेरि एक पटक सद्दाम हुसेनलाई विश्वकै शत्रु र नरसंहारकारी दैत्यको रुपमा प्रस्तुत गर्ने कार्य शुरु गरेको छ । र, इराकमाथि अर्को युद्ध थोपर्ने निर्णय गरेको छ ।

तथाकथित 'आतंकवादविरोधी विश्वव्यापी युद्ध'मा सफलता हात लागेपछि उन्मत्त भएको अमेरिकी सरकारको सैनिक आक्रमणको अर्को निशाना इराक र इराकी राष्ट्रपति सद्दाम हुसेन हुने कुरामा कुनै शंका छैन । आजभोलि या दुई चार महिना पछाडिको कुरा मात्रै हो, शासकलाई मार्ने र शासन फेर्ने नीतिअनुरुप उसले लादेनलाई जस्तै हुसेनलाई पनि मार्ने वा सत्ताच्यूत गर्ने आदेश दिइसकेको छ । सरकार प्रमुखहरुको गैरकानूनी हत्या गर्न र सैनिक विद्रोहद्वारा सत्ताच्यूत गर्न खप्पिस अमेरिकी गुप्तचर विभाग सीआईए-लै काम थालिसकेको छ ।

खाडी युद्धपछिका १०-१२ वर्षमा ५ लाख इराकी बालबालिकाहरुको ज्यान लिने आर्थिक नाकाबन्दी लगाउन अमेरिकी सरकार र ब्रिटिस सरकारले इराकको उत्तरी र दक्षिणी भू-भागमा 'नो फ्लाई जोन' घोषणा गरी इराकी हवाई जहाजहरुलाई उडान भर्न निषेध गर्दै आइरहेको तथ्य सर्वविदितै छ ।

यसबीच पटक पटक बमवर्षा गर्ने, कुर्द र शिया विद्रोहीहरुलाई सैनिक विद्रोह गर्न लगाउने र प्रतिपक्षी पार्टीहरुलाई तख्ता पलटका लागि उक्साउने र आर्थिक-सैनिक सहायता दिने कार्यमा लागिरहेको अमेरिकी सरकार यस पटक ठूलो सैनिक आक्रमणमा सम्पूर्ण रुपमा जुटिरहेको छ ।

आफ्नै मानसपुत्रलाई सत्ताच्यूत गर्ने वा मार्ने काम सफल गरी इराकमा पनि अफगान-शैलीको कठपुतली शासन थोपर्ने अभियानका लागि उसको अगाडि निहुँ र नाराहरुको कुनै अभाव छैन । यस पटकको आक्रमणका लागि उसले सद्दाम हुसेनमाथि लादेनको अल-कायदाका आतंककारी लडाकूहरुलाई इराकमा संरक्षण दिएको, व्यापक जनसंहारका हतियारहरु तयार गरिरहेको र ती हतियारहरु अमेरिका र उसका साथीहरुविरुद्ध प्रयोग गर्न खोजेको वा आतंकवादीहरुलाई सुम्पेको आरोप लगाएको छ ।

यस्ता अमेरिकी आरोपहरुको खण्डन गर्न र युद्धको विरोध गर्न यसपटक अमेरिकीहरु नै अगाडि देखापरेका छन् । इराकमा संयुक्त राष्ट्रका हतियार निरीक्षण टोली (UNSCOM) का निरीक्षक भएर ७ वर्षसम्म काम गरेका पूर्व अमेरिकी नौसैनिक युद्धवीर स्कट रित्तरले यस्ता आरोपहरुको खण्डन गर्दै भनेका छन्- "खाडी युद्धपछि इराक पूर्ण रुपले हतियारविहीन भइसकेको छ । त्यसैले अमेरिका र उसका सहयोगीहरुविरुद्ध इराकी हतियार प्रयोग हुन्छ र इराकबाट अमेरिकालाई खतरा छ भन्नु गफ मात्रै हो । होइन, यो गफ मात्रै होइन भने अमेरिकाले इराकद्वारा निर्माण गरिएको भनिएका परमाणु, रासायनिक र जैविक हतियारसम्बन्धी ठोस सबुद् प्रमाण एक पटक, केवल एक पटक विश्वसामु प्रस्तुत गर्ने आँट गर्न सक्नुपर्छ ।

संयुक्त राष्ट्रका लागि पूर्व अमेरिकी हतियार निरीक्षक भएर ७ वर्षसम्म काम गर्दाको निष्कर्ष निकाल्दै स्कट रित्तर भन्छन्- "इराकको हतियार कार्यक्रमको अन्त्य भइसकेको छ र अब उसका छिमेकीहरु, अमेरिका र उसका सहयोगीहरुलाई उसबाट कुनै खतरा छैन ।"

अमेरिकाको बदमासी देखेर सन् १९९८ मा संयुक्त राष्ट्रसंघबाट राजीनामा दिएका रित्तर भन्छन्- बरु अमेरिकाले हतियार निरीक्षक दललाई इराकको जासूसीका लागि दुरुपयोग गरेको थियो र अहिले पनि गर्न खोजिरहेको छ । पहिलेपहिले जस्तै यसपटक पनि उसले आफ्नो स्वार्थअनुकूलको सैनिक हमलालाई न्यायोचित ठहऱ्याउनका लागि जबरजस्ती हतियारको मुद्दा उठाइरहेको छ ता कि सद्दाम हुसेनसँगको पुरानो बदला लिने मौका पाइयोस् ।

अर्कोतिर, सद्दाम हुसेनका पुराना यार तथा अमेरिकी रक्षामन्त्री डोनाल्ड रम्सफेल्डले घोषणा गरेका छन्- अमेरिका इराकमाथि हमला गर्नका लागि हुसेनको हतियार कार्यक्रमका ठोस सबूद प्रमाणहरु पाउने प्रतिक्षामा बस्न सक्दैन । आक्रमण हुन्छ, हुन्छ !!

सबैलाई थाहा छ, पाठोलाई आक्रमण गर्न ब्वाँसो वा बाघलाई निहुँ मात्रै चाहिन्छ, सबूद-प्रमाण चाहिँदैन । ११ सेप्टेम्बरको आक्रमणमा लादेनको हात रहेको ठोस प्रमाणविना अफगानिस्तानमाथि बर्बर आक्रमण गर्ने अमेरिकाले इराकको मामिलामा पनि कुनै प्रमाण खोज्ने झन्झट गर्दैन, युद्ध थोपर्छ, थोपर्छ । समस्या के मात्रै हो भने, अफगानिस्तान र इराकमाथि हमला गर्ने अमेरिकाले कसैलाई पनि बाँकी राख्नेवाला छैन, चाहे फिलिपिन्स होस् या नेपाल ! ❑

## ◂ पाठकको कुरो

### कांग्रेसी र पंच विचार खै ?

'मूल्यांकन'ले धेरैथरि वामपन्थी विचारहरू बाहिर ल्याइरहेकोमा गत केही वर्षयता यसले गैर-वामपन्थी विचारलाई पनि प्राथमिकतासाथ प्रकाशित गरिरहेकोमा धन्यवाद ! हुन त कांग्रेसी र पंचायती मान्छेहरूमा यो देशलाई अग्र गतिमा लैजाने विचार नै कम छ । देशको मुहार फेर्ने हैन, यथास्थितिमै टिकाउने नियतका शीकार भएका छन् उनीहरू । यो कुरा कांग्रेस पार्टीले विगतमा सरकारमा बसेर देश डुबाएको र त्यसअघि पंचहरूले देश डुबाएकैबाट प्रमाणित भएको छ । तर पनि तिनीहरूका बुद्धिजीवीहरूका कुरा पनि जनताले सुन्नु जरूरी छ । त्यसैले अबदेखि 'मूल्यांकन'को विचारको घेरोलाई निक्कै फराकिलो पार्नुपर्छ भन्ने अनुरोध गर्दछौं ।

- गीता थपलिया र रोहिणी थपलिया,
*नारायणगढ, चितवन ।*

### समाजवाद र देश

'मूल्यांकन' मासिक पूर्णाङ्क ९९ समयमा नै प्रकाशित भएकोले छिट्टै अध्ययन गर्ने अवसर पाएकोमा सर्वप्रथम धन्यवाद नदिइरहन सकिन्न । साथै, यसका हालसम्मका कुनै पनि अंकमा गुनासो गर्नुपर्ने आवश्यकता देखिंदैन ।

तपाईंहरूको पत्रिकाले विगत केही अंक अगाडि कार्ल मार्क्सको रंगीन चित्र प्रकाशित गरेझैं आगामी शताब्दीऔं अंक अर्थात् एक सय औं अंकमा पनि विश्वप्रख्यात समाजवादी, कम्युनिष्ट नेताहरूको रंगीन चित्रसमेत प्रकाशित गरिएमा सुनमाथि सुगन्धको लेपन गरिएझैं हुने थियो । विश्वको कुनै पनि राष्ट्रमा राष्ट्राध्यक्ष वा प्रधानमन्त्री को राख्ने र कसलाई निष्काशन गर्ने भन्ने विषयमा किन साम्राज्यवादी मुलुक अमेरिकालाई मात्र टाउको दुख्नेगर्छ ? किन विश्वका एक सयभन्दा बढी देशहरू मौनताका साथ चुपचाप रहन्छन्, अमेरिकाले जेसुकै गरे पनि ? किन क्यूबामा राष्ट्रपति फेर्नुपर्छ भन्दै तीस वर्ष अगाडिदेखि आर्थिक नाकाबन्दी लगाइरहेछ त्यही अमेरिकाले ? किन इराकमा राष्ट्रपति फेर्नुपर्छ भनिरहेछ? साथै, किन फेरि अफगानिस्तानबाट पलायन भइसकेका जाहिर शाहलाई अफगानिस्तानमा राजा बनाएर पदस्थापन गर्न र गराउन खोज्दैछ त्यही अमेरिका ? यसरी विश्वभर आफ्नो हैकम चलाइरहेको अमेरिकाको विरोधमा किन कुनै राष्ट्रले स्वर निकाल्दैनन् ? यसरी विश्वका धेरै राष्ट्रहरूमा अमेरिकाले राजनैतिक र आर्थिक रूपले हस्तक्षेप गर्दै आतंक मच्चाइरहेछ र अनि ऊ आफैंले भनिरहेछ- विश्वमा 'आतंकवाद' निर्मूल पार्नुपर्छ भनेर । अमेरिकाले आतंकवाद निर्मूल पार्न त्यतिखेरदेखि उद्घोष गरेको छ, जब सन् २००१ को सेप्टेम्बर ११ अर्थात् २०५८ आश्विन २५ गते बिहिबारका दिन आफ्नो राष्ट्रको दुई गगनचुम्बी महल हवाइ दुर्घटनाबाट ध्वस्त हुन पुगेका थिए ।

सम्पादकज्यू, हाम्रो प्रजातान्त्रिक देश नेपालको शासन सत्ता कुन पार्टीले चलाइरहेछ ? अहिले प्रतिनिधि सभा पनि भंग गरिएको छ, स्थानीय निकायहरूको पनि म्याद नथपेर त्यो पनि भंग गरिएको छ र अहिले गाउँ-गाँउ त ठप्प छन् भने देश कसरी चलिरहेछ ? देशभरका दुर्गम-दुर्गम गाउँबस्तीहरूमा रहेका नेपाली दाजुभाइ, दिदी-बहिनीहरूले शिक्षा र स्वास्थ्यको अभाव अनि रोजगारीको समस्स्याको कारणबाट छट्पटिनु परिरहेछ । भने, केही केही जानेबुझेका शिक्षित भनाउँदा दलालहरूको कारणले पनि गाउँ बस्ती छोडी कामको (रोजगारीको) लागि विदेशिन बाध्य भएका छन् । दुःखका साथ भनिरहेछन्- "हे, देशको शासन सत्तामा बसेर अजम्मरी पाएका शासकहरू हो ! सुन, एउटा बन्दूक किन्ने डलरले कति अशिक्षित नाबालकहरूलाई साक्षर बनाउन सकिन्छ ? सोचेर त हेर । देशको सिमानाका सीमा स्तम्भहरू हराइरहेछन, ती सीमा-स्तम्भहरू खोजी गर्ने कसले हो ? जनताले हो ? जनताले हो कि जनतालाई शान्ति, सुरक्षा र अमनचयन कायम गराउँछु भनेर आश्वासन दिएर सत्ताको कुर्सिमाथि आसीन महामानवहरूको जत्थाले हो ?

देशभित्र रहेका गाउँका कुना कुनासम्म पनि बस्तीहरू छन् । ती बस्तीहरूको खाँचो के छ भनेर सोधखोज र अध्ययन गर्ने काम र कर्तव्य कसको हो ? कुनै कुनै ठाउँमा जीवन धान्नको लागि अत्यावश्यक पिउने पानीको ठूलो समस्या, छ, जसको लागि ती ठाउँका मानिसहरू घण्टौघण्टा हिंडेर पानी लिन जान्छन् र लिएर आएर आफ्नो दैनिक जीवनयापन गर्न बाध्य छन् । र, त्यहाँका जनताले अन्तर्आत्माले भनिरहेछ- "हे ! देशका शासन सत्तामा बसेर अजम्मरी पाएका शासकहरू हो ! सुन, एउटा बन्दूक किन्ने विदेशी डलरले कति ठाउँमा पिउनेपानीको समस्यालाई समाधान गर्न सकिन्छ, आफ्नो छातीमा हात राखेर सोचेर त हेर ।"

- कुमार श्रेष्ठ 'वुभुत्सु',
*ल.पु.जि. लामाटार-५, ढुङ्गिन, पिपलबोट ।*

### कांग्रेसी फुट

गतांकमा 'मूल्यांकन'ले कांग्रेसको फुटबारे दिएको विश्लेषण ठीक छ । दमननाथ ढुंगानाले भन्नुभएझैं कांग्रेसी झगडा भनेको खाओवादीकै झगडा हो । अझै पनि दुवैथरि गुटले प्रजातान्त्रिक समाजप्रतिको निष्ठालाई गहिन्याउन नसक्नु दुर्भाग्यपूर्ण कुरा हो । दरवारको बजेट पाँच गुना बढेको कुरा पढ्दा ठूलो दुःख लाग्यो । पक्कै आफ्नो दुनो सोझ्याउन मात्र आतुर संस्थाको रूपमा दरवारलाई देखाउन दरवारका आसेपासेहरूले यसरी दरवारको बजेट बढाउने दवाव सरकारलाई दिएको हुनुपर्छ । दरवारले यो बजेट फिर्ता गर्छ भन्ने मैले ठानेको छु ।

- राजाराम शाक्य,
*गाः बहाल, ललितपुर*

### हरिपाण्डेको दर्शन

हरिप्रसाद पाण्डेले प्रचारबाजी मात्र गरेका हुन् भन्ने लागेको थियो । 'मूल्यांकन'मा उनका विचारहरू पढ्न पाउँदा ती चाखपूर्ण लागे । उनको दर्शन र उनको व्यवहार साँच्चै शोषितपीडित नेपालीकै पक्षमा हुनसकोस् भन्ने 'मूल्यांकन'कै जस्तो हाम्रो पनि कामना छ ।

- सुन्दर के.सी., विष्णु के.सी.
*बुटवल ।*

### विक्रीबाटै टिक्नु ठूलो कुरा

'मूल्यांकन' विक्रीबाटै टिकेको देखेर हामी पाठक पनि गौरवान्वित छौं । विज्ञापन वा बाहिरी तडक-भडक वा कसैको दानदातव्यबाट टाढा रहेर तपाईंहरूले गर्नुभएको मिहेनत प्रसंसनीय छ । एउटा विश्वसनीय र गम्भीर पत्रिका नेपाली जनतालाई उपलब्ध गराउनु भएकोमा सम्पादकहरू, सल्लाहकारहरू र व्यवस्थापकहरू सबैलाई धन्यवाद ।

- ऋषि पाण्डे,


तपाईंको भरपर्दो साथी !

Alliance Insurance

**Alliance Insurance Company Limited**
Durbar Marg (Kings Way)
P.O.Box : 10811, Kathmandu, Nepal
Tel : 253166, 222836, 242484
Fax : 977-1-241411
E-mail : sk@aic.wlink.com.np

**ORIGINAL सामान चाहिएमा**
◆ चेनब्लक १ देखि १० टन उठाउने क्षमता भएको ।
◆ १ देखि ७५ हर्ष पावरसम्मको इलेक्ट्रिक मोटर (४ र ६ पोल) ।

*नोट :- इलेक्ट्रिक मोटर खरिदमा सर्वसाधारणलाई समेत ३ प्रतिशत छुट भएको ।*

सम्पर्क :
नेशनल ट्रेडिङ्ग लिमिटेड
टेकू
फोन २४४०३२
रामशाहपथ, फोन २२८८२९
विराटनगर बीरगञ्ज भैरहवा नेपालगञ्ज धनगढी
२२६३६ २२२२५ २०१७८ २०२४१ २११०८
ASK ME, फोन नं - ३६०००० फ्याक्स - ३५०४७४

श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव सरकार तथा
श्री ५ युवराज्ञी हिमानी राज्यलक्ष्मी देवी शाह सरकारमा
पुत्ररत्न लाभ भएको सुखद् अवसरमा मौसूफहरूमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।
साथै
श्री ५ नवयुवराज सरकारको दीर्घायुको लागि शुभकामना चढाउँछौं ।
नेविल बैंक परिवार

# राजधानी
## राष्ट्रिय दैनिक

# विज्ञापनदातालाई खुशीको खबर !

आदरणीय विज्ञापनदाताहरुलाई अझ बढी सेवा प्रदान गर्ने हेतुले राजधानी दैनिकमा छापिने **वर्गीकृत/वर्गीकृत डिस्प्ले**को विज्ञापन दरमा केही अवधिका लागि मात्र निम्नानुसार हेरफेर गरिएको छ :

| पहिले | अब |
|---|---|
| ~~वर्गीकृत प्रतिशब्द रु. ५/-~~ | वर्गीकृत प्रतिशब्द रु. ३/- |
| ~~डिस्प्ले एकपटक रु. ५००/-~~ | डिस्प्ले एकपटक रु. ३५०/- |
| ~~(मु.अ.क. बाहेक)~~ | (मु.अ.क. बाहेक) |

## मौकाको फाइदा उठाउनुहोस् ।

विस्तृत जानकारीका लागि सम्पर्कः

मार्केटिङ्ग डिभिजन

**उत्सर्ग प्रकाशन प्रा.लि.**

न्यू प्लाजा, पुतलीसडक, काठमाडौं

फोन नं. :४३५८९२, ४२८९४८, ४३९२१९, फ्याक्स :९७७-१-४२८९४७

केन्द्रीय कार्यालय : राजधानी नगर, चावहिल, काठमाडौं, फोन : ४९८०८०



"ONE OF THE WORLD'S BEST BEERS"
San Miguel
SINCE 1890
San Miguel
BEER
SINCE 1890
San Miguel
PREMIUM
LAGER BEER
SINCE 1890
San Miguel
PREMIUM
LAGER BEER
Nepal's Favourite Beer
San Miguel®
BEER



जोजो
सिजन्ड नूडल्स
महा धमाका
सत प्रतिशत उपहार
योजना
कम्प्यूटर तालिम धमाका योजना, १०० जनालाई
रोजगार (जागिर) धमाका योजना, १०० जनालाई
छात्रबृत्ति धमाका योजना, १०० जनालाई
मोटर साईकल धमाका योजना, २ जनालाई
सुन वर्षा धमाका योजना, २०० थान
हजारौं प्याकेटहरु
लाखौं प्याकेटहरु
२०० थान
५०० थान
२०० थान
अन्य धमाका योजना
प्रत्येक प्याकेटभित्र मीठो चकलेट पनि...
लाखौं नगद धमाका योजना,
जोजो सिजन्ड नूडल्स
JOJO INSTANT NOODLES
SEASONED NOODLES WITH CHICKEN FLAVOURED
यति मात्र हो र हरेक प्याकेटमा भाग्यशाली कुपनहरु पनि राखिएका छन् ।
४ थान भाग्यशाली कुपनको सट्टामा एक प्याकेट सिटी स्न्याक चाउचाउ सित्तैमा
८ थान भाग्यशाली कुपनको सट्टामा एक प्याकेट जोजो सिजन्ड चाउचाउ सित्तैमा
★ रोजगार धमाका योजना, रोजगार लिन दिन अनुकूल नपरे प्रतिव्यक्ति रु ५०००/- दिईनेछ । ★ कम्प्यूटर तालिम धमाका योजना, सो अनुकूल नपरे प्रतिव्यक्ति रु २०००/- दिईनेछ । ★ छात्रवृत्ति धमाका योजना, प्रतिव्यक्ति रु ६०००/- दिईनेछ ।
★ मोटर साईकल धमाका योजनामा कुपनमा अंकित भाग्यशाली नम्बरबाट मोटर साईकल पुरस्कार दिईनेछ । ★ लाखौं नगद धमाका योजनामा रु. १ र २ का नगद कुपनका साथै रु. ५ देखि रु. १०० सम्मका नगद नोटहरु राखिएका छन् ।
★ सुनवर्षा धमाका योजनामा सुनको सिक्का अंकित भाग्यशाली कुपनहरु राखिएका छन् । ★ अन्य धमाका योजनामा २०० थान नाडी घडी, ५०० थान क्यामरा, २०० थान ८ बैण्ड रेडीयो र थुप्रै थुप्रै जोजो र सिटी चाउचाउका फ्री प्याकेटका कुपनहरु राखिएका छन् ।
★ उपहारको लागि हाम्रो डिलरहरु तथा कंपनीको केन्द्रिय कार्यालय पोखरामा सम्पर्क राख्नु होला । ★ यो योजना अर्को निर्णय नहुन्जेलसम्मको लागि लागु गरिएको छ ।
हामी जे भन्छौं, त्यो गर्दछौं, त्यसैले उपहारको संख्या समेत तोकिएको छ ।
पोखरा नूडल्स प्रा. लि.
फोन नं. ०६१-२१६००, ३१७३१
WELCOME 240826


New
Closeup
with cool, cool fluoride gel
श्वासलाई शितल बनाउँछ
गजबको ताजगी ल्याउँछ
NEW
Closeup
Tingly Red
नेपालको सर्वाधिक बिक्री हुने टुथपेष्ट


नेपालको एकमात्र केबुलकार
मनकामना जाने सपना साकार
सम्पूर्ण मनोकांक्षा पूरा गर्ने मनकामना देवी
तल्लो स्टेशनमा रहेको रेष्टुराँ मा स्वादिष्ट नेपाली, भारतीय, र कन्टिनेन्टल खानाहरुको मजा लिन सकिन्छ । मनकामना माईको दर्शन गरेर फर्कदा नदिको वहाव हेर्दै विश्राम गर्नको लागी यो अत्यन्तै रमाइलो र उपयुक्त छ ।
तल्लो स्टेशनमै रहेका खेलहरुले वालवालिकाहरुको मनोरञ्जन गर्दछन् भने यात्राको सम्झना सधै ताजा राख्ने सोभिनीयरहरु पाईने पसल पनि छ ।
मनकामना देवीले सम्पूर्ण मनोकांक्षा पूरा गर्छिन् भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कंपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।
मनकामना केबुलकार
22
मनकामना दर्शन (प्रा) लि.
MANAKAMANA DARSHAN (P.) LTD.
पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल
फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५ चेरेस स्टेशन फोन: (०६४) ६००४४
Email: mdpl@chitawoncoe.com, mdplstn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana
DPi/mdpl/010710

ल.प.जि.प्र.का द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५०/५१


# हिमाल स्टील

## NS - Quality Award - 2001

## द्वारा सम्मानित




*विगत ४० वर्ष देखिको तपाईंको विश्वासको प्रतिफल स्वरूप*
*हिमाल स्टीलको उत्पादन, वितरण र बजार व्यवस्थापनमा*
*हामीले कायम गर्दै आएको उच्च गुणस्तरको लागि*
**ISO 9002** *प्रमाण पत्र प्राप्त गरेपछि अब हाम्रो* *मार्क अंकित*

**Deformed Steel Bars for concrete Reinforcement (8 mm to 32 mm)**

*फलामे डण्डीको गुणस्तरीय उत्पादनका लागि*

## NS - Quality Award - 2001

*प्राप्त गर्न सफल भएका छौं ।*

**हिमाल आयरन एण्ड स्टील (प्रा) लि.**
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४